'पञ्ञा नरानं रतनं'

# परियत्ति : तृतीय प्रवेश शिक्षा

(कक्षा ६, भाग-१, नेपाली)

पञ्ञा नरानं रतनं
त्रिपिटक
अ.नै.भि. महासंघ द्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

(प.स.पा. को प्रवेश तृतीय वर्ष प्रथम पत्रको पाठ्य-पुस्तक)

बु.सं. २५४६ देखि स्वीकृत

Downloaded from http://dhamma.digital/

'पञ्ञा नरानं रतनं'

# परियत्ति : तृतीय प्रवेश शिक्षा

कक्षा-६, भाग-१, नेपाली

(बु. सं. २५४६ देखि स्वीकृत)

(नेपाल बौद्ध परियत्ति शिक्षा समितिको निर्देशन अनुसार
प. स. पा. को प्रवेश तृतीय वर्ष प्रथम पत्रको पाठ्य-पुस्तक)

सम्पादन तथा संयोजन

कोण्डन्य

(संयोजक : नेपाल बौद्ध परियत्ति शिक्षा, पाठ्यक्रम विकास समिति)

Downloaded from http://dhamma.digital/

प्रकाशक : नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्
पाठ्यक्रम विकासतथा व्यवस्थापन समिति
मणिमण्डप महाविहार, पटको, पाटन ।

सर्वाधिकार : नेपाल बौद्ध परियत्ति शिक्षा

उपासक धर्मराज लामाका
दिवंगत आमा शाङ्मो लामा / बुबा बीर बहादुर लामा
तथा
उपासिका लालमाया लामाका
दिवंगत आमा हेमामाया तामाङ / बुबा शेर बहादुर तामाङको
पुण्यस्मृतिमा

श्रीमान् धर्मराज लामा तथा श्रीमती लालमाया लामा, प्रयागपोखरी, ललितपुरद्वारा नेपाल बौद्ध परियत्ति शिक्षाको लागि 'परियत्ति : तृतीय प्रवेश शिक्षा प्रथम पत्र (नेपाली)' प्रकाशनार्थ अर्थ सहयोग गरिदिनु भएकोमा नेपाल बौद्ध परियत्ति शिक्षा परिषद् साधुवाद व्यक्त गर्दछ ।

दोश्रो संस्करण : १००० प्रति
बु.सं. २५६२ ने.सं. ११३९
वि.सं. २०७५ ई.सं. २०१८

सहयोगार्थ :

मुद्रक : आईडियल प्रिन्टिङ्ग प्रेस
ग्वार्को, ललितपुर, फोनः ५५३०५२२

Downloaded from http://dhamma.digital/

# केही शब्द

नेपालको बुद्ध शासनिक क्षेत्रमा अखिल नेपाल भिक्षु महासंघबाट झण्डै ४० वर्ष देखि संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको विशिष्ठ देन सर्वविदितै छ । यस्को श्रेय बुद्धशासनप्रति श्रद्धा र श्रम समर्पित गर्दै आउनु भएका नेपाल बौद्ध परियत्ति शिक्षाका संचालन सम्बन्धित पदाधिकारी, सदस्यहरू, परियत्ति शिक्षाका सम्पूर्ण केन्द्रका प्रबन्धक र शिक्षक-शिक्षिकाहरू, पुस्तक प्रकाशक र पुरस्कार वितरणार्थ श्रद्धालुहरूलाई छ ।

नेपाल बौद्ध परियत्ति शिक्षालाई व्यापक रूपमा फैलाउन परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाका विविध पक्षहरूमा समयानुकुल परिवर्तित र परिवर्द्धित गरिंदै लानुपर्ने कुरालाई ध्यानकेन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको नियमावली बनेको र पाठ्यक्रम निर्माणमा प्रयास भएको छ । यसै अन्तर्गत प्रवेश तृतीय वर्षको पत्रगत नेपाली भाषामा सिङ्गो एक पुस्तकमा उपलब्ध हुने गरी पाठ्य-पुस्तक प्रकाशित हुनु *"धम्मपीति"* को विषय हो ।

अखिल नेपाल भिक्षु महासंघबाट संचालित नेपाल बौद्ध परियत्ति शिक्षा नेपालको बुद्धशासनिक क्षेत्रमा आफ्नै विशेषता र देन रहेको कुरा स्पष्ट हुंदै आएको छ । परियत्ति शिक्षाको प्रारम्भ समयमा अध्ययन गर्ने विद्यार्थी, परियत्तिका शिक्षक-शिक्षिका तथा शुभचिन्तकहरू उत्तरोत्तर उन्नति-प्रगति गरिंदै यसलाई व्यवस्थित ढङ्गले अगाडी बढाई शिक्षा प्रणाली अनुरुप वैज्ञानिकीकरण गरिंदै पाठ्य-पुस्तकलाई व्यवस्थित गरी अध्ययनार्थीहरूलाई सुलभ गरिंदै जानुमा सचेतता देखिनु पनि सकारात्मक कदम हो ।

Downloaded from http://dhamma.digital/

पाठ्य-पुस्तकलाई प्रयोगमा ल्याई अनुभवी शिक्षकले पाठ्यक्रमद्वारा लक्षित विषयवस्तुलाई विविध श्रोतको सदुपयोग गरी सफलतापूर्वक अध्यापन गर्न सक्ने हुन्छ तापनि सहजरूपमा हाम्रा परियत्ति केन्द्रहरूमा अन्य सहायक सामाग्रीहरू उपलब्ध नहुँदा पाठ्य-पुस्तक माथि अत्यधिक निर्भर रहनु परेको छ । परिवर्तित परिप्रेक्ष अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको पाठ्यक्रम परिवर्तित र परिवर्द्धित गरिँदै लानु पर्ने लक्ष्यतिर ध्यान केन्द्रित गरी नेपाल बौद्ध परियत्ति शिक्षाको प्रवेश स्तरका प्रथम, द्वितीय र तृतीय वर्षका प्रत्येक प्रश्न-पत्रका एउटै सिंगो पुस्तक नेपाली भाषामा उपलब्ध गराउने प्रयास भैरहेछ । यसै अनुरूप प्रस्तुत पाठ्य-पुस्तकलाई सीमित जनशक्ति र श्रोतलाई प्रयोग गरी सकेसम्म स्तरयुक्त बनाई शिक्षक र विद्यार्थीहरूका आवश्यकतालाई अत्यधिक मात्रामा पूरा गर्न सकियोस् भनी केही हदसम्म प्रयास गरिए तापनि भाषा, विषयक्रम, शैली जस्ता पाठ्य-पुस्तकमा हुनुपर्ने विविध पक्षमा अझै कमी/कमजोरीहरू यथेष्ट नै नहोलान् भन्न सकिन्न र तापनि शिक्षक, अभिभावक, विद्यार्थी, बौद्ध-विद्वान् तथा शिक्षाविद् लगायत सम्पूर्ण पाठकहरूको सक्रिय सहयोगको महत्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैका लागि रचनात्मक सुझाव, सरसल्लाहका लागि नेपाल बौद्ध प. शि. पाठ्यक्रम विकास समिति सदैव हार्दिक स्वागत गर्दछ ।

यस पाठ्य-पुस्तक तयार पार्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनेहरू सबै सम्बन्धित निकाय एवं श्रद्धालु महानुभावहरू तथा प्रकाशन कार्यमा सहयोग गरिदिनु हुने श्रद्धालु दाता प्रति हार्दिक साधुवाद व्यक्त गरिन्छ ।

साधुवाद ।

नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम विकास समिति

Downloaded from http://dhamma.digital/

# विषय-सूची

**विषय** **पृष्ठः**

**प्रथम खण्ड**

## बुद्धकालीन श्रावक सारिपुत्र चरित्र

१-१९०


(१) सारिपुत्र परिचय ........................................ १
    अभ्यास - १ ........................................ ४
(२) गृहत्याग ........................................ ५
(३) अश्वजित भिक्षुसँग भेट ........................................ ७
    अभ्यास - २ ........................................ ९
(४) सारिपुत्रका भाइबहिनी र नातेदारहरू ........................................ १०
    अभ्यास - ३ ........................................ १३
(५) अग्रस्थान ........................................ १४
    अभ्यास - ४ ........................................ २१
(६) विनयगरू र अल्पेच्छता ........................................ २२
    अभ्यास - ५ ........................................ २८
(७) विहारमा गर्ने नित्यव्रत ........................................ २९
    अभ्यास - ६ ........................................ ३३
(८)•कृतज्ञ र कृतवेदी ........................................ ३४
    अभ्यास - ७ ........................................ ४३
(९) सहनशीलता र क्षमा ........................................ ४४
    अभ्यास - ८ ........................................ ५१a


Downloaded from http://dhamma.digital/

(१०) सामर्थ्यता ........ ५२
अभ्यास – ९ ........ ५७
(११) नियुक्ति ........ ५८
अभ्यास – १० ........ ६२
(१२) परसंग्रह र ज्ञातिसंग्रह ........ ६३
अभ्यास – ११ ........ ७८
(१३) अन्योन्य छलफल ........ ७९
अभ्यास – १२ ........ ८८
(१४) शिष्यहरू ........ ८९
अभ्यास – १३ ........ १०१
(१५) बुद्धको प्रशंसा ........ १०२
अभ्यास – १४ ........ ११७
(१६) दोषारोपण र ईर्ष्या ........ ११८
अभ्यास – १५ ........ १२१
(१७) आनन्दसँगको घनिष्टता ........ १२२
अभ्यास – १६ ........ १३१
(१८) सारिपुत्रको उपदेशद्वारा मुक्त हुने ........ १३२
अभ्यास – १७ ........ १३८
(१९) परिनिर्वाण ........ १३९
उपरेवतसँग भेट ........ १४७
दिसापखाला ........ १४८
आमालाई उपदेश ........ १४९
अभ्यास – १८ ........ १५३
(२०) परिनिर्वाण पछि ........ १५४
अभ्यास – १९ ........ १५८

Downloaded from http://dhamma.digital/

(२१) भगवान्को प्रतिक्रिया ................................ १५९
अभ्यास – २० ................................ १६४
(२२) विविध कारणहरू ................................ १६५
अभ्यास – २१ ................................ १७६
(२३) जातकहरूमा सारिपुत्रको स्थान ................................ १७७
(२४) सारिपुत्र नामका विभिन्न व्यक्तिहरू ................................ १८७

**दुतिय खण्ड**

## परित्त सुत्त

### १९१-२०४

महाजयमङ्गल सुत्त ................................ १९३
महाजयमङ्गल सुत्तको अर्थ ................................ १९५
परित्त सुत्त अभ्यास – १ ................................ १९७
जयमङ्गल सुत्त ................................ १९९
जयमङ्गल सुत्तको अर्थ ................................ २०१
परित्त सुत्त अभ्यास – २ ................................ २०३

**तृतीय खण्ड**

## पालीभाषा अवतरण

### २०५-२३५

**मिश्रित क्रिया**
पुल्लिङ्ग शब्द ................................ २०७
स्त्रीलिङ्ग शब्द 'गच्छती' ................................ २०७
नपुंसक लिङ्ग २०८

Downloaded from http://dhamma.digital/

अभ्यास – २१ ........................................ २१०
संज्ञा विशेषण (पद) ........................................ २११
अभ्यास – २२ ........................................ २१२
संख्या विशेषण पद वा अङ्क ........................................ २१४
अभ्यास – २३ ........................................ २१७
क्रम संख्या ........................................ २१८
क्रिया-विशेषण ........................................ २१९
अभ्यास – २४ ........................................ २२०
अभ्यास – २५ ........................................ २२१
कारक-व्याख्या ........................................ २२२
अभ्यास – २६ ........................................ २२४
क्रिया - कारक - सम्बन्ध ........................................ २२४
अभ्यास – २७ ........................................ २२५
कर्मवाच्य क्रिया ........................................ २२६
अभ्यास – २८ ........................................ २२८
अभ्यास – २९ ........................................ २३०
कारित अथवा प्रेरणार्थ - क्रिया ........................................ २३१
अभ्यास – ३० ........................................ २३२
पञ्चमी अथवा अपादान कारकमा प्रयोग हुने "तो" प्रत्यय ....... २३३
अभ्यास – ३१ ........................................ २३४

Downloaded from http://dhamma.digital/

# परियत्ति : तृतीय प्रवेश शिक्षा - १

**बुद्धकालीन श्रावक सारिपुत्र चरित्र**

- आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

**परित्त सुत्त** - अनु. भिक्षु ज्ञानपूर्णिक महास्थविर

**पाली भाषा अवतरण -**

- लेखक भिक्षु बुद्धदत्त, श्रीलंका
- अनु. भिक्षु शीलभद्र महास्थविर

- सम्पादन तथा संयोजन : कोण्डन्य

Downloaded from http://dhamma.digital/

# बुद्धकालीन श्रावक चरित

आचार्य भिक्षु अमृतानन्द महास्थविरद्वारा संकलित

Downloaded from http://dhamma.digital/

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

नमस्कार उहाँ भगवान् अरहन्त् सम्यक्सम्बुद्धलाई ।

**प्रथम खण्ड**

# सारिपुत्र परिचय

पालि साहित्य सम्बन्धी अर्थकथाहरू अध्ययन गर्दा यो प्रष्ट हुन्छ कि **सिद्धार्थ कुमार** जन्मिनुभन्दा अगाडि नै **सारिपुत्र** र **मोद्गल्यायन** महास्थविरहरू जन्मिसकेका थिए[१] ।

त्यस बखत **राजगृह** नगरको आसपासमा (हाल भारतको बिहार जिल्लामा) ब्राह्मणहरूको '**उपतिस्स**[२]' भन्ने गाउँ थियो । त्यस गाउँको मालिक हुने ब्राह्मणको नाम **वङ्गन्त** थियो । उनकी भार्याको नाम **रूपसारी** थियो । यिनकै कोखबाट सारिपुत्र जन्मेका हुन् । सोही दिनमै

---

१. सुत्त. नि. अ. क. II. पृ. १३९: धम्मसुत्त (नावासुत्त) वण्णना, चूलवग्गो; अं. नि. अ. क. I. पृ. ८८: एककनिपात, सारिपुत्त; धम्म. प. अ. क. पृ. ५३: अग्गसावकवत्थु, यमकवग्गो; अप. दा. अ. क. पृ. १७८: सारिपुत्तत्थेरअपदानं ।

२. सं. नि. अ. क. III. पृ. १७२: चुब्दसुत्तं नालन्दावग्गो ४५.२.३ मा 'नालक' भनी तथा अं. अ. क. I. पृ. १२६ र १५१ एककनिपातमा तथा थेर. गा. अ. क. I. पृ. २६१ मा 'नालक' भनी उल्लेख भएका छन् । तर थेर. गा. अ. क. II. पृ. ९३ मा 'उपतिस्स' भनी उल्लेख भएका छ ।

Downloaded from http://dhamma.digital/

सोही गाउँ नजिकको **'कोलित'** भन्ने गाउँकी **मोग्गली** (मौद्‌गली) भन्ने को कोखबाट **मौद्‌गल्यायन** पैदा भएका हुन्[१] ।

धम्मपदट्ठकथाको **वनवासीतिस्सत्थेरकथा**[२] तथा सुत्तनिपातट्ठकथा II. पृ. ४५ को **किंसीलसुत्तवण्णनामा** उल्लेख भए अनुसार सारिपुत्रका पिताको नाम **वङ्गन्त ब्राह्मण** हुन् भन्ने कुरा प्रष्ट भएको छ ।

**सारिपुत्र** र **मौद्‌गल्यायन** एकै दिनमा जन्मेका हुन् र गर्भधान पनि एकै दिनमा भएको हो भन्ने कारण अर्थकथाहरूले[३] उल्लेख गरेका छन् ।

**उपतिस्स** गाउँमा जन्मेका हुनाले **सारिपुत्रलाई 'उपतिस्स'** भन्ने र कोलित गाउँमा जन्मेका हुनाले मौद्‌गल्यायनलाई **'कोलित'** भन्ने नाम राखेका हुन् ।

आमाबाबुहरूले राखेका यी नामहरूले भन्दा पनि यिनीहरू

---

१. सुत्त. नि. अ. क. II. पृ. १३९: धम्मसुत्त (नावासुत्त) वण्णना चूलवग्गो; अं. अ. क. I.पृ. ८८; धम्म प. अ. क. पृ. ५३–५४
२. धम्म प. अ. क. पृ. ३२०: बालवग्गो ।
३. सुत्त. नि. अ. क. II. पृ. १३९; अं. अ. क. I. पृ. ८८; अप. दा. अ. क. पृ. १७८; धम्म प. अ. क. पृ. ५३.

Downloaded from http://dhamma.digital/

बौद्ध साहित्यमा **सारिपुत्र** र **मौद्‌गल्यायन** भन्ने नामबाट प्रख्यात छन्।

एकदिन **पूर्णमन्त्राणीपुत्रले** सारिपुत्रको नाम सोध्दा **सारिपुत्रले** "आवुसो ! मेरो नामा **उपतिस्स** हो तर सब्रह्मचारीहरूले मलाई सारिपुत्रको नामले चिन्दछन्" भनी भनेका थिए[१]। **रूपसारिको पुत्र** भएको हुनाले यिनलाई 'सारिपुत्र' र मौद्‌गलीको पुत्र भएको हुनाले कोलितलाई '**मौदगल्यायन**' भनिएको हो भनी पपं. सू. भाग–१. पृ. ९१ **धम्मदायादसूत्र वर्णनाले** उल्लेख गरेको छ[२]।

यी सारिपुत्र रूपसारी ब्राह्मणीका जेष्ठ पुत्र हुन्। यिनको घरमा ६५ कोटी धन छ[३] भन्ने कुरा सुत्तनिपातट्ठकथाले[४] उल्लेख गरेको छ। यिनलाई छइसट्ठी धाईहरूले हेरचाह गरेका थिए[५]।

**कोलित गाउँका ब्राह्मण** परिवार र **उपतिस्स गाउँ ब्राह्मण**

---

१. म. नि. I. पृ. १९९: रथविनीतसुत्तं। यस सूत्रको अनुवाद लेखकको बु. श्रा. च. भाग–२. पृ. ८७ मा उल्लेख भएको छ।

२. म. नि. अ. क. II. पृ. १३२: रथविनीतसुत्तवण्णनाले यनि यस्तै उल्लेख गरेको छ।

३. धम्म प. अ. क. पृ ३९७ खदिरवनीय रेवतथेरवत्थु, अरहन्त वर्गमा चाहिं ८७ कोटी भनी उल्लेख भएको छ।

४. II. पृ. १३९: धम्मसुत्त (नावासुत्त) वण्णना

५. थेर. गा. अ. क. II. पृ. ९३ सारिपुत्तत्थेरगाथावण्णना।

Downloaded from http://dhamma.digital/

परिवारहरूको बीचमा परस्पर घनिष्ठ सम्बन्ध र मित्रता सातपुस्ता अघि देखि भएको हुनाले र दुवै कुलका बालकहरू एकै दिनमा जन्मेका हुनाले **उपतिस्स** र **कोलित** बालक कालदेखि नै मिलनसारिताको साथै एकै साथ हिडडुल र खेलकुद गर्दथे । उनीहरूमध्ये **उपतिस्सका** ५०० उनिंकाठहरू थिए भने **कोलितका** ५०० घोडाका रथहरू थिए । दुबै जनाका पाँच पाँच शय परिवारहरू पनि थिए । ठूला भएपछि उनीहरूले सबै शिल्पशास्त्रहरू पनि सिके[1] ।

x x x

## सारिपुत्र अभ्यास-१

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस् ।**

१) सारिपुत्रलाई किन 'उपतिस्स' भनिन्थ्यो ?

२) मौद्गल्यायनलाई किन 'कोलित' भनिन्थ्यो ?

३) उपतिस्स र मौद्गल्यायनको पारिवारिक सम्बन्ध बारे प्रकाश पार्नुहोस् ।

◆◆◆

---

१. धम्म. प. अ. क. पृ. ५४–५५: अग्गसावकवत्थु; अं. अ. क. I. पृ. ८९: सारिपुत्तकथा, एककनिपात; सुत्त. नि. अ. क. II. पृ. १३९ पृ. १७८: सारिपुत्तथेरापदानं ।

Downloaded from http://dhamma.digital/

# गृहत्याग

त्यस बखत **राजगृह नगरमा** समय समयमा र वर्षको एक **पटक** नृत्यनाटिका प्रदर्शन गर्दथे। त्यस नृत्यशालामा मेचहरू राखिएका हुन्थे। एक दिन यी दुबै साथीहरू एकै ठाउँमा बसी नृत्य हेर्दै थिए र हास्नु पर्ने ठाउँमा हाँस्ने र विरह गर्नुपर्ने ठाउँमा विरह मात्र गर्ने होइनन् बेला बखतमा नृत्यकारहरूलाई पैसा पनि दिन्थे। यस नृत्यशालामा **अङ्गमगधका** धेरै नामी-नामी मानिसहरू पनि सम्मिलित हुन्थे। एकदिन नाटक हेरिरहेका **उपतिस्सको मनमा** "यहाँ भेला भएका यतिका मानिसहरू शय वर्ष नपुग्दै मर्नेछन्। यहाँ भेला भएका सबैले मृत्युलाई टाउकोमा बोकेर ल्याएका छन्" भन्ने लाग्यो। साथै बसिरहेका **कोलितको मनमा** पनि यस्तै कुराले खुलदुली पारेको थियो र दुबै जना नृत्य हेर्नुको सट्टा झोक्रिरहेका थिए[1]। धम्मपदट्ठकथा[2] र अङ्गुत्तर अट्ठकथानुसार[3] उनीहरू दुबै गृहस्थभाव त्याग्ने कल्पना पनि गरिरहेका थिए। केही समयपछि उनीहरू दुबै जना घर त्यागेर निस्के।

---

१. सुत्त. नि. अ. क. II. पृ. १४०: धम्मसुत्त (नावासुत्त) वण्णना।

२. पृ. ५४

३. I पृ. ८९

Downloaded from http://dhamma.digital/

त्यस बखत **राजगृह नगरमा सञ्जय** भन्ने परिब्राजक बसेका थिए। तिनीहरू उनीकहाँ गई पाँच शय परिवारका साथ प्रब्रजित भए।

प्रब्रजित भएपछि **सञ्जय कहाँ बसी** उनीहरूले तीन वेदहरू र सबै परिब्राजक धर्महरू अध्ययन गरे। अनि पढेका शास्त्रहरू आदिको, मध्य र अन्त्य संस्मरण गर्दा अन्त्य थाहा पाउन सकेनन्। अनि उनीहरूले **सञ्जयसँग** शास्त्रको अन्त्य कहाँनिर छ भनी सोध्दा उनले पनि थाहा पाउन नसकेको कुरा बताएपछि "त्यसोभए हामीहरू यसको अन्त्य पत्ता लगाउन घुम्न जानेछौं" भनी भन्दा उनले "हुन्छ" भनी भने। त्यसपछि उनीहरू दुबै जना अमृतको तलासको निमित्त जम्बुद्वीप भ्रमण गरे। सारा जम्बुद्वीपमा "उपतिस्स र कोलित परिब्राजक" भन्ने पछि नचिन्ने कोही पनि भएन। खोजिगरी हिंडेको अमृत पाउने कुरा त परै जाओस् शास्त्रको अन्त्य यतातिर छ भनी सन्तोष गराउन सक्ने व्यक्ति उनीहरूले भेट्टाउन सकेनन्। त्यसपछि फेरि उनीहरू राजगृहमै आई "जसले अमृतपद पहिले पाउनेछ उसले अर्कोलाई बताउनु पर्छ" भन्ने वाचा गरी उनीहरू दुबै **सञ्जयकहाँ नै बसे**[१]।

x x x

१. सुत्त. नि. अ. क. II. पृ. १४०.

Downloaded from http://dhamma.digital/

# अश्वजित् भिक्षुसँग भेट

**यसरी** उनीहरू फर्केर पुनः राजगृहमै बसिरहेको बेलामा हाम्रा भगवान् बुद्ध बुद्धगयामा बुद्धत्व प्राप्त गरी त्यहाँबाट ऋषिपतन मृगदाय सारनाथमा गई **पञ्चभद्रवर्गीय** भिक्षुहरूलाई धर्मावबोध गराई वर्षावासपछि त्यहाँ भएका साठी जना भिक्षुहरूलाई धर्म प्रचारार्थ ठाउँ ठाउँमा पठाई आफू पनि राजगृहतिर लाग्नुभयो ।

त्यस बखत **पञ्चभद्रवर्गीय** भिक्षुहरूमध्येका सबभन्दा कान्छा अश्वजित् भिक्षु राजगृह आइपुगेका थिए। एकदिन यिनी राजगृह नगर मा भिक्षाटनार्थ शान्तपूर्वक घुमिरहेको बेलामा **उपतिस्स परिव्राजकले** देखे । देखेपछि उनको मनमा यस्तो लाग्यो–

“यी शान्त इन्द्रिय भएका श्रमण अवश्य पनि अरहत् वा अरहत् मार्गमा लागेका हुनुपर्छ ।”

यति सोची **उपतिस्स परिव्राजक** अश्वजित् स्थविरको पछि-पछि लागे । भिक्षाटन्पछि एक ठाउँमा बसी भोजन गरेपछि यी **उपतिस्सले**

Downloaded from http://dhamma.digital/

उनीसँग "तपाई कसलाई गुरु मान्नुहुन्छ र तपाई कसको धर्म रुचाउनु हुन्छ ?" भन्ने प्रश्न सोधे ।

"शाक्यकुलबाट प्रव्रजित हुनुभएका बुद्धलाई म गुरु मान्दछु र वहाँकै धर्म म रुचाउँछु" भनी **अश्वजित् स्थविरले** जवाफ दिए ।

अनि **उपतिस्स परिव्राजकले** "त्यसो भए वहाँ बुद्धले कस्तो धर्म उपदेश गर्नुहुन्छ नि ?" भनी सोध्दा अश्वजित् **स्थविरले** यस्तो जवाफ दिए—

"आवुसो ! म बुद्धको धर्ममा आएको धेरै भएको छैन भरखरै प्रव्रजित भएको हुँ । तपाईलाई म विस्तार पूर्वक वहाँको धर्म बताउन सक्दिन । केवल संक्षेपमा मात्र केही बताउन सक्छु ।"

"हुन्छ, संक्षेपमा मात्र बताउनुहोस् । म उपतिस्स परिव्राजक हुँ । म बुझ्ने छु ।"

त्यसपछि वहाँले यस्तो भन्नुभयो—

**"ये धम्मा हेतुप्पभवा— तेसं हेतुं तथागतो आह ।**
**तेसं च यो निरोधो— एवंवादी महासमणो ॥[१]"**

**अर्थ—**

"जुन धर्महरू हेतुद्वारा उत्पन्न हुन्छन् त्यसैको हेतु तथागतले

१. महा. व. पा. पृ. ३९: सारिपुत्त मोग्गल्लारन पब्बज्जा कथा ।

Downloaded from http://dhamma.digital/

बताउनु हुन्छ। त्यसको जुन निरोध हो त्यो पनि वहाँ बताउनु हुन्छ– यस्ता वादी वहाँ महाश्रमण हुनुहुन्छ।"

यति सुन्ने बित्तिकै **उपतिस्स परिब्राजकले** त्यसको अर्थ हजारौं प्रकारले बुझेका मात्र होइनन् यिनलाई निर्मल धर्मचक्षु पनि प्राप्त भयो। अर्थात् स्रोतापत्ति फलमा प्रतिष्ठित भए। यसपछि बुद्ध बसेको ठाउँ सोधी **उपतिस्स परिब्राजक** आश्रममा फर्की साथी **कोलितलाई** पनि यो कुरा बताएपछि दुबै जना राजगृहस्थित वेणुवनमा गई भगवान्को शिष्यत्व ग्रहण गरी भिक्षु भए[1]।

x x x

## सारिपुत्र अभ्यास-२

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस्।**

१) उपतिस्स र कोलितलाई कसरी गृहत्याग गर्ने इच्छा जागृत भयो ?
२) उनीहरू कसकहाँ गएर प्रव्रजित भए ? के उनीहरू त्यहीं रमाए त ?
३) ज्ञानको खोजीगर्ने क्रममा उनीहरू दुबैले के वाचा गरेका थिए ?
४) भिक्षु अस्सजिलाई देख्दा उपतिस्सको मन कसरी परिवर्तन भयो ?
५) भिक्षु अस्सजिले उपतिस्सलाई कसरी संक्षिप्त धर्मोपदेश गर्नुभयो ?

◆◆◆

---

१. यस सम्बन्धका सबै कुराहरू लेखकको बु. श्रा. च. भा–२ को पृ. १ देखि ११ सम्मको मूल सूत्रको अनुवाद हेर्नू।

Downloaded from http://dhamma.digital/

# सारिपुत्रका भाइबहिनी र नातेदारहरू

**सारिपुत्र स्थविरका** कति भाइबहिनी तथा नातेदारहरू छन् भन्ने कुरा श्रृखंलाबद्धरूपले कुनै एक ठाउँमा उल्लेख भएको पालि साहित्यमा पाईंदैन । तैपनि पालि साहित्यमा यत्र तत्र छरिएका कारणहरू संग्रह गरी यहाँ श्रृखंलाबद्धरूपमा यिनका भाइवहिनी र नातेदारहरूको सूची प्रस्तुत गर्ने प्रयास गरेको छु ।

कुनै पनि अनुसन्धान गर्ने पालिभाषाका विद्यार्थीहरूले **सारिपुत्र स्थविरका** तीन भाइहरू र तीनवटी बहिनीहरू भएका कुरा भेट्टाउन सक्नेछन् ।

(१) थेरगाथा अर्थकथा भाग–१ पृ. २६१ को **महाचुन्द थेरगाथा वर्णनामा** मज्झिमनिकाय अर्थकथा भाग–४ पृ. २४ को **सामगाम सूत्र वर्णनामा** र दीघनिकाय अर्थकथा भाग–३ पृ. २३३ को **पासादिक सूत्र वर्णनामा** उल्लिखित कारणहरूबाट **चुन्द श्रमणुद्देश**[१] भन्ने स्थविर **सारिपुत्र स्थविरका** एक भाइ हुन् भन्ने कुरा प्रष्ट छ ।

---

१. थेर. गा. अ. क. I. पृ. २६१ मा 'महाचुन्द' भनी उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

(२) थेरगाथा अर्थकथा भाग–१ पृ. ५२५ को **उपसेन थेरगाथा वर्णनामा**, उदान अर्थकथा पृ. १८७ को **उपसेन सूत्र वर्णनामा**, अङ्गुत्तर निकाय अर्थकथा भाग–१ पृ. १५१ को एककनिपात वर्णनामा र संयुक्त निकाय अर्थकथा भाग–३ पृ. १० को **उपसेन सूत्र वर्णनामा** उल्लेख भएका कारणहरूबाट **उपसेन वङ्गन्तपुत्र** पनि सारिपुत्र स्थविरका अर्को भाइ हुन् भन्ने कुरा प्रष्ट हुन्छ।

(३) थेरगाथा अर्थकथा भाग–१. पृ. १०८ को खदिवनीय रेवत थेरगाथा वर्णनामा, अङ्गुत्तरनिकाय अर्थकथा भाग–१ पृ. १२६ मा र मज्झिमनिकाय अर्थकथा भाग–२. पृ. २०६ को **महागोसिङ्ग सूत्रवर्णनामा** उल्लेख भए अनुसार खदिरवनीय रेवत स्थविर पनि सारिपुत्र स्थविरका कान्छा भाइ हुन् भन्ने कुरा पनि ज्ञात हुन्छ।

थेरीगाथा अर्थकथा पृ. १२९ को चालाथेरी गाथा वर्णनामा र थेरगाथा अर्थकथा भाग–१. पृ. ११० मा उल्लिखित कारण अनुसार (१) **चाला स्थविरा**, (२) **उपचाला स्थविरा** र (३) **सीसपचाला स्थविराहरू** सारिपुत्र स्थविरका तीनवटी बहिनीहरू थिए।

**सारिपुत्र** स्थविर सहित सात जना छोरा छोरीहरू **रूपसारी** ब्राह्मणी कै कोखबाट पैदा भएका हुन्। त्यसैले धम्मपद अर्थकथा पृ. ३७९ को अरहन्त् वर्गमा "आयुष्मान् सारिपुत्र ८७ कोटी धन त्यागेर प्रव्रजित् भई **चाला, उपचाला, सीसूपचाला** नामका तीनवटी बहिनीहरूलाई

Downloaded from http://dhamma.digital/

र **चुन्द** तथा उपसेन भन्ने दुइजना भाइहरूलाई पनि यिनले प्रव्रजित गराएका थिए । **रेवत कुमार** एक जना मात्र घरमा बाँकी रहेका थिए" भनी उल्लेख भएको हो ।

पछि यी **रेवत कुमार** पनि ७ वर्ष उमेरैमा भागेर गई प्रव्रजित भएका थिए[१] । पालि साहित्यले यिनलाई **खदिरवनीय रेवत** हुन् भनेको छ ।

माथि लेखिएका चाला आदि तीन दिदीबहिनीहरूका तीनजना पुत्रहरू थिए । उनीहरूको नाम आ-आफ्ना आमाकै नाम अनुरूप थियो । जस्तै-चालाको पुत्रको नाम **चाला**, उपचालाको पुत्रको नाम **उपचाला**, र सीसूपचालाको पुत्रको नाम **सिसूपचाला** थियो । पुरुष भएता पनि नाम चाहिं स्त्रीलिङ्गमै प्रयोग गरिएको छ। यिनका आमाहरू भिक्षुणी भएपछि **रेवत स्थविरले** पछि यी तीनै जनालाई प्रव्रजित गराएका थिए भन्ने कुरा थेरगाथा अर्थकथाले[२] उल्लेख गरेको छ ।

---

१. धम्म प. अ. क. पृ. ३८०: 'खदिरवनीयरेवतत्थेरवत्थु' अरहन्तवर्ग

२. I. पृ. ११०: खदिरवनीय रेवतत्थेरगाथावण्णना ।

Downloaded from http://dhamma.digital/

परिब्राजक **दीर्धनख**[1], परिब्राजक **जम्बुखादक**[2] र **उपरेवत**[3] तीनजना सारिपुत्रका भानिजहरू हुन् ।

x x x

## सारिपुत्र अभ्यास-१

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस् ।**

१) सारिपुत्रका भाइबहिनीहरू को को हुन् ?

२) सारिपुत्रको पारिवारिक सदस्यबारे धम्मपद अर्थकथामा के के भनी उल्लेख भएको छ ? लेख्नुहोस् ।

◆◆◆

---

१. पपं. सू III. पृ. १३९: दीघनखसुत्तवण्णना । यस बारे अरू कुरा लेखकको बु. प. भा-१ पृ. ३४६ मा हेर्नु ।

२. बु. प. भा-१ पृ. ३६६: जम्बुखादकपरिब्राजक ।

३. दी. नि. अ. क. II. पृ. २५६: महापरिनिब्बानसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

# अग्रस्थान

**उपतिस्स** र **कोलित** परिव्राजकहरू आइरहेको देखेर भगवान्‌ले "यी दुइ परिव्राजकहरू मेरो शासनमा प्रव्रजित भई अग्रश्रावकहरू हुनेछन्" भनी भविष्यवाणी गर्नु भएको कुरा महावग्ग पालिमै[1] उल्लेख भएको छ।

उनीहरू भगवान्‌कहाँ आइपुगेपछि उनीहरूले भगवान्‌सँग शिष्यत्व मागे र भगवान्‌ले पनि "आऊ भिक्षुहो ! दुःखक्षय गर्नको निमित्त सु-आख्यात धर्म छ" भनी शिष्यत्व प्रदान गर्नुभयो। जुन कुरा लेखकको बु. श्रा. च. भा-२ पृ. ११ मा उल्लेख भइसकेको छ।

भगवान्‌बाट शिष्यत्व पाइसकेपछि **मौद्गल्यायनले** एक हप्तामा र **सारिपुत्रले** दुइ हप्तामा अरहत्व प्राप्त गरे। मज्झिमनिकाय भाग-३ पृ. ८८ को **अनुपद सूत्रमा** पनि यस्तो उल्लेख भएको छ—"सारिपुत्तो भिक्खवे, मासं अनुपद धम्मविपस्सनं विपस्सति।"

---

१. पृ. ४१. "एते भिक्खवे, द्वे सहायका आगच्छन्ति, कोलितो उपतिस्सो च। एतं मे सावकयुगं भविस्सति अग्गं भद्दयुगं।"

Downloaded from http://dhamma.digital/

**सारिपुत्र स्थविर** बुद्धको शिष्य भइसकेपछि एकदिन वहाँका भाञ्जा **दीर्धनख** परिब्राजकले सोचे– "मेरा मामा **संजय** परिव्राजककहाँबाट बुद्धकहाँ जानुभयो। यदि बुद्धको धर्म सञ्जयको धर्मभन्दा श्रेष्ठतर नहुँदोहो त वहाँ बुद्धकहाँ जानुहुने थिएन । वहाँको धर्म कस्तो रहेछ हेर्नुपर्‍यो भनी **सारिपुत्र स्थविर** भिक्षु भएको दुइहप्ता हुँदा **दीर्धनख परिब्राजक** राजगृहको गृद्धकूट पर्वतस्थित सूकरखतलेनमा (= सूगूरले खनिराखेको गुफामा) गए । अनि उनको कुरा सुनी भगवान्ले उनलाई **दीर्धनख सूत्र**[1] को उपदेश सुनाउनु भयो। यस बखत **सारिपुत्र स्थविर** भगवान्को पछिल्तिर उभिइरहनु भएको थियो। सूर्य झुल्किनु भन्दा अगाडिनै उपदेश सिद्धिएको थियो[2] । यही धर्मोपदेश सुनी **सारिपुत्र स्थविरले** श्रावक-पारमी पूरा गरी अरहत्व प्राप्त गर्नु भएको थियो भनी पपञ्चसूदनी आदि अर्थकथाहरूले[3] उल्लेख गरेका छन् । **दीर्धनख परिब्राजक** चाहिं स्रोतापत्तिफल प्राप्त

---

१. यस सूत्रको अनुवाद लेखकको बु. प. भा-१ पृ. ३५७ मा उल्लखे भएको छ ।

२. पपं. सू. III. पृ. १४३: दीधनखसुत्तवण्णना ।

३. पपं. सू. III. पृ. १४३: दीघनखसुत्तवण्णना । पपंचसूदनी भाग ३ मा बाहेक अरू मनो. र पू I. पृ. ९२: धम्म प. अ. क. पृ. ५८: सुमं. वि. II. पृ. १०५; अप. दा. अ. क. पृ. १८० थेर. गा. अ. क. II. पृ. ९५ र पपं सू. IV. पृ. ६० अनुपदसुत्तवण्णनाले चाहिं 'वेदनापरिग्गह' सूत्रको उपदेश सुनी सारिपुत्र स्थविर अरहत् भए भनी उल्लेख गरेका छन् ।

Downloaded from http://dhamma.digital/

गरी बुद्धको शरणमा गएका थिए । पपञ्चसूदनी अगाडि उल्लेख गर्छ कि सारिपुत्रले अरहत्वको साथ साथै सोह्र प्रकारको प्रज्ञाहरू पनि प्राप्त गरेका थिए[1] ।

**सारिपुत्र स्थविरले** अरहत्व प्राप्त गरे भन्ने कुरा बुझ्नुभई भगवान् बुद्ध गृद्धकुट पर्वतबाट आकाशमार्गद्वारा राजगृहको वेणुवनमा जानुभयो । केही छिन पछि 'तथागत कहाँ जानुभयो रहेछ' भनी खोज्दा वेणुवनमा जानुभयो भन्ने बुझी स्थविर पनि आकाशमार्गद्वारा वेणुवनमा जानु भयो[2] ।

त्यस दिन वेणुवनमा भेलाभएका साँढे बाह्रशय (१,२५०) भिक्षुहरूलाई भगवान्ले प्रातिमोक्षका कुरा सुनाउनु भएको थियो । बुद्धको जीवनकालमा यो श्रावक सन्निपात (= भेला) पहिलो तथा अन्तिम थियो । त्यसैले **महापदान सूत्रमा** बुद्ध भगवान्ले "**मय्हं भिक्खवे**

---

१. पपं. सू III. पृ. १४३: दीघनखसुत्तवण्णना । पुनश्च पपं. सू IV. पृ ६०: अनुपदसुत्तवण्णनाले चाहिं ६७ प्रकारका ज्ञानहरू र १६ प्रकारका प्रज्ञाहरू प्राप्त गरे भन्ने कुरा उल्लेख गरेको छ ।

२. दी. नि. अ. क. II. पृ. १०५: महापदानसुत्तवण्णना । पपं. सू. III. पृ. १४३ ले चाहिं वहाँहरू आकाशबाट गएको कुरा उल्लेख गरेको छैन ।

Downloaded from http://dhamma.digital/

**एतरहि एको सावकानं सन्निपातो अहोसि** ...[1]" भनी उल्लेख गर्नुभएको हो। यो श्रावक सन्निपात निक्कै महत्वपूर्ण थियो। किनभने यो भेला चारवटा अंगले युक्त थियो।

(१) माघ नक्षत्रले युक्त पूर्णिमा उपोसथको दिन थियो।

(२) कसैको प्रार्थना विना नै भेला भएको थियो।

(३) त्यस भेलामा कुनै पनि पृथग्जन स्रोतापन्न, सकृदागामी अनागामी वा शुष्कविपश्यनाद्वारा अरहन्त हुनेहरू थिएनन्। सबै षडभिज्ञलाभीहरू थिए।

(४) एकजना पनि छूराले क्षौरगरी प्रव्रजित भएका थिएनन्। सबैका सबै "आऊ भिक्षुहो!" भन्ने बुद्धवचनद्वारा भिक्षु भएका भिक्षुहरू थिए[2]।

हाम्रो सामु अब प्रश्न उठ्दछ कि सारिपुत्रले कहाँ र कहिले अग्रस्थान पाउनु भएको थियो।

यस सम्बन्धमा थेरगाथा अर्थकथा[3] र अङ्गुत्तरनिकाय अर्थक-

---

१. दी. नि. II. पृ. ७.

२. पपं. सू III. पृ. १४३: दीघनखसुत्तवण्णना।

३. II. पृ. १०९: सारिपुत्तत्थेर गाथा वण्णना।

Downloaded from http://dhamma.digital/

था[1]ले पछि वहाँले श्रावस्तीमा अग्रस्थान पाएको कुरा लेखेका छन्। तर धम्मपदट्ठकथाले[2] चाहिं अंरहत् भइसकेपछि वहाँलाई राजगृहमै अग्रस्थान प्राप्त भएको हो भनी उल्लेख गरेको छ। यस कुराको पुष्टिको लागि अर्थकथाले अगाडि यस्तो पनि उल्लेख गरेको छ।

यसरी राजगृहमा सारिपुत्रलाई अग्रस्थान दिंदा त्यहाँ भएका भिक्षुहरूले "भगवान्ले मुखहेरी काम गर्नुहुन्छ" भनी असन्तोष व्यक्त गरेका थिए। तर भगवान्ले "मैले मुख हेरी अग्रस्थान दिएको होइन परन्तु उनीहरूले अघिदेखि प्रार्थनागरी आए बमोजिम दिएको हुँ" भनी भिक्षुहरूलाई चित्त बुझाउनु भएको थियो[3]।

x x x

'अग्रस्थान' को अर्थ श्रेष्ठ वा उच्चस्थान भनिएको हो। के विषयमा वहाँले अग्रस्थान प्राप्त गर्नुभयो भने प्रज्ञाको बारेमा वहाँले श्रेष्ठ-स्थान प्राप्त गर्नु भएको थियो भन्ने करा निम्न मूल सूत्रबाट प्रष्ट

---

१. I. पृ. ९२. सारिपुत्त, एककनिपातवण्णना।
२. पृ. ५८: अग्गसावकवत्थु, यमकवग्गो।
३. यसबारेका सविस्तर कुरा लेखकको नेवारीमा अनुदित धम्मपदट्ठकथा भाग-१ पृ. १३२ मा अथवा लेखककै संक्षिप्त कथा सहित धम्मपद पृ. ५६-६४ मा हेर्नू।

Downloaded from http://dhamma.digital/

बुझिन्छ–

**"एतदग्गं, भिक्खवे मम सावकानं भिक्खुनं महापञ्ञानं यदिदं सारिपुत्तो**[1]" अर्थात् भिक्षुहो ! मेरा महाप्रज्ञा हुने श्रावक भिक्षुहरू मध्येमा सारिपुत्र श्रेष्ठ छन् ।

कति कारणले अग्रस्थान दिइन्छ त ?
चार कारणले अग्रस्थान दिइन्छ ।
कुन चार भने ?–

(१) अर्थोत्पत्तिको कारणले (अट्ठुप्पत्तितो) (२) आगमनको कारणले (आगमनतो) (३) परिचित्तको कारणले (चिण्णवासितो) र (४) अतिरेक गुणको कारणले (गुणातिरेकतो) ।

यी कारणहरूमध्ये कुनै स्थविरलाई एउटै कारणले अग्रस्थान दिइएको छ भने कुनैलाई दुइवटा कारणले वा तीनवटा कारणले अग्रस्थान दिइएको पाइन्छ । यी **सारिपुत्र स्थविरलाई** चाहिं चारैवटा कारणले अग्रस्थान दिइएको हो भनी अङ्गुत्तरनिकाय अर्थकथाले[2] उल्लेख गरेको छ ।

---

१. अं. नि-१ पृ. २३: एतदग्गवग्गो ।
२. I. पृ. ७१. एककनिपातवण्णना ।

Downloaded from http://dhamma.digital/

(१) यहाँ 'अर्थोत्पत्ति' भनेको भगवान् त्रयस्त्रिंश भवनबाट **संकस्स नगरमा** ओर्लनु हुँदा त्यंहाँ एकत्रित्त भएका जनसमूहलाई अनेक प्रश्नगर्दा **सारिपुत्रले** बुद्ध विषयको प्रश्नको उत्तर समेत दिइएको हुँदा अहो सारिपुत्र कति प्रज्ञावान् हुनुहुन्छ ! भन्ने कारण हो ।

(२) 'आगमन' भनेको उपरोक्त कारणबाट नै भगवान्ले सारिपुत्र अहिले मात्र प्रज्ञाधिक भएका होइनन् अघि अघिका पाँच शय जन्ममा पनि प्रज्ञा अधिक नै[1] थिए भन्ने कारण हो । त्यसैले भनिएको हो—

**"यो पब्बजि जातिसतानिपञ्च,**
**पहाय कामानि मनोरमानि ।**
**तं वीतरागं सुसमाहितिन्द्रियं,**
**परिनिब्बुतं वन्दथ सारिपुत्तं'ति ॥"**

(३) 'परिचित' भनेको चार परिषद्को बीचमा उपदेश गर्दा कहिल्यै पनि चतुसत्यले युक्त न भएको कुरा गर्ने बानि नभएको भन्ने कारण हो ।

(४) 'अतिरेकगुण' भनेको बुद्ध एक जना बाहेक प्रज्ञाको विषयमा सारिपुत्र बाहेक अरू कुनै पुरुष न भएको भन्ने कारण हो ।

---

१. यस सम्वन्धी लेखकको जा. सं. भा-४ पृ. २३ को परोसहस्स जातकादि हेर्नू ।

Downloaded from http://dhamma.digital/

सारिपुत्रले जस्तै मौद्गल्यायनले पनि उपरोक्त चारैवटा कारणले ऋद्धिवान्हरू मध्येमा श्रेष्ठ-स्थान पाउनु भएको हो[1]।

यसरी **सारिपुत्र स्थविर** बुद्ध-शासनमा प्रज्ञावान्हरू मध्येमा अग्र हुनु भएको थियो।

x x x

## सारिपुत्र अभ्यास-४

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस्।**

१) सारिपुत्र स्थविरले कसरी अर्हत्व प्राप्त गर्नुभयो ?

२) सन्निपात भन्नाले के बुझ्नुहुन्छ ? बुद्धको जीवनमा पहिलो तथा अन्तिमरूपमा भएको सन्निपात के के अङ्गले युक्त थिए ? लेख्नुहोस्।

३) सारिपुत्र स्थविरले अग्रस्थान कहाँ प्राप्त गर्नुभयो ?

४) 'अग्रस्थान' लाई आफ्नै शब्दमा बुझाई कुन-कुन कारणले अग्रस्थान प्रदान गरिन्छ भन्ने स्पष्ट पार्नुहोस्।

५) 'अर्थोत्पत्ति', 'आगमन', 'परिचित' र 'अतिरेक गुण' लाई आफ्नै भाषामा परिभाषित पार्नुहोस्।

◆◆◆

---

१. अं. नि. अ. क. I. पृ. ७१–७६ : एककनिपातवण्णना।

Downloaded from http://dhamma.digital/

# विनयगरू र अल्पेच्छता

**"न च खुद्दं समाचरे किञ्चि, येन विञ्ञू परे उपवदेय्यू"** अर्थात्- "स्यानोभन्दा स्यानो त्रुटी पनि नगर्नू। जुन त्रुटी हुंदा विज्ञहरूले कुरागर्ने ठाउँ पाउँछन्" भनी खुद्दकपाठको[1] **मेत्तसूत्रले** भने झैं वहाँ स्थविरले स्यानोभन्दा स्यानो नियमलाई पनि उल्लघंन गर्नु हुन्नथ्यो भन्ने कुराका केही उदाहरणहरू निम्न प्रकार छन् ।

त्यसवखत भगवान्‌बुद्ध कपिलवस्तुबाट श्रावस्तीमा आइपुग्नु भएको थियो । सारिपुत्र स्थविर पनि श्रावस्ती मै हुनुहुन्थ्यो । अनि एक दिन वहाँका उपस्थाक कुलबाट एउटा बालकलाई वहाँकहाँ पठाई "यो वालकलाई प्रव्रजित गराउनु होस्" भनी पठायो । त्यतिञ्जेल भने भगवान्‌ले एक भिक्षुले एक जना भन्दा बढता श्रामणेर राख्न नहुने नियम वनाउनु भएको थियो । त्यसैले सारिपुत्र स्थविरको मनमा यस्तो लाग्यो-"भगवान्‌ले एक भिक्षुले एकजना भन्दा बढता श्रामणेर

---

१. पृ. १२.

Downloaded from http://dhamma.digital/

राख्न नहुने नियम बनाउनु भएको छ। मसँग राहुल श्रामणेर छन्। अब मैले यस विषया के कसो गर्नुपर्ला ?" यति सोची भगवान्कहाँ गई वहाँले भगवान्सँग सोध्नुभयो। त्यसपछि भगवान्ले "भिक्षुहो ! त्यसोभए व्यक्त तथा सबल भिक्षुले दुइजना श्रामणेरहरू राख्न सक्छन् अथवा जतिसम्मलाई शिक्षा दिन चाहन्छन् उतिसम्म राख्न सक्छन्" भन्ने उपनियम बनाइदिनु भयो[1] । यसपछि मात्र वहाँले अर्को श्रामणेर वनाउनुभयो ।

x x x

एकदिन **सारिपुत्र स्थविर** कोशल जनपदमा चारिका गर्दै श्रावस्तीमा जाँदा एक आवसथमा बास परेको थियो[2]। आवासथ भनेको धर्मशाला जस्तो बासबस्ने ठाउँ हो । यस आवासथमा बटुवाहरू, रोगीहरू, गर्भिणीहरू तथा प्रव्रजितहरूलाई बासबस्ने व्यवस्था मिलाइएको हुन्छ । त्यसमा अनेक कोठाहरू पनि छन् । त्यहाँ बासबस्नेहरूको निमित्त निःशुल्क भोजनको व्यवस्था मात्र होइन औषधी उपचारको पनि व्यवस्था भएको हुन्छ[3] । अनि भोलिपल्ट मानिसहरूले "धेरै दिनपछि सारिपुत्र महास्थविर आउनुभयो" भन्दै

---

१. महा. व. पा. पृ. ८७: राहुलवत्थु, महाखन्धकं ।
२. महा. व. पा. पृ. १०० : आवासथसम्पत्तसारिपुत्तवत्थु ।
३. सम. पा. II. पृ. ८२९: एकतिंसतिमपाचित्तियं ।

Downloaded from http://dhamma.digital/

सुस्वादिला भोजनहरू तयार पारी ल्याइदिए । सो खाना खाएपछि वहाँलाई बेसकरी पेट दुख्यो र श्रावस्ती जान सक्नु भएन । भोलिपल्ट पनि खाना ल्याउँदा वहाँले स्वीकार गर्नु भएन । किनभने त्यसबखत कुनै आवासथमा एक रातभन्दा बढ्ता बसेर खाना खान नहुने नियम थियो । वहाँ त्यस दिन भोकै बस्नुभयो र पछि श्रावस्तीमा जानुभयो । यो पनि वहाँको विनय गरूताको एक उदाहरण हो । श्रावस्तीमा पुगेपछि यो हाल सुनेर भगवान्ले "रोगी भएकाले आवासथमा दुइदिन बसी खाना खान सक्छ तर निरोगीले होइन" भन्ने उपनियम बनाइदिनु भयो[1] ।

x x x

अर्को एक समय **सारिपुत्र स्थविरलाई** पेट दुखेको थियो । अनि **मौद्गल्यायन स्थविर** गएर वहाँसँग "अघि अघि पेटदुख्दा के खाएर तपाईलाई निको हुन्थ्यो ?" भनी सोध्दा वहाँले "लसुन खाएर" भनी उत्तर दिनु भयो । तर त्यस बखत लसुन खान हुन्न भन्ने नियम थियो । त्यसैले पेट दुखेता पनि वहाँले लसुन खानु भएन । पछि मौद्गल्यायन स्थविरले भगवान्लाई यो कुरा सुनाउनु भयो । अनि भगवान्ले "रोगको कारणमा लसुन खानहुन्छ" भन्ने उपनियम बनाउनु भयो[2] ।

x x x

---

१. पाचि. पा. पृ. १०२: एकतिंसतिमपाचित्तियं, आवासथ सम्पत्त सारिपुत्तवत्थु ।
२. चुल्ल व. पा. पृ. २३०: तिरच्छानविज्जा-लसुणखादनादिनी ।

Downloaded from http://dhamma.digital/

एकदिन **सारिपुत्र र मौद्गल्यायन** स्थविरहरू एक जंगलमा वसिरहनु भएको थियो । त्यसबखत सारिपुत्र स्थविरलाई बेसरी पेट दुखेर लेटिरहनु भएको थियो । संध्या समयतिर मौद्गल्यायन स्थविर वहाँकहाँ जाँदा वहाँको हालत देखि "यसरी पेटदुख्दा अघि तपाईलाई केले निको हुन्थ्यो ?" भनी सोध्दा वहाँले मेरी आमाले पानी नभएको पायसमा घ्यू, मह र सखर आदि मिलाई दिनु हुन्थ्यो र त्यसैले निको हुन्थ्यो भनी भन्नु भयो । यो कुरा सुनी **मौद्गल्यायन स्थविरले** "हुन्छ, आवुसो ! यदि तपाईको वा मेरो पुण्य छ भने यस्तो पायस भोलि पाउनेछौं" भनी भन्नुभयो । त्यसबखत यो कुरा एक देवताले सुनेका थिए । अनि सो देवता वहाँहरूको उपस्थाक कुलको जेठो छोरामा आवेशभई पीडादिए । अनि भने यदि भोलि मौद्गल्यायन स्थविरलाई पानी नराखी पायस पकाई त्यसमा घ्यू, मह, सखर आदि मिसाइ भिक्षा दिन्छौ भने छाडेर जानेछु ।" घरका मानिसहरूले भने– "तिमीले नभने पनि हामी दिनहुँ वहाँहरूलाई भिक्षा दिन्छौं ।" नभन्दै उनीहरूले भोलिपल्ट देवताले भने जस्तै गरी पायस तयार पारी मोद्गल्यायन स्थविर भिक्षा माग्न आउनु हुँदा राखिदिए । स्थविर फर्कनलाग्नु हुँदा "भन्ते ! यहीं वसी पायस खानु होस् । पछि फेरि अर्को पायस प्रदान गर्नेछौं । सो लिएर जानुहोस्" भनी प्रार्थना गरेपछि स्थविरले त्यस्तै गर्नुभयो ।

पात्रभरी अर्को पायस लिई स्थविरले **सारिपुत्र स्थविरलाई** दिनु भयो । पायस अति उत्तम थियो । स्थविरले "यो पायस कसरी प्राप्त

Downloaded from http://dhamma.digital/

भएको रहेछ ?" भनी विचारगरी हेर्दा प्राप्तिको कारण थाहापाउनु भई वहाँले "आवुसो ! यो पायस बाहिर लगेर भुइँमा खन्याइदेऊ। यो पायस अभोजनीय छ" भनी भन्नेबित्तिकै कुनै प्रश्न नगरिकनै स्थविरले बाहिर लगी भुइँमा घोप्टचाइदिनुभयो। भनिन्छ कि पायस भुइँमा पर्नेबित्तिकै वहाँको वेदना शान्तभयो र त्यहाँ देखि वहाँलाई चालीस वर्षसम्म फेरि पेट दुखेन। त्यसपछि स्थविरले मौद्गल्यायन स्थविरलाई यसो भन्नुभयो–

"आवुसो ! वचीविज्ञप्तिद्वारा (= वचन प्रकाश गरेर) प्राप्त भएको यो पायस पेटभित्रको आन्द्रा निस्केर भुइँमा लटपटिए पनि खान योग्य छैन।" यति भन्नुभई अगाडि यो उदान प्रकट गर्नुभयो–

१. "**वचीविञ्ञति विप्फारा उत्पन्नं मधु पायसं।**
**सचे भुत्तो भवेय्याहं साजीवो गरहितो ममा॥**
२. "**यदि पि मे अन्तगुणं निक्खमित्वा बही चरे।**
**नेव भिन्देय्य माजीवं चजमानो पि जीवितं॥**
३. "**आराधेमि सकं चित्तं विवज्जेमि अनेसनं।**
**अहं हि बुद्धपटिकुट्ठं न काहामि अनेसनन्ति॥"**

Downloaded from http://dhamma.digital/

अर्थ—

१– "वचन प्रकाशगरी पाएको मधु-पायस यदि मैले खाएँ भने मेरो जीवकालाई निन्दा हुनेछ।

२– "मेरो आन्द्रा भोरी निस्केर बाहिर लटपटिएता पनि मेरो प्राण नै गएता पनि मैले आफ्नो जीविकालाई बिगार्ने छैन।

३– "अधार्मिक खोजलाई त्यागी मैले आफ्नो चित्तलाई सन्तोष पार्नेछु र बुद्धद्वारा निन्दित अनेसना (= अधर्मता पूर्वक आहार खोजगर्ने) मलाई चाहिन्न[1]।"

उपरोक्त कुराहरूबाट हामी यो ठान्न सक्छौं कि वहाँको आजीविका कति शुद्ध रहेछ। एक दिन वहाँले आफ्नो शुद्ध जीविकाको बारेमा सूचिमुखि परिब्राजिकालाई 'म तल वा माथि हेरेर खान्दिन' भनी दिएको उत्तरबाट पनि अरू प्रष्ट हुन्छ। यो सूचिमुखि परिब्राजिकाको कुरा बु. श्रा. च. भा-३ सारिपुत्र चरित भा-२ पृ. २२७ मा उल्लेख भएको छ।

यति मात्र होइन वहाँ धुताङ्गधारी पनि हुनुहुन्छ र धुताङ्ग

---

१. विसु. म. पृ. ३१ः–३२ः सीलनिद्देसो।

Downloaded from http://dhamma.digital/

धारण गर्ने सम्बन्धमा उपदेश पनि गर्नुहुन्छ[1] ।

वहाँले तीस वर्षसम्म टाँग पसारी खाटमा सुत्नु भएको थिएन । वहाँले जस्तै **मौद्गल्यायन** स्थविरले पनि बीस वर्षसम्म टाँग पसारी खाट्मा सुत्नु भएन । **महाकाश्यप** स्थविरले बीस वर्षसम्म अनुरुद्ध स्थविरले पचास वर्ष सम्म **भद्रीय** स्थविरले तीस वर्षसम्म **श्रोण** स्थविरले अट्ठार वर्षसम्म **राष्ट्रपाल** स्थविरले बाह्र वर्षसम्म **आनन्द** स्थविरले पन्द्रहवर्षसम्म **राहुल** स्थविरले बाह्रवर्षसम्म **बक्कुल** स्थविरले असी वर्षसम्म र **नालक** स्थविरले परिनिर्वाण नभएसम्म टाँग पसारी खाट्मा सुत्नु भएको थिएन भन्ने कुरा दीघनिकाय अर्थकथामा[2] उल्लेख भएको छ ।

यसरी वहाँ स्थविर विनयगरू अत्यन्त अल्पेच्छि पनि हुनुहुन्थ्यो ।

x x x

## सारिपुत्र अभ्यास-५

१) वियगुरू र अल्पेच्छता भन्नाले के बुझिन्छ ? खुलस्त पार्नुहोस् ।

२) सारिपुत्र स्थविर 'विनयगुरू र अल्पेच्छत्वाका धनी हुन्' भन्ने कुरालाई कथात्मक रूपमा चित्रण गर्नुहोस् ।

३) गौद्गल्यायनले भिक्षा मागी ल्याउनुभएको पाचस बाहिर लगी भुईंमा घोप्ट्याइ सकेपछि सारिपुत्र स्थविरले के उदानप्रकट गर्नुभयो

◆◆◆

१. विसु. म. पृ. ६१: धुतङ्गनिद्देसो ।

२. III. पृ. ४८: सक्कपञ्हंसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

# विहारमा गर्ने नित्य व्रत (वत्तपटिवत्तं)

जब सारिपुत्र स्थविर एक्लै वा मौद्गल्यायन स्थविरसँग बस्नु हुन्थ्यो तब वहाँले गर्ने काम एक प्रकारको हुन्छ भने भगवान्सँग अथवा अरू भिक्षुहरूसँग बस्दा गर्ने काम अर्कै ढंगको हुन्थ्यो ।

जब वहाँ एक्लै बस्नुहुन्छ अथवा मौद्गल्यायनसँग वस्नुहुन्छ तब बिहान सबरै विहारको आगनमा तथा बस्ने ठाउँमा बढारी सुग्घर सफा गरी शारीरिक गर्नुपर्ने काम सिध्याई हात खुट्टा मुख धोई समापत्तिमा वसी इच्छानुसार भिक्षाटन्को लागि निस्कनु हुन्छ ।

भगवान्सँग बस्नुहुँदा चाहिं वहाँ त्यस्तो गर्नुहुन्न । त्यसबेला जब भगवान् समयमै भिक्षुहरूका साथ भिक्षाटन्को लागि निस्कनु हुन्छ तब वहाँ कोठाबाट बाहिर निस्कनु भई "धेरै बस्ने ठाउँमा सबैले सुग्घर सफा राख्छन् वा राख्दैनन्" भन्दै यताउता घुमी न बढारेको ठाउँमा वढार्नु हुन्छ । यदि कतै फोहर थुपारेको छ भने त्यसलाई फाल्नुहुन्छ । पानीको भाँडामा पानी छैन भने पानी राख्नु हुन्छ । घैटो राख्ने ठाउँमा घैंटो छैन भने घैटो राख्नुहुन्छ । अनि रोगीहरूकहाँगई "तिमीहरूलाई के

Downloaded from http://dhamma.digital/

चाहिन्छ, के ल्याउनुपर्‍यो" भनी सोध्नु हुन्छ। स्याना स्याना श्रामणेर हरूकहाँ गई "आवुसोहों! प्रतिपत्ति धर्ममा मन लगाऊ र बुद्धशासनबाट उत्कण्ठित नहोऊ" भन्दै अववाद (= अर्ति उपदेश) दिनुहुन्छ। त्यसपछि वहाँ भिक्षाटन्को निमित्त निस्कनुहुन्छ। जस्तै बाहिर जान चाहने चक्रवर्ती राजा सेनाद्वारा परिवृत्तभई बाहिर निस्किसकेपछि सेनापतिहुने सेनाहरूको संविधान गरी त्यसपछि जान्छन् त्यस्तै सद्धर्मचक्रवर्ती हुनुभएको बुद्ध भगवान् भिक्षुहरूद्वारा परिवृत्तभई बाहिर गइसकेपछि सेनापति समान हुनुभएका वहाँ धर्मसेनापति उपरोत्ताकारले गर्नुपर्ने काम सिध्याई पछि निस्कनु हुन्छ[१]।

यसरी अबेरगरी भिक्षाटन्को लागि बाहिर जाने भएको हुँदा वहाँले एक दिन **सच्चक** भन्ने निगण्ठका **सच्चा**, **लोला**, **पटाचारा** र **सिवावतिका**[२] भन्ने बहिनीहरूले "हामीसँग बादगर्न सक्नेले यो जम्बुशाखा उखेलि देवोस्" भनी गाडेको शाखालाई वहाँले उखेल्न लगाउनु भएको हो। त्यस दिन पनि वहाँ विहारमा गर्नुपर्ने काम गरिसकेपछि अबेर गरी भिक्षाटन्को लागि जानुभएको थियो[३]।

---

१. पपं सू. III. पृ. ९३: महाराहुलोवादसुत्तवण्णना।

२. यी सच्चा लोला भन्नेहरूका कुरा लेखकको जा. सं-४. पृ. ६७ मा चुल्लकालिङ्गजातकमा हेर्नू।

३. पपं सूं. II. पृ. २२४: चूलसच्चकसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

यस्तै कुरा धम्मपदट्ठकथामा पनि उल्लेख भएको पाइन्छ। त्यहाँ पनि वहाँ भिक्षाटन्को लागि निस्कनु अगाडि विहारमा सफा सुग्घर गरी नपटचाएका बिछ्चाउनाहरू पटचाई ठाउँ ठाउँमा राख्नुपर्ने मेच र खाटहरू राम्ररी राखी बाहिर जानुहुन्थ्यो । यसो गर्नाको कारण शून्य निर्जन विहारदेखी हेर्न आउने अन्यतीर्थियहरूले "हेर हेर श्रमण गौतमका शिष्यहरू बस्ने ठाउँ !" भनी कराउन नपावोस् भन्ने हो[1] ।

**संयुत्तनिकाय अर्थकथामा** चाहिं यसरी उल्लेख भएको छ–

"स्थविर चाहिं अरू अरू भिक्षुहरू जस्तै सबेरै भिक्षाटन् नगई सबै भिक्षुहरू गइसकेपछि सबै संघाराममा घुमी नबढारेको ठाउँमा बढारी नफालेका फोहरहरू फाली सङ्घाराममा काठका र माटाका भाँडाहरू ठाउँ ठाउँमा सच्याई राखी जानुहुन्छ। किनभने अन्यतीर्थियहरूले देख्दा निन्दा गर्न नपाउन् भन्ने हेतुले हो । त्यसपछि रोगीहरूकहाँ गई उनीहरूलाई के चाहिन्छ भनी सोधी तरुण श्रामणेरहरूलाई लिई उनीहरूले भनेका वस्तुहरूको लागि जानहुने ठाउँमा गई औषधी आदि प्राप्तगरी "रोगीको सेवा भनेको बुद्ध प्रत्येकबुद्धहरूद्वारा पनि प्रशंसित छ" भन्दै औषधी आदि दिनुहुन्छ। यो हो वहाँले विहारसम्बन्धी गर्नु हुने नित्य व्रत (वत्तपटिवत्तं) को काम ।

---

१. धम्म. प. अ. क. पृ. ३५३: पण्डितसामणेरवत्थु पण्डितवग्गो ।

Downloaded from http://dhamma.digital/

"भगवान् चारिकामा जानुहुँदा चाहिं 'म अग्रश्रावक हुँ' भनी चप्पल लगाई छाता लिई अगाडि अगाडि हिडनु हुन्न । जो त्यहाँ बुढाहरू स्याना स्याना श्रामणेरहरू तथा रोगीहरू हुन् तिनीहरूकहाँ गई उनीहरूलाई कहिं कतै वेदना भएको छ भने त्यहाँ तेल लगाउन लगाई पात्र चीवर आफ्ना स्याना श्रामणेरहरूलाई लिन लगाई एक दुइदिन आफ्ना श्रामणेरहरू लिई त्यहाँ जानुहुन्छ[1] ।

यी हुन् वहाँले विहारमा नित्य गर्नु हुने कामको रूपरेखा ।

x x x

एक समय **सारिपुत्र स्थविर** हिमालतिर गई एक पहाडको गुफा जस्तो ठाउँमा बसी नवढारीकनै निरोध समापत्तमा बस्नुभयो । त्यस वखत भगवान्ले आवर्जन गर्नुहुँदा सारिपुत्र स्थविर बसेको ठाउँमा नवढा-रिकनै निरोधसमापत्तिमा बसेको कुरा बुझ्नुभई उतनाघरिमै भगवान् त्यहाँ जानुभई गुफाको अगाडि पद्चिन्ह राख्नुभई फर्कनु भयो । निरोध-समापत्तिवाट उठ्नु भएपछि स्थविरले भगवान्को पदचिन्ह देखी "नवढारिकन बसेको कुरा भगवान्ले थाहा पाउनु भयो" भनी बडो लज्जित हुनुभएको थियो । यति मात्र होइन वहाँले यो पनि सोच्नुभयो कि अव ग भगवान्कहाँ गई संघका बीचमा आफूलाई निन्दा गराउने छु भनी भगवान्कहाँ गई वन्दनागरी एक छेउमा बस्नुभयो । अनि

१. स. नि. अ. क. II. पृ. १८७ : देवदहसुत्तवण्णना, नकुलपितुवग्गो ।

Downloaded from http://dhamma.digital/

भगवान्ले "सारिपुत्र ! कहाँ गएका थियौ ?" भनी सोध्नुभई पुनः "सारिपुत्र ! म नजिक भई बस्नेले नबढारिकन बस्नु ठीक छैन" भनी भन्नुभयो। त्यहाँदेखि स्थविरले चीवर पारुपन गर्ने सर्वसाधारण शालामा पनि उभिएर नै खुट्टाले धुलो पन्छ्याउन थाल्नु भयो[1]।

x x x

विनय पिटकको परिवारपालिले बढार्दाको पञ्च गुणहरू देखाएका छ। जस्तै– (१) आफ्नो मन प्रसन्न हुन्छ, (२) अर्काको मन पनि प्रसन्न हुन्छ, (३) देवताहरू पनि सन्तुष्ट हुन्छ, (४) बुद्धशासन पालन हुन्छ र (५) पछि आउनेहरूले पनि त्यस्तै गर्छन्[2]।

बढार्नेमा यस्तो गुण भएको हुनाले जहाँ बसे पनि वहाँ सफा सुग्घरगरी बढारेर बस्नुहुन्छ।

x x x

## सारिपुत्र अभ्यास-६

१) सारिपुत्र स्थविरले विहारमा गर्नुपर्ने नित्यव्रत कुन रूपमा गर्नुहुन्थ्यो ?

२) सारिपुत्र स्थविरले सेनापतिकै रूपमा कसरी कर्तव्य निभाउनु हुन्थ्यो ?

३) सारिपुत्रको नित्यकर्म बारे संयुक्तनिकाय अर्थकथामा कसरी वर्णन गरिएको छ ? आफ्नै शब्दमा लेख्नुहोस्।

४) विनय पिटकको परिवार पालि अनुसार बढार्दाको पञ्चगुणहरू के के हुन् ? लेख्नुहोस्।

◆◆◆

१. सम. पा. III. पृ. १४४० : पञ्चकवारवण्णना।

२. परि. वा. पा. पृ. ३३२ : पञ्चकवारो।

Downloaded from http://dhamma.digital/

# कृतज्ञ र कृतवेदी

**सारिपुत्र स्थविरमा** कृतज्ञता र कृतवेदीता हुने ठूलो सत्पुरूष गुण थियो । अर्काले गरेको स्यानोभन्दा स्यानो गुणलाई पनि वहाँ सम्झिराख्नु हुन्थ्यो ।

एक समय राध नामक ब्राह्मणले भिक्षुहरूकहाँ गई प्रव्रज्यात्व मागे। भिक्षुहरू उन ताई प्रव्रजीत गर्न चाहन्नथे। भिक्षुहरूकहाँ प्रव्रज्यात्व नपाएपछि उनी दुव्ला पातला भएर गए। जब भगवान्ले उनी दुब्ला पातला भएर गएको देख्नु भयो तब भिक्षुहरूलाई बोलाउनु भई "भिक्षुहो ! किन यी ब्राह्मण दुब्लाएर गएका ?" भनी सोध्दा भिक्षुहरूले "भन्ते ! यी ब्राह्मण आएर प्रव्रज्या माग्छन्। तर कुनै पनि भिक्षु यिनलाई प्रव्रजित गराउन चाहन्नन् । यही कारणले यिनी दुब्लाएका होलान् । अनि भगवान्ले भिक्षुहरूलाई सम्वोधन गर्नु भई "भिक्षुहो ! यी ब्राह्मणको कुनै गुणलाई संस्मरण गर्ने कुनै भिक्षु छ के ?" भनी सोध्नुभयो । त्यस बखत त्यहाँ वसिरहनुभएका **सारिपुत्र** स्थविरले "भन्ते ! म यी ब्राह्मणको गुण सम्झन्छु" भनी भन्नु हुँदा भगवान्ले "तिमीले यी ब्राह्मणको के गुण सम्झन्छौ त ?" भनी

Downloaded from http://dhamma.digital/

सोध्नुभयो। अनि स्थविरले भन्नुभयो– "भन्ते ! एकदिन म राजगृहमा भिक्षाटन् जाँदा यिनले एक डाडु भात दिनलगाएको कुरा म सम्झन्छु।"

"राम्रो सारिपुत्र ! बेशहो सारिपुत्र ! कृतज्ञ र कृतवेदी हुनेलाई नै सत्पुरुष भन्दछन् ।"

यति भन्नुभई भगवान् अगाडि यसो भन्नुहुन्छ– "सारिपुत्र ! त्यसोभए यी ब्राह्मणलाई प्रव्रजित गर र उपसम्पदा पनि गर ।"

"भन्ते ! कसरी मैले यिनलाई प्रव्रजित गरूँ र कसरी उपसम्पदा गरूँ ?"

अनि भगवान्ले यही प्रसंगमा धार्मिक कुरा सुनाई भिक्षुहरूलाई आमन्त्रण गर्नु भई यसो भन्नुभयो—

"भिक्षुहो ! जो मैले यस भन्दा अघि बुद्ध धर्म र सङ्घको शरण लिन लगाई उपसम्पदा गर्ने अनुपमत दिएको थिएँ आजदेखि सो हटाई ज्ञप्ति चतुर्थ वाचाद्वारा उपसम्पदा गर्ने अनुमति दिन्छु" भनी भन्नुभयो। त्यसपछि स्थविरले सो ब्राह्मणलाई भगवान्को आज्ञा बमोजिम ज्ञप्ति चतुर्थ वाचाद्वारा उपसम्पदा गर्नुभयो[1] ।

स्थविरका यी **राध भिक्षु** अत्यन्त सुविनीत तथा आज्ञाकारी

१. महा. व. पा. पृ. ५३: ञतिचतुत्थक कम्म उपसम्पदा, महाखण्डकं ।

Downloaded from http://dhamma.digital/

थिए । एकदिन भगवान्ले स्थविरसँग "यस्ता शिष्यहरू पायौ भने कतिजनासम्म राख्न चाहन्छौ ?" भनी सोध्दा स्थविरले "धेरै" भनी भन्नु भएको कुरा धम्मपदट्ठकथाम[1] उल्लेख भएको छ ।

त्यसैले राध भिक्षुले आफ्नो अपदानमा यस्तो उल्लेख गरेका हुन्–

"कटच्छु भिक्खं पादासिं, सारिपुत्तस्स तादिनो ।
यदा जिण्णो च वुद्धोच, तदाराम मुपागमिं ॥
"पब्बजेन्ति न मं कोचि, जिण्ण दुब्बल थामक ।
तेन दीनो विवण्णङ्गो, सोको चासिं तदा अहं ॥
"तदा भिक्खू समानेत्वा, अपुच्छि मुनिसत्तमो ।
'इमस्स अधिकारं ये, सरन्ति ब्याहरन्तु ते' ॥
"सारिपुत्तो तदावोच, 'कारमस्स सरामहं ।
कटच्छु भिक्खं दापेसि, पिण्डाय चरतो मम[2]" ॥

अर्थात्—

"मैले लोकमा कम्पित नहुने सारिपुत्र स्थविरलाई एक डाडु भात दिएको थिएँ । जव म जीर्ण तथा बुढो भएँ तब म विहारमा

१. धम्म. प. अ. क. पृ. ३३३ : राधत्थेरवत्थु, पण्डितवग्गो ।
२. अप. दा. पा. II. पृ. १३३ : राधत्थेर अपदानं; गा. नं. ३१५, ३१६, ३१९ र ३२०

Downloaded from http://dhamma.digital/

गई भिक्षु हुन चाहें तर मलाई कसैले भिक्षु बनाउन चाहेनन् । यसले गर्दा म दुर्वर्णी दुब्लो र चिन्तित भएँ । अनि त्यस बखत भिक्षुहरूसँग 'मैले गरेको कुनै गुण सम्झने कुनै भिक्षु छ के ?' भनी भगवान्‌ले सोध्नु हुँदा सारिपुत्र स्थविरले 'भिक्षाटन् गइरहेको बेलामा यिनले मलाई एक डाडु भिक्षा दिलाएको कुरा कसम्झन्छु' भनी भन्नु हुँदा त्यसबखत भगवान्‌ले वहाँलाई यसो भन्नुभयो—

"साधु साधु कतञ्ञूसि, सारिपुत्त इमं तुवं ।
पब्बाजेहि दिजं बुड्ढं, हेस्सतिजानियो अयं ॥

अर्थात्—

"धन्य धन्य सारिपुत्र ! तिमी कृतज्ञ रहेछौ । यी बुढा ब्राह्मणलाई प्रव्रजित गराऊ; यिनी पण्डित हुनेछन् ।"

x x x

**सारिपुत्र स्थविर** अर्कालाई मात्र अर्ति उपदेश दिने हुनुहुन्न । अर्काले लिएको अर्ति उपदेशलाइ पनि कृतज्ञतापूवर्कक सुन्नु हुन्छ। कुनै व्यक्ति चाहिं भन्न चाहन्छ तर सुन्न नचाहने मात्र होइन अर्काले केही भन्दा रिसाउँछ पनि । तर स्थविर त्यस्तो गर्नुहुन्न भन्ने कुरा निम्न उदाहरणबाट प्रष्ट हुन्छ—

एक दिन वहाँलाई एक सात वर्षीय श्रामणेरले "भन्ते ! तपाईको चीवरको टुप्पो भुइमा लत्रिएको छ" भनी भन्दा स्थविर चुपलागेर एक

Downloaded from http://dhamma.digital/

छेउमा गई आफ्नो चीवर राम्रोसँग पारुपन[1] गरी आएर "आचार्य ! यस्तै अर्ति दिनुपर्छ, तिमीले भनेको राम्रै हो[2]" भनी दुइहात जोरी उभिइरहनु भयो भनी संयुक्त निकाय अर्थकथाले उल्लेख गरेको छ।

त्यसैले वहाँले यस्तो उदान प्रकट गर्नु भएको हो—

**"तबहु पब्बजितो सन्तो, जातिया सत्तवस्सिको।**
**सो पिमं अनुसासेय्य, सम्पटिच्छामि मत्थके' ति ॥"**

**अर्थ—**

"सोही दिन प्रव्रजित भएकाले भएता पनि जन्मले सातै वर्ष पुगेकाले भएता पनि मलाई अनुशासन गरून् म त्यो उपदेशलाई शीर मा थापी ग्रहण गर्नेछु[3] ।"

---

१. 'पारुपन' भनेको चीवरलाई चारैतिरबाट परिमण्डल गरी ओढनु हो । विहारबाट बाहिर जाँदा अथवा भिक्षाटन्को लागि जाँदा भिक्षुहरू यसरी चीवर ओढनु पर्छ । विहारमा बस्दा चाहिं एकांश गरी चीवर लगाएर वस्छन् । त्यसैले प्रातिमोक्षको सेखिय भन्ने शिक्षापदमा "परिमण्डलं पारुपिस्सामीति खिक्खा करणीया" भनी उल्लेख भएको हो ।
२. थेर. गा. अ. क. II. पृ ११६ : सारिपत्तत्थेरगाथावण्णना ।
३. सं. नि. अ. क. I. पृ. ९७ : सुसिमसुत्तवण्णना, देवतासयुत्तं ।

Downloaded from http://dhamma.digital/

यसै कुराको संस्मरण गर्दै वहाँले पछि थेरगाथापालिमा यस्तो उल्लेख गर्नु भएको हो[1]—

**"अनङ्गणस्स पोसस्स, निच्चं सुचिगवेसिनो ।**
**बालग्गमत्तं पापस्स, अब्भामत्तं व खायति ॥"**

अर्थात्– "सँधै शुद्धि चाहने निक्लेशी पुरुषलाई रौंको टुप्पो जतिको दोष पनि बादलको ढिक्को जत्रै देखिन्छ ।"

x x x

जब **सारिपुत्र स्थविर अश्वजित् स्थविरसँग** एकै विहारमा बस्नु हुन्छ तब वहाँ बुद्धको उपस्थानमा गई पछि अश्वजित् स्थविरको उपस्थानमा जानुहुन्छ । जब वहाँ अश्वजित् स्थविरसँग अलग्ग भई बस्नु हुन्छ तब वहाँले वहाँ बस्नुभएको दिशातिर पञ्चाङ्ग प्रतिष्ठित गरी वन्दना गर्नु हुन्छ । यसरी वन्दना गरिरहेको देखेर केही भिक्षुहरूले भन्न पनि थाले कि **सारिपुत्र स्थविर** बुद्धको अग्रश्रावक भएर पनि दिशा नमस्कार गर्नेवानी छाड्न सक्नुभएको छैन ।

जब भगवान्ले दिब्यश्रोतद्वारा यस्तो भनिरहेको कुरा सुन्नु भयो तब वहाँले आफूलाई आसनमा बसिरहेको जस्तै गरी दर्शाउनु भइ "भिक्षुहो ! अहिले तिमीहरू यहाँ के कुरा गरी वसिरहेका थियौं ?"

---

१. थेर. गा. पा. पृ. ३६७: सारिपुत्तत्थेर गाथा ।

Downloaded from http://dhamma.digital/

भनी सोध्नु भयो । अनि ती भिक्षुहरूले सो धुरा बताए । अनि भगवान्ले "भिक्षुहो ! सारिपुत्रले दिशा-नमस्कार गरेका होइनन् । जसको कारणले यो बुद्धशासन उनले जाने सो आफ्नो आचार्य अश्वजित् भिक्षुलाई वन्दना गरेका हुन् । भिक्षुहो ! सारिपुत्र आचार्य-पूजक हुन्" भनी भन्नुभयो । त्यसपछि एकत्रित भएका भिक्षुहरूलाई धर्मोपदेश गर्नुहुँदै वहाँले धम्मसूत्र (नावासूत्र[1]) को उपदेश सुनाउनु भयो[2] । आचार्य-पूजक हुनु भएका हुनाले पपञ्चसूदनीले[3] अश्वजित् स्थविरलाई सारिपुत्र स्थविरको आचार्य हुन् भनी उल्लेख गरेको हो ।

धम्मपदट्ठकथाले[4] पनि सारिपुत्र स्थविरको आचार्य भक्तिको वारेमा यस्तो उल्लेख गरेको छ—

"जब सारिपुत्र स्सथविरले उपरोक्ताकारले दिशानमस्कार गरेको देखे तव केही भिक्षुहरूले यस्तो भन्न थाले—

'भगवान्का अग्रश्रावक भएर पनि अहिलेसम्म वहाँको गिथ्यादृष्टिपन हटेको रहेनछ र दिशा नमस्कार गर्ने बानी पनि छुटेको छैन ।'

---

१. सुत्त. नि. पृ. ३१४ : चूलवग्गो ।
२. सुत्त. नि. अ. क. II. पृ. १३९ : धम्मसुत्त (नावासुत्त) वण्णना ।
३. II. पृ. २२५ : चूलसच्चकसुत्तवण्णना ।
४. पृ. ८०३ : आचरियपूजक वत्थु, ब्राह्मणवग्गो ।

Downloaded from http://dhamma.digital/

"जब यो कुरा भिक्षुहरूले भगवान्‌लाई सुनाए तब भगवान्‌ले स्थविरसँग सोध्नु भयो–

'सारिपुत्र ! के यो कुरा साँचो हो ?'

'भन्ते ! मैले दिशानमस्कार गरेको हो वा होइन भन्ने कुरा त तपाइँलाई राम्ररी थाहा नै छ।'

'सारिपुत्रको उत्तर सुनेपछि भगवान्‌ले उपस्थित भिक्षुहरूलाई उपदेश गर्नुहुँदै 'भिक्षुहो ! सारिपुत्रले दिशानमस्कार गरेका होइनन् । अश्वजित्‌बाट धर्म सुनी स्रोतापत्तिफलमा प्रतिष्ठित भएका हुनाले आफ्नो आचार्यलाई बन्दना गरेका हुन्। जुन आचर्यको कारणबाट धर्म अवबोध हुन्छ त्यसलाई उसले ब्राह्मणले अग्निहोत्र गरेझैं सम्मानपूर्वक नमस्कार नै गर्नुपर्छ" भनी निम्न धम्मपदको गाथा बताउनु भयो–

**"यम्हा धम्मं विजानेय्य, सम्मासम्बुद्धदेसितं ।**
**सक्कच्चं तं नमस्सेय्य, अग्गिहुत्तं व ब्राह्मणो[1] ॥**

**अर्थ—**

"जसबाट सम्यक्सम्बुद्ध देशित धर्म अवबोध हुन्छ त्यसलाई सो

१. धम्म. प. अ. क. पृ. ५४ ब्राह्मणवग्गो ।

Downloaded from http://dhamma.digital/

पुरुषले ब्राह्मणले अग्निहोत्र गरे झैं सत्कारपूर्वक नमस्कार गर्नुपर्छ।"

त्यसैले अपदान पालिमा स्वयं सारिपुत्र स्थविरले यस्तो उल्लेख गर्नुभएको हो—

१. "**यमहं पठमं दिस्वा, विरजो विमलो अहुं।**
**सो मे आचरियो धीरो, अस्सजि नाम सावको॥**
२. "**तस्साहं वाहसा अज्ज, धम्मसेनापती अहुं।**
**सब्बत्थ पारमिं पत्वा, विहरामि अनासवो॥**
३. "**यो मे आचरियो आसि, अस्सजि नाम सावको।**
**यस्सं दिसायं वसति, उस्सीसम्हि करोमहं**[१] ॥"

**अर्थ—**

१ "जसलाई देखेर सर्वप्रथम मैल निर्मल विशुद्ध चक्षु प्राप्तगरें सो बुद्धिमानी **अश्वजित्** भन्ने भगवान्का श्रावक मेरा आचार्य हुनुहुन्छ।

२ "वहाँको कारणले आज म धर्मसेनापती हुन पुगें र सबै पार मी पुरागरी अनास्रवी भई बसेको छु।

३– "जो अश्वजित् भन्ने बुद्धश्रावक मेरा आर्चाय हुनुहुन्छ जुन

१. अप. दा. पा. पृ. ३६-३७ : सारिपुत्तत्थेर अपदानं।

Downloaded from http://dhamma.digital/

दिशामा वहाँ बस्नुहुन्छ सोही दिशामा म सिरान पार्छु।"

सुत्तनिपातको नावासुत्तमा पनि यस्तो उल्लेख भएको छ—

**"यस्मा हि धम्मं पुरिसो विजञ्ञा।**
**इन्दं व नं देवता पूजयेय्य[1] ॥"**

**अर्थ—**

"जसको तरफबाट धर्मावबोध हुन्छ उसलाई देवताहरूले इन्द्रलाई पूजा गरे जस्तै गर्नुपर्छ।"

यसरी वहाँ स्थविर आचार्य-पूजक, कृतज्ञ र कृतवेदी हुनुहुन्थ्यो।

X X X

## सारिपुत्र अभ्यास-७

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस्**

१) सारिपुत्र स्थविर कृतज्ञ र कृतवेदी व्यक्तित्व हुन् भन्ने कुरालाई एक डाडु भात दान दिएका ब्राह्मणको कथाबाट स्पष्ट पार्नुहोस्।

२) "सारिपुत्र स्थविर अर्कालाई मात्र अर्ति उपदेश दिने हुनुहुन्न।" भन्ने कुरालाई उदाहरण सहित चर्चा गर्नुहोस्।

३) सारिपुत्र स्थविरले गर्ने आचार्य भक्ति बारे लेख्नुहोस्।

◆◆◆

१. सुत्त नि. पा. पृ. ३१४: नावासुत्तं, चुलवग्गो।

Downloaded from http://dhamma.digital/

## सहनशीलता र क्षमा

जस्तै स्थविरमा कृतज्ञता र कृतवेदी गुण निहित थियो त्यस्तै वहाँमा ठूलो सहनशीलता र क्षमागुण पनि निहीत थियो ।

उदाहरणको लागि–एकदिन वहाँ बैशालीबाट श्रावस्तीमा जानु हुँदा बीच वाटामा एक सांघिक विहारमा अबेरगरी पुग्नुभयो । त्यस विहारमा छवर्गीय भिक्षुका शिष्यहरूले सबै आसनहरू कब्जा गरिसकेका थिए । स्थविर विहारमा पुग्दा विहारमा बस्ने ठाउँ न पाएपछि विहारको वाहिर नै वहाँले रात बिताउनु भयो ।

भोलिपल्ट बिहान सबेरै भगवान् बुद्ध बाहिर चंक्रमण गर्नुहुँदा स्थविरले खोक्नुभयो । यो सुनेर भगवान्ले "यो को हो ?" भनी सोध्नुहुँदा वहाँले आफ्नो परिचय दिनुभयो । अनि भगवान्ले "किन बाहिर वसेको ?" भनी सोध्नु भएपछि वहाँले वृत्तान्त कुरा सुनाउनुभयो । अनि भगवान्ले यसै प्रसंगमा भिक्षुहरूलाई एकत्रित गराउनुभई यस्तो आचारलाई निन्दा गर्नुभई जेष्ठ भिक्षुलाई अग्रासन दिनुपर्छ भनी धर्मकथा

Downloaded from http://dhamma.digital/

सुनाउनुभई तित्तिर जातकका[1] कुरा सुनाउनुभयो[2]।

अर्को एक समयमा पनि यस्तै घटना भएका कुरा चुल्लवग्गपालिमा नै[3] उल्लेख भएको छ।

x x x

एक समय शाक्य जनपदको **चातुम** भन्ने ठाउँका आमलिक भन्ने वनमा तथागत बसिरहनुभएको थियो। अनि त्यहाँ सारिपुत्र र मौद्गल्यायनहरू पाँचशय परिवार भिक्षुहरूका साथ आउनु भयो। **सारिपुत्र मौद्गल्यायन** स्थविरका परिषदहरू विहारवासी भिक्षुहरूका साथ आसनहरूको बारेमा ठूलो ठूलो स्वर निकाली होहल्ला गरी कुरा गरिरहेका थिए। भगवान्ले यो सुनी **आनन्दसँग** "यो के को होहल्ला हो ?" भनी सोध्दा वहाँले सो कारण बताउनु भयो। अनि भगवान्ले **आनन्द स्थविरलाई** भनी सारिपुत्र मौद्गल्यायनहरूलाई आफ्ना परिषद्का साथ विहारबाट बाहिर जाने आज्ञा दिनुभयो। वहाँहरू चुपलागेर विहारबाट बाहिर निस्कनु भयो।

---

१. यो जातकको कुरा लेखकको जा. सं भा–४. पृ. ८ मा उल्लेख भएको छ।

२. चुल्ल. व. पा. पृ. २५४ :अग्गासनादि अनुजानना, सेनासनक्खन्धकं।

३. पृ. २५७ : आसनप्पटिवाहनपटिक्खेपं, सेनासनक्खन्धकं।

Downloaded from http://dhamma.digital/

यो देखेर चातुमका शाक्यहरूले भगवान्कहाँ गई **वहाँहरूलाई** भित्र्याउन प्रार्थना गरे । यति मात्र होइन **सहम्पति** ब्रह्माको बीचको दृष्टान्त र बाछ्राको दृष्टान्तद्वारा भगवान् सन्तुष्ट हुनु भएको थियो । पछि वहाँहरू विहारमा फर्कनुभई भगवान्लाई अभिवादन गरी एकछेउमा बसेका **सारिपुत्रसँग** भगवान्ले यस्तो सोध्नु भयो–

"सारिपुत्र ! मैले भिक्षुसंघलाई बाहिर निकालेकोमा तिमीलाई कस्तो लाग्यो ?"

"भन्ते ! मलाई यस्तो लाग्यो कि अब भगवान् अल्पोत्सुकी भई दृष्टधर्मसुखमा विहारगरी बस्न चाहनु हुन्छ र हामी पनि अल्पोत्सुकी भई दृष्टधर्मसुखमा बस्नुपर्छ ।"

"सारिपुत्र ! पख पख; सारिपुत्र ! दृष्टधर्मसुखमा बस्नुमा खामोस राख ।"

**मौद्गल्यायन स्थविरले** पनि यस्तै जपाफ दिनु भयो । अनि भगवान्ले मौद्गल्यायनलाई यस्तो भन्नुभयो–

"मौद्गल्यायन ! ठीकछ, मैले वा सारिपुत्रले भिक्षुसंघको हेरचाह र आरक्षा गर्नुपर्छ[१] ।"

x x x

---

१. म. नि. II. पृ. १४१-४२: चातुमसुत्तं ।

Downloaded from http://dhamma.digital/

अर्को एक दिन श्रावस्तीमा वर्षावास बिताइसकेपछि चारिकार्थ जाने विचारगरी **सारिपुत्र स्थविर** भगवान्सँग बिदा लिन जानुभयो । त्यसबखत त्यहाँ धेरै भिक्षुहरू भेलाभएका थिए । त्यसबीचमा स्थविरलाई सहन नसक्ने एकजना भिक्षु पनि थिए। जब स्थविर आफ्नो परिषद् लिई विहारबाट बाहिर जानुभयो तब सो भिक्षुले सोचे कि अबत स्थविर विहार बाहिर पुग्नुभयो होला । यसपछि भगवान्कहाँ गई "भन्ते ! आयुष्मान् सारिपुत्रले मलाई चीवरले पिटी मसँग क्षमा पनि नमागी जानुभयो" भनी बिन्तिगरे ।

स्थविर बाहिर निस्कने बेलामा वहाँको चीवरको टुप्पोले सो भिक्षुलाई छोएको थियो ।

अनि भगवान्ले तुरन्तै स्थविरलाई बोलाउन पठाई "सारिपुत्र ! यो भिक्षु यसो भन्दछ के यो कुरा साँचो हो के ?" भनी स्थविरसँग सोध्नु भयो ।

त्यसबखत स्थविरले भगवान्लाई आफू सूचि असूचि फाल्ने पृथ्वी समान, पानी समान, आगो समान, वायु समान खुट्टा पुछ्ने कपडा समान तथा सिङ् भाचिएको सुदान्त साँढे समान भन्ने आदि उपमाहरूसँग मिलाई उत्तर दिनुभयो । यत्तिकैमा सो भिक्षुको शरीरबाट

Downloaded from http://dhamma.digital/

पसिना चुहिन थाल्यो र स्थविरसँग क्षमा पनि मागे। स्थविरले उनलाई क्षमा दिनुभयो[1]। त्यसैले भगवान्ले धम्मपदमा[2] यस्तो भन्नु भएको हो–

**"पठवीसमो नो विरुज्झति,**
**इन्दखीलोपमो तादि सुब्बतो।**
**रहदो व अपेत कद्दमो,**
**संसारा न भवन्ति तादिनो।"**

**अर्थ—**

"पृथ्वी समान र इन्द्रकील ( =खम्बा) समान डगेर नबस्ने व्यक्तिको मन निर्मल पंक रहित स्वच्छ जलाशय जस्तै भई संसारका अनेक ग्रन्थीहरूमा अल्भिएका हुँदैनन्।"

यसको कथा धम्मपदट्ठकथा पृ. ३७३ अरहन्तवर्गमा पनि उल्लेख भएकोछ।

x x x

---

१. अं. नि-९ पृ. २० : सीहनादसुत्तं, सीहनादवग्गो। यस सूत्रको अनुवाद लेखकको बु. श्रा. च. भा-२, पृ. २५८ मा उल्लेख भएको छ।

२. पृ. २६ : अरहन्तवग्गो, गा. नं. ९५.

Downloaded from http://dhamma.digital/

अर्को एक समय भगवान् राजगृहको वेणुवनारामस्थित कलन्दक निवापमा बस्नुभएको बेलामा सारिपुत्र र मौद्गल्यायन स्थविरहरू कपोत कन्दरामा बस्नुभएको थियो ।

त्यसबखत जुनेली रात थियो । भरखरै क्षौर गरेको शिरले वहाँहरू कुनै एक खुल्ला ठाउँमा कुनै समाधिमा बसिरहनुभएको थियो ।

त्यसबखत दुइजना यक्षहरू कुनै कामले उत्तरबाट दक्षिणतिर जाँदै थिए । अनि उनीहरूले सारिपुत्र स्थविरलाई खुल्ला ठाउँमा बसिरहनुभएको देखे । अनि एक यक्षले अर्को यक्षलाई भने—

"लाग्छ कि यो श्रमणको टाउकोमा एक मुक्का दिऊँ ।"

उनलाई अर्काले भने– "यस्तो इच्छा नगर यी श्रमण माहानुभाव सम्पन्न छन् ।"

बारम्बार रोक्दा पन उनले स्थविरको टाउकोमा यस्तो मुक्का दिए कि जुन मुक्काले ठूलो हात्तीलाई पनि थुचुक्क बसाल्न सक्छ । मुक्का दिइसकेपछि सो यक्ष "डाहभयो, डाहभयो" भन्दै उहींबाट महानरकमा गए ।

जब **मौद्गल्यायन स्थविरले** आफ्नो दिव्यचक्षुद्वारा यो देख्नुभयो तब स्थविर **सारिपुत्र स्थविरकहाँ** आई "आवुसो ! कुशल हुनुहुन्छ के ?" भनी सोध्नुभयो । वहाँले "कुशलैछु, केवल अलिकता टाउको दुखेको

Downloaded from http://dhamma.digital/

जस्तो लाग्छ'भनी जवाफ दिनुभयो ।

"अहो आश्चर्य ! अहो अद्भूत ! यहाँ भरखरै एक यक्षले तपाँईंको टाउकोमा त्यस्तो मुक्का दिएको थियो जुन मुक्काले ठूलो हात्तीलाई पनि थुचुक्क बसाल्न सक्छ ।"

"अहो आश्चर्य ! अहो अद्भूत ! कत्रो ऋद्धिवान् मौद्गल्यायन ! जो कि आफ्नो दिव्यचक्षुद्वारा यक्षलाई पनि देख्न सक्नु हुन्छ। हामी त पांशुपिशाचलाई पनि देख्न सक्दैनौं ।"

यी दुइ स्थविरहरू कुरागरिरहेको कुरा दिव्यश्रोतद्वारा बुद्धले सुन्नुभई त्यसबेला वहाँले यस्तो उदान प्रकट गर्नुभयो–

**"यस्स सेलूपमं चित्तं ठितं नानुपकम्पति ।**
**विरत्तं रजनीयेसु कोपनेय्ये न कुप्पति ।**
**यस्सेवं भावितं चित्तं कुतो तं दुक्खमेस्सती[1] ति ॥"**

**अर्थ—**

"जसको चित्त पर्वत समान कम्पितहुन्न, जसको चित्त मलिनताबाट दूर छ, जो कोपगर्नुपर्ने ठाउँमा पनि कोपगर्दैन यस प्रकार जसको चित्तभाविता छ त्यस्तालाई कहाँबाट दु:ख आउँछ र !"

x x x

---

१. उदा. पा. पृ. १०८ : यक्खपहारसुत्तं, मेधियवग्गो ।

Downloaded from http://dhamma.digital/

अर्को एक समय श्रावस्तीमा भेला भएका केही मानिसहरूले यस्तो भन्न थाले– "अहो ! हाम्रा सारिपुत्र महास्थविर कत्रो क्षान्तिबलले युक्त हुनुहुन्छ ! गालि गर्दा र प्रहार गर्दा कोप मात्र पनि गर्नुहुन्न ।" यस्तो भन्दै स्थविरको गुणवयान गर्न थाले । त्यसमध्ये एक ब्राह्मणले सोध्यो–

**"को हो यो क्रोध नगर्ने व्यक्ति ?"**

"हाम्रा स्थविर सारिपुत्र ।"

"वहाँलाई रिसाउने काम कसैले गरेन होला । त्यसैले वहाँले क्रोध ननिकालेको होला ।"

"जतिकै क्रोधहुने काम गरे पनि वहाँ क्रोध गर्नु हुन्न ।"

"त्यसोभए म वहाँलाई क्रोधित पार्नेछु ।"

"सक्छौ भने गर ।"

"अनि उसले हुन्छ त म जान्नेछु" भनी एकदिन स्थविर भिक्षाटन् गइरहनुभएकोबेलामा उसले पछाडि पट्टिबाट वाँलाई बेसरी हिर्कायो । स्थविर "यो कोहो ?" भन्ने मात्र पनि न सोची सरासर आफ्नो बाटो लागेर जानुभयो । यो देखेर ब्राह्मणलाई डाह हुन थाल्यो । अनि दौडेर अधिल्तिर गई वन्दनागरी "भन्ते ! मैले परीक्षाको लागि तपाईंलाई पीटें, मलाई क्षमा गर्नुहोस्" भनी विन्तीगऱ्यो ।

"हुन्छ क्षमागर्छु" भनी स्थविरले भन्नु भए पछि ब्राह्मणले "भन्ते यदि तपाई मलाई क्षमा दिनुहुन्छ भने मेरै घरमा गई भोजन ग्रहण गर्नुहोस् भनी वहाँको हातवाट भिक्षापात्र लिई घरमा लगी स्थविरलाई

Downloaded from http://dhamma.digital/

भोजन गरायो ।

यतिञ्जेल मानिसहरू हातमा लौरो आदि लिएर “निर्दोषी स्थविरलाई पिट्ने ब्राह्मणलाई चुटनेछौं” भन्दै ब्राह्मणको घर अगाडि भेला भए । स्थविर उसको हातमा पात्र दिई बाहिर निस्कनु भयो । मानिसहरूको भिड देखी स्थविरले उनीहरूसँग सोध्दा उनीहरूले “निरपराधी तपाईंलाई पीटेकोले त्यसको बदला लिन हामीहरू यहाँ आएकाहौं भन्ने कुरा सुनेर स्थविरले “केत उसले तिमीहरूलाई पीटयो कि मलाई ?” “तपाईंलाई” भनी भनेपछि “त्यसोभए उसले मसँग क्षमामागिसक्यो र मैले पनि क्षमा गरिसकें” भनी भन्नुभयो[1] । यसप्रकार वहाँमा सहनशीलता र क्षमागुण थियो ।

त्यसैले संयुक्तनिकायको सुसिम सूत्रले[2] यस्तो उल्लेख गरेको हो–

**“पण्डितोति समञ्ञातो सारिपुत्तो अक्कोधनो ।**
**अप्पिच्छो सारतो दन्तो सत्थुवण्णाभतो इसी'ति ।”**

**अर्थ—**

“पण्डित भनी प्रख्यात हुनु भएका सारिपुत्र अक्रोधी हुनुहुन्छ र वहाँ अल्पेच्छी पनि हुनुहुन्छ । वहाँका इन्द्रियहरू पूर्ण संयमितछन् र वहाँ शास्ताद्वारा प्रशंसित ऋषि पनि हुनुहुन्छ ।”

x x x

---

१. धम्म. प. अ. क. पृ. ८०० : सारिपुत्तत्थेरवत्थु, ब्राह्मणवग्गो ।
२. I. पृ. ६४ : देवपुत्रसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

## सारिपुत्र अभ्यास-८

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस्**

१) भगवान् बुद्धले सारिपुत्र र मौद्गल्यायनलाई आफ्ना परिषद्का साथ विहारबाट बाहिर जाने आज्ञा किन दिनुभयो ? भित्र्याउन के कस्ता प्रयासहरू भए ? लेख्नुहोस् ।

२) 'पठवीसमो.......... भवन्ति तादिनो ।' यो गाथा भगवान्ले किन देशना गर्नुभएको थियो ?

३) सारिपुत्र स्थविरमा सहनशीलना र क्षमागुण विद्यमान छ भन्ने कुरा भिक्षाटनमा गइरहँदा एक मुड्का हिर्काएको कथाले कसरी स्पष्ट हुन्छ ? आफै शैलीमा कथा लेख्नुहोस् ।

◆◆◆

Downloaded from http://dhamma.digital/

# सामर्थ्यता

स्थविरको जीवनमा सबभन्दा बढ्ता विशेषता अथवा सामर्थ्यता यो थियो कि वहाँले भगवान्‌द्वारा प्रवर्तित धर्मचक्रलाई अनुप्रवर्तन गर्न सक्नुहुन्थ्यो । यस सम्बन्धमा स्वयं भगवान् **बुद्धले** पनि त्रिपिटकको विभिन्न ठाउँहरूमा यसरी समर्थन जनाउनु भएको छ। जस्तै अङ्गुत्तर निकायको एककनिपातको **एकपुग्गल वर्गमा**[1] (पृ. २३), संयुक्तनिकाय पहिलो भागको वङ्गीससंयुत्तको **पवारणा सूत्रमा** (१९१), मज्झिमनिकाय तृतीय भागको **अनुपद सूत्रमा** (पृ. ९२), मज्झिमनिकाय दोश्रोभागको **सेलसूत्रमा** (पृ. ४००), सुत्तनिपातको **सेलसूत्रमा** (पृ. ३५८) तथा अङ्गुत्तरनिकाय पञ्चकनिपातको **दुतियचक्कवत्ति सूत्रमा** (पृ. ४०३) भगवान्‌ले "तथागतले प्रवर्तन गरे जस्तै सारिपुत्रले पनि राम्ररी धर्मचक्र अनुप्रवर्तन गर्न सक्छन् ।" भनी भन्नु भएको छ। धर्मचक्र-

---

१. "सारिपुत्तो, भिक्खवे, तथागतेन अनुत्तरं धम्मचक्कं पवत्तितं सम्मदेव अनुप्पवत्तेति ।"

Downloaded from http://dhamma.digital/

प्रवर्तन गर्नको निमित्त आवश्यक वहाँमा पाँच गुण भएको कुरा पनि उहीं उल्लेख भएको पाइन्छ। जस्तै वहाँ (१) अर्थज्ञ हुनुहुन्छ, (२) धर्मज्ञ हुनुहुन्छ, (३) मात्रज्ञ हुनुहुन्छ, (४) कालज्ञ हुनुहुन्छ र (५) परिषदज्ञ पनि हुनुहुन्छ।

x x x

एक दिन सेल ब्राह्मणले "यदि तपाई आफूलाई धर्मराजा भन्नुहुन्छ भने तपाईंका धर्मसेनापति को हुन् त ?" भनी सोध्दा वहाँले–

**"मया पवत्तितं चक्कं, (सेलाति भगवा) धम्मचक्कं अनुत्तर।**
**सारिपुत्तो अनुवत्तेति अनुजातो तथागतं**[1] **॥"**

अर्थात्– "हे सेल ! मैले प्रवर्तन गरेको अनुपम धर्मचक्र तथागतका अनुजातपुत्र भएका सारिपुत्रले अनुप्रवर्तन गर्न सक्छन् भनी भन्नुभयो। भगवान्को यस उत्तरद्वारा यो पनि प्रष्ट हुन्छ कि सारिपुत्र स्थविर धर्मसेनापति पनि हुनुहुन्छ।

x x x

सारिपुत्र स्थविर प्राज्ञिकहरू मध्येमा विशेषरूपले अधिक प्रज्ञावान् पुरुष हुनुहुन्छ भन्ने कुरा भगवान्ले **संकस्स नमरमा** प्रकाश पार्नु भएको कुरा विभिन्न अर्थकथाहरूवाट प्रष्ट हुन्छ।

---

१. म. नि. II. पृ. ४०० : सेलसुत्तं।

Downloaded from http://dhamma.digital/

श्रावस्तीको गण्डम्ब भन्ने रुखमुनि यमकप्रातिहार्य देखाइसक्नु भएपछि भगवान् त्रयर्स्त्रिश देवलोकमा जानुभयो[१]।

त्यहाँ भगवान्ले "यो कुशल धर्म हो, यो अकुशल धर्म हो यो अब्याकृत धर्म हो" भनी आफ्नी आमा महामाया सहित हजारौं, लाखौं देवताहरूलाई तीन महिनासम्म अभिधर्म देशना गर्नु भएको थियो भनी धर्मसङ्गणि अर्थकथा[२] आदिले उल्लेख गरेका छन्[३]। यी कुराहरू सबै भगवान्ले **सारिपुत्र स्थविरलाई** सुनाउनु हुन्थ्यो। मनुष्य समय अनुसार भगवान् भोजनको समय पछि **अनोतत्त** (= अनोतप्त) दहमा जानुहुन्थ्यो त्यहाँ देवताहरूले वहाँलाई दतिवन दिन्थे। अनि भगवान् शारीरिक कृत्य गरी मनोशिलामा जानु भई चीवर पारुपनगरी चातु-र्महाराजिक देवताहरूले बुद्धगयामा दिएका शैलमय पात्र लिई उत्तरकुरुमा भिक्षाटन् गरी त्यसपछि **मनोतत्त** (= मनोतप्त) को तीरमा बसी भोजन गरी **चन्दन** वनमा जानुहुन्थ्यो।

---

१. धम्म. प. अ. क. पृ. ५५ : यमकपाटिहारियवत्थु, बुद्धवग्गो; अं. नि. अ. क. पृ. ७१: अञ्ञाकोण्डञ्ञ, एककनिपातवण्णना; सुत्त, नि. अ. क. II. पृ. ४३७ : सारिपुत्तसुत्तवण्णना, अट्ठकवग्गो र धम्म. सं. अ. क. पृ. १४ निदान कथा।

२. पृ. १४

३. यस सम्बन्धी विस्तृत कुरा लेखकको जा. सं-४. पृ. ९६ : सरभमिग जातकमा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

धर्मसेनापति सारिपुत्र स्थविर त्यस बखत त्यहाँ गई भगवान्‌को उपस्थान गरी एक छेउमा बस्नु हुन्थ्यो। त्यसबखत भगवान्‌ले वहाँलाई नय (=संकेत) दिई "सारिपुत्र ! आज मैले देवताहरूलाई एउटा धर्म सम्बन्धी कुरा बताएँ" भनी भन्नुहुन्थ्यो । यति सुन्ने बित्तिकै प्रतिसम्भिदालाभी अग्रश्रावक सारिपुत्रलाई महासमुद्रको तीरमा बसी महासमुद्र देखाए झैं जम्मै कुरा छर्लङ्ग हुन्थ्यो र शय प्रकारले मात्र होइन हजार प्रकारले सो कुरा बुझिलिनु हुन्थ्यो[1] । यस्तो सामर्थ्यता वहाँमा थियो। यसप्रकार बुझेका धर्महरू वहाँले आफूसँग बस्ने पाँचसय (५००) भिक्षुहरूलाई बताउनु हुन्थ्यो। भगवान्‌ले श्रावस्तीमा देखाउनु भएको यमकप्रातिहार्य देखेर प्रसन्न भएका पाँचशय जना कुलपुत्रहरू वहाँसँग प्रव्रजित भएका थिए[2] । यी नै भिक्षुहरूलाई लक्षगरी माथि आफूसँग बस्ने पाँचशय भिक्षुहरू भनी भनिएको हो । त्यसबखत सारिपुत्र स्थविर ती पाँचशय भिक्षुहरूका साथ संकस्स नगरमा बसिर हनु भएको थियो[3]।

x x x

---

१. धम्म. सं. अ. क. पृ. १४-१५ : निदानकथा ; विसु. म. पृ. २९१ : इद्धिविधनिद्देसो-१२

२. धम्म. प. अ. क. पृ. ५६१-६२ : यमकपाटिहारियवत्थु, वुद्धवग्गो ।

३. लेखकको जा. सं-४. पृ. १०१ : सरभमिगजातक नं. ४८३

Downloaded from http://dhamma.digital/

**सारिपुत्र स्थविरले** अरहत् फल पाउँनुहुँदा प्रज्ञा प्रमुख गरी प्राप्त गर्नु भएको थियो। त्यसैले वहाँलाई प्रज्ञाविमुक्त हुने भनी भनिन्छ भने मौद्गल्यायनलाई चित्तविमुत्त हुने भनी भनिन्छ[१]। वहाँले चार प्रतिसम्भिदा[२] प्राप्त गर्नु भएकोछ भन्ने कुरा पनि अङ्गुत्तरनिकायमा उल्लेख भएको छ[३]।

मज्झिमनिकाय भाग-३ पृ. ३३३ **सच्चविभङ्ग सूत्रमा "सारिपुत्तो भिक्खवे सोतापत्तिफलले विनेति मोग्गल्लानो उत्तमत्थे"** भनी उल्लेख भए अनुसार हामी बुझ्न सक्छौं कि वहाँ स्थविरले धर्मोपदेशद्वारा स्रोतापत्तिफलमा पुऱ्याइदिन सक्नुहुन्छ। त्यसैले संयुत्तनिकाय अर्थकथाले[४] "अववाद गर्नुहुँदा स्रोतापत्तिफलमा न पुगेसम्म शय पटक हजार पटक भए पनि वहाँ उपदेश गर्नुहुन्छ" भनी उल्लेख गरेको हो।

x x x

---

१. यो चित्तविमुक्ति र प्रज्ञाविमुक्ति भन्नेका अर्थहरू लेखकको बु. प. भा-१. पृ. ३२८ को पादटिप्पणीमा उल्लेख भएका छन् र पपं. सू. III. पृ. १०१: महामालुंक्य सूत्रव्रर्णनामा पनि उल्लेख भएको पाइन्छ
२. । प्रतिसम्भिदा भनेको कस्तो हो भन्ने सम्बन्धमा लेखकको बु. म. भा-१. पृ. २०९ को पादटिप्पणीमा उल्लेख भएको छ।
३. अं. नि-७. पृ. १७८ : दुतिय पटिसम्भिदासुत्तं, देवतावग्गो।
४. II. पृ. १८७ : देवदहसुत्तवण्णना, नकुलपितुवग्गो पठमो।

Downloaded from http://dhamma.digital/

वहाँमा कस्तो सामर्थ्यता छ भन्ने कुरा **अश्वजित् स्थविरले** बताउनु भएको "**ये धम्मा हेतुप्पभवा**" भन्ने गाथाको पूर्वार्ध पद सुन्ने बित्तिकै वहाँले बुद्धको दर्शनलाई बुझ्नु भएको थियो । यसबाट पनि वहाँको सामर्थ्यतालाई हामी अनुमान गर्न सक्छौं । यस्तै गरी त्रिपिटकका विभिन्न ठाउँहरूमा भगवान्ले संक्षेपरूपमा बताउनु भएका कुराको अर्थ वहाँले विस्तृतरूपमा बुझ्न सक्नु हुन्थ्यो भन्ने कुराको प्रमाण निम्न सूत्रहरूमा प्रष्ट गरिएका छन् ।

मज्झिमनिकाय भाग-३ को पृ. १०९: **सेवितब्बासेवितब्बसूत्र**, संयुत्तनिकाय भाग-२ को पृ. ४१: भूतसुत्तं र अङ्गुत्तरनिकायको छक्कनिपात, देवतावर्गको पृ. १२७ का सूत्रहरू ।

जुनसुकै रूप-अरूप ध्यानमा वहाँ जति चाहनु हुन्छ उति समयसम्म बस्न सक्नु हुन्छ[1] । यति मात्र होइन भिक्षाजाँदा दैलो अगाडि उभिइरहनु हुँदा भिक्षाल्याउन्जेल उभिएर नै वहाँ निरोधसमापत्तिमा तल्लीन हुनुहुन्छ र समापत्तिबाट उठ्नुभई भिक्षा ग्रहण गर्नुहुन्छ[2] ।

## सारिपुत्र अभ्यास – ९

१) सामर्थ्यवान् सारिपुत्र स्थविरमा धर्मचक्र प्रवर्तन गर्नको निमित्त आवश्यक पाँचवटा गुणहरू के के थिए ?

२) सारिपुत्र स्थविरको सामर्थ्यता बारे संक्षेपमा प्रकाश पार्नुहोस ।

३) 'यस्स सेलूपमं चित्तं ..... दुक्कमेस्सती'ति ।' यो उदान भगवान्ले किन प्रकट गर्नुभएको थियो ?

---

१. यस सम्बन्धमा लेखकको बु. श्रा. च. भा-२. पृ. १८३ देखि १९९ सम्म हेर्नू ।

२. पपं. सू IV. पृ. १७५ : अरणविभङ्गसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

# नियुक्ति

भगवान् बुद्धले **सारिपुत्र स्थविरलाई** कुनै खास कामको लागि नियुक्तिको संज्ञा दिनुभएका कुराहरू त्रिपिटकमा यत्र तत्र उल्लेख भएका पाइन्छन् । जस्तै—

**एक** समय भगवान् कौशम्बीमा बसिरहनु भएको थियो । अनि **आनन्द स्थविर** भगवान्कहाँ आई अभिवादन गरी एक छेउमा बस्नु भयो । एक छेउमा बस्नुभएका स्थविरसँग भगवान्ले "आनन्द के त त्यो कौशम्बिक भिक्षुहरूको झगडा टुंगियो त ?" भनी सोध्दा वहाँले "भन्ते ! कहाँबाट टुंगिन्छ र" भनी अगाडि यस्तो भन्नुभयो "आयुष्मान् **अनुरुद्धका साथमा बस्ने बाहिय** भन्ने भिक्षु संघभेदको लागि नै काम गर्छन् । त्यसलाई आयुष्मान् अनुरुद्धले एक शब्द पनि केहि भन्नुहुन्न ।"

आनन्द ! संघको झगडाको बीचमा अनुरुद्ध कहिले परेकोछ

Downloaded from http://dhamma.digital/

र ? आनन्द ! जुनसुकै कलह झगडा उत्पन्न हुन्छ भने ती सबै तिमी र **सारिपुत्रले** शान्त पार्नु पर्छ होइन त ?[1]"

x x x

अर्को एक समयमा **अश्वजित् र पुनर्बसु** भन्ने (छवर्गीय भिक्षुहरू मध्येका) दुइजना भिक्षुहरू कीटागिरिमा नित्यवासी भई बस्दथे। उनीहरू निर्लज्जी तथा अनाचारी थिए। उनीहरू फूल रोप्दथे र रोप्न पनि लगाउँदथे। फूलको माला पनि बुन्दथे र बुन्न पनि लगाउँदथे। यति मात्र होइन कुलस्त्रीहरूसँग एउटै थालमा खान्छन्, एउटै आसनमा पनि बस्छन्, एउटै वछ्यानमा पनि लेटछन्, विकाल समयमा खान्छन् पनि रक्सी आदि मादक पदार्थ पनि पिउँछन्, नाचगान पनि गर्छन्, नाचगान गर्नेहरूसँग पनि नाचगान गर्छन्, टाउको टाउको जोडी स्त्रीहरूसँग खेल्छन् र अनेक प्रकारका खेलहरू पनि खेल्छन्। श्रमण सारूप्य नभएको अशोभनीय आचरण गर्छन्।

त्यसबखत एकजना भिक्षु काशीमा वर्षावास बिताई भगवान्को दर्शनार्थ श्रावस्ती जाँदा बीचबाटामा पर्ने **कीटागिरिमा** बास पऱ्यो। अनि

---

१. अं. नि-४. पृ. २५४ : सङ्घभेदसुत्तं, आपत्तिभयवग्गो।
यो सङ्घभेदको कुरा लेखकको संक्षिप्त कथा सहित धम्मपदको पृ. ३३ मा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

भोलिपल्ट पूर्वाण्ह समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी कीटागिरिको सडकमा प्रसन्नतापूर्वक चक्षुपथ संयमित गरी शान्त भावले भिक्षाटन् गए। त्यस भिक्षुलाई देखेर मानिसहरूले यसो भने– "को हो यो भिक्षु जो कि झोक्किएर भुइँताकी चुप लागेर भिक्षा माग्न आउँछ! हाम्रा आर्यहरू **अश्वजित्** र **पुनर्बसु** चाहिं कति हँसिला स्वभावका छन् र कति स्वागत भाषी छन्। वहाँहरू शीर ठाडो पार्नुहुन्छ र भुइँमा ताक्नु हुन्न। अगाडि तिर आई कुरा पनि गर्नुहुन्छ तथा हाँसी हाँसी मीठो वोल्नुहुन्छ। त्यस्तालाई पो भिक्षा दिइन्छ।"

त्यस बखत एक उपासकले यी भिक्षुलाई देखेर अगाडि गई "भन्ते! भिक्षा पाउनु भयो के ?" भनी सोध्दा उनले नपाएको कुरा बताएपछि सो उपासकले उनलाईआफ्नो घरमा लगी भोजन गराई उनीसँग कहाँ जाँदै हुनुहुन्छ भनी सोधे। उनले **श्रावस्तीमा** जाने कुरा बताएपछि उपासकले भने– "भन्ते! यहाँ कीटागिरिमा बस्ने भिक्षुहरू असाद्धै निर्लज्जी र अनाचारी छन्। उनीहरूको कारणले गर्दा दान-पथमा हानी हुँदैछ। शीलवान् भिक्षुहरू आउन छाडे। यस विषयमा मेरो बचनबाट भगवान्लाई बिन्ति गरी विहारको व्यबस्था राम्रो गराई दिनुहुन बिन्ति गरिदिनु होला।"

सो भिक्षु श्रावस्ती पुगेपछि भगवान्लाई कीटागिरिमा आफूले अनुभव गरेका कुरा र सो उपासकले भनेका कुरा बिन्ति गरे।

अनि यसै प्रसंगमा भगवान्ले भिक्षुहरूलाई एकत्रित पार्नु भई

Downloaded from http://dhamma.digital/

दुश्शीली अनाचारीहरूको निन्दा गरी सुशील सदाचारीहरूको प्रशंसा गरी धमर्मिक कथा सुनाई **सारिपुत्र** र **मौद्गल्यायनलाई** यस्तो भन्नुभयो "सारिपुत्र ! कीटागिरिमा गई **अश्वजित्** र **पुनर्बसु** भिक्षुहरू सहित उनीहरूका भिक्षुहहरूलाई **कीटागिरिबाट** निष्कासन गर[1] ।"

त्यसपछि भगवान्सँग निष्कासन गर्ने तरिका सोध्नु भई स्थविर कीटागिरिमा जानु भयो ।

x x x

अर्को एकदिन जव **देवदत्त भिक्षुले राजगृहमा** संघभेद गरी तरुण तरुण **वृजिपुत्रक** पाँचशय भिक्षुहरू लिएर **गयाशीर्षमा** गएका थिए तब **सारिपुत्र** र **मौद्गल्यायन** भगवान्कहाँ गई अभिवादन गरी एक छेउमा बस्नुभयो । अनि एक छेउमा बस्नुभएका **सारिपुत्र स्थविरले भगवान्लाई** यस्तो भन्नुभयो– "भन्ते ! **देवदत्तले** संघभेदगरी पाँचशय जति भिक्षुहरू लिएर **गयाशीर्षमा** गए ।"

"सारिपुत्र ! त्यस्ता नयाँ तरुण भिक्षुहरूको ऊपर तिनीमा

---

१. चुल्ल. व. पा. पृ. १९-२४ : पब्बाजनीयकम्मं, कम्मक्खन्धकं ।

Downloaded from http://dhamma.digital/

करुणा छैन कि क्या हो ? सारिपुत्र ! ती भिक्षुहरूलाई दु:ख कष्ट हुनुभन्दा अगाडि तिमी त्यहाँ जाऊ[1] ।”

अनि सारिपुत्र र मौद्‌गल्यायन स्थविरहरू वहाँ गएर ती भिक्षुहरूलाई स्रोतापन्नमा प्रतिष्ठित गराई ती भिक्षुहरूलाई लिएर राजगृहमा फर्कनु भयो ।

X X X

## सारिपुत्र अभ्यास-१०

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस् ।**

१) कीटागिरिमा बस्ने भिक्षुहरू कस्ता थिए ? यस्को प्रभाव कस्तो रह्यो ?

२) देवदत्त भिक्षुले राजगृहमा संघभेद गरी पाँचशय जना नवयुवक भिक्षुहरूलाई गयाशीर्ष पर्वतीर लगेको घटनालाई चित्रण गर्नुहोस् ।

◆◆◆

१. चुल्ल. व. पा. पृ. ३०० : सङ्घभेदकथा, सङ्घभेदक्खन्धकं ।

Downloaded from http://dhamma.digital/

# परसंग्रह र ज्ञातिसंग्रह

**राजगृहमा** राजदण्ड पाएकाहरूको प्राणहत्या गर्ने **तम्बदाठिक** चोरधातक भन्ने एक पुरुष थियो । उसले आफ्नो जीवनमा शयकडौं मानिसहरूलाई काटचो । बुढो भएपछि उसले अघि अघि झैं मानिसहरूलाई काट्न नसकेपछि उसलाई सो कामबाट मुक्त गराइदिए । मानिस काट्ने कामबाटमुक्त भएकै दिनमा उ नदिमा गई नुहाईधुवाई गरी चुनेको लुगा लगाई सुस्वादिला खानाहरू खानको लागि तयार गरिरहेको थियो ।

सातदिन सम्म निरोधसमापत्तिमा बसी उठ्नु भएका **सारिपुत्र स्थविरले** त्यसदिन बिहान सबेरै कसलाई संग्रह गर्न सकुंला भनी विचार गर्दा सो **तम्बदाठिक** पुरुषलाई देख्नु भएपछि भिक्षापात्र लिई भिक्षाटन्को निमित्त वहाँ उसको घर अगाडि पुग्नुभयो । यत्तिकैमा सो **तम्बदाठिक** पुरुषले सोच्यो– "अहो ! कस्तो सौभाग्य ! आजै मात्र मानिस काट्ने काम-बाट मुक्त भएँ; आजै सुस्वादिला खाना खानको निमित्त

Downloaded from http://dhamma.digital/

तयार गरिरहेको छु र आजै मेरो घर अगाडि स्थविर आउनुभई उभिइरहनु भएको छ।

अवश्य पनि मैले स्थविरलाई भिक्षा दिनु पर्छ" भन्दै अगाडि राखेको खाना पन्छ्याई स्थविरको अगाडि गई स्थविरको हातबाट भिक्षापात्र मागी घरभित्र ल्याई वहाँलाई भोजन अर्पित गऱ्यो। स्थविरले धर्मोपदेश गर्नुभयो। तर उसले धर्मानुसार चित्तलाई ठीक ठाउँमा राख्न नसकेपछि स्थविरले "उपासक ! किन तिमीले धर्मोपदेश अनुसार चित्तलाई ठीक ठाउँमा राख्न सकेनौं ? भनी सोध्दा उसले आफ्नो जीवनमा गरेको अपराधको बारेमा सूचित गऱ्यो । पछि स्थविरले "अब मैले यसलाई छकाउनु पऱ्यो" भनी "के त तिमीले आफ्नो खुसीले मानिस मारेका हौ कि अथवा राजाले मार्न लगाएको हो ?" भनी सोध्दा मूढ स्वभावको उसले "मैले आफ्नो खुसीले मारेको नहुँदा मलाई पाप छैन" भन्ने ठानी मन हलुका पारी पुन: वहाँले गरेको उपदेश अनुसार मनमा लगाई स्रोतापत्ति मार्गको यतातिरको ज्ञानमा पुग्न समर्थ भयो। स्थविर पनि अनुमोदन गरी फर्कनु भयो । स्थविरलाई छाडी फर्किरहेको बेलामा गाईको भेषमा आएको एक यक्षिणीले उसलाई हानी मारिदिई। उ मरणपछि **तुषितदेवलोकमा** उत्पन्न भयो।

पछि धर्मसभामा भिक्षुहरूको कुरा चल्यो– "चोर मार्ने तम्बदाठिक चउन्न वर्षसम्म मानिसहरू मारी आजै त्यस कामबाट मुक्त भयो र आजै स्थविरलाई दान दिई मृत्यु भयो । उ कहाँ जन्म्यो होला ?"

Downloaded from http://dhamma.digital/

यत्तिकैमा शास्ता आउनुभई "भिक्षुहो ! के कुरा गरी यहाँ बसिरहेका थियौ ?" भनी सोध्दा उक्त कुरा भिक्षुहरूले भनेपछि शास्ताले "**तुषितदेवलोकमा** उत्पन्न भयो" भनी भन्नुभयो ।

"यतिका दिनसम्म मानिस मार्ने काम गर्ने उ कसरी त्यहाँ पुग्यो होला ?"

"भिक्षुहो ! हो, ठूलो कल्याणमित्र भेट्टिएकोले सारिपुत्रको धर्मोपदेश सुनी अनुलोम-ज्ञान प्राप्त गरी मरणपछि तुषितदेवलोकमा उत्पन्न भएको हो ।"

"भन्ते ! अनुमोदन **धर्मदेशनाभन्दा** उसले गरेको अकुशल कर्म धेरै छन् । अनि कसरी यत्तिकैले त्यस्तो विशेषता पाउन सक्यो होला ?"

"भिक्षुहो ! मेरो उपदेशलाई ठोरै वा धेरै भनी प्रमाण नगर । यदि अर्थ पूर्ण छ भने एउटै वाक्य पनि श्रेष्ठ हुन्छ" भनी धम्मपदको सहस्सवर्गमा यो गाथा बताउनु भयो[1]—

**"सहस्समपिचे वाचा, अनत्थपद संहिता ।**
**एकं अन्थपदं सेय्यो, यंसुत्वा उपसम्मति[2] ॥"**

**अर्थ—**

"अनर्थपदले युक्त हजारौं वचन भन्दा पनि अर्थयुक्त भएको एकै

१. धम्म. प. अ. क. प. ३८७-९० : तम्बदाठिक चोरवत्थु, सहस्सवग्गो ।
२. धम्म. प. पा. पृ. २६ : सहस्सवग्गो, गा. नं १००.

Downloaded from http://dhamma.digital/

प भए पनि श्रेष्ठ छ जुन सुनेर उपशान्त हुन्छ।"

x x x

**राजगृहमा सुमन** भन्ने सेठ थिए। उनले घरमा **पूर्ण** वा **पूर्णसिंह**[1] भन्ने एक दरिद्री ज्यालादार काम गरी जीविका गर्दथ्यो। उसको घरमा एउटी भार्या र एउटी **उत्तरा**[2] भन्ने छोरी थिए।

एकदिन **राजगृहमा** सातदिनसम्म उत्सब मनाउन पर्छ भन्ने घोषणा भयो। अनि कामधाम गर्नको निमित्त आएको **पूर्णसँग** सेठले सोधे– "हे दाइ ! अहिले हामीहरूको सातदिनसम्म उत्सब मनाउन पर्ने छ। तिमी के गर्छौ ?"

"हो साहुज्यू ! उत्सब मनाउने भनेको धनीहरूको निमित्त हो। हामी जस्ता गरीबलाई कहाँको उत्सब ! गाईहरू पाएमा खेत जोत्न जानेछु" भनी **पूर्णले** भन्यो।

अनि उ खेतमा जानुभन्दा अगाडि आफ्नी जहानलाई "भद्रे !

१. अं. नि. अ. क. I. पृ. २४० : उत्तरानन्दा, एकउनिपातवण्णना चाहिं 'पूर्णसिंह' भनिएको छ र धम्म. प. अ. क. पृ. ६१० : उत्तरायवत्थुमा 'पूर्ण' भनिएको छ। वि. व. पृ. ५१ : उत्तराविमानट्ठकथा।
२. वि. व. अ. क. पृ. ५१ : उत्तराविमानवत्थुमा उसकी भार्या र छोरीको नाम पनि 'उत्तरा' रहेको कुरा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

आजदेखि नागरिकहरूले सातदिनसम्म उत्सब मनाउदै छन् । अतः आज तिमीले मलाई दोब्बर खाना बनाएर ल्याऊ" भनी उ खेतमा गयो ।

त्यसदिन **सारिपुत्र स्थविर** एकहप्तासम्म निरोधसम्पत्तिमा बसी उठ्नु भएको थियो । अनि वहाँले कसलाई संग्रह गर्न सकुंला भनी विचार गर्दा **पूर्णलाई** आफ्नो ज्ञानरूपि जालमा देख्नुभयो । अनि वहाँले "के यसले मलाई संग्रह गर्न सक्ला ?" के यो श्रद्धावान् छ ?" आदि विषयमा विचार गर्नुभयो । जब वहाँले सकारात्मक कारण देख्नुभयो तब वहाँ पात्र-चीवर लिई उसको खेततिर जानुभयो र त्यहाँ एक कुवाको छेउमा बसी कुवातिर हेरिरहनुभयो । स्थविरलाई देख्ने बित्तिकै पूर्ण हलो छाडेर स्थविरको अगाडि आई पञ्चाङ्गले वन्दना गरी वहाँलाई दतिवन चाहेको होला भनी हत्तरपत्त दतिवन तयार पारी ल्याइदियो । अनि वहाँले पात्र र पानी छान्ने कपडा निकाली उसको हातमा दिनुभयो । उसले स्थविरलाई पानी चाहेको रहेछ भनी पानी छानी पात्रमा पानी ल्याइदियो । त्यस पछि स्थविरले सोच्नुभयो– "यो पूर्ण अरूको घर पछाडि बस्छ । यदि म अहिले भिक्षाटन्को निमित्त गएँ भने यसकी भार्याले मलाई देख्ने छैन । अतः यसकी भार्या भात लिएर बाहिर न आएसम्म यहीं बस्नेछु ।" अनि उसकी भार्या घरबाट निस्किसेकेको थाहा पाई वहाँ भिक्षाटन्को निमित्त जानुभयो । उसले बाटाको बीचमा स्थविरलाई देखी । अनि सोच्न थाली–"कहिले कहिले स्थविर भेटिंदा हातमा केही दिने

Downloaded from http://dhamma.digital/

वस्तु हुन्न। आज चाहिं स्थविर पनि भेटें हातमा दिने वस्तु पनि छ। के वहाँले यस्तो रुक्खासुक्खा भात स्वीकारी हामीलाई संग्रह गर्नु हुनेछ होला ?" यति सोची खानाको भाँडो भुइँमा राखी स्थविरलाई पञ्चाङ्गले वन्दना गरी "भन्ते ! यो रुक्खासुक्खा छ भन्ने न ठानी दासलाई संग्रह गर्नुहोस्" भनी भनी। स्थविरले भिक्षापात्र अगाडि बढाउनुभयो। उसले भाँडाबाट भात खन्याइदिई। आधा जति खन्याउँदा स्थविरले भिक्षापात्र ढाक्नुभयो। उसले भनी "भन्ते ! भाँडोमा एकैजनाको लागि मात्र खाना छ। यसलाई दुइभाग गर्न सकिन्न। सबै लिनुहोस्। इहलौकिक संग्रह होइन पारलौकिक संग्रह गर्नुहोस्" भनी सबै खाना वहाँको भिक्षापात्रमा खन्याइदिई। यसपछि उसले "तपाईंले पाउनु भएको धर्मलाई मैले पनि पाउन सकूँ" भनी प्रार्थना गरी। स्थविरले पनि "त्यस्तै होस्" भनी आशिर्वाद दिनुभयो। अनि नजिकैको पानी भएको ठाउँमा बसी वहाँले भोजन गर्नुभयो।

उ घर फर्केर यता उता गरी चामल खोजी छिटछिटो भात पकाई खेतमा गई।

उता उसको पति **पूर्ण** अबेर भएर पनि भात ल्याइ नपुऱ्याएकोले भोकले र घामले गर्दा थाकी गोरुहरू छाडी एक रुखमनि बसी बाटो हेरिरहेको थियो। अनि भात लिएर आइरहेकी उसकी भार्याले पतिलाई देखेर "यी भोकाएर बाटो हेरिरहेका छन्" भनी सोची। फेरि सोच्न थाली "यदि ममाथि रिसाए भने मैले दिएको दानकार्य निरर्थक हुनेछ।

Downloaded from http://dhamma.digital/

अतः अगावै मैले दान दिएको कुरा बताउनु पर्छ" भनी त्यहाँ पुग्ने बित्तिकै "स्वामी ! आज एकदिन नरिसाउनुहेला, मैले गरेको दानकार्यलाई निरर्थक नपार्नु होला। हुनत म बेलैमा आएकी थिएँ किन्तु बीच बाटोमा धर्मसेनापति **सारिपुत्र** स्थरिलाई भेटें र तपाईंको भात जम्मै मैले वहाँलाई चढाईं र पुनः घरमा फर्केर यताउतागरी चामल खोजी भात पकाएर ल्याएकी हुँदा अबेर हुन गयो" भनी भनी।

"के भनेकी ? भद्रे !" भनी फेरि फेरि सोधेर आफूले पनि वहाँलाई पानी र दतिवनद्वारा उपस्थान गरेको कुरा हर्षपूर्वक सुनाई "मेरो भाग भात स्थविरलाई दान दिएर तिमीले राम्रै काम गऱ्यौ" भनी अनुमोदन तथा अभिनन्दन गऱ्यो। अनि भात खाइसकेपछि थाकेको हुँदा उ उसको काखमा निदायो।

केहिछिनपछि बिउँझिदा पूर्णले खेतमा सबैको सबै सुनका ढिक्काहरू देखी "भद्रे ! मेरो आँखाले खेतमा सुनै सुन देख्छ ! आँखा धमिलिएकाले यस्तो देखिएको हो कि क्या हो, हेर त तिमीले" भनी भन्यो। उसकी स्वास्नीले हेर्दा पनि सुनै सुन देखी।

अनि राजाकहाँ गई उनीहरूले यो खबसर सुनाए। उनीहरूलाई राजाले श्रेष्ठीपदको छत्र प्रदान गरे[1]।

x x x

---

१. धम्म. प. अ. क. पृ. ६१०-१६ : उत्तरायवत्थु, कोधवग्गो।

Downloaded from http://dhamma.digital/

अर्को एकदिन वहाँले एक गरीबभन्दा गरीब सात वर्षीय **लोसक** भन्ने केटोलाई प्रब्रजित गराई संग्रह गर्नुभएको मात्र होइन उसलाई अरहत् फलमा समेत प्रतिष्ठित गराई उद्धार गर्नुभएको थियो ।

सो **लोसक** यतिको अभागी थियो कि प्रब्रजित भएर पनि उसले यस जीवनमा कहील्यै पनि पेटभरी खान पाएको थिएन। यस्तो अवस्थामा **लोसक** भिक्षुको परिनिर्वाण हुने दिनमा सारिपुत्र स्थविरले आफ्नै हातले भिक्षापात्र समाती उसलाई पेटभरी पायस खुवाउनु भएको थियो। यस जीवनमा **लोसकले** पेटभरी खाना खाएको यहि नै हो ।

भनिन्छ कि अघि एक जन्ममा लोसकले अरहन्तलाईभनी दिएको खाना ईर्ष्याको कारणले गर्दा उनलाई नदिई सो खाना आगोमा हालिदिएको थियो। त्यसैको फलस्वरूप आज उनले यस्तो भोग्नु परेको हो[1] ।

x x x

**श्रावस्तीवासी समितिगुप्त** भन्ने एक ब्राह्मणपुत्र **बुद्धको** उपदेश-द्वारा प्रसन्न भई कुनै एक समयमा प्रव्रजित भएका थिए। पछि उनलाई कुष्टरोगले पीडा दियो । उनको शरीरका अंगप्रत्यङ्गहरू खस्न थाले रगत पनि बहन थालेको थियो ।

---

१. लोसक जातक, नं. ४१. यस सम्बन्धी सविस्तर कुरा लेखकको जा.सं-४ पृ. ११९ मा हेर्नू ।

Downloaded from http://dhamma.digital/

एक दिन धर्मसेनापति **सारिपुत्र स्थविर** रोगी हेर्नको निमित्त जाँदा उनलाई देखेर "आवुसो ! जबसम्म स्कन्ध रहिरहन्छ तबसम्म दुःख भई नै रहन्छ। वेदना स्कन्ध न भएका मात्र दुःख हुनेछैन" भनी वेदनाको सम्बन्धमा विपश्यना कर्मस्थान बताई फर्कनु भयो । अनि **समितिगुप्त** भिक्षुले यस उपदेशमा मन राखी विपश्यना बढाइ षडभिज्ञ लाभी भई अरहन्त भए[1] ।

x x x

एकदिन जहाँ आयुष्मान् **सारिपुत्र** हुनुहुन्थ्यो त्यहाँ गई आयुष्मान् **अनुरुद्धले** यसो भन्नुभयो– "आवुसो सारिपुत्र ! यहाँ म दिव्यचक्षुद्वारा हजारौं लोक देख्न सक्छु, मेरो वीर्य उत्साहजनक छ, मेरो स्मृति उपस्थित छ तैपनि मेरो चित्त आस्रवबाट विमुक्त हुन सकेको छैन ।"

अनि आयुष्मान् **सारिपुत्रले** भन्नुभयो– "आवुसो अनुरुद्ध ! जो तिमी **दिव्यचक्षुद्वारा** हजारौं लोक देख्न सक्छु भनी भन्दछौ यो तिम्रो 'अस्मिमान हो' जो तिमी मेरो वीर्य उत्साहजनक छ भनी भन्दछौ यो तिम्रो '**उद्धच्च हो**' र जो तिमी मेरो स्मृति उपस्थित छ भनी भन्दछौ यो तिम्रो '**कुक्कुच्च** हो' । आवुसो अनुरुद्ध ! यी तीन कारणहरूलाई छाडेर अमृतधातुमा चित्त लगाऊ ।"

---

१. थेर. गा. अ. क. I. पृ. १७६ : समितिगुत्तत्थेरस्स गाथा वण्णना ।

Downloaded from http://dhamma.digital/

अनि आयुष्मान् **अनुरुद्ध** यी तीन कारणहरूमा मन नराखी अमृतधातुमा मन राखी एक्लै एकान्तमा बसी प्रयत्न गर्दागर्दै अरहन्त हुनुभयो[1] ।

x x x

अर्को एकदिन भगवान् **श्रावस्तीमा** बसिरहनुभएकोबेलामा विभिन्न दिशावाट आएका तीसजना जति भिक्षुहरू आई भगवान्लाई अभिवादन गरी एकछेउमा बसे । त्यस बखत उनीहरूको अरहन्त हुने उपनिश्चय देखेर आयुष्मान् **सारिपुत्रले** भगवान्सँग यस्तो प्रश्न सोध्नुभयो– "भन्ते ! दुइवटा धर्म भनी भन्दछन् ती के के हुन् ?" "सारिपुत्र ! दुइवटा धर्म भनी समथ र विपश्यनालाई भनिन्छ" भनी भगवान्ले उत्तर दिनु भयो । यो धर्मदेशना सुनी ती भिक्षुहरू अरहन्त भए[2] ।

x x x

**सारिपुत्र स्थविरले** न केवल पारमार्थिक रूपले मात्र संग्रह गर्नु-

---

१. अं. नि-३, पृ. २६२ : दुतिय अनुरुद्धसुत्तं, कुसिनारावग्गो । यस्तै गरी अं. नि-८. पृ. २३०-३६ मा पनि अनुरुद्धमहावितक्क सूत्रको कुरा सुनेर आयुष्मान् अनुरुद्ध अरहन्त भएको कुरा उल्लेख भएको छ ।

२. धम्म. प. अ. क. पृ. ७९७ : सच्चहुलभिक्खुवत्थु, ब्राह्मणवग्गो ।

Downloaded from http://dhamma.digital/

हुन्छ बल्कि आवश्यकतानुसार भौतिक पदार्थद्वारा पनि संग्रह गर्नु भएको कुरा त्रिपिटकमा यत्र तत्र उल्लेख भएको पाइन्छ। जस्तै–

एकदिन राहुलमाता भिक्षुणीलाई पेट दुख्न थाल्यो। यो देखेर **राहुल कुमार श्रामणेर** अँध्यारो मुख लगाई आफ्ना उपाध्याय **सारिपुत्र स्थविरकहाँ** गई उभिइरहे। अनि स्थविरले कारण सोध्नुहुँदा **राहुलले** आमालाई पेट दुखिराखेको र सखर मिसिएको आँपको रस पाएमा रोग निको हुन्थ्यो भनी भन्दा वहाँले कोशल राजाको दरबारमा गई सखर मिसिएको आँपको रस प्राप्त गरी दिनुभयो[1]।

x x x

अर्को एक दिन यस्तै हुँदा **राहुल श्रामणेरले** भने जस्तै स्थविरले माछाको रस प्राप्त गरी दिनुभएको थियो[2]।

x x x

एकदिन **श्रावस्तीमा** एक गरीब बुढी आएर भोजन गराउनको निमित्त एकजना भिक्षु मागदा त्यस बखत **सारिपुत्र स्थविर** मात्र हुनु

---

१. यस सम्बन्धी विस्तृत कुरा जान्न चाहनेले लेखकको जा. सं-४ पृ. ४४ मा अब्भन्तरजातक, नं २८१ हेर्नू।

२. सविस्तर कुराको लागि लेखकको जा. सं-४. पृ. ६१ मा सुपत्तजातक, नं. २९२ हेर्नू।

Downloaded from http://dhamma.digital/

भएकोले वहाँलाई लैजानू भनी सूचना दिए । सो बुढीले पनि स्थविर विहारबाट ननिस्कनुञ्जेल सम्म बाटो हेरिरही । पछि निस्कनु भएपछि वहाँलाई निम्तोगरी आफ्नो घरमा लगी । भोजनपछि स्थविरले अनुमोदन धर्मोपदेश गर्नुभयो र यो सुनेर बुढी स्रोतापत्ति फलमा प्रतिष्ठित भई । यसरी गरीब बुढीलाई वहाँले संग्रह गर्नुभयो । यति मात्र होइन त्यसै दिन राजा तथा महाजनहरूले पनि उसलाई अनेक धन दिए[१] ।

x x x

अर्को एकदिन **श्रावस्तीमा** बस्ने केही विरेचन पिएका भिक्षुहरूको निमित्त सुस्वादिला भोजन चाहिएकोले उनीहरूका उपस्थाक भिक्षुहरूले त्यस्तो भोजन पाउने आशाले भोजनालयै भोजनालय भएको एक सडकमा भिक्षाटन् गर्दा पनि केही पाउन नसकी त्यसै फर्के । अनि अबेर गरी भिक्षाटन् जानुहुने स्थविरले बीच बाटामा उनीहरूलाई भेटेपछि सो कुरा बुझी वहाँले उनीहरूलाई फेरि उही सडकमा भिक्षाटन् गराई उनीहरूले चाहे जस्तै सुस्वादिला भोजन प्राप्त गराइदिनु भएको थियो[२] ।

x x x

१. यस सम्वन्धी सविस्तर कुरा लेखकको जा. सं-४ पृ. ३५ मा कुण्डकुच्छिसिन्धव जातकमा उल्लेख भएको छ ।
२. यस सम्वन्धी सविस्तर कथा लेखकको जा.सं-४ पृ.-७९ मंसजातक नं. ३१५ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

एकदिन स्थविरका मामा हुने एक ब्राह्मणलाई बुद्धकहाँ लगी वहाँबाट धर्मोपदेश सुनाई स्रोतापत्ति फलमा प्रतिष्ठित गराउनु भयो[१]।

x x x

अर्को एकदिन स्थविरले आफ्ना साथी ब्राह्मणलाई बुद्धकहाँ लगी उपदेश गराउनु भई स्रोतापत्ति फलमा प्रतिष्ठित गराउनु भयो[२]।

x x x

संयुत्तनिकाय अर्थकथा भाग–२ पृ. १८७ : **देवदह सूत्रवर्णनाले** "वहाँले मानिसहरूलाई यस्तो प्रकारले संग्रह गर्नुहुन्छ र वहाँको उपदेशबाट अरहन्त हुने प्राणीहरूको गिन्ति छैन। यसरी वहाँले धर्मद्वारा प्राणीहरूलाई संग्रह गर्नुहुन्छ" भनी उल्लेख गरेको छ।

x x x

**सारिपुत्र स्थविरले** कसरी संग्रह गर्नुहुन्छ भन्ने बारेमा **सच्चविभङ्गसुत्तवंण्णनाले** यसरी उल्लेख गरेको छ–

---

१. यस सम्बन्धी कुरा धम्म. प. अ. क. पृ. ४०१ सारिपुत्तमातुल ब्राह्मणवत्थु, सहस्सवर्गमा उल्लेख भएको छ।

२. यस सम्बन्धी सविस्तर कुरा धम्म. प. अ. क. पृ. ४०१ : सारिपुत्तसहायक ब्राह्मणवत्थु, सहस्सवर्गमा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

"**सारिपुत्र स्थविरले** आमिस संग्रह र धर्म संग्रहद्वारा संग्रह गर्नु हुन्छ। यस प्रकार संग्रह गर्ने हुनाले वहाँलाई आमा जस्तै भनी संज्ञा दिइएको छ। जस्तै गर्भिणी आमाले नौ दश महिनासम्म अनेक पौष्टिक पदार्थ खाई गर्भको बालकलाई हुर्काउँछे र जन्मेपछि पोषणको लागि धाई आमाको हातमा सुम्पिदिन्छे त्यस्तै प्रकारले **सारिपुत्र स्थविरले** आफ्नो होस् वा अर्काको होस् शिष्यहरूलाई दुइवटा संग्रहद्वारा संग्रह गर्दै, रोगीको उपस्थान गर्दै, कर्मस्थान दिई **शिष्यहरूलाई** स्रोतापत्ति फलमा प्रतिष्ठित गराउनु हुन्छ। स्रोतापन्न भएपछि अब यिनीहरू अपाय आदि दुर्गतिबाट मुक्त भए। अब यिनीहरू आफैले पुरुषार्थ गरी उत्तरोत्तर फल पाउन सक्छन् भन्ने विचार गरी नयाँ नयाँ शिष्यहरूलाई पनि उपदेश गर्नु हुन्छ। **मौद्गल्यायन** स्थविरले पनि यस्तै प्रकारले संग्रह गर्नुहुन्छ र तल्लो तीन फलमा पुगेपछि पनि उपेक्षा गर्नुहुन्न। किनभने वहाँलाई यस्तो लाग्छ। भगवान्ले भन्नुभएको छ कि अलिकता गुहु भए पनि गुहुको गन्ध आउँछ नै। भगवान्ले यो पनि भन्नु भएको छ कि कुनै हालतमा पनि भव (= जन्म) को प्रशंसा गर्दिन। त्यसैले शिष्यहरू अरहन्त नभएसम्म उपेक्षा गर्नुहुन्न। त्यसैले भगवान्ले वहाँहरूलाई आमा र धाई आमाको उपमा दिनु भएको हो[१]।"

x x x

जीवनको अन्तिम अवस्थामा पनि वहाँ परसंग्रहको काममा समर्पित हुनुहुन्थ्यो भन्ने कुरा वहाँले आफूलाई गालि गर्ने आफ्नी आमालाई अन्तिम अवस्थामा संग्रह गरी स्रोतापत्ति फलमा प्रतिष्ठित

१. हेर्नू लेखकको बु. श्रा. च. भा–३ पृ. १७ मा।

Downloaded from http://dhamma.digital/

गराउनु भएको कुरा अर्थकथाहरूले उल्लेख गरेका छन्[1]।

x x x

यस्तै यस्ता गुण भएकाले एकदिन भगवान् बुद्ध शाक्यजनपदको देवदह भन्ने शाक्यहरूको निगममा बसिरहनुभएको बेलामा "**अपलोकेथ, भिक्खवे, सारिपुत्तं। सारिपुत्तो, भिक्खवे, पण्डितो, भिक्खुनं अनुग्गाहको सब्रह्मचारीनं**" भनी भन्नु भएको हो। अर्थात्– "भिक्षुहो ! सारिपुत्रलाई भेटेर जाऊ। भिक्षुहो ! **सारिपुत्र** पण्डित छन् र सब्रह्मचारीहरूलाई अनुग्रह गर्ने हुन्" भनी भन्नुभएको हो[2]।

x x x

आफ्नो अपदानमा **सारिपुत्र** स्थविरलाई **राजगृहमा** भिक्षाटन् गरिरहनु भएको बेलामा **वङ्गीस** स्थविरले देखेर आफू निक्कै प्रभावित भएको र पछि वहाँसँगै बुद्ध भगवान्कहाँ गई प्रव्रजित भएको कुरा यसरी उल्लेख गरेका छन्–

"**यदाहं विञ्ञु तं पत्तो, ठितो पठम योब्बने।**
**तदा राजगहे रम्मे, सारिपुत्तमहद्दसं।**
"**पिण्डाय विचरन्तं तं, पत्तपाणिं सुसंवुतं।**
**अलोलक्खिं मितभाणिं, युगमत्तं निदक्खितं॥**
"**निपच्च सिरसा पादे, पब्बाजेहीति मं ब्रवि।**
**ततो मं स महापुञ्ञो, बुद्धसेट्ठमूपानयि**[3] ॥"

---

१. दी. नि. अ. क. II. पृ. २५८ : महापरिनिब्बानसुत्तवण्णना; सं. नि अ. क. III. पृ. १७६ : चुन्दसुत्तवण्णना, नालन्दावग्गो। यस सम्वन्धमा अरू सविस्तर कुराहरू अगाडि परिनिर्वाण कथामा उल्लेख भएका छन्।

२. सं नि. II. पृ. २४५ : देवदहसुत्तं, खन्धसंयुत्तं।

३. अप. दा. पा. पृ. १४७–४८ वङ्गीसत्थेर अपदानं।

Downloaded from http://dhamma.digital/

**अर्थ—**

"जब म जीवनको प्रथम बैंशमा पुगेको थिएँ तब मैले **सारिपुत्र स्थविरलाई** हातमा भिक्षापात्र लिई यताउता नहेरी चाहिने जति मात्र हेरी वचन संयम गरी राजगृहमा भिक्षाटन् गइरहेको देखें । अनि मैले वहाँसँग विनम्रतापूर्वक प्रब्रज्या गरानुहोस् भनी बिन्ति गरें । वहाँ महाँप्रज्ञावान्‌ले मलाई श्रेष्ठ हुनुभएका बुद्धकहाँ लैजानु भयो ।"

**वङ्गीस स्थविरलाई** प्रब्रजित गराउनुमा स्थविरले यसरी मद्दत गर्नु भएको थियो । पछि वङ्गीस स्थविर अरहत् भई चाँडै बुझ्न सक्ने (पटिभान) हरू मध्येमा अग्रहुनु भयो[१] ।

x x x

## सारिपुत्र अभ्यास – ११

१) तम्बदाठिक कस्ता व्यक्ति थिए ? मृत्युपछि ऊ कसरी तृषितदेवलोकमा जन्म भयो ? लेख्नुहोस् ।

२) श्रेष्ठीपद प्राप्त गर्ने पूर्ण र उनको जहानको दानधर्म बारे कथात्मक चित्रण गर्नुहोस् ।

३) लोसक र सारिपुत्र स्थविरको सम्बन्ध बारे चर्चा गर्नुहोस् ।

४) सारिपुत्र स्थविरले समिति गुप्त रोगी भिक्षुलाई के उपदेश गर्नुभएको थियो ?

५) आयुष्मान अनिरूद्ध कसरी अरहन्त हुनुभयो ?

६) दुईवटा धर्महरू के के हुन् ? लेख्नुहोस् ।

७) सच्चविभङ्ग सुत्तवण्णना अनुसार सारिपुत्र स्थविरले कसरी संग्रह गर्नुहुन्थ्यो ?

८) वङ्गीस स्थविर किन र कसरी प्रब्रजित भएका थिए ।

९) सारिपुत्र स्थविरको ज्ञातिसंग्रह र परसंग्रह बारे चर्चा गर्नुहोस् ।

---

१. अं. नि-१. पृ. २४ : एतदग्गवग्गो ।

Downloaded from http://dhamma.digital/

## अन्योन्य छलफल

**उपरोक्ताकारले** प्राणीहरूको संग्रह गर्दै धर्म प्रचार कार्यमा संलग्न रहनु भएका स्थविरले विभिन्न प्रकारका मानिसहरूसँग प्रश्नोत्तर र छलफल गरी उनीहरूलाई धर्मावबोध गराउने प्रयत्न गर्नुहुन्थ्यो भन्ने कुरा निम्न उदाहरणबाट प्रष्ट हुन्छ।

**राजगृहमा** एक सेठकी छोरी थिइन्। उनको नाम 'भद्रा' थियो। तरुणी भएपछि उनले आफ्नो इच्छाले मार्न लागिरहेको एक पुरुषसँग बिहे गरिन्। पछि सो पुरुषले सो स्त्रीलाई एक पर्वतमा लगी मार्न लाग्दा स्त्रीले नै सो पुरुषलाई पर्वतबाट खसाली आफू निगण्ठ सम्प्रदायमा गई केश लुछई प्रब्रजित भइन्। पछि उम्रेर आएका केशहरू घुम्रिएका हुनाले उनलाई **'कुण्डल केशा'** अर्थात् घुम्रिएका केश हुने भन्न थाले। हुँदा हुँदा पछि उनलाई **'कुण्डल केशा'** वा **'भद्रा कुण्डल केशा'** भन्ने नामले चिन्न थाले।

उनले निगण्ठ सम्प्रदायका सबै शास्त्रहरू सिकिन्। आफू प्रब्र-

Downloaded from http://dhamma.digital/

जित भएको सम्प्रदायमा त्यसभन्दा माथिको कुनै शास्त्र पढ्ने नभए पछि उनी जम्बुद्धीपको ठाउँ ठाउँमा गई मानिसहरूसँग शास्त्रार्थ गर्न थालिन् ।

अनि क्रमशः श्रावस्ती नगरमा पुगिन् । त्यस बखत त्यहाँ सारि पुत्र स्थविर पनि हुनु हुन्थ्यो । **भद्रा कुण्डल केशाले** श्रावस्ती नगरको एक छेउमा जम्वुवृक्षको एउटा हाँगा बालुवाको थुप्रोमा गाडी "जो मसँग शास्त्रार्थ गर्न चाहन्छ उसले यो हाँगा उखेलि देओस्" भनी घोषणा गरिन् ।

**सारिपुत्र स्थविर** भिक्षाटन्को निमित्त श्रावस्ती नगरमा जाँदा यो देखेर "यो के हो ?" भनी सोधपूछ गर्दा कारण थाहा पाउनु भएपछि वहाँले हाँगा भाच्न लगाउनु भयो । अनि **कुण्डल केशाले** हाँगा भाचिराखेको देखेर "कसले भाँचेको ?" भनी सोध्दा **सारिपुत्र स्थविरले** भन्ने थाहा पाएपछि वहाँकहाँ गई अनेक सवाल गरिन् । स्थविरले सबैको उत्तर दिनु भयो । **कुण्डल केशासँग** अगाडि गर्ने कुनै प्रश्न रहेन । अनि स्थविरले उनलाई यस्तो भन्नुभयो– "तिमीले मसँग धेरै सवाल गरिसक्यौ । अब तिमीसँग म एउटा सवाल गर्ने छु ।" "हुन्छ, गर्नुहोस्" भनी भनेपछि स्थविरले "एउटा नाम भनेको के हो ?" भनी सवाल गर्दा उनले केही उत्तर दिन नसकेपछि वहाँकै शरणमा पर्ने इच्छा व्यक्त गरेपछि स्थविरले "मेरो शरणमा पर्ने होइन यो लोकमा जगत गुरू वुद्ध भगवान् हुनुहुन्छ र वहाँकै शरणमा जाऊ" भनी उनलाई बुद्धकहाँ पठाउनु भयो र उनी वहाँगई बुद्धको शरण परी प्रब्रजित भई अरहन्त

Downloaded from http://dhamma.digital/

पनि छन्[1] ।

एक समय **पसूर** भन्ने परिब्राजक "जम्बुद्वीपमा वाद गर्नमा सर्वश्रेष्ठ म नै हुँ" भन्दै जामुनाको हाँगा लिएर घुम्दै फिर्दै **श्रावस्ती नगरमा** आइपुगे र त्यहाँ पनि उनले "जो मसँग वाद गर्न चाहन्छ उसले यो जामनाको हाँगा भाँचोस्" भनी बालुवामा हाँगा गाडी नगरमा गए । सो ठाउँलाई घेरा लगाई मानिसहरू बसे ।

त्यस बखत **सारिपुत्र स्थविर** भोजनपछि श्रावस्तीबाट आउँदै हुनुहुन्थ्यो । अनि वहाँले यो देखेर "के हो ?" भनी सोध्दा सो कारण वताएपछि हाँगा भाँच्न लगाउनु भई **जेतवनाराममा** जानुभयो ।

परिब्राजक पनि भिक्षाटन्पछि भोजन गरी आइरहेको बेलामा यो देखेर "कसले यो हाँगा भाँच्यो ?" भनी सोध्दा मानिसहरूले "बुद्धश्रावक **सारिपुत्रले**" भनी भन्दा उनी खुशी भई "आज मेरो विजय हुनेछ र श्रमणको पराजय हुनेछ" भनी प्रश्नोत्तर बुझ्न सक्ने मानिसहरू जम्मा गराई "श्रमण गौतमका अग्रश्रावकको प्रज्ञाको प्रतिभा हेर्न चाहने मसँग आऊन्" भनी घोषणा गरे ।

"पण्डितहरूको वचन सुन्नुपर्‍यो" भन्दै बुद्ध धर्ममा प्रसन्न हुने र अप्रसन्न हुने दुबै थरिका धेरै मानिसहरू भेला भए ।

---

१. थेरी. गा. अ. क. पृ. ७९–८० : कुण्डलकेसा थेरीगाथा अट्ठकथा । यस सम्बन्धमा सविस्तर कुरा लेखकको बु. श्रावि. च. भाग–१, पृ. ४८८ देखि उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

अनि **पसूर** परिब्राजक “यस्तो भने यस्तो भन्नेछु र यस्तो भनेमा यस्तो भन्नेछु” भन्दै मनमनै गुन्दै जेतवन विहारतिर गए ।

त्यहाँ पुगेपछि विहारको अघिल्तिरै बसिरहनु भएका स्थविरसँग “भो प्रव्रजित ! तिमीले जामुनाको हाँगा भाँचेका हौ ?” भनी सोध्दा स्थविरले “हो” भनी भन्नुभएपछि **पसूरले** “त्यसोभए केही छलफल हुनेछ” भनी भने । स्थविरले “हुन्छ” भनी भन्नुभयो । अनि **पसूरले** “श्रमण ! त्यसोभए प्रश्न गर” भनी भन्दा स्थविरले उनलाई “परिव्राजक ! प्रश्न सोध्नु कठिन छ कि उत्तर दिनु ?” भनी सोध्नुभयो । “भो प्रव्रजित ! प्रश्न सोध्ने भनेको कठिन छैन । जेपायो त्यही सोध्न सकिन्छ । तर उत्तर दिनु कठिन छ” भनी भनेपछि स्थविरले “त्यसोभए तिमी प्रश्न सोध म उत्तर दिनेछु” भनी भन्नुभयो । त्यसपछि **पसूरले** “पुरुषहरूको ‘काम’ (= इच्छा, राग) भनेको के हो ?” भनी सोधे । स्थविरले “संकल्प राग नै पुरुषहरूको ‘काम’ हो[1]” भनी भन्नुभयो ।

यसरी **पसूर** परिब्राजकसँग लामो छलफल भएको थियो । जुन कुरा सुत्तनिपात[2] र सुत्तनिपात अर्थकथामा[3] समुल्लेख भएको छ ।

x x x

---

१. यस विपयमा अं. नि–६, पृ. ११६: निब्बेधिकसुत्त, महावग्गोमा हेर्नू ।

२. पृ. ३९६: पसूरसुत्तं, अट्ठकवग्गो ।

३. II. पृ. ३९०–९१: पसूरसुत्तवण्णना, अट्ठकवग्गो ।

Downloaded from http://dhamma.digital/

यस्तै गरी **सच्चा** र **लोला** आदि भन्ने चारजना दिदीबहिनीहरूसँग पनि उपरोक्ताकारले वादविवाद तथा छलफल भएको थियो ।

**वैशालीवासी सच्चक** निगण्ठकी **सच्चा, लोला, पटाचारा** र **सिवावतिका** भन्ने चारजना बहिनीहरू वादपटु थिए । उनीहरू जम्बुद्वीपमा घुम्दा घुम्दै **श्रावस्तीमा** आइपुग्दा अघि अघि जस्तै बालुवामा जामुनाको शाखा गाडी "हामीसँग वाद गर्न चाहनेले यो शाखा उखेलोस्" भनी घोषणा गरी शहरभित्र पसे । अबेर गरी भिक्षाटन्को निमित्त जानुभएका स्थविरले नगरबाट फर्कदा यो देखेर शाखा भिक्न लगाई जानुभयो । ती निगण्ठीहरू आउँदा शाखा भिकि राखेको देखी "कसले भिकेको ?" भनी सोध्दा स्थविरले भन्ने सुनेपछि **जेतवनमा** गई उनीहरूले **सारिपुत्र स्थविरसँग** वाद गर्न थाले । उनीहरूले आफूले सिकिराखेका हजार-वाद सम्बन्धी प्रश्न सोधे । स्थविरले जम्मैको उत्तर दिनुभयो । यसपछि उनीहरू चूललागेर बसे । अनि स्थविरले "तिमीहरूले मसँग हजारौं प्रश्न सोध्यौ र मैले पनि उत्तर दिएँ । अब तिमीहरूसँग म एउटा प्रश्न सोध्नेछु" भनी भन्नुभयो । उनीहरूले "हुन्छ, जानेको उत्तर दिनेछौं" भनी भने । स्थविरले "एउटा नाम भनेको के हो ?" भनी सोध्नुभयो । उनीहरूले उत्तर दिन सकेनन् । फेर फेरिसोध्दा पनि उनीहरू चुप लागेरै बसेपछि स्थविरले "कसको जय भयो त ?" भनी सोध्दा उनीहरूले "तपाईंको जय र हाम्रो पराजय" भनी भनेपछि पुनः स्थविरले "त्यसोभए अब के गर्छ्यौ त ?" भनी सोध्दा उनीहरूले "हाम्रा आमा बाबुहरूले हामीहरूलाई यदि तिमीहरू गृहस्थद्वारा पराजित भयौ भने उनीहरूसँग बिहे

Downloaded from http://dhamma.digital/

गर । यदि प्रव्रजितद्वारा पराजित भयौ भने उनकै शिष्य बन" भनी भनेका छन् । त्यसैले हामी तपाइँकै शिष्य बन्ने छौं । हामीलाई प्रव्रजित गराउनुहोस् भनी भने । "तिमी स्त्रीहरूलाई हामी प्रव्रजित गराउँदैनौं । अतः हाम्रा पत्र लिएर भिक्षुणीहरूकहाँ गई प्रव्रजित होऊ" भनी उनीहरूलाई भिक्षुणीहरूकहाँ पठाउनु भयो । अनि उनीहरू भिक्षुणीहरूकहाँ गई प्रव्रजित भई चिरकाल नबित्दै अरहत भए[१] ।

x x x

एकदिन नालक गाउँमा बसिरहनु भएका **सारिपुत्र स्थविरकहाँगई जम्बुखादक** भन्ने परिब्राजकले अनेक विषयहरूमा प्रश्न सोधे । स्थविर ले पनि सोधे साधेकाको उत्तर दिनुभयो । **जम्बुखादक परिब्राजक** स्थविर का भानिज थिए । यिनका प्रश्नहरू एकसे एक गहकिला थिए र उत्तर पनि । तर यिनले कुनै विशेषता प्राप्त गर्न सकेका थिएनन् । यिनले सोधेका प्रश्नहरूको पहिलो प्रश्न निर्वाण सम्बन्धी थियो । यसको उत्तर दिनुहँदै स्थविरले "निर्वाण भनेको राग क्षय, द्वेष क्षय र मोह क्षय हो" भनी भन्नुभयो[२] । **जम्बुखादक परिब्राजकले** सोधेका सबै प्रश्नहरू लेखकको बु. प. भा–१, पृ. ३६६ मा संग्रहित छन् ।

x x x

१. पपं. सू. II. पृ. २२३ः चूलसच्चकसुत्तवण्णना ।
२. सं. नि. III. पृ. २२३ : निब्बानपञ्हसुत्तं, जम्बुखादकसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

एकदिन **कपिलवस्तुवासी** आयुष्मान् **पूर्ण मन्त्राणिपुत्र** कपिलवस्तुबाट **श्रावस्तीमा** आइपुग्नु भएको थियो । **सारिपुत्र स्थविरले** वहाँको धेरै बयान सुन्नु भएको थियो। तर भेट भने भएको थिएन। जब एकजना भिक्षुले **मन्त्राणिपुत्र** श्रावस्तीमा आएको खबर सुनाए तब स्थविर दिवाविहारको निमित्त वहाँ बसिरहनुभएको श्रावस्ती नजिकको **अन्धकवनमा** जानु भयो । अनि संध्या समयतिर ध्यानबाट उठ्नु भई आयुष्मान् **मन्त्राणिपुत्रकहाँ** गई "आवुसो ! भगवान्‌कहाँ ब्रह्मचर्यवास गर्नुहुन्छ के ?" भनी सोध्नु भयो ।

आयुष्मान् **मन्त्राणिपुत्रले** सकारात्मक उत्तर दिनुभयो । फेरि स्थविरले शील विशुद्धिको निमित्त भगवान्‌कहाँ ब्रह्मचर्यवास गर्नुहुन्छ के ?" भनी सोध्दा वहँले "होइन" भनी भन्नुभयो । यसरी स्थविरले सप्तविशुद्धि सम्बन्धमा प्रश्न सोध्नु भएको थियो । यसरी छलफल भैसकेपछि स्थविरले "आवुसो ! तपाईंको नाम के हो र सब्रह्मचारीहरूले तपाईंलाई कसरी चिन्दछन् ?" भनी सोध्नुभयो। वहाँले "मेरो नाम **पूर्ण** हो । सब्रह्मचारीहरूले मलाई **मन्त्राणिपुत्र** भनी चिन्दछन्" भनी भन्नु भयो। अनि स्थविरले वहाँको प्रशंसा गर्नुभयो। त्यसपछि **मन्त्राणिपुत्रले** पनि स्थविरसँग वहाँको नाम सोध्नुहुँदा स्थविरले " मेरो नाम **उपतिस्स** हो। सब्रह्ममचारीहरूले मलाई **सारिपुत्र** भनी चिन्दछन्" भनी भन्नुभयो।

यसरी परस्पर परिचित भएपछि **पूर्ण मन्त्राणिपुत्रले** "शास्ता समान हुनुभएका श्रावकसँग कुरा गरेर पनि मैले तपाईंलाई चिन्न

Downloaded from http://dhamma.digital/

सकिन। यदि आयुष्मान् **सारिपुत्र** भनी थाहा पाएको भए तपाईसँग यति लामो कुरा गर्ने थिइन" भनी प्रशंसा गर्नुभयो[1]।

X X X

एकदिन आयुष्मान् **महाकोट्ठिक** संध्या समयतिर ध्यानबाट उठी जहाँ **सारिपुत्र स्थविर** हुनुहुन्थ्यो त्यहाँ गई स्थविरसँग "आवुसो ! प्रज्ञा नभएको, प्रज्ञा नभएको (दुपपञ्ञो) भनी भन्दछन्। आवुसो कहिलेसम्म प्रज्ञा नभएको हुन्छ ?" भनी सोध्नुभयो।

"आवुसो ! जान्दिन जान्दिन भनुञ्जेलसम्म प्रज्ञा नभएको हुन्छ" भनी स्थविरले उत्तर दिनुभयो। यस्तै गरी आयुष्मान् **महाकोट्ठिकले** अनेकौं प्रश्न गर्नुभयो[2]।

X X X

भगवान् श्रावस्तीमा **बसिरहनुभएको** बेलामा एकदिन आयुष्मान् **समिद्ध** र आयुष्मान् **महाकोट्ठिक** आयुष्मान् **सारिपुत्रकहाँ** गए। अनि **सारिपुत्र स्थविरले** आयुष्मान् **समिद्धसँग** यस्तो सोध्नुभयो—

---

१. बु. श्रा. च भा–२, पृ. ८० : रथविनीतसुत्तं।
२. बु. श्रा. च. भा–२, पृ. १०० : महाकोट्ठिकसूत्र। यस सम्बन्धी सबै कुरा उक्त सूत्रमै उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

"आवुसो समिद्ध ! यो लोकमा तीन व्यक्तिहरू छन् । जस्तै कायसाक्षी, दृष्टि प्राप्त र श्रद्धाविमुक्त । यी तीन व्यक्तिहरू मध्येमा तपाईंलाई कुनचाहिं व्यक्ति सुन्दरतर र प्रणीततर लाग्छ ?"

अनि आयुष्मान् **समिद्धले** "श्रद्धाविमुक्त व्यक्ति" भनी भन्नुभयो ।

त्यसपछि स्थविरले आयुष्मान् **महाकोट्ठिकसँग** सोध्नुभयो– "आवुसो महाकोट्ठिक ! तपाईंलाई कुनचाहिं व्यक्ति सुन्दरतर र प्रणीततर लाग्छ त ?"

वहाँले "कायसाक्षी" भनी जवाफ दिनुभयो ।

पछि आयुष्मान् **महाकोट्ठिकले सारिपुत्रसँग** "आवुसो सारिपुत्र ! तपाईंलाई यी तीन व्यक्तिहरू मध्येमा कुनचाहिं व्यक्ति सुन्दरतर र प्रणीततर लाग्छ त ?" भनी सोध्नुभयो ।

वहाँले "दृष्टि प्राप्त" भनी भन्नुभयो । त्यसपछि वहाँहरू तीनै जना बुद्धकहाँ गई आ-आफूले भनेका कुराहरू भगवान्लाई सुनाउनुभयो र भगवान्को पनि प्रतिक्रिया जान्न पाए हुन्थ्यो भनी बिन्ति गर्दा वहाँले "यी तीन व्यक्तिहरू मध्येमा यो पुरुष सुन्दरतर र प्रणीततर त भन्न गहारो छ" भनी भन्नुभयो[1] ।

x x x

---

१. यस सम्बन्धी सविस्तर कुरा लेखकको बु. श्रा. च. भा–२, पृ. २३४ समिद्धसूत्रमा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

एक समय आयुष्मान् **उपवान** र आयुष्मान् **सारिपुत्र** कौशम्बीको **घोसितारामा** बसिरहनुभएको थियो । अनि संध्या समयमा आयुष्मान् **सारिपुत्र** आयुष्मान् **उपवानकहाँ** गई "आवुसो उपवान ! के भिक्षुले प्रत्यक्ष ज्ञानपूर्वक विचार गरी आफ्ना बोध्यङ्गहरू सुख विहारको लागि उपस्थित छ भनी जान्न सक्छ के ?" भनी सोध्नुभयो । आयुष्मान् **उपवानले** "सकिन्छ" भनी जवाफ दिनुभयो[1] ।

x　　x　　x

एकदिन आयुष्मान् **आनन्दले** आयुष्मान् **सारिपुत्रलाई** देखेर यस्तो सोध्नुभयो– "आवुसो सारिपुत्र ! तपाइँका इन्द्रियहरू सारै प्रसन्न देखिन्छन् । आज तपाई कुन ध्यानमा बस्नुभयो ?" "आवुसो आनन्द ! आज म प्रथमध्यानमा बसें" भनी वहाँले उत्तर दिनुभयो[2] ।

x　　x　　x

## सारिपुत्र अभ्यास – १२

१) कुण्डलकेशा किन निगण्ठ सम्प्रदम्यमा प्रवजित भइन् ?

२) सारिपुत्र स्थविरसँग कसरी कुण्डलकेशाको भेट भयो र त्यसपछि केशाको जीवन कसरी परिवर्तन भयो ?

३) परिव्राजक पसूर र सारिपुत्रको छलफल चर्या प्रस्तुत गर्नुहोस् ।

४) सच्चक निगण्ठकी सच्चा, लोला, पटाचारा र सिवावतिका कसरी बुद्ध शासनमा भित्रिएर अरहत भए ?

५) सारिपुत्र स्थविरले आयुष्मान् समिद्ध र महाकोट्ठिकसँग के प्रश्न सोध्नु भएको थियो ? उल्लेख गर्नुहोस् ।

---

१. सं. नि. IV. ७१ : **उपवानसुत्तं, बोज्झङ्गसंयुत्तं ।**

२. वु. श्रा. च. भा–२, पृ. १८३ : **विवेकजसुत्तं ।**

Downloaded from http://dhamma.digital/

## शिष्यहरू

**सारिपुत्र** स्थविरको जीवनमा सबैभन्दा पहिले वहाँले कपिलवस्तु नगरमा सातवर्षीय **राहुल कुमारलाई** प्रव्रजित गर्नुभएको थियो भन्ने कुरा महावग्गपालिबाट प्रष्टसँग बुझिन्छ। जब भगवान् बुद्धले वहाँलाई "सारिपुत्र ! तिमीले राहुललाई प्रव्रजित गर" भनी भन्नुभयो तब वहाँले भगवान्सँग "कसरी मैले प्रव्रजित गरूँ ?" भनी सोध्नुभयो । अनि भगवान्ले "तीन शरण लिन लगाई प्रव्रजित गर" भनी भन्नुभयो[1] ।

त्यसैले समन्तपासादिकामा[2] **सारिपुत्र स्थविरले** प्रव्रजित गर ाउनुभयो, **महामौद्गल्यायन स्थविरले** केश क्षौर गरी काषायवस्त्र दिई त्रिशरण दिनुभयो र **महाकाश्यप स्थविर राहुलको** अववाद आचार्य हुनुभयो" भनी उल्लेख भएको हो ।

यसरी प्रव्रजित भएका **राहुल श्रामणेर** बीस वर्ष पूरा भएपछि वहाँलाई **सारिपुत्र स्थविरले** नै उपसम्पदा गर्नुभएको कुरा सुत्तनिपात अर्थकथाले[3] उल्लेख गरेको छ। त्यहाँ यस्तो उल्लेख भएको छ—

---

१. महा. व. पा. पृ. ८६ : राहुलवत्थु, महाखन्धकं। यस सूत्रको अनुवाद लेखकको बु. रा. भा–१, पृ. ४४ मा उल्लेख भएको छ।

२. III. पृ. १०६२ : महाखन्धकं।

३. II. पृ. १५६ : राहुलसुत्तवण्णना, चूलवग्गो ।

Downloaded from http://dhamma.digital/

**"एवं पब्बजितं पन राहुलकुमारं वुड्ढिप्पत्तं सारिपुत्तत्थेरो व उपसम्पादेसि महामोग्गल्लानत्थेरो अस्स कम्मवाचाचरियो अहोसि।"**

अर्थात—यसरी प्रव्रजित भएका **राहुल कुमारलाई** ठूलो भएपछि **सारिपुत्र स्थविरले** नै उपसम्पदा गर्नुभयो । **महामौद्गल्यायन** स्थविर वहाँको कर्मवाचा आचार्य हुनुभएको थियो ।

\+ \+ \+

जव भगवान्ले एकजना व्यक्त भिक्षुले एकभन्दा बढी श्रामणेर हरू राख्न सक्छन् भन्ने उपनियम बनाइ दिनुभयो तबदेखि स्थविरले श्रामणेरहरू बनाउन थाल्नुभएको हो भन्ने कुरा प्रष्टसँग बुझ्न सकिन्छ। किनभने **राहुल श्रामणेर** पछि श्रावस्तीका एकजना सात वर्षीय बालकलाई प्रव्रजित गराउन ल्याउँदा वहाँले भगवान्सँग यस सम्बन्धी के कसो गर्ने भनी सोध्नुभएबाट प्रष्ट हुन्छ। जुन कुराको उल्लेख माथि **"विनयगरू"** शीर्षकमा उल्लेख भइसकेको छ ।

\+ \+ \+

**सारिपुत्र स्थविरको** श्रावस्तीवासी एक उपस्थाक कुल थियो । उनीहरूको **पण्डितकुमार** भन्ने एक छोरो थियो । सो पण्डित कुमार सात वर्ष हुँदा उनले आफ्नी आमालाई "आमा ! म सारिपुत्र स्थविरसँग प्रव्रजित हुन चाहन्छु" भनी भने। अनि उनकी आमाले "हुन्छ,

Downloaded from http://dhamma.digital/

वेश छ; तिम्रो इच्छालाई रोक्ने छैन" भनी स्थविरलाई निम्त्याई बालकले प्रव्रजित हुन्छु भनेको कुरा प्रकाश गरी स्थविरलाई पठाई ज्ञातिबन्धुहरूलाई निम्त्याइँ "मेरो छोरालाई गृहस्थीभावमा गर्नुपर्ने सत्कार आजै गर्नेछु" भनी महान सत्कार गरी बालकलाई साथमा लिएर विहारमा गई स्थविर को हातमा सुम्पिदिइन् । स्थविरले **पण्डित कुमारलाई** प्रव्रज्या भनेको दुर्लभ हो तथा यसमा बस्नु गाह्रो छ भनी उपदेश गरी टाउको भिजाई तचपञ्चक[1] वाक्य भनाउन लगाई प्रव्रजित गर्नुभयो[2] ।

\+ \+ \+

श्रावस्तीमा अर्को एक धनी परिवार थियो । सो परिवारकी स्त्री गर्भ परिपक्व समयमा मरी । उसलाई जलाउँदा शरीरका अरू भागहरू भष्म भए तर पेटको एक डल्लो मासु चाहिं नजलेपछि चिताबाट सो मासुको डल्लो झिकी अंकुशले यताउता झोसी फेरि चितामा राखी आगो बाली मानिसहरू फर्के । भोलिपल्ट चिताको आगो निभाउन मानिसहरू आउँदा चितामा एक बालक उत्तानो परिरहेको आश्चर्य घटना देखी सो बालकलाई लगी जोतिषकहाँ देखाउँदा "यदि यो बालक गृहस्थीमा बस्यो भने सात पुस्तासम्म दरिद्र हुनेछ र प्रव्रजित

---

१. 'केसा, लोमा, नखा, दन्ता तचो' भन्ने यो वाक्यलाई 'तचपञ्चक' भन्दछन् ।

२. धम्म. प. अ. क. पृ. ३५२ : पण्डितसामणेरवत्थु, पण्डितवर्ग ।

Downloaded from http://dhamma.digital/

भएमा यो बालक पाँचशय भिक्षुहरूले परिवृत्त भई विचरण गर्नेछ" भनी भने ।

बालक क्रमशः ठूलो भएपछि उसलाई "तिमी गर्भमा छँदा तिम्रो आमा मरी । तिम्री आमालाई जलाउँदा पनि तिमी जलेनौ । अंकुशले झोस्दा तिम्रो आँखामा चोट लागेको हुँदा तिम्रो आँखामा घाउ भएको हो" भनी भने । यो कुरा सुनी सो बालक सात वर्ष पुग्दा यस्तो घटनाले जन्मेको म कसरी घरमा बस्ने ! प्रव्रजित हुनुपऱ्यो भनी नातेदार हरूलाई भनी उ **सारिपुत्र स्थविरकहाँ** गई प्रव्रजित भयो । अंकुशले झोस्दा आँखामा घाउ भएको हुँदा उसलाई **"संकिच्च"** भनिएको हो[1] ।

श्रावस्तीमा **सारिपुत्र** स्थविरका अर्का पनि एक उपस्थाक परिवार थियो । त्यस परिवारमा एक बालकको जन्म भएदेखि सो परिवारको कसैलाई पनि दुःख नभएको हुँदा सो बालकको नाम नै **सुखकुमार** भन्ने राखिएको थियो । बालक सात वर्षीय भएपछि **सारिपुत्र स्थविरकहाँ** गई प्रव्रजित हुने इच्छा गरेको हुँदा उनको इच्छानुसार उनलाई स्थविरकहाँ लगी प्रव्रजित गराइएको थियो । उनको नाम **सुख श्रामणेर** रहन गयो[2] ।

\+ \+ \+

---

१. धम्म. प. अ. क. पृ. ४०७ : संकिच्चसामणेरवत्थु, सहस्सवग्गो ।
२. धम्म. प. अ. क. पृ. ४८४ : सुखसामणेरवत्थु, दण्डवर्ग ।

Downloaded from http://dhamma.digital/

**सारिपुत्रका** पिता **वङ्गन्त** ब्राह्मणका साथी **महासेन** भन्ने ब्राह्मण राजगृहमा बस्दथे ।

एकदिन स्थविर सो ब्राह्मणको घरमा भिक्षाटन्को निमित्त जानु भयो । सो भने दरिद्र तथा कृपण भएको हुँदा वहाँलाई दिने पदार्थ घरमा केही नभएकोले उनी लुकेर बस्थे । पछि एकदिन ब्राह्मणहरूको पाठ गर्ने ठाउँमा उनले एक वस्त्र र पायस पाए । त्यस बखत उनले स्थविरको संस्मरण गरे । स्थविर पनि ध्यानसमापत्तिबाट उठ्दा ब्राह्मणले आफूलाई संस्मरण गरिरहेको कुरा बुझी वहाँ पनि तुरुन्तै उनको घरमा जानुभयो । ब्राह्मणले आफूलाई पाएको पायस र वस्त्र स्थविरलाई प्रदान गरे ।

पछि मरण भई सो ब्राह्मण श्रावस्तीमा स्थविरको एक उपस्थाक कुलमा जन्मे । सो बालकलाई **'तिस्स'** भन्ने नाम राखिएको थियो । पछि सात वर्ष हुँदा **तिस्स कुमार** स्थविरकहाँ गई प्रव्रजित भए[1] ।

\+ \+ \+

त्यसबखत **कोलिय नगरमा** एक कोलिय राजपुत्रकी **सुप्पवासा** भन्ने भार्या थिइन्[2] । गर्भिणी भएपछि उनले सात वर्षसम्म

---

1. धम्म. प. अ. क. पृ. ३२० : वनवासीतिस्सत्थेरवत्थु, बालवर्ग ।
२. सुप्पवासा सम्बन्धी सविस्तर कुरा लेखकको बु. म. भाग–१, पृ. ३०२ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

गर्भ धारण गरिन् । एकदिन, सातदिनसम्मको बेथापछि **सुप्पवासाले** छोरा जन्माइन् । घरका परिवारहरूको मनलाई शीतल पारी जन्मेको भन्ने अर्थ लिएर बालकलाई "**शीवली**" भन्ने नामकरण गरे ।

सातौ दिनमा बुद्ध सहित भिक्षुहरूलाई भोजन गराउँदा **शीवली** कुमारसँग **सारिपुत्र स्थविरले** कुराकानि गर्नुभएको थियो । त्यसबेला स्थविरले उनलाई "यस्तो कष्ट गरी सात सात वर्षसम्म गर्भमा बसेर आउनेले प्रव्रजित हुनु पर्दैन ?" भनी सोध्दा **शीवलीले** "पाएमा हुनेछु" भनी जवाफ दिए । यो देखर **सुप्पवासा** अत्यन्त प्रफुल्लित भई सात वर्षीय आफ्नो छोराले स्थविरसँग के कुरा गरेको रहेछ भन्ने कुरा जान्न उनले स्थविरसँग सोध्दा स्थविरले "पाएमा प्रव्रजित हुनेछु भनी भने" भनी भन्नुभयो । पछि **सुप्पवासाले** उनलाई स्थविरकहाँ लगी प्रव्रजित गराइन् ।

**शीवली** प्रव्रजित हुँदा पहिलो पल्ट छूरा चलाई क्षौर गर्दा स्रोतापन्न, दोश्रो पटक छूरा चलाई क्षौर गर्दा सकृदागामी, तेश्रो पटक छूरा चलाउँदा अनागामी र सम्पूर्ण क्षौर कार्य सिद्धिंदा **शीवली** अरहन्त भएका थिए भनी विभिन्न अर्थकथाहरूले[१] उल्लेख गरेका छन् । त्यसैले अपदानपालिमा

---

१. थेर. गा. अ. क. I. पृ. १३८ : सीवलीथेरगाथट्ठकथा; अं. नि–१, पृ. १३९: एककनिपातवण्णना; अप. दा. अ. क. पृ. ४४३ : सीवलीत्थेर अपदानट्ठकथा शीवली सम्बन्धी छोटकरी कथा धम्म. प. अ. क. पृ. ८२७ ब्राह्मणवर्गमा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

**शीवली स्थविरले** यस्तो भनेका हुन्—

"उपज्झा सारिपुत्तो मे, मोग्गल्लानो महिद्धिको
केसे आरोपयन्तो मे, अनुसासि महामति ।
केसेसु छिज्जमानेसु, अरहत्तमपापुणिं[1] ॥"

**अर्थ—**

"मेरा उपाध्याय सारिपुत्र हुनुहुन्छ । **मौद्गल्यायन महर्द्धिक** हुनुहुन्छ । महामति हुनुभएका मेरा उपाध्यायले मेरो केश क्षौर गर्दै मलाई अनुशासन गर्नुभयो र क्षौर गर्न सिद्धिएपछि म अरहन्त भएँ ।"

\+ \+ \+

**सारिपुत्र स्थविरले** प्रव्रजित गर्नुभएका एक सुवर्णकार पुत्र थिए । उनलाई स्थविरले असुभ भावना दिएर ध्यानका कुरा सिकाउनु भएको थियो । तर उनले यस ध्यानद्वारा केही पनि प्रगति गर्न नसकेपछि उनलाई बुद्धकहाँ लगी उनको उद्धार गराउनु भएको थियो[2] ।

\+ \+ \+

---

१. अप. दा. पा. II. पृ. १४४–४५ : सीवलित्थेर अपदानं ।

२. धम्म. प. अ. क. पृ. ६८४ : सुवण्णकारत्थेरस्सवत्थु, मग्ग वर्ग । यही कुरा लेखकको जा. सं–४, पृ. १ मा सविस्तर रूपले उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

त्यसबखत **अवन्ति** देशको **वेलुकण्टक** नगरमा बस्ने **कुमा** भन्नेको एक पुत्र थियो। जसको नाम **नन्द** थियो। कुमा भन्ने स्त्रीको पुत्र भएकोले उनलाई '**कुमापुत्र**' पनि भन्दथे।

**सारिपुत्र स्थविरकहाँ** धर्मश्रवण गरी उनी प्रव्रजित भए र पछि बुद्धको उपदेश सुनी अरहन्त भए[1]।

\+ \+ \+

राजगृहका एक ब्राह्मण कुलमा जन्मेका **कण्हदिन्न** भन्ने ब्राह्मण ठूलो भएपछि पूर्वसंस्कारको प्रभावद्वारा उनी **सारिपुत्र स्थविरकहाँ** गई प्रव्रजित भए। पछि उनी अरहन्त भए[2]।

\+ \+ \+

**सारिपुत्र स्थविरका** त्यस्ता पनि शिष्यहरू थिए जो वैदच काम गरी जीविका गर्थे।

एकदिन **थुल्लसरिक** भन्ने वहाँसँग बस्ने भिक्षु बैदच काम गरी पाएको सुस्वादिला भोजन ल्याइरहेको बेलामा बाटामा स्थविरलाई देखेर "भन्ते ! यो मैले वैदच काम गरी पाएको भोजन हो। यस्तो भोजन तपाइँले अन्त पाउन सक्नुहुन्न। यो खानुहोस्। म तपाइँलाई

१. थेर. गा. अ. क. I. पृ. १०० : कुमापुत्तत्थेरगाथट्ठकथा।
२. थेर. गा. अ. क. I. पृ. ३०४ : कण्हदिन्नथेरगाथकट्ठकथा।

Downloaded from http://dhamma.digital/

यस्तै वैदय काम गरी सधैं यस्तै भोजन ल्याइदिनेछु" भनी भने । यो कुरा सुनी स्थविर चुपलागेर जानुभयो[1] ।

\+ + +

अर्का एकजना वहाँका त्यस्ता शिष्य थिए जो कहिले आज्ञाकारी र कहिले अटेरी हुन्थे ।

जब यस विषयमा स्थविरले बुद्धलाई बताउनुभयो तब वहाँले अघि पनि यी कहिले आज्ञाकारी र कहिले अटेरी थिए भनी **नन्द जातकको** कुरा बताउनुभयो[2] ।

\+ + +

एकदिन वहाँका एक शिष्य स्थविरकहाँ गई "भन्ते ! मलाई लाभ सत्कार हुने बाटो देखाइदिनुहोस्" भनी भन्दा स्थविरले "आफू भित्र भएको लज्जालाई त्यागी श्रामण्यत्वलाई छाडी असल नभए पनि असल जस्तो देखाउनू, चुक्लि गर्ने बानि गर्नू, नर्तकी जस्तो हुनू र ठेगाना नभएको कुरा गर्नू नै लाभसत्कारको बाटो हो" भनी भन्नुभयो । यो सुनी उनी यस कुरालाई उपहास गरी आसनबाट उठेर गए[3] ।

\+ + +

---

१. धम्म. प. अ. क. पृ. ६३६ : सारिपुत्तसद्धिविहारकवत्थु, मलवर्ग ।

२. जा. सं-४, पृ. १५, नं. ३९.

३. जा. सं.–४, पृ. ५७ :लाभगरहजातक, नं. २८७.

Downloaded from http://dhamma.digital/

अर्का एक शिष्य त्यस्ता थिए कि जो आफ्नो शरीरको स्यहार सम्भार गर्नमा खूब मन लगाउँथे । उनी न धेरै तातो खाना खान्थे, न धेरै चीसो खाना खान्थे, न धेरै गर्मीमा बाहिर जान्थे न त धेरै जाडोमा[1] ।

\+ \+ \+

"**अग्गसावकानं सन्तिके पब्बज्जिंसु**" भन्ने समन्तपासादिका II. पृ. ६१७ मा उल्लेख भए अनुसार छ वर्गीय **भिक्षुहरू** पनि अग्रश्रावकहरूका शिष्यहरू हुन् भन्ने कुरा प्रष्ट हुन्छ ।

श्रावस्तीमा छ जना साथीहरू थिए । एकदिन उनीहरूले "कृषिकर्म गर्नु कष्टपूर्ण छ । अतः हामी प्रव्रजित होऔं । प्रव्रजित हुँदा पनि आएको कामलाई राम्रोसँग निराकरण गर्नसक्ने कुनै भिक्षुकहाँ प्रव्रजित हुनुपर्छ" भनी उनीहरू छनै जना अग्रश्रावकहरूकहाँ गई प्रव्रजित भए ।

पाँच वर्षसम्म मातृका अध्ययन गरी उनीहरूले यस्तो सल्लाह गरे– "जनपद भनेको कहिले सुभिक्ष र कहिले दर्भिक्ष हुन्छ । अतः हामी एकै ठाउँमा नबसौं । हामीहरू तीन ठाउँमा बसौं ।

अनि उनीहरूले **पण्डुक र लोहितकलाई** भने– "आवुसो ! श्रावस्ती भनेको सन्ताउन्न लाख (५७,००,०००) कुल घरहरूले बसोबास गरेको ठाउँ हो । तीनशय (३००) योजन भएको काशी कोशलको आम्दानी हुने प्रमुख स्थान हो । तिमीहरू त्यहाँ बसेर आँप, भुईकटहर र केराहरू रोपी त्यसबाट मानिसहरूलाई संग्रह गरी केटाहरूलाई पनि प्रव्रजित गराई आफ्नो परिवार बढाई बस ।"

---

१. जा. सं–४, पृ. ३२ : कक्करजातक, नं. २०९.

Downloaded from http://dhamma.digital/

**मेत्तेय्य** र **भुम्मज्जकहरूलाई** भने– "आवुसो ! राजगृह भनेको अट्ठारकोटी (१८,००,००,०००) मानिसहरू बस्ने ठाउँ हो । असीहजार (८०,०००) गाउँहरू छन् । तीनशय (३००) योजन भएको दुबै अङ्गमगधको आय हुने प्रमुख स्थानहो । त्यहाँ तिमीहरू बसी आँप आदि रोपी त्यसबाट मानिसहरूलाई संग्रह गरी बालकहरूलाई पनि प्रव्रजित गराई परिवार बढाई बस ।"

अनि **अश्वजित्** र **पुनर्बसुलाई** भने– "आवुसो ! तिमीहरू दुबै वर्षाद्ले संग्रहित भएको र तीनैवटा फसल हुने **कीटागिरिमा** बसी...परिवार बढाई बस ।"

उनीहरूले त्यस्तै गरे । उनीहरू प्रत्येक पक्षका पाँच पाँचशय भिक्षु परिवारहरू थिए । यसरी उनीहरूको परिवार पन्ध्रशय भन्दा बढि थियो ।

यी मध्ये **पण्डुक** र **लोहितक** चाहिं परिवार सहित शीलवान् थिए । भगवान्को साथ जनपद चारिका पनि जान्थे । उनीहरू नबनाएका नियम बनाउने कारण भने बन्छन् । तर बनाइसकेका नियमहरू भने बिगार्दैनन् । बाँकी अरू सबै निर्लज्जी र नियम बनाउने काम पनि गर्छन् बनाइसकेका नियमहरू पनि बिगार्छन्[1] ।

\+ + +

१. सम. पा. II. पृ. ६१७–१८ : तेरससंघादिसेसो, संघादिसेसकण्डं; पपं. सू. III. पृ. १२८ : कीटागिरिसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

वहाँले आफ्नो जीवनमा सबभन्दा धेरै जमातलाई प्रव्रजित गर्नु भएको श्रावस्तीमा **यमकपांटिहारिय** देखेर प्रसन्न भएका पाँचशय कुलपुत्रहरू हुन्[१] । यिनीहरूलाई नै वहाँले भगवान्सँग सुनेका अभिधर्मका कुराहरू पढाउनु हुन्थ्यो[२] ।

\+ \+ \+

भगवान् बुद्ध परिनिर्वाण भएपछि तृतीय संगीतिसम्म **सारिपुत्र स्थविरका** शिष्य परम्पराद्वारा अभिधर्मको परम्परा चलिआएको थियो भनी अत्थसालिनीले[३] उल्लेख गरेको छ—

**"सारिपुत्र स्थविर, भद्दजि, सोभित, पियजाली, पियपाल, पियदस्सी, कोसियपुत्र, सिग्गव, मोग्गलिपुत्त, सुदत्त[४], धम्मिय, दासक, सोणक र रेवत ।"**

\+ \+ \+

आयुष्मान् **महाकोट्ठिकले** आफ्ना उपाध्याय **सारिपुत्र स्थविर** हुनुहुन्छ भनी अप. दा. पा. II. पृ. १२७ गा. नं. २४४ मा उल्लेख गर्नुभएको छ।

\+ \+ \+

---

१. धम्म. प. अ. क. पृ. ५६२ : यमकपाटिहारियवत्थु, बुद्धवर्ग ।

२. धम्म. सं. अ. क. पृ. १५ : निदानकथा ।

३. पृ. २७ : निदानकथा ।

४. सिंहलमा : 'तिस्सदत्तं' ।

Downloaded from http://dhamma.digital/

**राहुल** जस्ता आज्ञाकारी, **राध**[1] जस्ता सुविनीत तथा **लोसक**[2] जस्ता अभागी र माथि उल्लेख भएका जस्ता मिथ्या जीविका गर्ने शिष्यहरू पनि वहाँका थिए ।

x x x

## सारिपुत्र अभ्यास-१३

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस् ।**

१) राहुल कुमारको प्रव्रज्या बारे चर्चा गर्नुहोस् ।

२) संकिच्च किन सानो उमेरमै श्रामणेर भए ? उनलाई संकिच्च किन भनिएको हो ? लेख्नुहोस् ।

३) शीवलीको जन्मदेखि अरहन्त सम्मको घटनालाई संक्षिप्तमा चित्रण गर्नुहोस् ।

४) 'लाभसत्कार हुने बाटो देखाइदिनुहोस्' भनी अनुरोध गर्ने शिष्यलाई सारिपुत्र स्थविरले के जवाफ दिनुभयो ?

५) सारिपुत्र स्थविरका विभिन्न शिष्यहरूका बारे चर्चा गर्नुहोस् ।

◆◆◆

---

१. 'राध' को कुरा माथि 'कृतज्ञ र कृतवेदी' शीर्षकमा उल्लेख गरिसकेको छु ।
२. 'परसंग्रह र ज्ञातिसंग्रह' शीर्षकमा लोसकका कुरा उल्लेख गरिसकेको छु ।

Downloaded from http://dhamma.digital/

# बुद्धको प्रशंसा

**सारिपुत्र स्थविरलाई** बुद्धले त्रिपिटकको अनेकौं ठाउँहरूमा प्रशंसा गर्नुभएको कुरा पाउन सक्छौं। यस क्रममा मज्झिमनिकायको भाग–३, पृ. ८८ को **अनुपद सूत्रमा**[1] वहाँले यस्तो भन्नुभएको छ—

**"पण्डितो त्वं सारिपुत्तो; महापञ्ञो त्वं सारिपुत्तो; पुथुपञ्ञो त्वं सारिपुत्तो; हासपञ्ञो त्वं सारिपुत्तो; जवनपञ्ञो त्वं सारिपुत्तो; तिक्खपञ्ञो त्वं सारिपुत्तो; निब्बेधिकपञ्ञो त्वं सारिपुत्तो। सेय्यथापि सारिपुत्तो, रञ्ञो चक्कवत्तिस्स जेट्ठपुत्तो पितरा पवत्तितं चक्कं सम्मदेव अनुप्पवत्तेति, एवमेव खो त्वं सारिपुत्तो, मया अनुत्तरं धम्म चक्कं पवत्तितं सम्मदेव अनुप्पवत्तेसी' ति।"**

अर्थात्– "हे सारिपुत्र ! तिमी पण्डित छौ, महाप्रज्ञावान् छौ, पृथुप्रज्ञावान् छौ, हासप्रज्ञावान छौ, जवनप्रज्ञावान् छौं , तीक्ष्णप्रज्ञावान् छौ र निर्वेधिक प्रज्ञावान् छौ। सारिपुत्र ! जस्तै चक्रवर्तिको जेष्ठ पुत्रले पिताले प्रवर्तित चक्र राम्रोसँग अनुप्रवर्तन गर्छन्। त्यस्तै तिमीले पनि मैले प्रवर्तित अनुपम धर्मचक्र राम्ररी प्रवर्तन गर्न सक्छौ।"

यसै सूत्रमा वहाँले पनि भन्नुभएको छ कि **सारिपुत्र** क्रमशः

---

१. यसको सविस्तर वर्णन पपं. सू. IV. पृ. ५६ मा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

नौवटा ध्यानमा बस्न सक्छन्। साँच्चै भन्ने हो भने **सारिपुत्र** आर्यशील, आर्यसमाधि, आर्यप्रज्ञा र आर्यविमुक्तिमा पनि पारङ्गत छन् भनी भन्नुपर्छ।

**"यं खो भिक्खवे, सम्मा वदमानो वदेय्य—'भगवतो पुत्तो ओरसो मुखतो जातो धम्मजो धम्मनिम्मितो धम्मदायादो नो आमिसदायादो' ति सारिपुत्तमेव तं सम्मावदमानो वदेय्य।"**

अर्थात्– भिक्षुहो ! यदि साँच्चै भन्ने हो भने **सारिपुत्रलाई** नै भगवान्का मुखबाट उत्पन्न भएका धर्मपुत्र धर्मनिर्मित आमिसदायद नभई धर्मदायाद भएका औरसपुत्र भनी भन्न योग्य छ।

\+ \+ \+

संयुक्तनिकायको पहिलो भाग पृ. १९१ को **पवारणासुत्त, वङ्गीससंयुत्तमा**[1] पनि ठीक यस्तै कुरा भगवान्ले भन्नुभएको छ।

\+ \+ \+

उपरोक्त अनुपद सूत्रको वर्णनामा पपञ्चसूदनी भाग–४, पृ. ५५ ले केही पूर्वाधारका कुरा बताउँदै यस्तो उल्लेख गरेको छ—

उपरोक्त **अनुपद सूत्रमा** सारिपुत्रलाई भगवान्ले पण्डित तथा महाप्रज्ञावान् भनी वर्णन गर्नुभएको छ।

---

1. यसको वर्णन सारत्थपकासिनी I. पृ. २१३ मा गरिएको छ।

Downloaded from http://dhamma.digital/

त्यहाँ भेला भएका अरू स्थविरहरूमध्ये **महामौद्गल्यायन** स्थविर ऋद्धिवान् भन्ने कुरा, **महाकश्यप स्थविर धुताङ्गधारी** भन्ने कुरा, **अनुरुद्ध स्थविर**, दिब्यचक्षुलाभी भन्नेकुरा, **उपालि स्थविर** विनयधर भन्ने कुरा, **रेवत** (कङ्खारेवत) स्थविर ध्यानी भन्ने कुरा र **आनन्द स्थविर** बहुश्रुत भन्ने कुरा प्रकट भैसकको छ। तर **सारिपुत्र** स्थविरको चाहिं प्रकट भएको थिएन। किनभने प्रज्ञावान्को कुरा नभनिकन कसैलाई थाहा हुन्न। त्यसैले भगवान् सारिपुत्रको गुण प्रकाश पार्छु भन्ने विचारले अनुकूल समयको प्रतीक्षामा हुनुहुन्थ्यो। प्रतिकूल व्यक्तिहरूको सामुन्ने गुण वर्णना गर्दा गुणको कुरा पनि अगुणको रूपमा लिन्छन्। आजचाहिं वहाँको गुणबखान गर्नको लागि अनुकूल परिषद् थियो। वातावरण अनुकूल थियो। अनुकूल परिषद् देखी आज भगवान्ले **सारिपुत्रको गुण** वर्णना गर्न थाल्नुभएको हो।

(१) त्यहाँ पण्डित भनी (क) धातुकुशल हुनेलाई, (ख) आयतन कुशल हुनेलाई, (ग) प्रतित्यसमुत्पाद कुशल हुने र (घ) कारणाकारण कुशल हुनेलाई भनिएको हो।

(२) महाप्रज्ञावान् आदि भनिएको– महान शीलस्कन्धलाई ग्रहण गर्ने भएको हुनाले हो। त्यस्तै गरी महान समाधिस्कन्धलाई, महान प्रज्ञास्कन्धलाई, विमुक्ति स्कन्धलाई र विसुक्तिज्ञान स्कन्धलाई ग्रहण गर्ने भएकोले हो। त्यस्तै गरी महान कारणाकारण,महान समापत्तिविहार, महान आर्यसत्य, महान स्मृतिप्रस्थान, सम्यक प्रधान, ऋद्धिपाद, महान इन्द्रियहरू, बलहरू, बोध्यङ्गहरू, महान आर्यमार्ग, महान श्रामण्य-

Downloaded from http://dhamma.digital/

फलहरू, महान अभिज्ञाहरू र महान परमार्थ निर्वाण ग्रहण गर्ने भएकोले पनि महाप्रज्ञावान् भनिएको हो ।

(३) पृथुप्रज्ञा भनेको कस्तो हो त ?– नाना स्कन्धहरूमा ज्ञान पुग्ने हुनाले पृथुप्रज्ञा भनिएको हो । त्यस्तै गरी नाना धातुहरूमा, नाना आयतनहरूमा, नाना अर्थहरूमा, नाना प्रतित्यसमुत्पादहरूमा, नाना शून्यता प्राप्त हुने विषयहरूमा, नाना अर्थ-धर्म-निरुत्ति-प्रतिभाणहरूमा, नाना शीलस्कन्धहरूमा, नाना समाधिस्कन्धहरूमा, नाना प्रज्ञास्कन्धहरूमा, नाना विमुक्ति, नाना विमुक्तिज्ञानदर्शनहरूमा,...र नाना जनसाधारणहरूका धर्मलाई पार गरी परमार्थ निर्वाण ज्ञान भएको हुनाले पृथुप्रज्ञा भनिएको हो ।

(४) कुनचाहिं हासप्रज्ञा हो त ?– यहाँ कुनै कुनैले प्रसन्नतापूर्वक शील परिपूर्ति गर्छन्,...विमुक्तिज्ञानदर्शन परिपूर्ति गर्छन् । त्यसैले हासप्रज्ञा भनिएको हो । खास गरिकन प्रीतिबहुलताद्वारा, प्रामोदय बहुलताद्वारा, कारणाकारणलाई बुझ्ने भएकाले हासप्रज्ञा भनिएको हो । यस्तै गरी प्रीतिबहुलताद्वारा समापत्ति आदि परिपूर्ति गर्ने भएकोले पनि हासप्रज्ञा भनिएको हो ।

(५) कुनचाहिं जवनप्रज्ञा हो त ?– जुन अतीत-अनागत-प्रत्युत्पन्न समयका रूपहरू हुन् तथा जुन टाढा वा नजिकका रूपहरू हुन् ती सबै अनित्य हुन् भनी तुरुन्तै थाहापाउन सक्ने र बुझ्न सक्ने जवनप्रज्ञा हो ।...जुन अतीतानागत प्रत्युत्पन्न समयका रूपहरू हुन् ती सबै क्षय

Downloaded from http://dhamma.digital/

हुने भएकाले (खयत्थेन) अनित्य हुन्; भय हुने भएकाले (भयत्थेन) दु:ख र असार भएकाले (असारकंत्थेन) अनत्ता ( =अनात्म) भनी जानी रूप निरोध निर्वाणको विषयमा तुरुन्त जान्ने बुझ्ने भएकाले जवनप्रज्ञा भनिएको हो। त्यस्तै वेदना, संज्ञा...आदिमा पनि यस्तै प्रकारले तुरन्तै जान्ने बुझ्ने भएकोले जवनप्रज्ञा भनिएको हो।

(६) तीक्ष्णप्रज्ञा भनेको कस्तो हो भने– चाँडै क्लेशलाई छेदन गर्ने भएको हुनाले तीक्ष्णप्रज्ञा भनिएको हो। उत्पन्न भएको कामविर्तकलाई, व्यापादवितर्कलाई, विहिंसावितर्कलाई, उत्पन्न हुने पापक अकुशललाई, उत्पन्न हुने राग-द्वेष-मोहलाई, क्रोध, उपनाह, मक्ष, पलास, ईर्ष्या, मात्सर्यल माया, सठता, आदिलाई र मान, अतिमान, मद, प्रमद आदि सबै अकुशलहरूलाई...सहँदैन, छाड्छ, दूर गर्छ र निर्मूल पार्छ भन्ने अर्थले तीक्ष्णप्रज्ञा भनिएको हो। एकै आसनमा बसी चारवटा आर्यमार्गहरू, चारवटा श्रामण्य फलहरू, चारवटा प्रतिसम्भिदाहरू, छवटा अभिज्ञाहरू अधिगमन गर्छ साक्षात्कार गर्छ,......भन्ने अर्थले पनि तीक्ष्णप्रज्ञा भनिएको हो।

(७) निर्वेधिकप्रज्ञा भनेको कस्तो हो भने– यहाँ कुनै पुरुष संस्कारहरूमा उद्वेग बहुल हुन्छ, उत्रास बहुल हुन्छ, उत्कण्ठित बहुल हुन्छ, अरति बहुल हुन्छ, अनभिरति बहुल हुन्छ र बहिर्मुखमा रमण गर्दैन, अघि न तोडेको निर्वेध नगरेका सबै संस्कारहरूलाई, लोभ-द्वेष-मोहहरूलाई तोड्छ र निर्वेध गर्छ भन्ने अर्थले निर्वेधिकप्रज्ञा भनिएको हो।

Downloaded from http://dhamma.digital/

यसरी **सारिपुत्र** स्थविरको प्रज्ञाको अर्थ प्रकाशपारी अगाडि पपञ्चसूदनी उल्लेख गर्छ—"बुद्ध र प्रत्येकबुद्ध बाहेक सारिपुत्र जस्ता प्रज्ञामा श्रेष्ठ हुने पुरुष श्रावकहरूमा अरू कोही छैनन् ।"

\+ + +

यसप्रकार प्रज्ञा सम्पन्न भएको हुँदा स्थविरको सत्संगत गर भनी बुद्धले मज्झिमनिकाय भाग–३, पृ. ३३३ को सच्चविभङ्ग सूत्रमा[1] यस्तो भन्नुभएको हो—

**"सेवेथ भिक्खवे, सारिपुत्तमोग्गल्लाने, भजथ भिक्खवे, सारिपुत्तमोग्गल्लाने। पण्डिता भिक्खू अनुग्गाहका सब्रह्मचारीनं। सेय्यथापि भिक्खवे जनेता, एवं सारिपुत्तो, सेय्यथापि जातस्स आपादेता, एवं मोग्गल्लानो । सारिपुत्तो भिक्खवे, सोतापत्तिफले विनेति, मोग्गल्लाना उत्तमत्थे। सारिपुत्तो भिक्खवे, पहोति चत्तारि अरियसच्चानि वित्थारेन आचिक्खितुं देसेतुं पञ्ञापेतुं, पट्ठपेतुं, विवरितुं विभजितुं उत्तानीकातुं'ति ।"**

अर्थात्– "भिक्षुहो ! **सारिपुत्र मौद्गल्यायनहरूसँग** सत्संगत गर । भिक्षुहो ! उनीहरू सब्रह्मचारीहरूको अनुग्राहक हुन् । भिक्षुहो ! जस्तै आमाले जन्माउँछे त्यस्तै सारिपुत्र हुन् र जन्मेकोलाई पालन पोषण गर्ने जस्ता मौद्गल्यायन हुन् । भिक्षुहो ! **सारिपुत्रले**

---

१. यस विपयको वर्णन पपं. सू. IV. पृ. १९५ मा उल्लेख गरिएको छ ।

Downloaded from http://dhamma.digital/

स्रोतापत्तिफलमा प्रतिष्ठित गर्छन् भने **मौद्गल्यायनले** उत्तम फलमा प्रतिष्ठित गर्छन् । भिक्षुहो ! सारिपुत्र चतुरार्यसत्यलाई विस्तृतपूर्वक व्याख्यान र विस्तृतपूर्वक विभाजन गर्न समर्थ छन् ।"

\+ + +

**सिद्धार्थ गौतम बुद्ध** भइसक्नु भएपछि प्रथम **बीस वर्षसम्म**[१] **निवद्धरूपले** भगवान्को उपस्थान गर्ने कुनै भिक्षु थिएन । कहिले **नागसमाल**[२] भगवान्को पात्र-चीवर ग्रहण गरी विचरण गर्छन् भने कहिले **नागित**[३] । अनि कहिले **उपवान**[४], कहिले **सुनक्खत्त**[५], कहिले **चुन्द श्रमणोद्देश**[६], कहिले **सागत**[७], कहिले **मेघिय**[८] थिए ।

एकदिन भगवान् **नागसमाल** भिक्षुसँग यात्रा गर्दै हुनुहुन्थ्यो । त्यसवखत दुइवटा बाटा भेटिए । **नागसमालले** भगवान्लाई "भगवान् ! म यस बाटो लागेर जानेछु" भनी भने । भगवान्ले अर्को बाटोबाट जाने कुरा गर्नुभयो । तर उनी मानेनन् । फेरि पनि भगवान्ले

१. सम. पा. I. पृ. १६८ : वेरञ्जकण्डवण्णना ।
२. उदा. पा. पृ. १७३ : द्विधापथसुत्तं, पटिलिगामियवग्गो ।
३. अं. नि–५, पृ. २९७ : नागितसुत्तं , पञ्चङ्गिकवग्गो ।
४. सं. नि. III.पृ. ३७ : उपवाणसन्दिट्ठिकसुत्तं, सलायतनसंयुत्तं ।
५. म. नि. I. पृ. ९६ : महासीहनादसुत्तं ।
६. सं. नि. IV. पृ. १३८ : चुन्दसुत्तं, सतिपट्ठानसंयुत्तं ।
७. पाचि. पा. पृ. १४९ : एकपञ्ञासमपाचित्तियं ।
८. उदा. पा. पृ. १०२ : मेघियसुत्तं, मेघियवग्गो ।

Downloaded from http://dhamma.digital/

भन्नुभयो। तर उनी नमानेका मात्र होइनन् "त्यसोभए तपाइँका पात्र-चीवर लिनुहोस्" भनी उनले भगवान्का पात्र-चीवर भुइँमा राख्न थाल्दा भगवान्ले "त्यसोभए मेरा पात्र-चीवर देऊ" भनी पात्र-चीवर लिई भगवान् आफ्नो बाटो लागेर जानुभयो। भगवान्लाई छाडेर गएका **नागसमाल** भिक्षुको बाटोमा चोरहरूले पात्र-चीवर लुटेर मात्र लिएका होइनन् उनको टाउको समेत फुटालिदिए। अनि **नागसमालले** "अब भने बुद्ध बाहेक मेरो शरण कोही छैन" भन्दै रगत बगाउँदै भगवान्कहाँ गए। "भिक्षु ! के भयो ?" भनी भगवान्ले सोध्दा उनले सबै वृत्तान्त सुनाए। "शोक नगर। यही कारणलाई देखेर तिमीलाई मैले त्यो बाटोबाट नजाने कुरा गरेको थिएँ" भनी उनलाई धैर्य दिनुभयो।

एक समय भगवान् **मेघिय** स्थविरसँग जन्तु भन्ने गाउँमा वस्नु भएको थियो। त्यसबखत भिक्षाटन् जाँदा मेघिय स्थविरले एक रमणीय आम्रवन देखे र त्यहाँ जानको निमित्त भगवान्को अनुमति मागे। भगवान्ले तीन तीन पटकसम्म प्रतिक्षेप गर्दा पनि भगवान्लाई एक्लै छाडी गए। परन्तु त्यस वनमा उनले ध्यान गर्न सकेनन्। अनि पछि फर्केर भगवान्कहाँ नै आए। भगवान्ले पनि "यहि कारणलाई देखेर मैले तिमीलाई रोकेको थिएँ[१]" भनी भन्नुभई भगवान् त्यहाँबाट क्रमशः

---

१. यस सम्बन्धी पूरा कथा उदा. पा. पृ. १०२ : मेघियसुत्त, मेघियवर्गमा हेर्नू।

Downloaded from http://dhamma.digital/

**श्रावस्तीमा** जानुभयो। त्यहाँ पुगेपछि भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभई यस्तो भन्नुभयो– "भिक्षुहो ! अब मेरो बैंश घटिसकेको छ[1]। कुनै भिक्षुलाई यो बाटोबाट जाऔं भन्दा अर्कै बाटो लागेर जान्छ भने कुनैले मेरा पात्र-चीवर पनि भुइँमा राख्न खोज्छ। अत: तिमीहरूले कुनै एकजना भिक्षुलाई मेरो निबद्ध उपस्थाक बनाऊ।" यो सुनेर भिक्षुहरूलाई संवेग उत्पन्न भयो।

अनि आसनबाट उठी आयुष्मान् सारिपुत्रले यसो भन्नुभयो—

"भन्ते ! तपाइँकै संस्मरण गर्दै मैले हजार कल्पभन्दा बढी असंख्य कल्पसम्म पारमी पुरा गरें। म जस्ता महाप्रज्ञावान तपाइँको उपस्थाक हुन योग्य होइन र ?"

अनि भगवान्ले स्थविरलाई भन्नुभयो—

**"अलं सारिपुत्त, यस्सं दिसायं त्वं विहरसि, असुञ्ञायेव मे सा दिसाहु तव ओवादो बुद्धानं ओवादसदिसो, न मे तया उपट्ठाककिच्चं अत्थी'ति[2]।"**

अर्थात्– "सारिपुत्र ! जुन दिशामा तिमी बस्दछौ त्यो दिशा मबाट शून्य हुँदैन। तिम्रो अर्ति उपदेश बुद्धको जस्तै छ। तिमी जस्ताले मेरो उपस्थाकको काम गर्नु पर्दैन" भनी प्रतिक्षेप गर्नुभयो।

---

१. त्यसबखत वहाँको उमेर शायद पचपन्न वर्ष पुगेको हुनुपर्छ।
२. दी. नि. अ. क. II. पृ. १०६ : महापदानसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

**महामौद्गल्यायन** स्थविरले निवेदन गर्दा पनि भगवान्ले प्रतिक्षेप गर्नुभयो[1] ।

+ + +

मज्झिमनिकाय **पूर्ण मन्त्राणिपुत्रले सारिपुत्र स्थविरलाई "सत्थु कप्पेन वत किर भो सावकेन सद्धिं मन्तयमाना न जानिह्म आयस्मा सारिपुत्तो'ति"** अर्थात्—"शास्ता समान हुनुभएका श्रावकसँग कुरा गरेर पनि 'आयुष्मान् सारिपुत्र' भनी मैले चिन्न सकिन" भनी वर्णन गर्नुभएको छ[2] ।

+ + +

एकदिन **महामौद्गल्यायन** स्थविरले सारिपुत्र स्थविरको वर्णन गर्दै—

**"सेय्यथापि आवुसो, महतिया लोणघटाय परित्ता लोणसक्खरा यावेदव उपनिक्खेपनमत्तायह्न आयस्मा हि सारिपुत्तो भगवता अनेक परियायेन थोमितो वण्णितो पसत्थो ।"**

अर्थात्– "आवुसो ! जस्तै ठूलो नूनको घैंटोको अगाडि नूनको स्यानो टुक्रा अगाडि राख्न सुहाउँदैन । आयुष्मान् सारिपुत्र चाहिं

१. दी. नि. अ. क. II. पृ. १०६ : महापदानसुत्तवण्णना ।
२. म. नि. I. पृ. १९९ : रथविनीतसुत्तं ।

Downloaded from http://dhamma.digital/

भगवान्द्वारा पनि बयान, वर्णन तथा प्रशंसित हुनुहुन्छ" भन्दै निम्न गाथा भन्नुभयो—

"सारिपुत्तो व पञ्ञाय, सीलेन उपसमेन च ।
योपि पारङ्गतो भिक्खु, एताव परमो सिया'ति ॥"

**अर्थ—**

"प्रज्ञा शील उपसमनमा जुन् जुन् भिक्षुहरू पारंगत छन् उनीहरूमध्येमा सारिपुत्र नै श्रेष्ठ छन्[1] ।"

\+ \+ \+

एकदिन श्रावस्तीस्थित **जेतवनाराममा सारिपुत्र** स्थविरले भिक्षुहरूलाई धर्मोपदेश गर्दै हुनुहुन्थ्यो । यो सुनेर गद्गद् भएका **वङ्गीस स्थविरले** यसरी दुइवटा गाथाद्वारा वहाँको प्रशंसा गर्नुभयो—

१. "गम्भीरपञ्ञो मेधावी, मग्गामग्गस्स कोविदो ।
सारिपुत्तो महापञ्ञो, धम्मं देसेति भिक्खुनं ॥

२. "सखित्तेनपि देसेति, वित्थारेनपि भासति ।
सालिकायिव निग्घोसो, पटिपान उदीरयिं[2] ॥"

---

१. सं. नि. II पृ. २३० : घटसंयुत्तं, भिक्खुसंयुत्तं ।
२. सं. नि. I. पृ. १९० : सारिपुत्तसुत्तं, वङ्गीससंयुत्तं । यस सूत्रको अनुवाद लेखकको बु. श्रा. च. भा–२, पृ. १३७ मा भएको छ ।

Downloaded from http://dhamma.digital/

**अर्थ—**

१– "गम्भीर प्रज्ञा हुनुभएका मेघावी तथा मार्गामार्ग जान्ने महाप्रज्ञावान् सारिपुत्रले भिक्षुहरूलाई धर्मदेशना गर्नुहुन्छ।

२– "संक्षेपमा पनि देशना गर्नुहुन्छ, विस्तारपूर्वक पनि बोल्नुहुन्छ र मैनाको स्वर जस्तै स्पष्टरूपले बुझ्न सक्ने वहाँको आवाज छ[1]।"

महानिद्देस अट्ठकथाले पनि यस्तो भनेको छ—

"लोकनाथं ठपेत्वान, ये चञ्ञे सन्ति पाणिनो।
पञ्ञाय सारिपुत्तस्स, कलं नाग्घति सोलसिन्ति[2]॥"

**अर्थ—**

"लोकनाथ एकजना बाहेक जो अरू प्राणीहरू छन् उनीहरू सारिपुत्रको प्रज्ञाको अगाडि सोह्रभागमा एकभाग पनि छैनन्।"

मनोरथपूरणीले चाहिं—

---

१. यही गाथा थेर. गा. पा. पृ. ३९५ : वङ्गीसत्थेरगाथामा पनि उल्लेख भएको छ।

२. महा. नि. अ. क. पृ. २१२ : पसुरसुत्तवण्णना।

Downloaded from http://dhamma.digital/

**"चिण्णं किरेतं थेरस्स चतुपरिसमज्झे धम्मं कथेन्तो चत्तारि सच्चानि अभुञ्चित्वा कथेती'ति[1] ।"**

अर्थात्– चार परिषद्को बीचमा चार सत्यलाई नछाडी उपदेश गर्ने वहाँको बानी नै भैसकेको छ ।

अझ अगाडि भन्दछ–

**"ठपेत्वाहि दसबलं अञ्ञो एकसावकोपि महापञ्ञताय धम्मसेनापति सदिसो नाम नत्थी'ति[2] ।"**

अर्थात्– दशबललाई छाडेर अरू एक श्रावक पनि सारिपुत्र जस्ता प्रज्ञावान् छैनन् ।

\+ \+ \+

धम्मपदट्ठकथा यमकपाटिहारियवत्थुमा[1] सारिपुत्र स्थविरको प्रज्ञा महत्ताबारे यसरी उल्लेख भएको छ–

**"ठपेत्वा किर सम्मासम्बुद्धं अञ्ञो सारिपुत्तत्थेरस्स पञ्हं पापुणितुं समत्थो नाम नत्थि ।"**

---

१. मनो. र. पू I. पृ. ७६ : एतदग्गवण्णना ।
२. मनो. र. पू. I. पृ. ७६ : एककनिपातवण्णना ।

Downloaded from http://dhamma.digital/

अर्थात्– सम्यक्सम्बुद्धलाई छाडी सारिपुत्र स्थविर बाहेक प्रश्नको उत्तर दिन सक्ने अरू कोही छैन ।

त्यसैले शास्ताको अगाडि बसी स्थविरले यसरी सिंहनाद गर्नुभएको—

"भन्ते ! साराकल्पसम्म वर्षाद् हुँदा यति बिन्दू पानी सागरमा पऱ्यो, यति भूमिमा पऱ्यो, यति पर्वतमा पऱ्यो भन्ने कुरा म गिन्ति गरी भन्न सक्छु ।"

यो सुनेर शास्ताले "म तिम्रो सामर्थ्य जान्दछु" भनी भन्नुभयो । त्यसैले वहाँ स्थविरको प्रज्ञाको बारेमा उपमा दिन लायक पनि केही छैन भनी उल्लेख भएको हो ।

"गङ्गाय वालुका खीये, उदकं खीये महण्णवे ।
महिया मत्तिकाखीये, लक्खेन मम बुद्धिया'ति ॥"

अर्थात्– गङ्गाको बालुवा सिद्धिएमा, समुद्रको पानी सिद्धिएमा तथा पृथ्वीको माटो सिद्धिए पनि गिन्तिले मेरो बुद्धि सिद्धिने छैन[१] ।

\+ \+ \+

आफ्नो अपदानमा **उपालि स्थविरले सारिपुत्र** स्थविरको बारेमा यस्तो भन्नुहुन्छ—

१. धम्म. प. अ. क. पृ. ५६५ : यमकपाटिहारियवत्थु, बुद्धवग्गो ।

Downloaded from http://dhamma.digital/

"पञ्ञाय अग्गो निक्खित्तो, पटिभाने च कोविदो ।
सारिपुत्तो ति नामेन, धम्मसेनापति तव[1] ॥

**अर्थ—**

"प्रज्ञाको अग्रस्थानमा बस्नुभएका प्रतिभाणमा कोविद हुनुभएका तपाई **सारिपुत्र** नामले धर्मसेनापति हुनुहुन्छ ।"

\+ \+ \+

श्रावस्तीवासी जेतवन विहारका निर्माता **अनाथपिण्डिक सेठ** देहान्त भए पछि **तुषित देवलोकमा**[2] उत्पन्न भएका थिए । एकदिन उनले स्थविरको प्रशंसा गर्दै भने—

"सारिपुत्तो व पञ्ञाय, सीलेन उपसमेन च ।
यो पि पारङ्गतो भिक्खु, एतावतापरमोसिया'ति[3] ॥"

**अर्थ—**

"प्रज्ञा शील र उपसमनमा जो भिक्षु पारंगन छन् उनीहरूमध्येमा सारिपुत्र नै श्रेष्ठ छन् ।"

\+ \+ \+

---

१. अप. दा. पा. I. पृ. ५२ : उपालित्थेर अपदानं, गा. नं ५३९.
२. पपं. सू. IV. पृ.२०६ : अनाथपिण्डिकसुत्तवण्णना ।
३. हेर लेखकको वु. गृ. भा–१, पृ. १३५ : अनाथपिण्डिक गृहपति ।

Downloaded from http://dhamma.digital/

एक समय भगवान् **पावामा चुन्द कर्मारपुत्रको** आम्रवनमा बस्नुभएको थियो । त्यहाँ भगवान्को आज्ञानुसार **सारिपुत्र स्थविरले सङ्गीति सूत्र** देशना गर्नुभएको थियो । अनि भगवान्ले स्थविरको यसरी प्रशंसा गर्नुभयो—

**"धम्मसेनापति सारिपुत्तो बुद्धबलं दीपेत्वा अप्पटिवत्तियं सीहनादं नदति...।"**

अर्थात्– बुद्धका बल देखाई धर्मसेनापति सारिपुत्र अरू कसैले परिवर्तन गर्न नसक्ने सिंहनाद गर्छन्...[१] ।

x x x

## सारिपुत्र अभ्यास-१४

१) तथागतले सारिपुत्र स्थविरलाई कसरी प्रशंसा गर्नुभएको छ ? सातवटै गुणका नाम उल्लेख गर्नुहोस् ।

२) पण्डित भन्नाले के बुझ्नुहुन्छ ?

३) महाप्रज्ञावान र पृथुप्रज्ञा भन्नाले के बुझ्नुहुन्छ ?

४) हासप्रज्ञा र जवन प्रज्ञालाई आफ्नै शैलीमा परिभाषित गर्नुहोस् ।

५) तीक्ष्ण प्रज्ञा र निर्वेधिकप्रज्ञा भन्नाले के बुझ्नुहुन्छ ? लेख्नुहोस् ।

६) किन नागसमाल भिक्षु पुनः बुद्धको शरणमा परेका हुन् ?

७) तथागतले सारिपुत्र स्थविरलाई उपस्थापकको रूपमा किन स्वीकार्नु भएन ? स्पष्टसँग लेख्नुहोस् ।

८) धम्मपदट्ठकथा यमकपाटिहारिय वत्थुमा सारिपुत्र स्थविरको प्रज्ञा महत्ताबारे के कुरा उल्लेख गरिएका छन् । लेख्नुहोस् ।

---

१. दी. नि. अ. क. III. पृ. ४०१ : सङ्गीतिसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

# दोषारोपण र ईर्ष्या

प्रशंसा गर्नेहरू जस्तै **सारिपुत्र स्थविरलाई** निन्दा र ईर्ष्या गर्ने भिक्षुहरू पनि थिए भन्ने कुरा निम्न उदाहरणहरूद्वारा प्रष्ट हुन्छ ।

एक समय भगवान् **श्रावस्तीमा** बसिरहनुभएको थियो । अनि त्यहाँ **कोकालिक भिक्षुले** भगवान्कहाँ गई यसो भने– "भन्ते ! **सारिपुत्र मौद्गल्यायनहरू** खराब विचारका छन् र उनीहरू खराब विचारको वशमा छन् ।"

यो सुनेर भगवान्ले कोकालिक भिक्षुलाई यसो भन्नुभयो– "कोकालिक ! यस्तो नभन । सारिपुत्र मौद्गल्यायनहरू शीलवान् छन् । उनीहरूमाथि चित्त प्रसन्न गर[1] ।

यस्तै कुरा अङ्गुत्तरनिकायको दसकनिपातको **कोकालिक सूत्रमा पनि उल्लेख भएको छ । भगवान्ले तीन तीन पटकसम्म सम्झाउँदा** पनि **कोकालिक भिक्षुले** स्थविरहरूलाई खराब विचार नै भएका हुन् भनी दोषारोपण गरेका थिए[2] ।

\+ \+ \+

---

१. सुत्त. नि. पृ. ३६८–६९ : कोकालिकसुत्तं, महावग्गो ।
२. अं. नि–१०, पृ. २३६ : कोकालिकसुत्तं, थेरवग्गो ।

Downloaded from http://dhamma.digital/

एकदिन **सारिपुत्र स्थविर** श्रावस्तीबाट यात्राको लागि बाहिर जान लाग्नु भएको बेलामा एक ईर्ष्यालु भिक्षुले उनलाई स्थविरले चीवरले पिटे भन्ने भूठो आरोप लगाएका थिए[1] । जुन कुरा माथि **'सहनशील र क्षमा'** भन्ने शीर्षकमा उल्लेख गरिसकेको छु ।

\+ + +

भगवान् श्रावस्तीमा बसिरहनु भएको बेलामा भगवान्का सारथी छन्न भिक्षुले दुइ अग्रश्रावकहरूलाई गालि गरी हिंड्दथे । उनी भन्थे कि म भगवान्सँग निस्केर आउँदा वहाँको साथमा कोही थिएन । अबचाहिं 'म सारिपुत्र हुँ, म मौद्गल्यायन हुँ' भन्ने धाक लगाई हिंड्छन् भनी गालि गर्थे । यो कुरा सुनी भगवान्ले उनलाई सम्भाउनु भयो । सम्भाउने बेलामा चुपलागी बस्थे । पछि फेरि त्यस्तै गरी गालि गर्थे । भगवान्ले तीन तीन पटकसम्म सम्भाउनु भएको मात्र होइन बल्कि "**सारिपुत्रहरू** तिम्रा हितैषी र कल्याणमित्र हुन् उनीहरूको सत्संगत गर" भनी कतिचोटि भन्दा पनि सम्भाउन सक्नु भएन[2] ।

\+ + +

त्यसबखत श्रावस्तीमा पाँचकोटी आर्यश्रावकहरू थिए । तिनीहरू दिनहुँ भैं जेतवनमा गई धर्मश्रवण गर्थे । धर्मश्रवणपछि

---

१. अं. नि–९, पृ. २० : सीहनादसुत्तं, सीहनादवग्गो ।

२. धम्म. प. अ. क. पृ. ३३६ : छन्नत्थेरवत्थु, पण्डितवर्गा ।

Downloaded from http://dhamma.digital/

मानिसहरूले **सारिपुत्र** स्थविरहरूको तारीफ गर्थे । यो सुनेर सहन नसकेका **लालुदायि भिक्षुले** एकदिन उनीहरूलाई भने– "मैले पनि त उपदेश दिन सक्छु ।"

अनि मानिसहरूले सोचे उनी पनि कुनै पण्डित होलान् । अतः एकदिन लालुदायि भिक्षुलाई धर्मासनमा निम्त्याए । लालुदायि भिक्षुले केहि भन्न सकेनन् । अनि उनले "म पछि उपदेश गर्नेछु अहिलेलाई कुनै एकजना भिक्षुलाई भन्न लगाऊ" भनी धर्मासनबाट ओर्ल्हे । यस्तै किसिमबाट चार चार पटकसम्म धर्मासनमा बसेर पनि केहि बोल्न सकेनन् । अनि मानिसहरूले उनलाई लट्ठी लिई तर्जन गरी भने कि आफूले केहि उपदेश गर्न नसक्नेले उपदेश गर्नु हुने **सारिपुत्र** स्थविर हरूमाथि ईर्ष्या गर्ने भन्दै लखेटेर पठाए[1] ।

\+ \+ \+

एकदिन भगवान् **सारिपुत्रहरू** सहित पाँचशय भिक्षुहरू लिएर श्रावस्तीबाट **कीटागिरीमा** जानुभयो । जब भगवान्ले कीटागिरीमा **अश्वजित्** र **पुनर्बसु** भिक्षुहरू बसेको ठाउँमा आसन मिलाउन खबर पठाउनु भयो तब **अश्वजित्** र **पुनर्बसु** भिक्षुहरूले सारिपुत्रहरूलाई ठाउँ छैन, उनीहरू पाप विचारका छन् र पाप विचारको बशमा छन् । भगवान् सहित अरू भिक्षुहरूलाई मात्र ठाउँछ भनी भने[2] ।

\+ \+ \+

---

१. धम्म. प. अ. क. पृ. ६३३ : लालुदायित्थेरवत्थु, मलवर्ग ।

२. हेर्नू लेखकको बु. श्रा. च. भा–२, पृ. २३ मा ।

Downloaded from http://dhamma.digital/

एक समय स्थविर पाँचशय परिवार लिई एक जनपदमा वर्षावास गर्नुभएको थियो । त्यहाँ धेरै वर्षावासिक चीवरहरू प्राप्त भएको थियो। सो चीवरहरू सबैलाई बाँडिदिनू भनी स्थविर अगाडि नै श्रावस्तीमा जानुभयो । निन्दा गर्दै भिक्षुहरूले भन्नथाले– "लाग्छ कि अझै पनि सारिपुत्रको तृष्णा हटेको छैन[1] ।"

\+ + +

एकदिन स्थविर पाँचशय भिक्षुहरूका साथ **नालक** गाउँमा आफ्नी आमाकहाँ भिक्षाटन्को निमित्र जानुभयो । अनि वहाँकी आमा **रूपसारी ब्राह्मणीले सारिपुत्र स्थविर** सहित सबै भिक्षुहरूलाई घरमा बसाली स्थविरलाई यसरी गालि गरिन्– "ए जूठो खाने ! असीकोटी धन छाडी अर्काको घरमा खोले खानको लागि भिक्षु भएको होइनस् ? तैंले मेरो सत्यानाश गरिस् ! अब खा" भन्दै भोजन दिइन् । भिक्षुहरूलाई पनि गालि गर्दै भोजन दिइन् । **सारिपुत्र स्थविर** चाहिं चुपलागेर भोजन ग्रहण गरी विहारमै फर्कनु भयो[2] ।

x x x

**सारिपुत्र अभ्यास-१५**

१) सारिपुत्र स्थविर प्रति भएका दोषारोपण र ईर्ष्या बारे आफूलाई थाहा भएको कुरा प्रस्तुत गर्नुहोस् ।

◆◆◆

---

१. धम्म. प. अ. क. पृ. ८२२ : सारिपुत्तत्थेरवत्थु, ब्राह्मणवर्ग ।

२. धम्म. प. अ. क. पृ. ८११ : सारिपुत्तस्समातुवत्थु, ब्राह्मणवर्ग ।

Downloaded from http://dhamma.digital/

# आनन्दसँग घनिष्टता

संयुक्तनिकायको **सुसिम** सूत्रानुसार[1] एकदिन श्रावस्तीमा आयुष्मान् आनन्द भगवान्कहाँ जाँदा भगवान्ले यसो भन्नुभयो– "आनन्द ! के तिमी पनि सारिपुत्रलाई रुचाउँछौ ?"

"भन्ते ! कुन मूर्ख होला **सारिपुत्रलाई** नरुचाउने ! भन्ते ! **सारिपुत्र पण्डित** हुन्, महाप्रज्ञावान् हुन्, पृथुप्रज्ञावान् हुन्, हासप्रज्ञावान् हुन्, जवनप्रज्ञावान् हुन्, तीक्ष्णप्रज्ञावान् हुन्, निर्वेधिक प्रज्ञावान् हुन्, अल्पेच्छी हुन्, सन्तुष्ट छन्, प्रविवेकी हुन्, असंसर्गी हुन्, आरब्ध वीर्यवान् हुन्, अरूलाई कुरा बताउने हुन्, अर्काको कुरालाई पनि सुन्दछन्, आयुष्मान् सारिपुत्रले दोष पनि देखाइदिन्छन् र वहाँ पापनिन्दक पनि हुन् । अतः कुनचाहिं मूर्खहोला जसले **सारिपुत्रलाई** नरुचाउला !"

भगवान्ले आयुष्मान् **आनन्दको** कुरालाई अनुमोदन गर्नुभयो । अनि **सुसिम** भन्ने देवपुत्रले पनि यस्तै प्रकारले आयुष्मान् **सारिपुत्रको** प्रशंसा गरे । यी **सुसिम देवपुत्र** अघि आयुष्मान् सारिपुत्रकै शिष्य थिए ।

---

१. सं. नि. I. पृ. ६१ : सुसिमसुत्तं, देवपुत्तसंयुत्तं । यो सूत्रको अनुवाद लेखकको पछि प्रकाशित हुने बुद्धकालीन ब्रह्मदिदेवमा उल्लेख हुने छ ।

Downloaded from http://dhamma.digital/

भगवान् चाहिं आयुष्मान् **सारिपुत्रको गुण** प्रकाश गर्न चाहनु हुन्थ्यो । गुण प्रकाश भनेको प्रतिकूल व्यक्तिलाई सुनाउन योग्य हुन्न । त्यस्ताको सामुन्ने गुण प्रकाश गर्दा कुनै कारण सिद्ध हुन्न । 'फलाना भिक्षु शीलवान् गुणवान् हुन्' भनी भन्दा उसले 'उनको के शील छ र ? गोरुको जस्तो शील होला, के तिमीले शीलवान् पुरुषलाई देखेका छैनौ र ?' अथवा 'यी प्रज्ञावान् हुन्' भनी भन्दा 'उनमा कस्तो प्रज्ञा छ र ? के तिमीले कुनै प्रज्ञावान् पुरुषलाई देखेका छैनौ ?' आदि भनी गुणकथालाई बिघ्नपार्छ ।

**आनन्द स्थविर** चाहिं सारिपुत्र स्थविरका सहभागी तथा सुहृदय मित्र हुन् । कुनै उत्तम पदार्थ पाउँदा सारिपुत्र स्थविरलाई दिनुहुन्छ । आफूकहाँ बस्ने केटाहरूलाई प्रव्रजित गराई स्थविरकहाँ पठाई उपाध्यायत्व ग्रहण गर्न लगाउनु हुन्छ । उपसम्पदा गर्न लगाउनु हुन्छ । **सारिपुत्र** स्थविर पनि **आनन्द स्थविर** प्रति यस्तै व्यवहार गर्नुहुन्छ । किन कि परस्पर गुणमा प्रसन्न हुँदा नै परस्पर प्रेम बढ्छ र मैत्री बढ्छ ।

**आनन्द स्थविरले** चाहिं "हाम्रा जेष्ठ भ्राता एक असंख्य एकलाख कल्प पारमी पुरा गरी सोह्र प्रकारका प्रज्ञा लाभ गरी धर्मसेनापति स्थानमा बस्नुभएका हुन्" भन्दै स्थविरको गुण सम्झेर नै वहाँ प्रति प्रेम गर्नुहुन्छ । **सारिपुत्र स्थविरले** चाहिं "मैले सम्यक्सम्बुद्धलाई मुख धुने पानी इत्यादि दिई सेवाटहल गर्नुपर्ने काम सबै आनन्दले गर्छन् । आनन्दको कारणले चाहे चाहेको बेलामा

Downloaded from http://dhamma.digital/

समापत्तिमा बस्ने मौका मैले पाएँ" भन्दै वहाँ स्थविरको गुण सम्भी प्रसन्न भई प्रेम गर्नुहुन्छ[1] ।

त्यसैले भगवान्ले आनन्द स्थविरको अगाडि सारिपुत्र स्थविरको गुण बखान सुनाउनु भएको हो ।

आनन्द स्थविरले सोह्र पदहरूद्वारा प्रशंसित कुरालाई बुद्ध भगवान्ले मात्र अनुमोदन गर्नुभएको होइन अकनिष्ठ ब्रह्मलोकका देवताहरूले समेत अनुमोदन गरेका कुरा संयुक्तनिकायट्ठकथाले[2] उल्लेख गरेको छ ।

वहाँहरूको बीचमा जुन परस्पर सद्भाव र स्नेह थियो त्यो शायद आनन्द स्थविर वहाँहरूमध्ये कान्छो भएकोले पनि हुनसक्छ ।

\+ \+ \+

एकदिन वैशालीस्थित गोसिंग शालवनमा छजना महापुरुषहरू भेला भएका थिए । त्यसमध्ये सबभन्दा कान्छा आनन्द स्थविर हुनु हुन्थ्यो भनी पपञ्चसूदनीले[3] उल्लेख गरेको छ । त्यहाँ भेला भएकाहरू

१. सं. नि. अ. क. I. पृ. ९३: सुसिमसुत्तवण्णना, देवपुत्तसंयुत्तं; पपं. सू. II. पृ. २०९: महोगोविन्दसुत्तवण्णना; दी. नि. अ. क. III.पृ. २३४ : पासादिकसुत्तवण्णना ।

२. I. पृ. ९८ : सुसिमसत्तवण्णना, देवपुत्तसंयुत्तं ।

३. II. पृ. २०९ : महागोसिंगसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

मध्येमा सबभन्दा कान्छा आयुष्मान् आनन्द, वहाँभन्दा जेठा आयुष्मान् **रेवत** (कंखारेवत), वहाँभन्दा जेठा आयुष्मान् **अनुरुद्ध**, वहाँभन्दा जेठा आयुष्मान् **महाकाश्यप**, वहाँ भन्दा जेठा आयुष्मान् **महामौद्गल्यायन** र वहाँभन्दा जेठा आयुष्मान् **सारिपुत्र** हुनुहुन्थ्यो ।

\+ + +

एकदिन एक ब्राह्मणले विचार गर्‍यो– "बुद्धरत्न र संघरत्नलाई पूजा गर्ने कुरा प्रष्ट छ। किन्तु धर्मरत्नलाई पूजा गर्ने कुरा प्रष्ट छैन । कसरी धर्मपूजा गर्ने होला ?" अनि भगवान्कहाँ गई उसले यो कुरा सोध्यो । भगवान्ले "हे ब्राह्मण ! यदि धर्मरत्नको पूजा गर्न चाहन्छौ भने एक बहुश्रुत भिक्षुलाई पूजा गर" भनी भन्नुभयो ।

"भन्ते ! त्यसोभए बहुश्रुत भिक्षु बताउनुहोस् त ।"

"भिक्षुसङ्घकहाँ गई सोध ।"

त्यसपछि भिक्षुसङ्घकहाँ गई "भन्ते ! बहुश्रुत भिक्षु को हो भन्ने कुरा मलाई बताइदिनुहोस्" भनी उसले भन्यो ।

"ब्राह्मण ! **आनन्द स्थविर** बहुश्रुत हुनुहुन्छ ।"

त्यसपछि ब्राह्मणले एक हजार मूल्य जाने त्रिचीवर पूजा गर्‍यो । अनि **आनन्द स्थविर** यो लिएर भगवान्कहाँ जानुभयो । भगवान्ले "यो कहाँबाट पायौ ?" भनी सोध्दा वहाँले "भन्ते ! एक ब्राह्मणबाट"

Downloaded from http://dhamma.digital/

भनी भन्नुभयो। अनि फेरि "भन्ते ! म यो आयुष्मान् सारिपुत्रलाई दिन चाहन्छु" भनी भन्दा भगवान्ले "हुन्छ" भनी भन्नुभयो[१]।

\+ \+ \+

त्यसैले विनयपिटकको पाराजिपालिमा[२] यस्तो उल्लेख भएको हो।

"त्यसबखत आनन्दलाई अतिरिक्त चीवर प्राप्त भएको थियो। वहाँले त्यो चीवर आयुष्मान् सारिपुत्रलाई दिन चाहनु हुन्थ्यो। किन्तु त्यसबखत आयुष्मान् सारिपुत्र साकेतमा बसिरहनु भएको थियो। अनि वहाँको मनमा यस्तो लाग्यो "भगवान्ले अतिरिक्त (= बढ्ता) चीवर राख्न नहुने नियम बनाइदिनु भएको छ। अब यस विषयमा मैले के कसो गर्नुपर्ला।" त्यसपछि वहाँ भगवान्कहाँ गई यसबारे सोध्नुभयो। भगवान्ले "**सारिपुत्र** कहिले फर्कने छन् त ?" भनी सोध्नुहुँदा स्थविरले "नौदश दिनमा" भनी भन्नुभयो। अनि यसै प्रसंगमा भगवान्ले अतिरिक्त चीवरलाई दससदिनसम्म राख्न हुन्छ भन्ने उपनियम बनाइदिनु भयो[३]।

---

१. पपं. सू. II. पृ. २०९ : महागोसिंसुत्तवण्णना; दी. नि. अ. क. III. पृ. २३५ : पासादिकसुत्तवण्णना।

२. पृ. २८७ : पठमनिस्सग्गियं।

३. पारा. पा. पृ. २८७–८८ : पठमनिस्सग्गियं; महा. व. पा. पृ. ३०५ : अतिरेक चीवरकथा, चीवरक्खन्धकं।

Downloaded from http://dhamma.digital/

यस विषयमा समन्तपासादिकाले[1] केही प्रष्टिकरण दिएको छ–

"भगवान् बाहेक **आयुष्मान् सारिपुत्र** जस्ता गुण विशिष्टता हुने अरू कोही छैनन्" भन्दै आयुष्मान् **आनन्द सारिपुत्र** स्थविरलाई अति प्यार गर्नुहुन्छ। त्यसैले जहिले पनि राम्रो असल चीवरहरू पाएपछि रंगाई कल्पविन्दू[2] राखी स्थविरलाई दिनुहुन्छ। भोजन अगाडि केही सुस्वादिला उत्तम यागु आदि पाउँदा पनि **आनन्द स्थविरले सारिपुत्र** स्थविरलाई नै दिनुहुन्छ। भोजनपछि अपरान्ह समयमा प्रणीत मधु सखरादि प्राप्त हुँदा पनि वहाँलाई नै दिनुहुन्छ। कुनै उपस्थाक कुलबाट बालकहरूलाई प्रव्रजित गराई स्थविरकहाँ नै पठाई उपाध्यायत्व ग्रहण गर्न लगाउनु हुन्छ। उपसम्पदा गर्दा पनि आफूले चाहिं अनुश्रावण कर्म मात्र गर्नुहुन्छ।

**सारिपुत्र स्थविरले** चाहिं "बाबुको काम सबै जेष्ठपुत्रले गरिदिनु पर्छ। त्यो मैले गर्नुपर्ने सबै काम **आनन्दले** गर्दछन्। आनन्दको कारणले गर्दा अल्पोत्सुकी भई मैले बस्ने मौका पाएको छु" भन्दै **आनन्द** स्थविरलाई ठूलो स्नेह गर्नुहुन्छ। वहाँले पनि कुनै राम्रो असल चीवरादि पाउँदा आनन्द स्थविरलाई नै दिनुहुन्छ।

---

१. II. पृ. ६४१–४२ : पठमनिस्सग्गियं, चीवरवग्गो, निस्सग्गियकण्डं।

२. 'कल्पविन्दू' भनेको भिक्षुहरूले चीवर सेवन गर्नुभन्दा अगाडि चीवरलाई दुर्वणं गर्ने भन्ने हेतुले चीवरको एक छेउमा दाग लगाइन्छ। यस कार्यलाई 'कल्पविन्दू' भनिन्छ।

Downloaded from http://dhamma.digital/

यसरी परस्पर स्नेह गर्ने हुनाले वहाँले त्यो बहुमूल्य चीवर **सारिपुत्र स्थविरलाई** दिन चाहनु भएको हो भन्ने कुरा बुझ्नसक्नु पर्छ[1]।

"कहिले आउने छन् त ?" भनी भगवान्‌ले सोध्दा कसरी **आनन्द स्थविरले** "नौदश दिनमा" भनी भन्नसक्नु भएको नि ? यस सम्बन्धमा वहाँलाई अनेक कारणबाट यो कुरा थाहा छ। कसरी ? **सारिपुत्र स्थविर** कहिं जनपदको चारिकार्थ जानुहुँदा वहाँले **आनन्द** स्थविरलाई सबै कुरा भनेर जानुहुन्छ। "म यति दिनभित्र फर्कनेछु, त्यतिञ्जेलसम्म भगवान् माथि प्रमादी नहुनू" भनी जानुहुन्छ। यदि सन्मुखमा भेटेर जान सक्नु भएन भने कुनै भिक्षुलाई पठाई कुरा भन्न लगाई मात्र कतै चारिकार्थ जानुहुन्छ। अन्त कतै वर्षावास गर्नुहुँदा वर्षावास सिद्धिएपछि कुनै भिक्षु आफूभन्दा पहिले भगवान्‌कहाँ जान्छन् भने उनलाई "मेरो वचनले भगवान् बुद्धको चरणकमलमा वन्दना गरिदिनू । **आनन्द स्थविरलाई** पनि आरोग्यभाव सुनाइदिनू र म फलानो दिनमा आउनेछ भन्ने खबर पनि सुनाइदिनू" भनी खबर पठाउनु हुन्छ। भनेको दिनमै वहाँ आइपुग्नु हुन्छ।

"यतिका दिनसम्म वहाँ भगवान्‌सँगबाट अलग भई बसिसक्नुभयो। अब त वहाँ अवश्य पनि चाँडै नै आउनु हुनेछ" भन्ने अनुमानद्वारा पनि वहाँ वुझ्न सक्नु हुन्छ। जसको जति जति गहिरो प्रज्ञा हुन्छ उसको त्यति त्यति नै गहिरो स्नेह बुद्ध प्रति बढ्दछ भन्ने कारणले पनि वहाँले

---

१. सम. पा. II. पृ. ६४१–४२ : पठमनिस्सग्गियं ।

Downloaded from http://dhamma.digital/

बुझ्नसक्नु हुन्छ । त्यसैले "नौ दश दिनमा आउने छन्" भनी वहाँले भन्नुभएको हो । यदि **आनन्द स्थविरले** दुइ चार हप्तापछि आउने छन् भनी भन्नुभएको भए भगवान्ले सोही कुरालाई स्वीकार गर्नुहुने थियो होला[१] । अनि **सारिपुत्र स्थविर** आउनु भएपछि वहाँले सो चीवर प्रदान गर्नुभयो ।

\+ + +

अर्को एक पटक **आनन्द स्थविरलाई** अतिरिक्त पात्र प्राप्त भयो । वहाँले यो पात्र **सारिपुत्र स्थविरलाई** दिन चाहनु हुन्थ्यो । तर त्यसबखत स्थविर साकेतमा बसिरहनुभएको थियो । अनि फेरि त्यसबखत अतिरिक्त पात्र राख्न नहुने नियम पनि थयो । त्यसैले भगवान्कहाँ गई वहाँले यो कुरा बिन्ति गर्नुभयो । भगवान्ले सारिपुत्र कहिले आउने छन् भनी सोधनी हुँदा **आनन्द स्थविरले** नौदश दिनमा आउने कुरा बताउनु भयो । त्यसपछि भगवान्ले "त्यसोभए दशदिनसम्म अतिरिक्त पात्र राख्न हुन्छ" भन्ने उपनियम बनाइदिनु भयो । त्यसपछि स्थविर आउनु भएपछि **आनन्द स्थविरले** वहाँलाई पात्र चढाउनु भयो[२] ।

\+ + +

---

१. सम पा. II. पृ. ६४२ : पठमनिस्सग्गियं ।

२. पारा. पा. पृ. ३४६ : आनन्देन सारिपुत्तस्स निक्खित्तपत्तवत्थु, एकवीसतिमनिस्सग्गियं ।

Downloaded from http://dhamma.digital/

एकदिन सारिपुत्र स्थविर परिनिर्वाण हुनुभएको खबर सुन्दा आनन्द स्थविरलेसारै अपशोच गर्नुभएको थियो । वहाँलाई भगवान्ले सम्झाउँदा वहाँले स्थविरको गुण यसरी संस्मरण गर्नुभएको थियो—

**"अपि च मे, भन्ते, आयस्मा सारिपुत्तो ओवादको अहोसि । ओतिण्णो विञ्ञापको सन्दस्सको समादपको समुत्तेजको सम्पहंसको । अकिलासु धम्मदेसनाय, अनुग्गाहको सब्रह्मचारीनं । त मयं आयस्मतो सारिपुत्तस्स धम्मोजं धम्मभोगं धम्मानुग्गहं अनुस्सरामी'ति[१] ।"**

अर्थात्– "किन्तु भन्ते ! आयुष्मान् **सारिपुत्र** मेरा अववादक (=अर्ति दिने) हुनुहुन्थ्यो । पारंगत जानकारी दिने, सन्दर्शित, समादपित, समुत्तेजित, सम्प्रहर्शित गर्ने हुनुहुन्थ्यो । धर्मदेशना गर्नमा वहाँ निरालसी र सब्रह्मचारीहरूको संग्रहकर्ता हुनुहुन्थ्यो । सो आयुष्मान् **सारिपुत्रको** धर्मतेज, धर्मभोग र धर्मको अनुग्रहका कुरा संस्मरण गर्छु ।"

x x x

जस्तै **आनन्द स्थविरले सारिपुत्र स्थविरमाथि** स्नेह र भक्ति राखी आफूले पाएका चीवरादिद्वारा सम्मान गर्नुहुन्थ्यो त्यस्तै एकदिन **रेवत** (खदिरवनीय रेवत) ले आयुष्मान् सारिपुत्रको निमित्त एक भिक्षुको हातमा चीवर दिई पठाए ।

१. सं. नि. IV. पृ. १३९ : चुन्दसुत्तं, सतिपट्ठानसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

बाटामा जाँदा जाँदै **रेवत स्थविरमाथि** भएको विश्वासको कारणले सो भिक्षुले त्यो चीवर आफैले लियो। पछि **सारिपुत्र स्थविर** भेट हुँदा **रेवतले** "मैले पठाएको चीवर पाउन भयो के ?" भनी सोध्दा वहाँले "म देख्दिन" भनी भन्नुभयो। अनि **रेवत स्थविरले** सो भिक्षुसँग सोध्दा उसले वहाँमाथिको विश्वासको कारणले आफैले लिएको कुरा बतायो।

यो कुरा भगवान्मा निवेदन गर्दा भगवान्ले "यदि दिनेमाथिको विश्वासले लिएको छ भने ठीकै छ। यदि चीवर पाउने प्रतिको विश्वासले लियो भने ठीक छैन" भनी भन्नुभयो[1]।

x x x

## सारिपुत्र अभ्यास-१६

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस्।**

१) सारिपुत्र स्थविरको परिनिर्वाण पछि आनन्द स्थविरले बुद्ध समक्ष अपशोचपूर्ण संस्मरण कसरी सुनाए ? लेख्नुहोस्।

२) सारिपुत्र स्थविरको आनन्द स्थविरसँग घनिष्टता रहेको कुरालाई कसरी स्पष्ट पार्न सकिन्छ ? चर्चा गर्नुहोस्।

◆◆◆

---

१. महा. व. पा. पृ. ३२३ : दुग्गहित सुग्गहितादिकथा, चीवरक्खन्धकं।

Downloaded from http://dhamma.digital/

# सारिपुत्रको उपदेशद्वारा मुक्त हुने

"सारिपुत्रको उपदेशद्वारा मुक्त हुने" भन्ने शीर्षक अन्तरगत केही कुरा लेख्नलाग्दा मेरो मनमा केही द्वन्द्वता हुन थाल्यो । मेरा टिपोटमा वहाँको उपदेशद्वारा आयुष्मान् **अनुरुद्ध** अरहन्त हुनु भएको कुरा थियो । यो कुरा लेख्नलाग्दा यो पनि झ्वास्स मनमा सम्झें कि अङ्गुत्तरनिकायको अट्ठकनिपातमा बुद्धद्वारा देशित **अनुरुद्ध महावितक्क सूत्रको** उपदेश सुनी वहाँ अरहन्त हुनु भएको कुरा । यी दुबै सूत्रमा यसरी किन उल्लेख भएको होला भन्ने कारण मैले कतैबाट पनि बुझ्न सकिन ।

**सारिपुत्र** स्थविरको उपदेशद्वारा **अनुरुद्ध** स्थविर अरहन्त हुनु भएको कुरा अङ्गुत्तरनिकायको तिकनिपातमा उल्लेख भएको छ भने अङ्गुत्तरनिकायकै अट्ठकनिपातमा बुद्धको उपदेशद्वारा अरहन्त हुनु भयो भन्ने कुरा पनि उल्लेख भएको छ। माथिल्लो सूत्रमा चाहिं कुनै ठाउँको नाम उल्लेख भएको छैन भने पछिल्लो सूत्रमा चाहिं स्थानको नाम भर्गदेशको **संसुमारगिरीमा** भन्ने कुरा प्रष्ट छ। यससरी अनुरुद्ध स्थविर अरहन्त हुनुभएको कुरा दुइवटा सूत्रहरूमा उल्लेख भएको पाइएको छ ।

Downloaded from http://dhamma.digital/

अङ्गुत्तरनिकायको तिकनिपातमा उल्लिखित सूत्र अनुसार आयुष्मान् **अनुरुद्ध सारिपुत्र** स्थविरको उपदेशद्वारा अरहन्त हुनुभयो[1] ।

x x x

दीघनिकायको सङ्गीतसुत्तवण्णनाको भनाई अनुसार **पावाको** चुन्द कर्मार पुत्रको आम्रवनमा **सङ्गीतिसूत्र** देशनापछि पाँचशय भिक्षुहरूले अरहत्व प्राप्त गरेका थिए[2] ।

x x x

यस्तै गरी एक समय भगवान् चम्पाको गग्गरा भन्ने पोखरीको तीरमा पाँचशय भिक्षुहरूसँग बसिरहनुभएको बेलामा त्यहाँ आयुष्मान् **सारिपुत्रले दसुत्तर सूत्रको** धर्मोपदेश गर्नुभएको थियो[3] । यो सूत्रको अवशानमा त्यहाँ भेला भएका पाँचशय भिक्षुहरूले प्रतिसम्भिदा सहित अरहत्व प्राप्त गरेका थिए[4] ।

x x x

---

१. अं. नि–३, पृ. २६२ : दुतिय अनुरुद्धसुत्तं, कुसिनारावग्गो; अं. नि– ८, पृ. ३३० : अनुरुद्ध महावितक्कसुत्तं, गहपतिवग्गो ।

२. दी. नि. अं. नि III. पृ. ३०८ र ४०२ : संगीतिसुत्तवण्णना । यस सूत्रको अनुवाद लेखकको बु. श्रा. च. भा–३, पृ. १४७ : मा भएको छ ।

३. दी. नि. III. पृ. २१० : दसुत्तसुत्तं । यस सूत्रको अनुवाद लेखकको बु. श्रा. च. भा–३, पृ. ८० मा उल्लेख भएको छ ।

४. दी. नि. अं. क. III. पृ. ४१६ : दसुत्तरसुत्तवण्णना

Downloaded from http://dhamma.digital/

एकदिन राजगृहवासी **कन्हदिन्न** भन्ने ब्राह्मण धर्मसेनापतिकहाँ गई प्रव्रजित भई केही दिनमै अरहन्त भए[१] ।

\+ \+ \+

सूत्रपिटकको खुद्दकनिकायको विमानवत्थु अर्थकथाको कुञ्जर विमान अनुसार राजगृहकी एक स्त्रीले **सारिपुत्र** स्थविरलाई बडो भक्तिपूर्वक पायस दान दिई । अनि उसको मृत्यु भएपछि **त्रयस्त्रिंश देवलोकमा** उत्पन्न भएको कुरा विमानकथामा उल्लेख भएको छ[२] ।

\+ \+ \+

एकदिन राजगृहमा **सारिपुत्र** स्थविरलाई चीवर सिउन पर्ने काम परेको थियो । अनि वहाँ राजगृहको एक नकर्मीको घरमा भिक्षाटन्को निमित्त जानु भयो । सो घरको नकर्मीले स्थविरसँग "भन्ते ! के चाहियो ?" भनी सोध्दा वहाँले "चीवर सिउनु परेकोले सियोको आवश्यक परेको छ" भनी भन्नुभयो । नकर्मीले सम्मानपूर्वक वहाँलाई दुइवटा सियो दियो र "भन्ते ! फेरि पनि सियो चाहिएमा भन्न आउनुहोस्" भनी निवेदन गरी पञ्चाङ्ग प्रतिष्ठित सहित

---

१. थेर. गा. अ. क. I. पृ. ३०४ : कण्हदिन्नत्थेरगाथावण्णना ।
२. यसको अनुवाद लेखकको बु. वि. पृ. ४९ : कुञ्जरविमानकथामा भएको छ ।

Downloaded from http://dhamma.digital/

वन्दना गऱ्यो । पछि सो पुरुष मृत्यु भयो र **त्रयस्त्रिंश देवलोकमा** उत्पन्न भयो[1] ।

+ + +

राजगृहको एक गरीब पुरुष कुनै एक सेठको आँपको वनमा पालो बसेको थियो। एकदिन उसले सारिपुत्र स्थविरलाँई आँपको वनको अघिल्लितरको बाटोबाट चर्को घाममा हिंडिरहनु भएको देख्यो । वहाँ पसिनाले निथ्रुक्क हुनुभएको थियो । भुइँ पनि पोलल्दथ्यो । यो देखेर उसको मनमा महत श्रद्धा उत्पन्न भई वहाँसँग बिन्ति गऱ्यो "भन्ते ! तपाई बेस्करी थाक्नु भएको जस्तो लाग्छ। तपाइँको चीवर पसिनाले भिजिसकेको छ । भन्ते ! यो आँपको वनमा आई केहीछिन विश्राम गर्नुहोस् ।" "हुन्छ" भनी स्थविर आँपको वनमा जानुभयो । एकछिन पछि सो पुरुषले बिन्ति गऱ्यो "भन्ते ! नुहाइधुवाई गर्नुहुन्छ भने म कुवाबाट पानी तानिदिनेछु।" स्थविरले स्वीकार्नु भयो र नुहानुभयो । सो पुरुष सारै खुशीभयो । उसको मृत्युपछि उ त्रयस्त्रिंशदेवलोकमा उत्पन्न भयो[2] ।

+ + +

---

१. विमा. व. अ. क. पृ. २०० : सूचिविमानकत्थु अट्ठकथा । यस सूत्रको अनुवाद लेखकको बु. वि. पृ. २९४ मा भएको छ ।

२. विमा. व. अ. क. पृ. २४५ : अम्बविमानवत्थु अट्ठकथा । यसको अनुवाद लेखकको बु. वि. पृ. १ मा भएको छ ।

Downloaded from http://dhamma.digital/

राजगृह **इट्ठकावती** भन्ने गाउँमा संसारमोचक भन्ने परिवारमा एउटी केटी जन्मेको थिई। एकदिन स्थविर सोही गाउँको **अरुणवती** भन्ने विहारमा बस्नुभएको थियो। एकदिन बाह्रजना भिक्षुहरूका साथ वहाँ गाउँको ढोकानिरको बाटोमा जाँदै हुनुहुन्थ्यो।

त्यसबखत गाउँका धेरै बालिकाहरू त्यहाँ खेल्दै थिए। स्थविर लाई देखेर ती बालिकाहरू आई स्थविरलाई वन्दना गरे। त्यसमध्ये एउटी बालिकाचाहिं एक छेउमा उभिइरही।

यो देखेर स्थविरले सो बालिका उपर अनुकम्पा राखी "यो बालिका मात्र किन एक छेउमा उभिइरहेकी नि ?" भनी भन्दा उनीहरूले उसलाई समाती ल्याई स्थविरको चरणकमलमा ढोग्न लगाए। पछि उसको विवाह त्यस्तै संसारमोचक कुलको एक **दीघराजीमा** भन्नेसँग भयो। पछि उ गर्भिणी हुँदा उसको मृत्यु भयो र उ प्रेतयोनिमा उत्पन्न भई।

एकदिन उसले सारिपुत्र स्थविरलाई नांगो रूप देखाई।

स्थविरले "तिमी को हौ ?" भनी सोध्दा उसले आफ्नो सबै कुरा बताई स्थविरसँग यस्तो प्रार्थना गरी "भन्ते ! मलाई उद्देश्य गरी दान दिनु भएमा मेरो उद्धार हुनेछ।" स्थविरले "हुन्छ, दिनेछु" भनी सो प्रेतनीलाई उद्देश्य गरी एक एक गाँस भोजन, एक एक हातको कपडा र एक एकवटा भाँडोमा पानी पनि राखी दान दिनुभयो।

Downloaded from http://dhamma.digital/

यत्तिकैमा सो प्रेतनीले वस्त्र, खाना तथा पानी पाई । यसरी स्थविरले दानद्वारा प्रेतनीको उद्धार गर्नुभयो[१] ।

+ + +

सारिपुत्तवेतवत्थु अट्ठकथा अनुसार पाँच जन्म अघि आफ्नी आमा भएकी प्रेतनीलाई पनि दान दिएर उद्धार गराउनु भएको कुरा उक्त अट्ठकथामा उल्लेख भएको छ[२] ।

+ + +

सातजना अरहन्तहरूका[३] आमा भएकी **रूपसारी** ब्राह्मणी संघ प्रति प्रसन्न भएकी थिइनन् । उनको उपनिश्रय सम्पत्ति छ कि छैन भनी विचार गर्नुहुँदा स्थविरले "छ" भन्ने देख्नुभएको मात्र होइन आफ्नै उपदेशद्वारा धर्माभिसमय हुनेछ भन्ने कुरा पनि जान्नुभई पछि अन्तिम अवस्थामा आफ्नै घरमा गई आफ्नी आमालाई स्रोतापत्तिफलमा प्रतिष्ठित गराउनु भएको कुरा **संयुत्तनिकाय अर्थकथा**[४] र **दीघनिकाय अर्थकथा**[५] हरूले उल्लेख गरेका छन् ।

---

१. विमा..व. पृ. ५० : संसारमोचक पेतवत्थु अट्ठकथा । यस सूत्रको अनुवाद लेखकको बु. प्रे. पृ. २५३ मा उल्लेख भएको छ ।

२. पेत. व. अ. क. पृ. ५९ : सारिपुत्तत्थेरमातुया पेतवत्थु अट्ठकथा । यसको अनुवाद लेखकको बु. प्रे. पृ. २३० मा भएको छ ।

३. सारिपुत्त, चुन्द, उपसेन, रेवत, चाला, उपचाला र सीसुपचाला ।

४. III. पृ. १७३ : चुन्दसुत्तवण्णना, नालन्दावग्गो ।

५. III. पृ. २५४ : महापरिनिब्बा सुत्रवण्णना ।

Downloaded from http://dhamma.digital/

यी अर्थकथाहरूले स्थविरमाथि प्रसन्न भई स्वर्ग पुग्नेहरूको संख्या असी हजार (८०,०००) छन् भन्ने कुरा पनि उललेख गरेका छन्[1] । अङ्गुत्तरनिकाय अर्थकथा दुकनिपातवर्णना पृ. ३१६ मा सारिपुत्रको समचित्त सूत्रको उपदेश सुनेर एक कोटी एक लाख (१,०१,००,०००) देवताहरू अरहन्त भएका कुरा पनि उल्लेख भएको छ ।

x x x

विमानवत्थु अट्ठकथा पृ. २३१ : फलदायकविमानवण्णनाको कुरा पनि यहाँ स्मरणीय हुन्छ । जसको अनुवाद लेखकको बु. वि. पृ. १८८ : मा भएको छ ।

x x x

## सारिपुत्र अभ्यास-१७

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस् ।**

१) सारिपुत्र स्थविरले प्रेतनीलाई किन र कसरी उद्धार गर्नुभयो ?

२) सारिपुत्र स्थविरले आफ्नी आमालाई कसरी मार्गफलमा प्रतिष्ठित गराउनुभयो ? लेख्नुहोस् ।

◆◆◆

---

१. सं. नि. अ. क. III. पृ. १७३ र दी. नि. अ. क. III. पृ. २५४.

Downloaded from http://dhamma.digital/

# परिनिर्वाण

**भगवान्सँग बिदाइ–** **बैशाली** नगर नजिकको **वेलुबग्राममा** अन्तिम वर्षावास बसिसक्नुभएपछि बुद्ध भगवान् **श्रावस्ती** फर्कनुभयो[1] । अनि भगवान् प्रति गर्नुपर्ने दिवाकार्य गर्नुभई **धर्मसेनापति** आफ्नो स्थानमा गई त्यहाँ शिष्यहरू प्रति गर्नुपर्ने कर्तव्य गरी फर्किसकेपछि दिवाविहार गर्ने ठाउँ बढारी छालाको चारपाटे टक्टकयाई बिच्छ्याई हात खुट्टा पखाली पलेटीमारी फलसमापत्तिमा समाधिष्ठ हुनुभयो ।

अनि परिच्छेद गरे अनुसार समापत्तिबाट उठ्नु भएपछि वहाँको मनमा यस्तो परिविर्तकना हुन थाल्यो– "भगवान् बुद्ध अघि परिनिर्वाण हुनुहुनेछ कि अग्रश्रावक ?" अनि "अग्रश्रावक अघि परिनिर्वाण हुने छन्" भन्ने ज्ञान भएपछि वहाँले आफ्नो आयु–संस्कारलाई हेर्नुभयो । त्यसपछि वहाँले थाहा पाउनु भयो कि एक हप्ता मात्र आयु बाँकी छ । अनि वहाँले परिनिर्वाण हुनेछु भन्ने कल्पना गर्नुभयो । यसको सँगसँगै वहाँले यो पनि कल्पना गर्नुभयो कि **राहुल त्रयस्त्रिंश देवलोकमा** परिनिर्वाण भए, **ज्ञातकौण्डिन्य**[2] स्थविर **छद्दन्त बनमा** परिनिर्वाण

---

१. सं. नि. अ. क. III. पृ. १७२; दी. नि. अ. क. II. पृ. २५३; उदा. अ. क. पृ. २२६ : आयुसंखारोस्सज्जनसुत्तवण्णना, जच्चन्धवग्गो ।

२. ज्ञातकोण्डिन्य स्थविरको परिनिर्वाण सम्बन्धी कुरा लेखकको बु. श्रा. च. भा–१, पृ. ६४ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

भए । अब म कहाँ परिनिर्वाण हुने होला भन्ने कुरा बारम्बार कल्पना गर्न थाल्नुभयो । यसरी कल्पना गरिरहनु भएको बेलामा वहाँलाई आमाको सम्झना भयो ।

"मेरी आमा सातजना अरहन्तहरूका आमा भएर पनि बुद्ध-धर्म-संघ प्रति अप्रसन्न छिन् । उनको उपनिश्रय-सम्पत्ति छ कि छैन त ?" भनी विचार गरी हेर्दा–"स्रोतापत्तिफलको उपनिश्रय–सम्पत्ति देख्नुभयो र कसको उपदेशद्वारा धर्माभिसमय हुनेछ त ?" भनी हेर्दा "आफ्नै धर्मोपदेशद्वारा धर्माभिसमय हुनेछ" भन्ने कुरा पनि बुझ्नुभयो ।

यदि यस विषयमा अल्पोत्सुकी भएमा मलाई लोकजनहरू यस्तो भन्न सक्छन्–

"सारिपुत्र स्थविर अरूहरूको निमित्त भने आश्रय हुनुभयो । समचित्त सूत्र देशना गर्नुहुँदा एक कोटी एक लाख देवताहरू अरहन्त भए[1] । तीन फल प्राप्त गरेका देवताहरूको त गिन्ति नै छैन । अरू अरू ठाउँहरूमा अनेक धर्माभिसमय भएका कुरा पनि पाइन्छन् । स्थविरप्रति चित्त प्रसन्न गरी स्वर्गमा पुगेका मात्र असी हजार कुलगृहहरू छन् । त्यस्ताले आज आफ्नी आमाको मिथ्यादृष्टि मात्र पनि हटाउन सक्नु भएन ।"

---

१. अं. अ. क. I. पृ. ३१६ : समचित्तवग्गो, दुकनिपातवण्णना । यो सूत्रको अनुवाद लेखकको बु. श्रा. च. भा–२, पृ. २२८ मा भएको छ ।

Downloaded from http://dhamma.digital/

अतः आमाको मिथ्यादृष्टिलाई हटाई जन्मेकै कोठामा परिनिर्वाण हुनेछु भनी निश्चिय गरी "आजै भगवान्‌बाट अनुमति प्राप्त गरी त्यहाँ जानेछु" भनी **चुन्द** (आफ्ना माहिला भाई) लाई बोलाई "आवुसो चुन्द ! हाम्रा पाँचशय परिवारहरूलाई 'धर्मसेनापति नालक गाउँमा जान चाहनु हुन्छ । आ-आफ्ना पात्र-चीवरहरू लेओ' भनी सूचना देऊ" भनी भन्नुभएपछि **चुन्द स्थविरले** त्यस्तै गर्नुभयो ।

भिक्षुहरू शयनासनहरू पटचाइराखी पात्र-चीवरहरू लिई स्थविरको अगाडि गए ।

अनि स्थविरले पनि शयनासनहरू पटचाई दिवास्थान बडारी दिवास्थानको दैलोमा उभिई दिवास्थान अवलोकन गरी "यो मेरो अन्तिम हेराइ हो फेरि यहाँ बास हुने छैन" भन्दै पाँचशय भिक्षुहरूका साथ भगवान्‌कहाँ गई वन्दना गरी भगवान्‌लाई यस्तो बिन्ती गर्नुभयो– "भन्ते ! मलाई अनुमति दिनुहोस्, भन्ते ! मलाई अनुमति दिनुहोस; सुगत ! मेरो परिनिर्वाण हुने समय आइपुग्यो मेरो आयुसंस्कार सिद्धियो[1] ।"

फेरि स्थविरले यस्तो भन्नुभयो—

---

१. सं. नि. अ. क. III. पृ. १७२–७३ : चुन्दसुत्तवण्णना, सतिपट्ठानसंयुत्तं; दी. नि. अ. क. II. पृ. २५३–५५ : महापरिनिब्बानसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

१. "छिन्नोदानि भविस्सामि, लोकनाथ महामुनि ।
गमनागमनं नत्थि, पच्छिमा वन्दना अयं ॥

२. "जीवितं अप्पकं मय्हं, इतो सत्ताहमच्चये ।
निक्खिपेय्यामहं देहं, भारवोरोपनं यथा ॥

३. "अनुजानातु मे भन्ते, भगवा अनुजानातु सुगतो ।
परनिब्बानकालो मे, ओस्सट्ठो आयुसङ्खारो' ति[1] ॥"

**अर्थ—**

१– "महामुनि लोकनाथ ! अब म तपाईंबाट बिछोड हुनेछु । यो मेरो अन्तिम वन्दना हो । मेरो गमनागमन छैन ।

२– "अब मेरो जीवन थोरै छ । यहाँदेखि उता एक हप्ता मात्र छ । त्यसपछि भार बिसाए जस्तै आफ्नो देहलाई छाड्नेछु ।

३– "भन्ते भगवान् ! अब मलाई अनुमति दिनुहोस् ! भन्ते सुगत ! अब मलाई अनुमति दिनुहोस् ! मेरो आयु सिद्धिसक्यो अब म परिनिर्वाण हुनेछु ।"

भगवान् बुद्धले चाहिं न त परिनिर्वाण होऊ भनी भन्नुहुन्छ न त नहोऊ भनी भन्नुहुन्छ । किनभने– 'परिनिर्वाण होऊ' भनी भन्दा मिथ्यादृष्टिकहरूले 'मरणको वर्णन गर्छन्' भन्ने दोषारोपण गर्छन् भने

१. दी. नि. अ. क. II. पृ. २५५ : महापरिनिब्बानसुत्तवण्णना ।

Downloaded from http://dhamma.digital/

'परिनिर्वाण नहोऊ' भनी भन्दा 'संसारको वर्णन गर्छन्' भनी आरोप लगाउँछन् । अतः यी दुबै कुरा बताउनु हुन्न । त्यसैले भगवान्ले "सारिपुत्र ! कहाँ परिनिर्वाण हुनेछौ त ?" भनी वहाँसँग सोध्नुभयो ।

"भन्ते ! **मगध देशको नालक गाउँमा** म जन्मेको कोठा छ । त्यहीं परिनिर्वाण हुनेछु" भनी स्थविरले भनेपछि "त्यसोभए जस्तो उचित सम्झन्छौ" भनी भगवान्ले भन्नुभयो । यति भन्नुभएपछि फेरि भगवान्ले यस्तो भन्नभयो– "अब त्यस्ता भिक्षुको दर्शन दुर्लभ हुनेछ अतः तिम्रा भाइहरूलाई धर्मदेशना गर ।"

अनि स्थविरले "भगवान् मलाई ऋद्धि सहित धर्मदेशनाको प्रतीक्षा गर्नुहुन्छ" भन्ने बुझी भगवान्लाई वन्दना गरी तालवृक्ष जत्रै आकाशमा गई ओर्लेर दशबलको चरणकमलमा वन्दना गर्नुभयो[1] । यस्तै गरी सातवटा तालवृक्ष जत्रै अग्लो आकाशमा गई अनेक प्रकारका ऋद्धिहरू देखाई धर्मोपदेश गर्नुभयो । शरीर देखिने गरेर पनि नदेखिने गरेर पनि; शरीरको माथिल्लो आधा भाग मात्र देखिने गरी तल्लो आधा भाग मात्र देखिने गरी तथा नदेखिने गरेर पनि धर्मदेशना गर्नुभयो । फेरि समय समयमा चन्द्रमाको वर्ण, समय समयमा सूर्यको वर्ण, समय समयमा पवर्तको वर्ण, समय समयमा समुद्रको वर्ण र समय समयमा चक्रवर्ती राजा जस्तो देखाउनु भई धर्मदेशना गर्नुभयो । समय समयमा वैश्रवण राजा जस्तो देखाउनु भई समय समयमा शक्र देवेन्द्र जस्तो देखाउनु भयो भने समय समयमा महाब्रह्मा जस्तै देखाई धर्मदेशना

१. सं. नि. अ. क. III. पृ. १७३; दी. नि. अ. क. II. पृ. २५५ :

Downloaded from http://dhamma.digital/

गर्नुभयो। यसरी अनेक सहस्र प्रकारका ऋद्धिप्रातिहार्य देखाई धर्मदेशना गर्नुभयो। नगरका सबै मानिसहरू भेला भए। अनि आकाशबाट ओर्ली दशबलको करकमलमा वन्दना गरी एक छेउमा उभिइरहनु भयो[1]।

अनि शास्ताले सोध्नुभयो– "सारिपुत्र ! यो धर्मपर्यायको नाम के हो त ?"

"भन्ते ! सिंहनीक्रीडा (सीहनीकीलिन) भन्ने नाम हो।"

"सारिपुत्र ! सिंहनीक्रीडा राम्रै छ। सारिपुत्र ! सिंहनीक्रीडा राम्रै छ।"

त्यसपछि चप्रा जस्तो हात पसारी सुवर्ण वर्ण कछुवाको जस्तो भगवान्का पैतालाको गोलीगाँठामा समाती स्थविरले "भन्ते ! यी करकमलमा वन्दना गर्नको निमित्त मैले शतसहस्राधिक असंखेय्य कल्प पारमी पुरा गरें। त्यो मेरो मनोरथ पुरा भयो। प्रतिसन्धिको हिसाबले यहाँ देखि फेरि कुनै ठाउँमा समागम हुने छैन। अब यो विश्वासको डोरी चुँडिइसक्यो। अनेक लाख बुद्धहरूले प्रवेश गरेको अजरामर अभयक्षेम सुख शीलत भएको निर्वाणपुरमा जानेछु। त्यसैले भन्ते ! यदि तपाईंले मेरो कुनै कायिक र वाचिक कर्मलाई रुचाउन हुन्न भने, भन्ते ! त्यसलाई भगवान्ले क्षमा गर्नुहोस् ! अब मेरो जाने बेला भयो" भनी विन्ति गर्नुभयो।

१. सं. नि. अ. क. III. पृ. १७३ : चुन्दसुत्तवण्णना, सतिपट्ठानसंयुत्तं।

Downloaded from http://dhamma.digital/

सारिपुत्र ! क्षमा गर्छु, तिम्रो कायिक र वाचिक कर्ममा मलाई मन नपर्ने कुनै कुरा छैन । सारिपुत्र ! अब तिमी जस्तो समय ठान्दछौ गर[1] ।"

अनि भगवान्को अनुमति प्राप्त गरेपछि शास्ताको श्री चरणमा वन्दना गरी उठ्ने बित्तिकै "कत्रा कत्रा सुमेरु आदि हिमाल बोक्नेले आज वहाँको गुण बोक्न सक्दिन" भन्ने जस्तै गरी महापृथ्वी कम्पित भयो । आकाशमा देववादचको गर्जन हुन थाल्यो । महामेघ निस्केर पुष्प वृष्टि भयो । **धर्मसेनापतिलाई** जान तयार पार्नेछु भन्ने विचारले भगवान् धर्मासनबाट उठी गन्धकुटितिर गई स्फटिकको फलेकमा उभिनुभयो ।

तीनबार प्रदक्षिणा गरी चारैतिबरबाट वन्दना गरी स्थविरले "भन्ते ! यस भन्दा अघि शतसहस्राधिक असंखेय्य कल्प अघि **अनोमदर्शी** बुद्धको चरणकमलमा लडेर तपाइँको दर्शनको लागि प्रार्थना गरेको थिएँ । तपाइँलाई प्रथम दर्शन गर्दा त्यो मेरो प्रार्थना सिद्धभयो । अब यो मेरो अन्तिम दर्शन हो । अव उप्रान्त तपाइँको दर्शन हुने छैन" भन्दै दुइहात जोरी जहाँसम्म आँखाले देखिन्छ त्यहाँसम्म पछि पछि हुँदै वन्दना गर्दै जानुभयो । भगवान्लाई परिवृत्त गरी बसेका भिक्षुहरूलाई भगवान्ले "भिक्षुहो ! तिमीहरूका जेष्ठ भ्राताको अनुगमन गर" भनी भन्नुभयो[2] ।

---

१. सं. नि. अ. क. III. पृ. १७४.

२. सं. नि. अ. क. III पृ. १७४; दी. नि. अ. क. II. पृ. २५५–५६.

Downloaded from http://dhamma.digital/

**परिषद्सँग बिदा**– अनि त्यसबखत भगवान्लाई मात्र जेतवनमा छाडी चारै परिषद् निस्के। **श्रावस्तीवासी** नरनारीहरू पनि "**सारिपुत्र** स्थविर भगवान्सँग बिदा लिई परिनिर्वाण हुनको निमित्त निस्कनु भयो वहाँको दर्शन गर्नेछौं" भन्दै हातमा फूलका माला तथा गुच्छा लिई केश फिजाई विशाल जनसमूहको घुइँचो नगरद्वारमा लाग्न थाल्यो। यस्तो पनि भन्न थाले कि "अब हामीहरूले महाप्रज्ञावान् कहाँ बस्नु भएको छ ? वहाँ धर्मसेनापति कहाँ हुनुहुन्छ ? भनी सोधेर कहाँ जाने ? कसको भारमा शास्तालाई छाडी स्थविर जानुभयो होला ! पहिले त वहाँ फर्कने गरी जानुहुन्थ्यो। अहिले चाहिं वहाँ न फर्कने गरी जाँदै हुनुहुन्छ" भन्दै अनेक प्रकारले रुँदै बिरह गर्दै स्थविरको अनुगमन गरे।

अनि महाप्रज्ञावान् हुनु भएका स्थविरले "आवुसोहो ! भइहाल्यो" भन्दै सबैलाई सम्झाई रोकी "आवुसोहो ! अब यो मेरो नफर्किने यात्रा हो। तिमीहरू अप्रमादी भएर बस। संस्कार भनेको यस्तै हो भन्ने भाविता गर" भन्दै सबैलाई सम्झाउँदै बुझाउँदै अर्ति बुद्धि दिनुभयो। भिक्षुहरूलाई पनि "भइहाल्यो, यहीं बस। दशबल प्रति अप्रमादी हौ !" भनी फर्काई आफूचाहिं आफ्ना परिवारका साथ बाटो लाग्नुभयो।

त्यसपछि सबै ठाउँमा एक एक रात बासबसी एकहप्ता भरी मानिसहरूको संग्रह गरी आखिर दिनको संध्या समयतिर **नालक**

Downloaded from http://dhamma.digital/

**गाउँमा** आइपुग्नु भई गाउँको द्वारनिरको एक बरको रुखमनि बस्नुभयो।

**उपरेवतसँग भेट–** अनि उपरेवत भन्ने स्थविरको भानिज गाउँ बाहिर गइरहेको बेलामा स्थवरलाई देखी वहाँकहाँ गई वन्दना गरी एक छेउमा उभिए। अनि स्थविरले उनीसँग सोध्नुभयो—

"तिम्री बज्यै घरमा छिन् ?"

"भन्ते ! हुनुहुन्छ।"

"त्यसोभए जाऊ हामीहरू यहाँ आएको कुरा सुनाऊ। किन आएको भी सोधेमा आज एक रात गाउँभित्र जन्मेको कोठामा बस्ने छन्। पाँचशय भिक्षुहरूको निमित्र पनि ठाउँको व्यवस्था गर भनी भन।"

उनी गएर "आर्या ! मेरा मामा आउनु भएको छ" भनी भने।

"अहिले कहाँ छन् त ?"

"गाउँको ढोकामा।"

"एक्लै छन् कि अरू पनि छन्।"

"पाँचशय भिक्षुहरू पनि छन्।"

"किन आएका नि ?"

उनले सबै कुरा सुनाए त्यसपछि स्थविरकी आमाले "किन यत्तिका भिक्षुहरूको निमित्त आसन बनाउन लगाएका होलान्। तरुण अवस्थामा प्रव्रजित भई अहिले बुढेस कालमा गृहस्थी हुन चाहेका

Downloaded from http://dhamma.digital/

होलान्" भन्ने सोचिन् । यति सोचेर जन्मेको कोठा तयार गराई पाँचशय भिक्षुहरूको निमित्त पनि आसनहरू बन्दोबस्त गराई चिराग बाली स्थविरकहाँ मानिसहरू पठाइन् ।

**दिसापखाला**– भिक्षुहरूका साथ स्थविर आई प्रासादमा गई जन्मेको केठामा बस्नुभयो । बसिसकेपछि भिक्षुहरूलाई आ-आफ्नो वस्ने ठाउँमा जाओ" भनी पठाउनु भयो । उनीहरू जाने बित्तिकै ठूलो वेदनाका साथ रोग लाग्यो । मरणान्त हुने गरी रगत सहित पखाला लाग्यो । एउटा भाँडो बाहिर लैजाँदा अर्को भाँडो भित्र्याइन्थ्यो । ब्राह्मणीचाहिं "मेरो छोराको वानी मलाई मनपर्दैन" भन्दै आफू बस्ने कोठाको दैलामा नै उभिइरहिन्[1] ।

त्यसैले संयुत्तनिकायको चुन्द सूत्रमा[2] "त्यस समय आयुष्मान् सारिपुत्र विरामी भई मगधको **नालक गाउँमा** बस्नु भएको थियो । **चुन्द श्रमणोद्देश** वहाँको उपस्थाक थिए" भनी उल्लेख भएको हो ।

---

१. सं. नि. अ. क. III. पृ. १७४–७५; दी. नि. अ. क. II. पृ. २५६–५७.

२. सं. नि. IV. पृ. १३८ : चुन्दसुत्तं, सतिपट्ठानसंयुत्तं । यो सूत्रको अनुवाद लेखकको बु. श्रा. च. भा–२, पृ.२९७ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

चतुर्दिशाका चार महाराजाहरूले "**धर्मसेनापति** कहाँ बस्नु भएको रहेछ ?" भन्ने विचार गर्दा "**नालक गाउँको** आफू जन्मेको कोठामा परिनिर्वाण मञ्चमा बस्नु भएको छ" भन्ने बुझी "अन्तिम दर्शनार्थ जानु पऱ्यो" भन्दै आई वन्दना गरी एक छेउमा उभिए ।

स्थविरले "तिमीहरू को हौ ?" भनी सोध्दा "हामी चातुमहाराजिक देवताहरू हौं, भन्ते !" भनी उत्तर दिए ।

"किन आएका हौ त ?"

"रोगी सेवा गर्नेछौं" भनी भन्दा स्थविरले "भइहाल्यो, मेरा उपस्थाक छन्, तिमीहरू जाऊ" भनी उनीहरूलाई पठाए । उनीहरू गइसकेपछि **शक्र देवेन्द्र** आए । उनलाई पनि पठाउनु भएपछि **महाब्रह्माहरू** आए । उनीहरूलाई पनि फर्काउनु भयो ।

**आमालाई उपदेश**– देवताहरू आएको र गएको देखेर ब्राह्मणीले "मेरो छोराकहाँ आउँदै वन्दना गर्दै फर्कने को रहेछन् ?" भन्ने सोची स्थविरको कोठाको दैलोमा गई **चुन्द स्थविरसँग** "के हाल छ त ?" भनी सोधिन । अनि **चुन्द स्थविरले** सबै कुरा सुनाउनु भयो । अनि सारिपुत्र स्थविरलाई "भन्ते ! महाउपासिका आएकी छे" भनी वहाँले भन्नुभयो । अनि स्थविरले "किन आएकी ?" भनी सोध्नुभयो ।

अनि **रूपसारी** ब्राह्मणी भन्छिन्–

"छोरा ! तिम्रो दर्शनार्थ आएकी हुँ ।" यति भनी पुनः भन्दछिन्– "छोरा ! तिम्रो कोठामा पहिले आएका को हुन् ?"

Downloaded from http://dhamma.digital/

"उपासिके ! **चातुर्महाराजिक देवताहरू** हुन् ।"

"छोरा ! के चातुर्महाराजिक देवताहरू भन्दा तिमी ठूला छौ ?"

"उपासिके ! हाम्रा शास्ता मातृ कोखमा प्रवेश गर्दा यिनीहरूले हातमा खड्ग लिई चारै दिशामा बसी वहाँको आरक्षा गरेका थिए । "

"छोरा ! उनीहरू गइसकेपछि को आए त ?"

"**शक्र देवेन्द्र** । "

"देवराज **इन्द्रभन्दा** पनि तिमी ठूला छौ त ?"

"उपासिके ! हाम्रा शास्ता **त्रियस्त्रिंश** देवलोकबाट ओर्लिनु भएको बेलामा बस्तुहरू समात्ने श्रामणेर झैं भगवान्का पात्र-चीवर समाती उनी पनि ओर्लेका थिए ।"

"छोरा ! उनी गइसकेपछि प्रज्वलित हुँदै आएका को हुन् त ?"

"उपासिके ! सो चाहिं तिम्रा भगवान् तिम्रा शास्ता **महाब्रह्मा** हुन् ।"

"त्यसोभए के त तिमी मेरा भगवान् महाब्रह्माभन्दा पनि ठूला छौ त ?"

"उपासिके ! हो, हाम्रा शास्ता जन्मिनु भएको बेलामा चारजना **महाब्रह्माहरूले** वहाँ महापुरुषलाई हात थापेर लिएका थिए ।"

Downloaded from http://dhamma.digital/

अनि "मेरो छोराको त यस्तो प्रभाव छ भने उनका शास्ता भगवान्को कत्रो प्रभाव होला !" भन्ने सोच्दा सोच्दै उनको मनमा एक्कासी पञ्चवर्ण-प्रीति[1] उत्पन्न भई सारा शरीरमा फैलिएर गयो ।

अनि स्थविरले "अब भने मेरी आमाको मनमा प्रीति सौमनस्य उत्पन्न भयो । धर्मोपदेश गर्ने बेला ठीक भयो" भन्ने विचार गरी "महाउपासिके ! के सोच्दैछ्यौ ?" भनी सोध्नुभयो ।

"मेरो छोराको त यत्रो गुण छ भने उनका शास्ताको कत्रो गुण होला !" भन्ने कुरा सोच्दैछु भनी जवाफ दिइन् ।

"महाउपासिके ! मेरा शास्ता जन्मिनुहुँदा, महाभिनिष्क्रमण गर्नुहुँदा, सम्बोधित्व प्राप्त गर्नुहुँदा र धर्मचक्र प्रवर्तन गर्नुहुँदा दशसहस्री लोकधातु कम्पित भएको थियो । शील, समाधि, प्रज्ञा, विमुक्ति र विमुक्तिज्ञानदर्शनमा मेरो शास्ता समान कोही छैन । वहाँ भगवान् अरहत् सम्यकसम्बुद्ध हुनुहुन्छ र देवमनुष्यका शास्ता हुनुहुन्छ आदि भनी बुद्धगुणले युक्त धर्मोपदेश गर्नुभयो । प्रिय पुत्रको धर्मोपदेशको अवशानमा **रूपसारी** ब्राह्मणी स्रोतापत्तिफलमा प्रतिष्ठित भइन् र छोरालाई भनिन्– "छोरा उपतिस्स ! किन यसो गरेको ? किन यतिका दिनसम्म मलाई अमृत नदिएको ?"

"अब मैले मेरी आमा **रूपसारी** ब्राह्मणीले पोषण गरेको मूल्य

---

१. 'पञ्चवर्ण-प्रीति' भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. गृ. भा–२, पृ. २०९ को पादटिप्पणीमा वर्णित छ ।

Downloaded from http://dhamma.digital/

चूक्ता गरें। यत्ति नै पर्याप्त छ" भन्ने विचार गरी स्थविरले "जाऊ उपासिके !" भनी ब्रह्मषीलाई पठाई **चुन्दसँग** "के समय भयो ?" भनी सोध्नुभयो।

**चुन्द स्थविरले** "भन्ते बिहान सबेरै हुन लाग्यो" भनी भनेपछि "त्यसोभए भिक्षुसङ्घलाई भेला गराऊ" भनी स्थविरले भन्नुभयो।

"भन्ते ! भिक्षुसङ्घ भेला भइसक्यो।"

"चुन्द ! त्यसोभए मलाई उठाई बसाल।"

अनि **चुन्द स्थविरले** वहाँलाई उठाई बसाल्नु भयो। अनि स्थविरले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो–

"आवुसो ! चवालीस वर्षसम्म मसँग बस्ने तिमीहरूले यदि मेरो कायिक र वाचिक कर्ममा कुनै मन नपर्ने कुरो देखेका छौ भने मलाई क्षमा गर।"

"भन्ते ! यतिका समयसम्म तपाइँको छाया समान भई बसेका हामीहरूलाई कुनै पनि मन नपर्ने कुरा छैन। बरू तपाइँले हामीहरूलाई क्षमा गर्नुहोस्।"

त्यसपछि स्थविर संघाटि तानी मुख छोपी दाहिनेतिरबाट कोल्टो परी शास्ताले झैं नौ अनुपूर्व समाधिहरूमा[1] तलबाट माथिसम्म र माथिदेखि तलसम्म समाधिमा बसी फेरि प्रथमध्यानबाट चतुर्थध्यानमा

१. यो 'अनुपूर्व समाधि' भनेको के हो भन्ने कुरा लेखकको बु. गृ. भा–१, पृ. ९ मा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

बसी त्यसबाट उठ्नुका साथसाथै महापृथ्वी उन्नाद गराउँदै अनुपादिशेष निर्वाणधातुमा परिनिर्वाण हुनुभयो[1] ।

संयुत्तनिकाय अर्थकथा अनुसार **सारिपुत्र** स्थविर कार्तिक पूर्णिमाको दिनमा परिनिर्वाण हुनुभयो भने ठीक दुइहप्तापछि कृष्णपक्षको उपोसथको दिनमा **महामौद्गल्यायन** स्थविर परिनिर्वाण भएको कुरा उल्लेख भएको छ । त्यसैले त्यहाँ यस्तो उल्लेख भएको हो—

**"तेसंहि धम्मसेनापति कत्तिक मास पुण्णमायं परिनिब्बुतो महामोगगल्लानो ततो अड्ढमासमातिक्कमेन कालपक्खस्स उपोसथे[2] ।"**

X X X

## सारिपुत्र अभ्यास-१८

१) सारिपुत्र स्थविरले परिनिर्वाणको लागि अनुमति माग्दा तथागतसँग भएका वार्तालाप बारे प्रकाश पार्नुहोस् ।

२) स्थविर अन्तिमावस्थामा नालकगाउँस्थित आफ्नो जन्मस्थानमा किन जानुभएको थियो ?

३) स्थविरले आफ्नो कोठामा के तयारी गर्न लगाए र त्यतिवेला स्थविरको शारीरिक अवस्था कस्तो थियो ?

४) स्थविरका आमा रूपसारी धर्मोपदेश श्रवण गर्न कसरी मानिन् ?

५) सारिपुत्र स्थविरको परिनिर्वाण अवस्थालाई चित्रण गर्नुहोस् ।

◆◆◆

---

१. सं. नि. अ. क. III. पृ. १७५–७६ : चुन्दसुत्तवण्णना, सतिपट्ठानसंयुत्तं; दी. नि. अ. क. II. पृ. २५७–५९ : महापरिनिब्बानसुत्तवण्णना ।

२. सं. नि. अ. क. III. पृ. १८१ : उक्कचेलसुत्तवण्णना, सतिपट्ठानसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

# परिनिर्वाणपछि

"किन मेरो छोरा केही बोल्दैनन्" भन्दै उपासिका (सारिपुत्रकी आमा) उठेर खुट्टा सुम्सुम्याइ हेर्दा परिनिर्वाण भएके कुरा बुझी बेसरी चिच्याउँदै खुट्टामुनि लडी "छोरा ! मैले यसभन्दा अघि तिम्रो गुण थाहा पाइन । अब तिमी सहित शयकडौं हजारौं लाखौं भिक्षुहरूलाई यो घरमा बसाली भोजन गराउन सकिन । चीवरद्वारा पूजा गर्न सकिन । शयौं विहार, हजारौं विहार बनाउन पनि सकिन" भन्दै अरुणोदय नभएसम्म बेसरी रोइन् ।

अरुणोदय हुने बित्तिकै सुवर्णकारहरूलाई बोलाउन पठाई सुनको ढुकुटी उघारी सुनका घडाहरू निकाली ठूलो तराजुमा सुन जोख्न लगाई पाँचशय सुनका गजुर भएका रथहरू, पाँचशय ध्वजा झुण्ड्याउने सुनका दण्डाहरू बनाउन लगाइन् । **शक्र देवेन्द्रले** पनि **विश्वकर्मालाई** बोलाई "तात ! धर्मसेनापति परिनिर्वाण हुनुभयो । पाँचशय सुनका दण्डाहरू बनाऊ" भनी आज्ञा दिए । यसरी महाउपासिकाले बनाउन लगाएका र **विश्वकर्माले** बनाएका गरी जम्मा दुइहजार भए । त्यसपछि अत्यन्त असल काठको मण्डप बनाउन लगाई मण्डपको बीचमा ठूलो गजुर भएको रथ राखी बाँकी रथहरू परिवारको रूपमा चारैतिर राख्न

Downloaded from http://dhamma.digital/

लगाई 'साधु क्रीडा' गर्न थाले। देवताहरूको बीचमा मानिसहरू र मानिसहरूका बीचमा देवताहरूको घुँइचो लाग्न थाल्यो[1]।

त्यसबखत त्यहाँ **रेवती** भन्ने स्थविरकी उपस्थायिका स्त्री थिइन्। उनले "म पनि स्थविरको पूजा गर्नेछु" भनी सुनका फूलहरूका तीनवटा घडाहरू बनाइन्। स्थविरको पूजा गर्नेछु भनी **शक्र देवेन्द्र** पनि साँढे दुइ कोटी नर्तकीहरू लिई आकाशबाट ओर्ल्हे। शक्र ओर्ल्हिदै छन् भन्दै मानिसहरू पछाडि फर्कदै हट्दै गए। त्यस हुलमुलमा **रेवती** पनि थिइन्। पछि हटेर जान्छु भन्दा गुरुभार (गरुभारता) भएको हुँदा छेउ लाग्न नसकी मानिसहरूको भीडको बीचमा लोटिन्। मानिसहरूले नदेखेर उनलाई कुल्चिदै गए। उनको उहीं मृत्यु भयो र त्रयस्त्रिंश देवलोकको **कनक विमानमा** उत्पन्न भइन्। उत्पन्न हुनेबित्तिकै रत्नको ढिक्को जस्तै तीन गाउत प्रमाणको आत्मभाव लाभ भयो। साठीवटा गाडीमा अटाउने जतिका आभरणद्वारा प्रतिमण्डित भई एक हजार अप्सराहरूले परिवृत्त गरे। अनि मानिस जत्रै अग्लो ऐना उनको अगाडि राखिदिए। अनि आफ्नो श्रीसम्पत्ति देखेर उनले "यो श्रीसम्पत्ति बडो ठूलो छ, के कर्मको प्रभावले यत्रो सम्पत्ति पाएकी रहेछु?" भनी विचार गर्दा **सारिपुत्र स्थविर** परिनिर्वाण भएको ठाउँमा तीनवटा सुनका फूलका घडाहरूलाई पूजा गरेको थिएँ र सो हुलमुलमा मानिसहरूद्वारा म कुल्चिई मृत्यु भई यहाँ उत्पन्न भएकी हुँ। स्थविरको कारणले मैले यो पुण्यको विपाक भोग्न पाएँ। मानिसहरूलाई यो कुरा सुनाउनेछु भनी

१. सं. नि. अ. क. III. पृ. १७७ : चुन्दसुत्तवण्णना, सतिपट्ठानसंयुत्तं।

Downloaded from http://dhamma.digital/

विमान सहित ओर्लिन् ।

मानिसहरूले टाढैबाट देखे र दुइवटा सूर्य उदय हुँदै छन् भन्दै हेरिरहे। गजुर भएको रथ जस्तै विमान आइरहेको देखें। अनि मानिसहरूले भन्नथाले कि यो त सूर्य होइन विमान पो रहेछ। विमान पनि आएर उत्नाघरीमै दारुमय चितामाथि बस्यो । देवकुमारी चाहिं आकाशमै विमान छाडी आफू मात्र पृथ्वीमा ओर्लिन् । महाजनहरूले "तपाई को हुनुहुन्छ ?" भनी सोधे ।

"तपाईहरू मलाई चिन्नु हुन्न म **रेवती** भन्ने **सारिपुत्र स्थविरकी** उपस्थायिका हुँ । सुनका फूलहरूका तीनवटा घडाहरू पूजा गर्दा मानिसहरूले कुल्चिदा मेरो उहीं मृत्यु भयो र **त्रयस्त्रिंश देवलोकमा** उत्पन्न भएकी हुँ । मेरो श्रीसम्पत्ति हेर्नुहोस् । तपाईहरूले पनि दान दिनुहोस् पुण्यकर्म गर्नुहोस्" भन्दै कुशल कर्मको महिमा बताई स्थविरको चितालाई तीन पटक प्रदक्षिणा गरी वन्दना गरी आफ्नै देवस्थानमा फर्किन्[1] ।

एक हप्ता सम्म साधुक्रीडा गरिसकेपछि महाजनहरूले सुगन्धित काठहरूको चिता बनाए । चिताचाहिं उनान्शय हातको थियो । स्थविरको शव चितामा राखिसकेपछि उशीर (तृणविशेष) को मुठा वाली आगो लगाए । चिता स्थलमा रातभरी धर्मदेशना भएको थियो । **अनुरुद्ध स्थविरले** सुगन्धित पानीले चिता निभाउनु भयो । **चुन्द स्थविरले**

१. सं. नि. अ. क. III. पृ. १७७–७८ : चुन्दसुत्तवण्णना, सतिपट्ठानसंयुत्तं ।

Downloaded from http://dhamma.digital/

धातुहरू (= भष्मावशेष) पानी छान्ने कपडामा राखी "अब म यहाँ बस्न सक्दिन । मेरा जेठा दाजु **धर्मसेनापति सारिपुत्र महास्थविर** परिनिर्वाण भएको कुरा **सम्यक्सम्बुद्धलाई** सुनाउनेछु" भनी धातु भएको पानी छान्ने कपडा पनि पात्र-स्थविरको पात्र-चीवर पनि लिई **श्रावस्तीमा** जानुभयो । कहिं पनि वहाँ दुइ रात बास बस्नु भएन[1] ।

त्यसैले **चुन्द सूत्रमा** यस्तो उल्लेख भएको हो –

**"अथ खो चुन्द समणुद्देसो आयस्मतो सारिपुत्तस्स पत्तचीवरमादाय येन सावत्थि जेतवनं अनाथपिण्डिकस्स आरामो येनायस्मा आनन्दो तेनुपसङ्कमि ।...आयस्मा भन्ते, सारिपुत्तो परिनिब्बुतो । इदमस्स पत्तचीवरं**[2] ।"

अर्थात्– "अनि **चुन्द श्रमणाद्देश** आयुष्मान् **सारिपुत्रको** पात्र-चीवर ग्रहण गरी जहाँ **श्रावस्ती अनाथपिण्डकको जेतवनाराम** हो जहाँ आयुष्मान् **आनन्द** हो त्यहाँ जानुभयो । ... भन्ते ! आयुष्मान् **सारिपुत्र परिनिर्वाण** हुनुभयो । यो वहाँको पात्र-चीवर हो ।"

**श्रावस्ती जेतवनाराममा** पुग्नु भएपछि जेतवनको पोखरीमा स्नान गरी राम्ररी चीवर पहिरिसकेपछि वहाँको मनमा यस्तो लाग्यो– "बुद्धहरू भनेका विशाल ढुंगाको छाता जस्तो र गौरवनीयहरूको आगा

१. सं. नि. अ. क. III. पृ. १७८; दी. नि. अ. क. II. पृ. २५९.

२. सं. नि. IV. पृ. १३८ : चुन्दसुत्तं, सतिपट्ठानसंयुत्तं । यस सूत्रको अनुवाद लेखकको बु. श्रा. च. भा–२, पृ. २९७ मा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

जस्ता हुन्...। वहाँकहाँ सोभै गएर यो समाचार सुनाउन सक्दिन । त्यसोभए कसकहाँ जाऊँ त ? किन म मेरा उपाध्याय धर्मभण्डागारिक आयुष्मान् **आनन्दकहाँ** नजाऊँ । वहाँ मेरा जेठा दाइ स्थविरका श्रेष्ठ साथी पनि हुनुहुन्छ। वहाँकहाँ गई वहाँसँग भगवान्कहाँ जानेछु" भन्ने निश्चिय गरी वहाँ पहिले **आनन्द स्थविरकहाँ** जानुभयो ।

अनि **आनन्द स्थविरलाई** एक एक सबै कुरा सुनाइसके पछि दुवैजना भगवान् समक्ष जानुभयो। त्यहाँ **आनन्द स्थविरले** भगवान्लाई **चुन्द** यस्तो भन्दछन् भन्दै **चुन्दले** भनेका कुराहरू सबै एक एक सुनाउनु भयो र "यो वहाँको चीवर हो, यो वहाँको पात्र हो र यो वहाँको अस्थिधातुहरू भएको पानी छान्ने कपडा हो" भनी बिन्ती गर्नुभयो ।

x x x

## सारिपुत्र अभ्यास-१९

१) सारिपुत्र स्थविरको परिनिर्वाण पछि आमा रूपसारी किन र कसरी विलाप गरिन् ?

२) रेवती उपस्थापिकाको कसरी मृत्यु भयो र कसरी उनले मृत्युपछि सुगति प्राप्त गरिन् ?

३) सारिपुत्र स्थविरको चिता कसरी जलाइयो ?

४) चुन्द स्थविरले सारिपुत्र स्थविरको परिनिर्वाण भई डाह संस्कार सम्पन्न भैसकेको खबर कसरी आनन्द स्थविर समक्ष पुऱ्याए ?

◆◆◆

Downloaded from http://dhamma.digital/

## भगवान्‌को प्रतिक्रिया

**आनन्द र चुन्द स्थविरले सारिपुत्र** स्थविर परिनिर्वाण भएको र वहाँको पात्र-चीवर मात्र होइन वहाँका अस्थिधातुहरू भएको पानी छान्ने कपडा समेत देखाएपछि बुद्ध भगवान्‌ले हात पसारी अस्थिधातुहरू भएको कपडा हातमा राखी भिक्षुहरूलाई यस्तो भन्नुभयो—

"भिक्षुहो ! जो त्यो भिक्षुले अघिल्लो दिनमा अनेक शय ऋद्धि-प्रातिहार्यहरू देखाई परिनिर्वाण हुने अनुमति लिए त्यसैको यो शंखवर्ण अवशेष धातुहरू हुन् । भिक्षुहो ! यी भिक्षुले शतसहस्राधिक असंखेय्य कल्पहरू पारमी पूरा गरेका थिए । भिक्षुहो ! यो भिक्षुले मैले प्रव्रर्तित धर्मचक्र अनुप्रवर्तन गर्न सक्थे । भिक्षुहो ! यी भिक्षु बुद्धशासनमा दोश्रो स्थान पाएका भिक्षु हुन् । भिक्षुहो ! यी भिक्षु, भिक्षु सम्मेलन पूरा गर्ने भिक्षु हुन् । भिक्षुहो ! यी भिक्षु दशसहस्र चक्रवाडमा प्रज्ञामा म बाहेक असदृश हुने भिक्षु हुन् । भिक्षुहो ! यी भिक्षु महाप्रज्ञावान्, पृथुप्रज्ञावान्, हासप्रज्ञावान, जवनप्रज्ञावान्, तीक्ष्णप्रज्ञावान् र निर्वेधप्रज्ञावान् भिक्षु हुन् । भिक्षुहो ! यी भिक्षु अल्पेच्छी, सन्तुष्टी, एकान्तप्रेमी, असंसर्गी, वीर्यवान्, अर्ति दिने तथा पापनिन्दक भिक्षु हन् । यी भिक्षु लाभ भएका महान सम्पत्तिहरू त्यागी पाँचशय जन्मसम्म प्रव्रजित भएका भिक्षु हुन् । यी भिक्षु मेरो शासनमा पृथ्वी समान क्षान्ति हुने भिक्षु हुन् । यी भिक्षु सिङ्

Downloaded from http://dhamma.digital/

भाँचिएको साँढिसमान भिक्षु हुन् । यी भिक्षु चण्डालपुत्र झैं निहतमानी भिक्षु हुन्। भिक्षुहो ! यो त्यो भिक्षुका धातुहरू हुन्। हेर यी महाप्रज्ञावान्...र पापनिन्दक भिक्षुका धातुहरू ! !"

यति भन्नुभई वहाँले फेरि यसो भन्नुभयो–

१. "यो पब्बजि जाति सतानि पञ्च,
पहाय कामानि मनोरमानि ।
तं वीतरागं सुसमाहितिन्द्रियं,
परिनिब्बुतो वन्दथ सारिपुत्तं ॥

२. "खन्तीबलो पठवीसमो न कुप्पति,
न चापि चित्तस्स वसेन वत्तति ।
अनुकम्पको कारुणिको च निब्बुतो,
परिनिब्बुतो वन्दथ सारिपुत्तं ॥

३. "चण्डालपुत्तो यथा नगरं पविट्ठो,
नीचगनो चरति कपालहत्थो ।
तथा अयं विचरति सारिपुत्तो,
परिनिब्बुतो वन्दथ सारिपुत्तं ॥

४. "उसभो यथा छिन्नविसाणको[1],
अहेठयन्तो चरति पुरन्तरे ।

१. स्याममा: 'छिन्नबिसाणसेनो' ।

Downloaded from http://dhamma.digital/

तथा अयं विचरति सारिपुत्तो,
परिनिब्बुतो वन्दथ सारिपुत्तं' ति[1] ॥"

अर्थ–

१—"मनोरम्य कामविषयलाई त्यागी जो पाँचशय जन्मसम्म प्रव्रजित भए सो सुसमाहित इन्द्रिय भएका वीतरागी सारिपुत्र परिनिर्वाण भइसके अब उनलाई वन्दना गर ।

२—"क्षान्तीबलद्वारा पृथ्वी समान अकम्प्य भएका र चित्तको वशमा नबस्ने र अनुकम्पा राख्ने कारुणिक सारिपुत्र परिनिर्वाण भइसके अब उनलाई वन्दना गर ।

३—"हातमा कपाल लिई निहतमानी भई जसरी चण्डालपुत्र नगरमा जान्छ त्यस्तै गरी यी सारिपुत्र पनि निहतमानी भई विचरण गर्छन् । अब सो सारिपुत्र परिनिर्वाण भइसके उनलाई वन्दना गर ।

४—"सिङ् भाँचिएको साँढे जसरी कसैलाई बाधा नदिई नगरमा हिंड्छ त्यस्तै गरी हिंड्ने सारिपुत्र परिनिर्वाण भइसके अब उनलाई वन्दना गर ! !"

यसरी पाँचशय गाथाद्वारा भगवान्ले स्थविरको गुण वर्णना गर्नुहुँदा नजिकमा बसिरहनुभएका आनन्द स्थविर शोकलाई थाम्न नसकी

१. सं. नि. अ. क. III. पृ. १७९–८० : चुन्दसुत्तवण्णना, सतिपट्ठानसंयुत्त ।

Downloaded from http://dhamma.digital/

बिरालोको मुखमा परेको कुखुरा जस्तै थर थर काप्नभयो भनी संयुक्त अर्थकथा[1] र दीर्घनिकाय अर्थकथाले[2] उल्लेख गरेका छन्।

यसपछि भगवान्ले **सारिपुत्र** स्थविरको धातुको चैत्य बनाउन लगाई **आनन्द** स्थविरलाई **राजगृह** जाने संकेत दिनुभयो। राजगृह पुगिसकेपछि **महामौद्गल्यायन स्थविर** पनि परिनिर्वाण हुनुभयो। वहाँका धातुहरूको पनि स्तूप बनाउन लगाई भगवान् त्यहाँबाट क्रमशः वृजीहरूको उक्काचेल नगरको चाँदीको धुलो जस्तो बालुवा भएको गंगा नदीको तीरमा महत् भिक्षुसङ्घद्वारा परिवृत्त भई बस्नुभयो[3]। त्यसैले सूत्रमा—

**"एकं समयं भगवा वज्जीसु विहरति उक्कचेलायं गङ्गाय नदिया तीरे महता भिक्खुसङ्घेन सद्धिं अचिरपरिनिब्बुते सारिपुत्तमोग्गल्लानेसु[4]"** भनी उल्लेख भएको हो।

अनि चुपलागी बसिरहेका विशाल भिक्षुहरूलाई बोलाई भगवान्ले

---

१. III. पृ. १८०.

२. II. पृ. २५९.

३. दी. नि. अ. क. II.पृ. २५९ : महापरिनिब्बानसुत्तवण्णना; उदा. अ. क. पृ. २२६–२७: आयुसंखारोस्सज्जन सुत्तवण्णना; सं. नि. अ. क. पृ. १८१ : उक्कचेलसुत्तवण्णना, सतिपट्ठानसंयुत्तं।

४. सं. नि. IV. पृ. १४० : उक्कचेलसुत्तं, सतिपट्ठानसंयुत्तं। यस सूत्रको अनुवाद लेखकको बु. श्रा. च. भा–३, पृ. ६ मा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

यसो भन्नुभयो–

**"अपि च म्यायं, भिक्खवे, परिसा सुञ्ञा विय खायति परिनिब्बुतेसु सारिपुत्तमोग्गल्लानेसु। असुञ्ञा मे, भिक्खवे, परिसा होति, अनपेक्खा तस्सं दिसायं होति यस्सं दिसायं सारिपुत्तमोग्गलाना विहरन्ति।"**

अर्थात्– "भिक्षुहो ! सारिपुत्र र मौद्‌गल्यायनहरूको परिनिर्वाण पछि यो परिषद् शून्य जस्तो लाग्छ। भिक्षुहो ! जुन दिशामा सारिपुत्र मौद्‌गल्यायन हुन्थे त्यो दिशा शून्य लाग्दैनथ्यो र त्यस दिशामा मैले केही हेर्नुपर्ने पनि हुन्नथ्यो।"

यति भन्नुभई फेरि अगाडि यस्तो भन्नुभयो–

**"अच्छरियं, भिक्खवे, तथागतस्स, अब्भुतं, भिक्खवे, तथागतस्स ! एवरूपे पि नाम सावकयुगे परिनिब्बते नत्थि तथागतस्स सोको वा परिदेवो वा[1] !"**

अर्थात्—"भिक्षुहो ! तथागतको यो आश्चर्य हो ! भिक्षुहो ! तथागतको यो अद्‌भूत हो ! जो कि त्यस्ता युगल अग्रश्रावकहरू परिनिर्वाण हुँदा पनि तथागतलाई न शोक छ न त परिदेव नै ! ..."

अझ अगाडि वहाँ भन्नुहुन्छ—

**"सेय्यथापि, भिक्खवे, महतो रुक्खस्स तिट्ठतो सारवतो ये महन्ततरा**

१. सं. नि. IV. पृ. १४० : उक्कचेलसुत्तं।

Downloaded from http://dhamma.digital/

**खन्धा ते पलुज्जेय्युं; एवमेव खो, भिक्खवे, महतो भिक्खुसङ्घस्स तिट्ठतो सारवतो सारिपुत्तमोग्गल्लाना परिनिब्बुता[1] ।"**

अर्थात्– "भिक्षुहो ! जस्तै कुनै सारवान् विशाल रुख भएर पनि त्यसको विशालतर शाखा भाँचिन्छ, त्यस्तै भिक्षुहो ! सारवान् महाभिक्षुसङ्घ रहेर पनि **सारिपुत्र मौद्गल्यायनहरूको** परिनिर्वाण भयो ! ..."

x x x

## सारिपुत्र अभ्यास–२०

**प्रश्नहरू:**

**सोधिएका प्रश्नहरूको आफ्नै भाषामा जवाफ लेख्नुहोस् ।**

१) तथागतले सारिपुत्र स्थविरको अस्थिधातु भएको कपडा हातमा राखी शिष्य भिक्षुहरूलाई के आज्ञा गर्नुभएको थियो ? लेख्नुहोस् ।

२) महामौद्गल्यायन स्थविरको परिनिर्वाण कहिले भयो ?

३) स्थविरहरूका अस्थिधातुलाई कसरी सम्मान गरियो ?

४) सारिपुत्र र मौद्गल्लयायन स्थविरको परिनिर्वाण पछि विशाल भिक्षुहरूलाई तथागतले के आज्ञा गर्नु भयो ? लेख्नुहोस् ।

◆◆◆

---

१. सं. नि. IV. पृ. १४० : उक्कचेलसुत्तं ।

Downloaded from http://dhamma.digital/

# विविध कारणहरू

एकलाख असंख्य कल्प अघि **अनोमदर्शी**[१] बुद्धको समयमा **सारिपुत्र** स्थविर एक महाधनी ब्राह्मणको कुलमा जन्मी सरद भन्ने नामले प्रसिद्ध हुनुहुन्थ्यो । अनि वहाँले **अनोमदर्शी** बुद्धसँग सर्वप्रथम "भविष्यमा हुने कुनै बुद्धको अग्रश्रावक हुनपाऊँ" भनी प्रार्थना गर्दा **अनोमदर्शी** सम्यक्सम्बुद्धले "भविष्यमा **गौतम बुद्धका** अग्रश्रावक हुनेछौ" भनी भविष्यवाणी गर्नुभएको थियो[२] । त्यसैले **अपदानपालिमा**[३] यस्तो उल्लेख भएको हो ।

"सारिपुत्तो ति नामेन, हेस्सति अग्गसावको ।"

त्यहाँदेखि वर्तमान बुद्धको समयसम्म वहाँले अग्रश्रावक पारमी पूरा गर्दै आउनुभयो । **अश्वजित्** भिक्षुको गाथा सुनेपछि बुद्धकहाँ प्रव्रजित भई अरहन्त भएपछि वहाँको पारमी पूर्ण भयो । त्यसैले

---

१. दीपङ्कर बुद्धदेखि सातौं बुद्ध । बु. वं. पा. पृ. ३३५; दी. नि. अ. क. III. पृ. १९६ : सम्पसादनीयसुत्तवण्णना ।

२. यस सम्बन्धी सविस्तर कुरा अप. दा. अ. क. पृ. १७६ : सारिपुत्तत्थेर अपदानट्ठकथामा उल्लेख भएको छ । लेखकको 'संक्षिप्त कथा सहित धम्मपद' पृ. ५८ मा पनि उल्लेख भएको छ ।

३. I. पृ. २७ गा. नं. २५४.

Downloaded from http://dhamma.digital/

पालि साहित्यको ठाउँ ठाउँमा "**थेरोहि कप्पसतसहस्साधिकं एकं असंखेय्य पारमियो पूरेत्वा**" भनी उल्लेख भएको हो[१]।

\+ + +

जत्तिकै पारमी पूरा गरेर आएता पनि अग्रश्रावक लगायत सबै श्रावकहरूले विना अरूबाट कुनै कुरा नसुनेसम्म आफैले ज्ञानपूर्वक विचार गरी बुद्धहरूले जस्तो धर्माभिसमय गर्न सक्तैनन् भनी पपंञ्चसूदनीले उल्लेख गरेको छ। **अश्वजित्** भिक्षुबाट **'ये धम्मा हेतुप्पभवा'** भन्ने गाथा सुनेर मात्र वहाँले धर्माभिसमय प्राप्त गर्नुभएको थियो।

प्रत्येकबुद्ध र सर्वज्ञबुद्धहरूलाई भने अरूसँग सुन्नुपर्ने जरूरत पर्दैन। वहाँहरूले चाहिं आफ्नै ज्ञानपूर्वक चिन्तनले धर्माभिसमय प्राप्त गर्न सक्नुहुन्छ। अग्रश्रावक लगायत अरू सबै श्रावकहरूलाई चाहिं अरूबाट सुन्ने (परतोघोसकम्मं) र आफ्नै ज्ञानपूर्वक चिन्तन (योनिसोमनसिकार) भन्ने यी दुइवटा कारणहरू आवश्यक हुन्छन्[२]।

\+ + +

**सारिपुत्र स्थविर** धुताङ्गगुण[३]धारी र धुताङ्गगुण सम्बन्धी उपदेशक पनि हुनुहुन्छ भनी विसुद्धिवग्गो (पृ. ६१) मा उल्लेख

१. पपं. सू. II. पृ. २८८ : महावेदल्लसुत्तवण्णना।
२. पपं. सू. II. पृ. २८८ : महावेदल्लसुत्तवण्णना।
३. यी धुताङ्ग भनेको कस्तो हो भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. १२३ को पादटिप्पणीमा हेर्नू।

Downloaded from http://dhamma.digital/

भएको छ । कुनै कुनै स्थविरहरू चाहिं धुताङ्गधारी भन्ने हुन्छन् तर धुताङ्ग सम्बन्धमा कुनै उपदेश गर्दैनन् । जस्तै **बक्कुल** महास्थविर । वहाँ धुताङ्गधारी हुनुहुन्छ तर धुताङ्ग सम्बन्धी कुनै उपदेश गर्नुहुन्न । **उपनन्द शाक्यपुत्र** भने धुताङ्गधारी होइनन् तर धुताङ्ग सम्बन्धी उपदेश भने गर्नुहुन्छ । **लालुदायि स्थविर** भने न त धुताङ्गधारी हुन् न त धुताङ्ग सम्बन्धी उपदेश नै गर्नसक्ने हुन् । **सारिपुत्र स्थविरमा** चाहिं दुवै गुण थिए । त्यसैले "**तयिदं आयस्मा सारिपुत्तो धुतोचेव धुतवादो च**" भनी विसुद्धिमग्गो पृ. ६१ मा उल्लेख भएको हो ।

\+ + +

विसुद्धिमग्ग[1], पटिसम्भिदामग्ग[2] र बुद्धवंसट्ठकथा[3] अनुसार **सारिपुत्र स्थविरमा** 'समाधिविष्फार ऋद्धि' पनि थियो ।

\+ + +

शुरु शुरुमा **सारिपुत्र स्थविरले** देखे देखेका मानिसहरूलाई बोलाई पञ्चशील लिन लगाउनु हुन्थ्यो । मानिसहरू वहाँ प्रतिको गौरबले गर्दा शील लिन्थे तर पालन भने गर्दैनथे र आ–आफ्ना काम गर्थे । यो सुनेर स्थविर खिन्न हुनुहुन्थ्यो । पछि भिक्षुहरूले वहाँलाई

---

१. पृ. २८३–८४ : इद्धिविधनिद्देसो ।

२. पृ. ४७५ : इद्धिकथा ।

३. पृ. २४ : निदानकथा ।

Downloaded from http://dhamma.digital/

यस्तो भने– "भन्ते ! मानिसहरूको इच्छा विना कर लगाएर उनीहरूलाई शील नदिनुहोस् । इच्छा हुनेहरूलाई मात्र शील दिनुहोस् ।" स्थविरले यो कुरा स्वीकार्नुभयो[1] ।

एक समय सारिपुत्र र महामौद्गल्यायन स्थविरहरू कुनै एक जंगलमा बस्नु भएको थियो । वहाँहरू मिलजुल गरी बसेका कुरा वहाँहरूलाई फुटाउने मनसायले वहाँहरूकहाँ गई चुक्ली सुनाउनु थाल्यो । स्थविरहरूले परस्पर कुरा गर्नुभयो । यो पुरुष हामीलाई फुटाउन चाहन्छ भनी उसलाई त्यहाँबाट निकालि दिनुभयो[2] ।

+ + +

एक समय स्थविर नालन्दाको पावारिकम्बवनमा बस्नु भएको थियो । एकदिन बिहान सबेरै शरीरकृत्य सिध्याई नालन्दावासीहरूको हितको लागि भिक्षाटन् गई भोजनोपरान्त शास्ताको सेवाटहल गरिसकेपछि शास्ता आफ्नो गन्धकुटीमा जानुभयो । त्यसपछि स्थविर आफ्नो दिवास्थानमा गई त्यहाँ साथमा बस्ने अन्तेवासीहरू प्रति गर्नुपर्ने कर्तव्य पालन गरी दिवास्थान बढारी छालाको चारपाटे बिच्छ्याई

---

१. यस घटना सम्वन्धी सविस्तर कुरा लेखकको जा. सं. भा–४, पृ. ८५ : कारण्डिय जातकमा उल्लेख भएको छ ।

२. यस विपयमा विस्तर कुरा लेखकको जा. सं. भा–४, पृ. ९१ : वण्णारोह जातकमा उल्लेख भएको छ ।

Downloaded from http://dhamma.digital/

पानीले हात खुट्टा सफा पारी पलेटिमारी कालपरिच्छेद सीमित गरी फलसमापत्तिमा बस्नुभयो ।

कालपरिच्छेद अनुसार समापत्तिबाट उठी आफ्नो विषयमा चिन्तन गर्नुभयो । यस बखत वहाँले आफ्नो शील, समाधि र प्रज्ञा आदि गुणहरूमा विचार गर्दा मनमा महत् प्रीति उत्पन्न भयो । यसभन्दा एकलाख असंख्य कल्प अघि **अनोमदर्शी** बुद्धको चरणमा प्रार्थना गर्ने मेरो मनोरथ सफल भयो भनी मनमा ठूलो प्रीति उत्पन्न भयो ।

त्यसपछि वहाँले यस्तो विचार गर्नुभयो कि "सीमित भएको मेरो गुणको त अन्त जान्न सकिन्न भने तथागतको गुण झन कति होला !" भनी क्रमशः बुद्धको गुण संस्मरण गर्दा मनमा उत्पन्न भएको ठूलो प्रीतिको कुरा भगवान् समक्ष प्रकट गर्नु भएको थियो । यसै कारणलाई लिएर भगवान्‌ले दीघनिकायमा सम्पसादनीय सूत्रको[1] देशना गर्नुभएको हो ।

\+ \+ \+

**सारिपुत्र स्थविर** प्रति महाजनहरूको त्यत्तिकै श्रद्धा र भक्ति रहेछ भन्ने कुरा निम्न उदाहरणबाट बुझ्न सकिन्छ ।

---

१. दी. नि. III. पृ. ७७.

Downloaded from http://dhamma.digital/

एकदिन **श्रावस्तीबाट** केही भिक्षुहरू कपिलवस्तुमा गए। त्यसबखत कपिलवस्तुवासी शाक्यहरूले सुस्वास्थ्य सम्बन्धी कुरा सोधी त्यसपछि **सारिपुत्र मौद्गल्यायन** स्थविरहरूको बारेमा पनि सोधेका थिए[१] ।

\+ + +

'श्रावक' भन्नाले साधारणतया बुद्धका सबै भिक्षुहरूलाई (श्रामणेर भिक्षु दुवै थरीलाई) भनिएको हो भन्ने कुरा बुझ्नुपर्छ । शब्दार्थको हिसाबले चाहिं श्रवण गर्ने भन्ने अर्थले 'श्रावक' भनिएको हो ।

थेरगाथा अट्ठकथा भाग–२ ले[२] यसको विभाजन यसरी गरेको छ—

**सुभूति** स्थविरदेखि लिएर **वङ्गीस** स्थविरसम्म २६४ जनाका नामहरू थेरगाथा पालिमा उल्लेख भएका छन्। संक्षेपरूपमा भन्ने हो भने यी सबै आर्यवास पूरा गरिसकेका हुन् भन्ने अर्थले 'एकविध (= एकै प्रकारका) श्रावकहरू हुन् ।

**'एहि भिक्खु'** (= आऊ भिक्षु) भन्ने बुद्धवचनद्वारा भएका भिक्षुहरू र त्यस्तो वाक्यद्वारा भिक्षु नभएका समेत गरी दुइ थरी भिक्षुहरू छन् ।

---

१. सं. नि. IV. पृ. ३४७ : वस्संवुत्थसुत्तं, सोतापत्तिसंयुत्तं ।
२. पृ. २१५–१७ : वङ्गीस थेरगाथा अट्ठकथा ।

Downloaded from http://dhamma.digital/

यी मध्ये **ज्ञातकौण्डिन्य** प्रमुख पञ्चवर्गीय स्थविरहरू; **यश स्थविर**; उनका विमल **सुबाहु, पूर्णजित्** र **गवम्पति** भन्ने साथीहरू; उनीहरूका अरू पचासजना साथीहरू, तीसजना भद्रवर्गीय साथीहरू, **उरुवेल** काश्यपादि सहित एक हजार जटिलहरू, दुइ अग्रश्रावकहरू र उनीहरूका अढाइसय परिवारहरू र **अङ्गुलिमाल** स्थविर आदि गरी जम्मा एकहजार तीनशय पचास (१,३५०) हुन्छ। त्यसैले भनेको—

"सतत्तयं सहसञ्च पञ्ञासञ्च पुनापरे।
एत थेरा महापञ्ञा सब्बेव एहिभिक्खूका' ति[१] ॥"

**अर्थ—**

"एकहजार तीनशय पचास जना यी महाप्रज्ञा हुने सबै 'आऊ भिक्षु' भन्ने बुद्धबचनद्वारा उपसम्पन्न भएका भिक्षुहरू हुन्।"

यति मात्र होइन अरू पनि धेरै छन्। जस्तै– सेल ब्राह्मण र उनका तीनशय अन्तेवासी ब्राह्मणहरू[२]; **महाकप्पिन**[३] र उनका एकहजार परिवारहरू, **शुद्धोदन** महाराजाले पठाएका दशहजार मानिसहरू[४] र **बावरीय**[५] ब्राह्मणका सोह्र हजार ब्राह्मण शिष्यहरू– यी सबै '**एहिभिक्खु**'

१. पोराणट्ठकथा
२. म. नि. II. पृ. ४०१ : सेलसुत्तं।
३. मनो. र. पू. II. पृ. १७७ : एककनिपातवण्णना।
४. लेखकको बु. रा. भा.–१, पृ. १३५.
५. लेखकको बु. ब्रा. भा–३, पृ. ४०.

Downloaded from http://dhamma.digital/

भन्ने बुद्धवचनद्वारा उपसम्पन्न भएका भिक्षुहरू हुन्। यस बाहेक अरूहरू 'एहिभिक्खु' भन्ने बुद्धवचनद्वारा उपसम्पन्न नभएका भिक्षुहरू हुन्।

'एहिभिक्खु' भन्ने बुद्धवचनद्वारा उपसम्पन्न नभएका भिक्षुहरू चारथरी छन्–

(१) त्रिशरणद्वारा उपसम्पन्न भएका भिक्षुहरू[1]।

(२) **महाकाश्यप** जस्ता अववाद ग्रहणद्वारा उपसम्पन्न भएका भिक्षुहरू[2]।

(३) **सोपाक** जस्ता प्रश्नको उत्तर सुनेर उपसम्पन्न भएका भिक्षुहरू[3]।

(४) **राध** जस्ता ज्ञप्ति चतुर्थ वाक्यद्वारा उपसम्पन्न भएका भिक्षुहरू[4]।

जसरी 'एहिभिक्खु' (= आऊ भिक्षु) भन्ने वाक्यद्वारा उपसम्पन्न भएका भिक्षुहरू र भन्ने वाक्यद्वारा उपसम्पन्न नभएका भिक्षुहरू छन् त्यस्तै गरी 'सन्मुख उपसम्पन्न' भएका र 'परम्मुख उपसम्पन्न' भएका भिक्षुहरू गरी अर्का दुइथरी भिक्षुहरू छन्।

---

१. महा. व. पा. पृ. २३ : पब्बज्जूपसम्पदाकथा, महाखन्धकं।

२. सं. नि. II. पृ. १८४ : चीवरसुत्तं, कस्सपसंयुत्तं।

३. थेर. गा. अ. क. I.पृ. ४७९ : सोपाकत्थेरगाथट्ठकथा। थेर. गा. अ. क. II. पृ. २१६ : वङ्गीसत्थेरगाथट्ठकथा।

४. महा. व. पा. पृ. ५३ : ञत्तिचतुत्थकम्मउपसम्पदा, महाखन्धकं।

Downloaded from http://dhamma.digital/

यी मध्ये भगवान्‌को जीवनकालमा जो आर्यजातिद्वारा जन्मेका कौण्डिन्य आदि जस्ता भिक्षुहरू हुन् तिनीहरू 'सन्मुख उपसम्पन्न' भएका भिक्षुहरू हुन् भने भगवान्‌को परिनिर्वाणपछि उपसम्पन्न भएका भिक्षुहरू 'परम्मुख उपसम्पन्न' भएका भिक्षुहरू हुन् भनी भनिन्छ।

उभतोभाग विमुत्तद्वारा[1] भएका र प्रज्ञाविमुक्तद्वारा[2] भएका उपसम्पन्न भिक्षुहरू गरी अर्का पनि दुइथरी भिक्षुहरू छन्।

जति स्थविरहरूका अपदान (= चर्या) हरू अपदानपालिमा उल्लेख भएका छन् उनीहरू 'सापदान उपसम्पन्न' भिक्षुहरू हुन् भने जसको अपदान (= चर्या) अपदानपालिमा उल्लेख भएका छैनन् उनीहरू 'अनपादान उपसम्पन्न' भिक्षुहरू हुन्।

यसको अतिरिक्त (१) अग्रश्रावक, (२) महाश्रावक र (३) प्रकृति श्रावक गरी अर्का तीन थरी श्रावकहरू देखाई थेरगाथा अट्ठकथाले विभाजन गरेको छ।

---

१. 'उभतोभाग विमुक्त' भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. श्रा. च. भा–२, पृ. १०८ को पादटिप्पणीमा र लेखककै बु. ब्र. भा–१, पृ. २८३ को पादटिप्पणीमा उल्लेख भएको छ।

२. 'प्रज्ञाविमुक्त' भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. ब्रा. भा–३, पृ. १८० को पादटिप्पणीमा र बु. प. भा–१, पृ. ३२८ को पादटिप्पणीमा हेर्नू।

Downloaded from http://dhamma.digital/

यो मध्ये **ज्ञातकौण्डिन्यादि** असीतिमहाश्रावकहरूलाई 'असीति महाश्रावक[1]' भनिन्छ भने **सारिपुत्र मौद्गल्यायन** दुइजनालाई 'अग्रश्रावक' भन्दछन् । बाँकी अरू श्रावकहरू 'प्रकृतिश्रावक' हुन् ।

दुइ अग्रश्रावकहरू असीतिमहाश्रावकहरूमा पनि अन्तरगत हुन्छन्[2] ।

उपरोक्त विभाजन अतिरिक्त दीघनिकाय अर्थकथा[3] **सम्पसादनीय** सूत्र वर्णनामा चाहिं '**चत्तारो महाथेरा**' अर्थात् चार महास्थविर भनी छुट्टै पनि उल्लेख भएको छ ।

यी चार महास्थविरहरू **महाकाश्यप**, **अनुरुद्ध**, **महाकात्यायन** र **महाकोट्ठिक** महास्थविरहरू हुन् भनी दीघनिकाय अर्थकथाको टीकाले[4] प्रष्टयाएको छ ।

\+ \+ \+

जब भगवान् बुद्ध पहिलो पटक कपिलवस्तुमा जानुभयो तब त्यहाँ **शुद्धोदन राजा** सहित शाक्य परिवारहरूको ठूलो भेला भएको थियो । त्यसबखत भगवान् बुद्धले त्यहाँ प्रातिहार्य देखाउनुभएको

---

१. यी 'असीति महाश्रावक' भनेका को को हुन् भन्ने कुरा लेखकको बु. म. भा–१, पृ. ८९ को पादटिप्पणीमा उल्लेख भएको छ ।

२. थेर. गा. अ. क. II. पृ. २१५–१७ वङ्गीसत्थेरगाथावण्णना ।

३. III. पृ. १९८.

४. पृ. ५८४.

Downloaded from http://dhamma.digital/

थियो । त्यसबखत सारिपुत्र स्थविर राजगृहको गृद्धकूट पवर्तबाट कपिलवस्तु आउनु भई "भन्ते ! भगवान्ले कहिले देखि बुद्ध हुने कामना गर्नु भएको थियो ?" भनी प्रश्न सोध्नु भएको थियो । यसको उत्तर स्वरूप भगवान् बुद्धले दीङ्कर बुद्धको पालादेखिका कुराहरू बताउनु हुँदै अतीतका चौबीस (२४) जना बुद्धहरूका कुरा प्रकाश पार्नुभयो । जुन कुरालाई पछि गएर बुद्धवंश भनियो[१] । त्यसैले बुद्धवंस पालिमा[२] यसो उल्लेख भएको हो—

"सारिपुत्तो महापञ्ञो, समाधिज्झानकोविदो ।
पञ्ञाय पारमिप्पत्तो, पुच्छति लोकनायकं ॥

"कीदिसो ते महावीर, अभिनीहारो नरुत्तम ।
कम्हि काले तया धीर, पत्थिता बोधिमुत्तमा ॥

"तस्स पुट्ठो वियाकासि, करवीकमधुरगिरो ।
निब्बापयन्तो हदयं, हासयन्तो सदेवकं ॥"

**अर्थ—**

"श्रावकपारमीपारङ्गतसमाधि र ध्यानमा कोविद तथा महाप्रज्ञावान् हुनुभएका सारिपुत्र स्थविरले लोकनायक बुद्धसँग यस्तो सोध्नुभयो— "हे महावीर ! हे नरोत्तम बुद्ध ! बुद्धत्वको लागि तपाईंको अभिनिहार

१. बु. वं. अ. क. पृ. ३८–३९ : निदानवण्णना ।
२. पृ. ३०४ : रतनचंकमणकण्डं, गा. नं, ७४, ७५, ७८.

Downloaded from http://dhamma.digital/

(बुद्धत्वको लागि प्रार्थना, प्रतिज्ञा) कस्तो थियो र कुन समयमा तपाईंले सम्यक्सम्बोधिको निमित्त प्रार्थना गरी बुद्ध हुने प्रतिज्ञा गर्नु भएको हो ?

"अनि वहाँको कोइलीको जस्तो मधुर स्वरको हृदयको तापलाई शीतल पार्नुहुँदै सारा देवमनुष्यहरूलाई हर्षित पार्नुभई उत्तर दिनुभयो ।"

x x x

प्रातिहार्य तीन प्रकारका छन्– ऋद्धिप्रातिहार्य, आदेशना प्रातिहार्य र अनुशासनी प्रातिहार्य[१] ।

यो मध्ये **महामौद्गल्यायन** स्थविरमा ऋद्धिप्रातिहार्य सहित अनुशासनी प्रातिहार्यको ज्ञान छ भने धर्मसेनापति **सारिपुत्र** स्थविरलाई आदेशना प्रातिहार्य सहित अनुशासनी प्रातिहार्यद्वारा धर्मोपदेश गर्ने अभ्यास छ भन्ने कुरा बुद्धवंसट्ठकथाले[२] उल्लेख गरेको छ ।

x x x

## सारिपुत्र अभ्यास–२१

१) सारिपुत्रले पहिले कुन बुद्धको पालामा के हुनपाउँ भनी प्रार्थना गरेका थिए ?

२) 'एहिभिक्खु' भन्ने बुद्ध वचनद्वारा उपसम्पन्न नभएका भिक्षुहरू कति थरीका छन् ? उल्लेख गर्नुहोस् ।

३) प्रथमवार कविलवस्तु जानुहुँदा तथागतले के कस्तो व्यवहार प्रदर्शन गर्नुभएको थियो ?

४) प्रातिहार्य कति प्रकारका छन् ? धर्मसेनापति सारिपुत्र स्थविर र महा-मौद्गल्यायन कुन कुन प्रातिहार्यसित सम्बन्धित हुनुहुन्छ ? लेख्नुहोस् ।

◆◆◆

---

१. यस सम्बन्धी विस्तर कुरा लेखकको बु. गृ. भा–२, पृ. १६४ को केवट्टगृहस्थीको कुरामा उल्लेख भएको छ ।

२. पृ. ३१ : निदानवण्णना ।

Downloaded from http://dhamma.digital/

# जातकहरूमा सारिपुत्रको स्थान

(१) जा. अ. क. I–II. पृ. १०१, नं. ६ को **देवधम्म** भन्ने जातकमा बनारसका राजाका तीन छोराहरूमध्ये सारिपुत्र स्थविर माहिला छोरा हुने चन्दकुमार भएका थिए ।

(२) जा. अ. क. I–II. पृ. ११२, नं. ११ को **लक्खणमिग** भन्ने जातकमा बोधिसत्व मृगयोनिमा जन्मेको बेलामा सारिपुत्र स्थविर वहाँको लक्खणमृग भन्ने पुत्र भएका थिए ।

(३) जा. अ. क. I–II. पृ. १३६, नं. २३ को **भोजजानीय** भन्ने जातकमा बोधिसत्व बाराणसी राजाका भोजजानीय भन्ने मंगल घोडा भएको बेलामा सारिपुत्र स्थविर सवार भएका थिए ।

(४) जा. अ. क. I–II. पृ. १६३, नं. ३७ को **तित्तिर** भन्ने जातकमा बोधिसत्व तित्रो भएको बेलामा सारिपुत्र स्थविर बाँदर भएका थिए ।

(५) जा. अ. क. I–II. पृ. २२८, नं. ६ को **विसवन्त** भन्ने जातकमा बोधिसत्व वैदय छँदा सारिपुत्र स्थविर सर्प भएका थिए ।

(६) जा. अ. क. I–II. पृ. २३४, नं. ७२ को **सीवल नागराजा** भन्ने जातकमा बोधिसत्व हात्ती भएर जन्मेको बेलामा सारिपुत्र स्थविर उही जंगलको एक वृक्षदेवता भएका थिए ।

(७) जा. अ. क. I–II. पृ. २३७, नं. ७३ को **सच्चकिर** भन्ने जातकमा पछि राज्य पाउने धार्मिक राजा बोधिसत्व थिए भने सर्प चाहिं सारिपुत्र स्थविर थिए ।

(८) जा. अ. क. I–II. पृ. २४५, नं. ७७ को **महासुपिन** भन्ने जातकमा बोधिसत्व तपस्वी थिए भने सारिपुत्र स्थविर माणवक भएका थिए ।

(९) जा. अ. क. I–II. पृ. ३००, नं. ९९ को **परोसहस्स** भन्ने जातकमा बोधिसत्व उदिच्च ब्राह्मण कुलमा जन्मी पछि ऋषि भएर बसेको बेलामा सारिपुत्र स्थविर वहाँका जेष्ठ शिष्य भएका थिए ।

(१०) जा. अ. क. I–II. पृ. ३५०, नं. १३४ को **झानसोधन** भन्ने

Downloaded from http://dhamma.digital/

जातकमा बोधिसत्व तपस्वी भएको बेलामा सारिपुत्र स्थविर वहाँको जेष्ठ शिष्य भएका थिए ।

(११) जा. अ. क. I–II. पृ. ३५१, नं. १३५ को **चन्दाभ** भन्ने जातकमा बोधिसत्व तपस्वी भई मृत्युपछि महाब्रह्मा भएको बेलामा सारिपुत्र स्थविर वहाँको जेष्ठ शिष्य भएका थिए ।

(१२) जा. अ. क. I–II. पृ. ३५६, नं. १३८ को **गोध** भन्ने जातकमा बोधिसत्व थलगोही भई जन्मेको बेलामा सारिपुत्र स्थविर शीलवान् तपस्वी भएका थिए ।

(१३) जा. अ. क. I–II. पृ. ३८१, नं. ५११ को **राजोवाद** भन्ने जातकमा बोधिसत्व बाराणसीको ब्रह्मदत्त राजा भएको बेलामा सारिपुत्र स्थविर राजाको सारथी भएका थिए ।

(१४) जा. अ. क. I–II. पृ. ३९२, नं. १५६ को **अलीनचित्त** भन्ने जातकमा बोधिसत्व बाराणसी राजाका छोरा अलीनचित्त राजकुमार भएको बेलामा सारिपुत्र स्थविर हात्ती भएका थिए ।

(१५) जा. अ. क. I–II. पृ. ४१०, नं. १६३ को **सुसीम** भन्ने जातकमा बोधिसत्व पुरोहित ब्राह्मणको पुत्र हुँदा सारिपुत्र स्थविर दिशाप्रमुख आचार्य भएका थिए ।

(१६) जा. अ. क. I–II. पृ. ४१३, नं. १६४ को **गिज्झ** भन्ने जातकमा बोधिसत्व आमाको सेवा गर्ने गिद्ध भएर जन्मेको बेलामा सारिपुत्र स्थविर बाराणसीका सेठ भएका थिए ।

(१७) जा. अ. क. I–II. पृ. ४५१, नं. १८७ को **चतुमट्ट** भन्ने जातकमा बोधिसत्व एक वृक्षदेवता भएको बेलामा सारिपुत्र मौद्गल्यायनहरू चित्रकूटमा बस्ने हंसका बच्चाहरू भएका थिए ।

(१८) जा. अ. क. I–II. पृ. ४५४, नं. १९० को **मिलानिसंस** भन्ने जातकमा काश्यप बुद्धको पालामा बोधिसत्व समुद्रको देवता भएको बेलामा सारिपुत्र स्थविर नागराजा भएका थिए ।

Downloaded from http://dhamma.digital/

(१९) जा. अ. क. I–II. पृ. ४८१, नं. २०६ को **कुरुङ्गमिग** भन्ने जातकमा बोधिसत्व कुरुङ्गमृग भएर जन्मेको बेलामा सारिपुत्र स्थविर शतपत्र चरा भएका थिए ।

(२०) जा. अ. क. I–II. पृ. ५७०, नं. २५४ को **कुण्डककुच्छ** भन्ने जातकमा बोधिसत्व एक घोडा ब्यापारी भएको बेलामा सारिपुत्र स्थविर सिन्धव घोडा भएका थिए ।

(२१) जा. अ. क. I–II. पृ. ५७६, नं. २५६ को **जरूदपाव** भन्ने जातकमा बोधिसत्व ब्यापारी कुलमा जन्मी गाडिवानहरूको नाइके हुँदा सारिपुत्र स्थविर नागराजा भएका थिए ।

(२२) जा. अ. क. I–II. पृ. ६१६, नं. २७२ को **ब्यग्घ** भन्ने जातकमा बोधिसत्व एक जंगलमा एक पण्डित वृक्षदेवता भएको बेलामा सारिपुत्र स्थविर सिंह भएका थिए ।

(२३) जा. अ. क. I–II. पृ. ६२२, नं. २७६ को **कुरुधम्म** भन्ने जातकमा बोधिसत्व कुरुराजा भएको बेलामा सारिपुत्र स्थविर एक सेठ भएका थिए ।

(२४) जा. अ. क. I–II. पृ. ६३९, नं. २८१ को **अब्भन्तर** भन्ने जातकमा बोधिसत्व बाराणसीको एक ब्राह्मण कुलमा जन्मी पछि तपस्वी भएको बेलामा सारिपुत्र स्थविर कञ्चनजाल भन्ने पर्वतमा जोतिरस भन्ने तपस्वी भएका थिए ।

(२५) जा. अ. क. I–II. पृ. ६६३, नं. २९२ को **सुपत्त** भन्ने जातकमा बोधिसत्व सुपत्त भन्ने कौवाको राजा भएको बेलामा सारिपुत्र स्थविर सुखुमो भन्ने कौवाका सेनापति भएका थिए ।

(२६) जा. अ. क. III. पृ. १, नं. ३०१ को **चुल्लकालिङ्ग** भन्ने जातकमा बोधिसत्व कालिङ्ग र अस्सक भन्ने राज्यका बीच सिमानामा बस्ने ऋषि भएको बेलामा सारिपुत्र स्थविर अस्सक राजाका नन्दिसेन भन्ने सेनापति भएका थिए ।

(२७) जा. अ. क. III. पृ. २२, नं. ३१० को **सय्ह** भन्ने जातकमा बोधिसत्व बाराणसीको पुरोहित पुत्र भई जन्मी पछि ऋषि भएको बेलामा सारिपुत्र स्थविर राजाका **सय्ह** भन्ने मन्त्री भएका थिए ।

(२८) जा. अ. क. III. पृ. २४, नं. ३११ को **पुचिमन्द** भन्ने जातकमा

Downloaded from http://dhamma.digital/

बोधिसत्व नीमको रुखका देवनता भई जन्मिदा सारिपुत्र स्थविर पीपल रुखका देवता भएका थिए ।

(२९) जा. अ. क. III. पृ. २८, नं. ३१३ को **खन्तिवादी** भन्ने जातकमा बोधिसत्व कुण्डक कुमार नामले जन्मी पछि प्रव्रजित भई बसेको बेलामा सारिपुत्र स्थविर कलादु राजाका सेनापति भएका थिए ।

(३०) जा. अ. क. III. पृ. ३४, नं. ३१५ को **मंस** भन्ने जातकमा बोधिसत्व एक सेठको छोरा भएको बेलामा सारिपुत्र स्थविर एक ब्याधा भएका थिए ।

(३१) जा. अ. क. III. पृ. ६१, नं. ३२६ को **कक्कारु** भन्ने जातकमा बोधिसत्व त्रयस्त्रिंश देवलोकमा देवपुत्र भई जन्मेको बेलामा सारिपुत्र स्थविर पनि उहीं देवपुत्र भएका थिए ।

(३२) जा. अ. क. III. पृ. ११८, नं. ३५६ को **कारण्डिय** भन्ने जातकमा बोधिसत्व एक ब्राह्मण कुलमा जन्मी कारिण्डिय नामले दिशाप्रमुख आचार्यको जेष्ठ शिष्य भएको बेलामा सारिपुत्र स्थविर दिशाप्रमुख आर्चाय भएका थिए ।

(३३) जा. अ. क. III. पृ. ९८, नं. ३४६ को **केसव** भन्ने जातकमा बोधिसत्व कप्पक भन्ने तपस्वी भएको बेलामा सारिपुत्र स्थविर **नारद** भन्ने मन्त्री भएका थिए ।

(३४) जा. अ. क. III. पृ. १६२, नं. ३७७ को **सेतकेतु** भन्ने जातकमा बोधिसत्व दिशाप्रमुख आचार्य भएको बेलामा सारिपुत्र स्थविर चाण्डाल पुत्र भएका थिए ।

(३५) जा. अ. क. III. पृ. १३२, नं. ३६१ को **वण्णारोह** भन्ने जातकमा बोधिसत्व एक वृक्षदेवता भएको बेलामा सारिपुत्र स्थविर सिंह भएका थिए ।

(३६) जा. अ. क. III. पृ. १९०, नं. ३८५ को **नन्दियमिगराज** भन्ने जातकमा बोधिसत्व साकेत नगरमा आमा वावुको सेवा गर्ने नन्दिय भन्ने मृग भई जन्मेको वेलामा सारिपुत्र स्थविर नन्दिय मृगकहाँ खवर लैजाने ब्राह्मण भएका थिए ।

(३७) जा. अ. क. III. पृ. १९३, नं. ३८६ को **खरपुत्त** भन्ने जातकमा

Downloaded from http://dhamma.digital/

बोधिसत्व शक्र देवेन्द्र भएका थिए र सारिपुत्र स्थविर सेनक राजाको घोडा भएका थिए ।

(३८) जा. अ. क. III. पृ. २३६, नं. ४०१ को **दसण्ण** भन्ने जातकमा बोधिसत्व राजाका मन्त्री सेनक पण्डित भएको बेलामा सारिपुत्र स्थविर राजाका पण्डितहरूमध्ये **पुक्कुस** पण्डित भएका थिए ।

(३९) जा. अ. क. III. पृ. २६९, नं. ४०२ को **सत्तुभस्त** भन्ने जातकमा बोधिसत्व राजाका सेनक भन्ने मन्त्री भएको बेलामा सारिपुत्र स्थविर एक वृक्षदेवता भएका थिए ।

(४०) जा. अ. क. III. पृ. २८०, नं. ४१२ को **कोटिसिम्बलि** भन्ने जातकमा बोधिसत्व कोटिसिम्बलि भन्ने रुखको देवता भएको बेलामा सारिपुत्र स्थविर गरुड राजा भएका थिए ।

(४१) जा. अ. क. III. पृ. ३०३, नं. ४१८ को **अट्ठसद्द** भन्ने जातकमा बोधिसत्व ऋषि भइरहेको बेलामा सारिपुत्र स्थविर एक विद्वान् माणवक भएका थिए ।

(४२) जा. अ. क. III. पृ. ३२७, नं. ४२३ को **इन्द्रिय** भन्ने जातकमा बोधिसत्व जोतिपाल भन्ने पुरोहित पुत्र भई पछि ऋषि भई सरभङ्गशास्ता भन्ने भएको बेलामा सारिपुत्र स्थविर वहाँकहाँ सालिस्सर भन्ने शिष्य भएका थिए ।

(४३) जा. अ. क. IV. पृ. ४०, नं. ४३८ को **तित्तिर** भन्ने जातकमा बोधिसत्व एक दिशाप्रमुख आचार्य भई हिमालतिर बसिरहेको बेलामा सारिपुत्र स्थविर सिंह भएका थिए ।

(४४) जा. अ. क. IV. पृ. ६४, नं. ४४४ को **कण्हदीपायन** भन्ने जातकमा बोधिसत्व कण्हदीपायन भन्ने तपस्वी भएको बेलामा सारिपुत्र स्थविर आणिमण्डव्य भन्ने तपस्वी भएका थिए ।

(४५) जा. अ. क. IV. पृ. ८०, नं. ४४७ को **महाधम्मपाल** भन्ने जातकमा बोधिसत्व धम्मपालकुमार भएको बेलामा सारिपुत्र स्थविर आचार्य भएका थिए ।

(४६) जा. अ. क. IV. पृ. ९०, नं. ४५० को **बिलारकोसिय** भन्ने

Downloaded from http://dhamma.digital/

जातकमा बोधिसत्व शक्र देवेन्द्र भएको बेलामा सारिपुत्र स्थविर **चन्द्र** भन्ने देवपुत्र भएका थिए ।

(४७) जा. अ. क. IV. पृ. ९८, नं. ४५३ को **महामंगल** भन्ने जातकमा बोधिसत्व रक्खित तपस्वी भई बसिरहको बेलामा सारिपुत्र स्थविर मंगल सम्बन्धी प्रश्न सोध्ने प्रथम शिष्य भएका थिए ।

(४८) जा. अ. क. IV. पृ. १०३, नं. ४५४ को **घत** भन्ने जातकमा बोधिसत्व घतपण्डित भएको बेलामा सारिपुत्र स्थविर **बासुदेव** भएका थिए ।

(४९) जा. अ. क. IV. पृ. १११, नं. ४५५ को **मातिपोसक** भन्ने जातकमा बोधिसत्व आमाको सेवा गर्ने सेतो हात्ती भएको बेलामा सारिपुत्र स्थविर हात्ती आचार्य (= माहुते) भएका थिए ।

(५०) जा. अ. क. IV. पृ. १३६, नं. ४६१ को **दसरथ** भन्ने जातकमा बोधिसत्व राम पण्डित भएको बेलामा सारिपुत्र स्थविर **लक्खण** (= लक्षण) भएका थिए ।

(५१) जा. अ. क. IV. पृ. १४२, नं. ४६२ को **संवर** भन्ने जातकमा बोधिसत्व मन्त्री आचार्य भएको बेलामा सारिपुत्र स्थविर एकशय दाजुभाइ राजकुमारहरूको सबभन्दा जेठो **उपोसथ** कुमार भएका थिए ।

(५२) जा. अ. क. IV. पृ. १६१, नं. ४६६ को **समुद्दवाणिज** भन्ने जातकमा बोधिसत्व बुद्धिमानी सिकर्मी भएको बेलामा सारिपुत्र स्थविर उत्तर दिशामा बस्ने देवता भएका थिए ।

(५३) जा. अ. क. IV. पृ. १८२, नं. ४७२ को **महापदुम** भन्ने जातकमा बाराणसी राजाको पद्मकुमार भन्ने पुत्र भएको बेलामा सारिपुत्र स्थविर बोधिसत्वलाई जोगाउने देवता भएका थिए ।

(५४) जा. अ. क. IV. पृ. १९९, नं. ४७६ को **जवनहंस** भन्ने जातकमा बोधिसत्व जवन भन्ने हंस भएको बेलामा सारिपुत्र स्थविर जवनहंसकी माहिली बहिनी हंस भएकी थिइन् ।

(५५) जा. अ. क. IV. पृ. २३७, नं. ४८३ को **सरभमिग** भन्ने जातकमा बोधिसत्व सरभमृग भएको बेलामा सारिपुत्र स्थविर बाराणसी राजाका पुरोहित ब्राह्मण

Downloaded from http://dhamma.digital/

भएका थिए।

(५६) जा. अ. क. V. पृ. १०, नं. ४८६ को **महाउक्कुस** भन्ने जातकमा बोधिसत्व सिंह भएको बेलामा सारिपुत्र स्थविर उत्क्रोश (पक्षि) राजा भएका थिए।

(५७) जा. अ. क. V. पृ. २१, नं. ४८८ को **भिस** भन्ने जातकमा बोधिसत्व महाकञ्चन कुमार भन्ने ब्राह्मण भएको बेलामा सारिपुत्र स्थविर **उपकञ्चन** पुत्र भन्ने वहाँका सातजना भाइहरूमध्ये एक भाइ थिए।

(५८) जा. अ. क. V. पृ. ३७, नं. ४९० को **पञ्चुपोसथ** भन्ने जातकमा बोधिसत्व मगध देशको ब्राह्मण कुलमा जन्मी पछि तपस्वी भई जंगलमा बसेको बेलामा सारिपुत्र स्थविर सर्प भएका थिए।

(५९) जा. अ. क. V. पृ. ५६, नं. ४९३ को **महावाणिज** भन्ने जातकमा बोधिसत्व गाडीवान भएको बेलामा सारिपुत्र स्थविर नागराजा भएका थिए।

(६०) जा. अ. क. V. पृ. ७१, नं. ४९६ को **भिक्खापरम्परा** भन्ने जातकमा बोधिसत्व हिमालतिर बस्ने तपस्वी भएको बेलामा सारिपुत्र स्थविर पुरोहित भएका थिए।

(६१) जा. अ. क. V. पृ. १०३, नं. ५०१ को **रोहन्तिमिग** भन्ने जातकमा बोधिसत्व अन्धा आमा बाबुहरूको सेवा गरिरहेको रोहन्त भन्ने मृग भएको बेलामा सारिपुत्र स्थविर बाराणसीका राजा थिए।

(६२) जा. अ. क. V. पृ. ११०, नं. ५०२ को **चूलहंस** भन्ने जातकमा बोधिसत्व सुवर्णहंस भएको बेलामा सारिपुत्र स्थविर बाराणसीको **बहुपुत्रक** भन्ने राजा भएका थिए।

(६३) जा. अ. क. V. पृ. १२७, नं. ५०५ को **सोमनस्स** भन्ने जातकमा बोधिसत्व कुरु राष्ट्रको रेणु भन्ने राजाका सोमनस्स भन्ने राजकुमार भएको बेलामा सारिपुत्र स्थविर **महारक्खित** भन्ने तपस्वी भएका थिए।

(६४) जा. अ. क. V. पृ. १३४, नं. ५०६ को **चम्पेय्य** भन्ने जातकमा बोधिसत्व चम्पेय्य भन्ने नागराजा भएको बेलामा सारिपुत्र स्थविर बाराणसीका **उग्गसेन** भन्ने राजा भएका थिए।

(६५) जा. अ. क. V. पृ. १५०, नं. ५०९ को **हत्थिपाल** भन्ने जातकमा

Downloaded from http://dhamma.digital/

बोधिसत्व पुरोहित ब्राह्मणको हस्तिपाल भन्ने पुत्र भएको बेलामा सारिपुत्र स्थविर पनि **अश्वपाल** नामले उनकै भाइको रूपमा जन्मेका थिए ।

(६६) जा. अ. क. V. पृ. १८६, नं. ५१३ को **जयद्दिस** भन्ने जातकमा बोधिसत्व जयद्दिस राजाका पुत्रको रूपमा अलीनसत्तु कुमार भन्ने नामले बसिरहँदा सारिपुत्र स्थविर तपस्वी भएका थिए ।

(६७) जा. अ. क. V. पृ. २१३, नं. ५१५ को **सम्भव** भन्ने जातकमा बोधिसत्व सबभन्दा कान्छो सम्भवकुमार भई बसेको बेलामा सारिपुत्र स्थविर **सञ्जय** कुमारको नामले दाजु भएका थिए ।

(६८) जा. अ. क. V. पृ. २२८, नं. ५१८ को **पण्डरक** भन्ने जातकमा बोधिसत्व गरुड राजा भएका थिए र सारिपुत्र स्थविर नागराजा भएका थिए ।

(६९) जा. अ. क. VI. पृ. १, नं. ५२१ को **तेसकुण** भन्ने जातकमा बोधिसत्व जम्बुक भन्ने सुधाको बच्चा भएको बेलामा सारिपुत्र स्थविर वेस्सन्तर नामक लाटोकोसेरोको बच्चा भएका थिए ।

(७०) जा. अ. क. VI. पृ. १५, नं. ५२२ को **सरभङ्ग** भन्ने जातकमा **बोधिसत्व** सरभङ्ग भन्ने तपस्वी भएको बेलामा सारिपुत्र स्थविर बोधिसत्वका **सालिस्सर** भन्ने प्रथम शिष्य भएका थिए ।

(७१) जा. अ. क. VI. पृ. ४५, नं. ५२४ को **संखपाल** भन्ने जातकमा **बोधिसत्व संखपाल** भन्ने नागराजा (= अजिंगर) भएको बेलामा सारिपुत्र स्थविर नागराजालाई व्याधाहरूको हातबाट मुक्त पारिदिने आलार नामका गृहस्थी थिए ।

(७२) जा. अ. क. VI. पृ. ५८, नं. ५२५ को **चुल्लसुतसोम** भन्ने जातकमा बोधिसत्व सोह्र हजार स्त्रीहरू भएका सुतसोम भन्ने बाराणसीका राजा थिए र सारिपुत्र स्थविर उनका जेठा छोरा भएका थिए ।

(७३) जा. अ. क. VI. पृ. ८३, नं. ५२७ को **उम्मादन्ती** भन्ने जातकमा बोधिसत्व सिविराजाका छोरा सिविराजकुमार भएको बेलामा सारिपुत्र स्थविर सेनापतिका छोरा **अहिपारक** नाम भएका थिए ।

(७४) जा. अ. क. VI. पृ. १६७, नं. ५३२ को **सोणानन्द** भन्ने जातकमा बोधिसत्व एक ब्राह्मणका सोणकुमार भन्ने छोरा भएका थिए र सारिपुत्र स्थविर

Downloaded from http://dhamma.digital/

बाराणसीको **ब्रह्मदत्त** भन्ने नगरका मनोज भन्ने राजा भएका थिए ।

(७५) जा. अ. क. VI. पृ. १८५, नं. ५३३ को **चुल्लहंस** भन्ने जातकमा बोधिसत्व धतरट्ठ भन्ने हंसराजा थिए र सारिपुत्र स्थविर महिंसक राष्ट्रको सकुल नगरका **सकुल** भन्ने राजा भएका थिए ।

(७६) जा. अ. क. VI. पृ. २०१, नं. ५३४ को **महाहंस** भन्ने जातकमा बोधिसत्व धतरट्ठ कुलका हंसराजा थिए र सारिपुत्र स्थविर बाराणसीका **सयम** भन्ने राजा भएका थिए ।

(७७) जा. अ. क. VI. पृ. २२४, नं. ५३५ को **सुधाभोजन** भन्ने जातकमा बोधिसत्व शक्र देवेन्द्र भएका थिए र सारिपुत्र स्थविर कञ्चन गुफामा बस्ने **नारद** भन्ने तपस्वी भएका थिए ।

(७८) जा. अ. क. VI. पृ. २४९, नं. ५३६ को **कुणाल** भन्ने जातकमा बोधिसत्व कुणाल (= कोइली जस्ता पहाडका चरा वर्ग) भन्ने चरा भएका थिए र सारिपुत्र स्थविर **नारद** भन्ने तपस्वी भएका थिए जो कुणाल चराको उपदेश सुन्न गएका थिए ।

(७९) जा. अ. क. VI. पृ. २८८, नं. ५३७ को **महासुतसोम** भन्ने जातकमा बोधिसत्व कुरु राष्ट्रमा इन्दपत्त नगरका सुतसोम राजा भएका थिए र सारिपुत्र स्थविर कालहत्थि भन्ने बनारसी राजाका सेनापति भएका थिए ।

(८०) जा. अ. क. VII. पृ. २५, नं. ५३९ को **महाजनक** भन्ने जातकमा बोधिसत्व मिथिला देशका महाजनक राजा भई पछि तपस्वी भएका थिए । त्यसबेला सारिपुत्र स्थविर चाहिं महाजनकले त्याग गरेर जाँदा बाटामा भेटी त्याग गर्नुमा उत्साहित पार्ने **नारद कश्यप** तपस्वी भएका थिए ।

(८१) जा. अ. क. VII. पृ. १११, नं. ५४२ को **खण्डहाल** भन्ने जातकमा बोधिसत्व बाराणसी जो त्यसबखत पुष्पवती भन्ने नामले प्रसिद्ध थियो । त्यहाँका एकराजा नामक राजाका छोरा चन्द्रकुमार भएका थिए र सारिपुत्र स्थविर बोधिसत्वको भाइ **सूर्यकुमार** भएका थिए ।

(८२) जा. अ. क. VII. पृ. १४१, नं. ५४३ को **भूरिदत्त** भन्ने जातकमा बोधिसत्व भूरिदत्त भन्ने नागराजा भएका थिए र सारिपुत्र स्थविर वहाँका **सुदस्सन**

Downloaded from http://dhamma.digital/

भन्ने पुत्र भएका थिए ।

(८३) जा. अ. क. VII. पृ. १९४, नं. ५४४ (मूलपालिमा चाहिं यो जातक नं. ५४५ जातकमा उल्लेख भएको छ ।) को **महानारद कस्सप** भन्ने जातकमा बोधिसत्व महाब्रह्मा भएको बेलामा सारिपुत्र स्थविर विदेह राष्ट्रको अङ्ग भन्ने राजाका **विजय** भन्ने पुत्र भएका थिए ।

(८४) जा. अ. क. VII. पृ. २२९, नं. ५४५ को **विधुर** भन्ने जातकमा बोधिसत्व विधुर पण्डित भन्ने कुरु राष्ट्रका धनञ्जय कोरब्य राजाको मन्त्री भएका थिए र सारिपुत्र स्थविर चाहिं **वरुण** भन्ने नागराजा थिए ।

(८५) जा. अ. क. VII. पृ. २९५, नं. ५४६ को **महाउम्मग्ग** (यस जातकलाई मूल पालिमा 'विधुर जातक' भनी उल्लेख गरेको छ ।) भन्ने जातकमा बोधिसत्व मिथिला देशका पाचीनयवमज्झक भन्ने निगमको सिरिवड्ढक भन्ने सेठको छोराको रूपमा महोसध कुमार भन्ने नामले जन्मेको बेलामा सारिपुत्र स्थविर कम्पिल राष्ट्रका राजा भई उत्तरपञ्चाल भन्ने नगरमा बस्थे ।

(८६) जा. अ. क. VII. पृ. ४२०, नं. ५४७ को **महावेस्सन्तर** भन्ने जातकमा बोधिसत्व शिवी राष्ट्रका सञ्जय भन्ने राजाका छोरा भईवेस्सन्तर भन्ने नामले जन्मेको वेलामा सारिपुत्र स्थविर जूजक ब्राह्मणले बाटामा भेटेका अच्युत भन्ने ऋषि भएका थिए ।

जा. पा. I. पृ. १९५, नं. ४४१ को **चतुपोसथिक** भन्ने जातकमा बोधिसत्व विधुर पण्डित भएको बेलामा सारिपुत्र स्थविर नागराजा भएका थिए भनी उल्लेख भएको छ । अट्ठकथा (IV. पृ. ५४) मा चाहिं यस जातक सम्बन्धमा केही कुरा उल्लेख भएको पाइँदैन । केवल यसको कुरा 'पुण्ण जातकमा' उल्लेख भएको छ भनी उल्लेख गरेको छ ।

x x x

Downloaded from http://dhamma.digital/

# सारिपुत्र नामका विभिन्न व्यक्तिहरू

(१) **सारिपुत्र स्थविर**– यिनी ती हुन् जसले 'सारत्थदीपनी' भन्ने समन्तपासादिका नामक विनय अर्थकथाको टीका लेखेका छन् ('त्रिपिटक धर्मकोष' I. पृ. २६; प्रकाशक सासनसेवक समिति, महरगम, श्रीलंका, ई. सं. १९७८ )।

(२) **सारिपुत्र स्थविर**– यिनी तिनी हुन् जसले 'सारत्थमञ्जुसा' भन्ने मनोरथपूरणी नामक अंगुत्तर अर्थकथाको टीका लेखेका छन् ('त्रिपिटक धर्मकोप' I. पृ. २६.)।

(३) **सारिपुत्र स्थविर**– यिनी तिनी वङ्गन्त र रूपसारी भन्ने दम्पत्तिका छोरा हुनुहुन्छ। वहाँको नाम '**उपतिस्स**' हो। भिक्षु भएपछि वहाँलाई '**सारिपुत्र**' नामले चिन्न थाले। वहाँकै परिचय यसमा उल्लेख भएको छ।

(४) **सारिपुत्र संयुत्तं**– यो संयुत्त (= संयुक्त) त्रिपिटकको संयुत्तनिकाय (= संयुक्तनिकाय) को ५६ संयुक्तहरूमध्येको २९ सौं संयुक्त हो।

(५) **सारिपुत्तवग्ग**– यो वर्ग सं. नि. पृ. ४५० मा छ। 'सारिपुत्तवग्ग' ( = सारिपुत्र वर्ग) भनेको संयुक्तनिकायको दोश्रो भाग अन्तर्गतको वर्ग हो।

संयुक्त निकायलाई मूल ५ वर्गमा विभाजित गरेको छ। जस्तै– (१) सगाथवर्ग, (२) निदानवर्ग, (३) खन्धवर्ग, (४) सलायतनवर्ग र (५) महावर्ग। यी वर्ग भित्र ५६ संयुक्तहरू छन्। प्रत्येक संयुक्तभित्र पनि वर्गहरू छन्। माथिको 'सारिपुत्तवग्ग' (= सारिपुत्र वर्ग) यसै अन्तरगतको हो।

(६) **सारिपुत्तसुत्तं** (= सारिपुत्र सूत्र)– यो सूत्र अं. नि. तिकनिपात, देवदूतवर्गको पृ. १२३ मा उल्लेख भएको छ।

(७) **सारिपुत्तसुत्तं** (= सारिपुत्र सूत्र)– यो सूत्र अं. नि. दसकनिपात, आनिसंसवर्गको पृ. १०५ मा उल्लेख भएको छ।

(८) **सारिपुत्तसुत्तं** (= सारिपुत्र सूत्र)– यो सूत्र अं. नि. चतुक्कनिपात, पटिपदावर्गको पृ. १६४ मा उल्लेख भएको छ।

(९) **सारिपुत्तसुत्तं** (= सारिपुत्र सूत्र)– यो सूत्र अं. नि.अट्ठकवर्गको पृ. ४१५ मा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

(१०) **सारिपुत्तसुत्तं** (= सारिपुत्र सूत्र)– यो सूत्र महानिद्देस, अट्ठकवर्गको पृ. ३८६ मा उल्लेख भएको छ।

(११) **सारिपुत्तसुत्तं** (= सारिपुत्र सूत्र)– यो सूत्र उदान पालि, नन्दवर्गको पृ. ९३ मा उल्लेख भएको छ।

(१२) **सारिपुत्तसुत्त-वंगीससुत्तं**– पोलयत्ते बुद्धदत्त महास्थविरद्वारा ई. सं. १९५३ मा सम्पादित त्रिपिटक सूची पृ. २४. मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन सं. नि. I. पृ १८९ ले '**सारिपुत्तसुत्त**' भनी उल्लेख गरेको छ।

(१३) **सारिपुत्त अविज्जापञ्ञसुत्तं**– त्रिपिटक सूची पृ. २४ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन सं. नि. II. पृ. ३८८ ले '**कोट्ठिकसुत्तं**' भनी उल्लेख गरेको छ।

(१४) **सारिपुत्त विज्जापञ्ञसुत्तं**– त्रिपिटक सूची पृ. २४ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन सं. नि. II. पृ. ३८८ ले '**दुतिय कोट्ठिकसुत्तं**' भनी उल्लेख गरेको छ।

(१५) **सारिपुत्त समुदय धम्मसुत्तं**– त्रिपिटक सूची पृ. २४ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन सं. नि. II. पृ. ३८६ ले '**ततिय समुदयसुत्तं**' भनी उल्लेख गरेको छ।

(१६) **सारिपुत्त सद्धिविहारिकसुत्तं**– यो सूत्र सं. नि. III. पृ. ९५ सलायतनसंयुक्तको लोककामगुणवर्गमा उल्लेख भएको छ।

(१७) **सारिपुत्त परिनिब्बानसुत्तं**– त्रिपिटक सूची पृ. ५६ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन सं. नि. IV. पृ. १३८ ले '**चुन्दसुत्तं**' भनी उल्लेख गरेको छ।

(१८) **सारिपुत्तानन्दसुत्तं**– त्रिपिटक सूची पृ. २९४ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन सं. नि. IV. पृ. २९४ सोतापत्ति संयुक्तको बेलुवद्वारवर्गमा '**पठम सारिपुत्तसुत्तं**' भनी उल्लेख गरेको छ।

(१९) **सारिपुत्त एतदग्गसुत्तं**– यो सूत्र अं. नि. एककनिपातको एतदग्गवर्गको पृ २३ मा उल्लेख भएको छ।

(२०) **सारिपुत्त आघात विनयसुत्तं**– त्रिपिटक सूची पृ. १०० मा उल्लिखित

Downloaded from http://dhamma.digital/

यस सूत्रलाई नालन्दा प्रकाशन अं. नि. पञ्चकनिपातको आघातवर्गको पृ. ४३५ मा **'दुतिय आघातपटिविनयसुत्तं'** भनी उल्लेख भएको छ।

(२१) **सारिपुत्त कल्याणमित्ततासुत्तं–** त्रिपिटक सूची पृ. १०९ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन अं. नि. सत्तकनिपात, देवतावर्ग, पृ. १७६ ले **'दुतिय सोवचस्सतासुत्तं'** भनी उल्लेख गरेको छ।

(२२) **सारिपुत्त निद्दसभिक्खुसुत्तं–** त्रिपिटक सूची पृ. १०९ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन अं. नि. सत्तकनिपात, देवतावर्ग, पृ. १७९ ले **'पठम निद्दससुत्तं'** भनी उल्लेख गरेको छ।

(२३) **सारिपुत्त सीहनादसुत्तं–** त्रिपिटक सूची पृ. ११६ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन अं. नि. नवकनिपात, सीहनादवर्ग, पृ. २० ले केवल **'सीहनादसुत्तं'** भनी उल्लेख गरेको छ।

(२४) **सारिपुत्त हतुपनिससुत्तं–** त्रिपिटक सूची पृ. ११९ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन अं. नि. दसकनिपात, आनिसंसवर्ग, पृ. १०२ ले **'दुतिय उपनिससुत्तं'** भनी उल्लेख गरेको छ।

(२५) **सारिपुत्त सचित परियायसुत्तं–** त्रिपिटक सूची पृ. १२० मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन अं. नि. दसकनिपात, सचित्तवर्ग, पृ. १७४ ले केवल **'सारिपुत्तसुत्तं'** भनी उल्लेख गरेको छ।

(२६) **सारिपुत्त हतनिस्सयसुत्तं–** त्रिपिटक सूची पृ. १२४ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन अं. नि. एकादसनिपात, निस्सयवर्ग, पृ. ३६१ ले **'दुतिय उपनिससुत्तं'** भनी उल्लेख गरेको छ।

(२७) **सारिपुत्त समाधि पटिलाभसुत्तं–** त्रिपिटक सूची पृ. १२४ मा उल्लिखित यस सूत्रलाई नालन्दा प्रकाशन अं. नि. एकादसनिपात, निस्सयवर्ग, पृ. ३६४ ले **'सञ्ञासुत्तं'** भनी उल्लेख गरेको छ।

(२८) **सारिपुत्तत्थेरवत्थु–** यो कथा धम्म. प. अ. क. पृ. ३७३ अरहन्तवर्गमा उल्लेख भएको छ।

Downloaded from http://dhamma.digital/

(२९) **सारिपुत्तपञ्ह विस्सज्जनवत्थु**– यो कथा धम्म. प. अ. क. पृ. ३७८ अरहन्तवर्गमा उल्लेख भएको छ।

(३०) **सारिपुत्त मातुल ब्राह्मणवत्थु**– यो कथा धम्म. प. अ. क. सहस्सवर्गको पृ. ४०१ मा उल्लेख भएको छ।

(३१) **सारिपुत्त भागिनेय्यवत्थु**– यो कथा धम्म. प. अ. क. पृ. ४०२ सहस्सवर्गमा उल्लेख भएको छ।

(३२) **सारिपुत्त सहायक ब्राह्मणवत्थु**– यो कथा धम्म. प. अ. क. पृ. ४०३ सहस्सवर्गमा उल्लेख भएको छ।

(३३) **सारिपुत्त सद्धिविहारिकवत्थु**– यो कथा धम्म. प. अ. क. पृ. ६३६ मलवर्गमा उल्लेख भएको छ।

(३४) **सारिपुत्तत्थेरवत्थु**– यो कथा धम्म. प. अ. क. पृ. ८०० ब्राह्मणवर्गमा उल्लेख भएको छ।

(३५) **सारिपुत्तत्थेरवत्थु**– त्रिपिटक सूची पृ. १३३ मा उल्लिखित यो कथाको शीर्षक धम्मपदट्ठकथाले चाहिं **'आचरिय पूजकवत्थु'** भनी ब्राह्मणवर्गको पृ. ८०३ मा उल्लेख भएको छ।

(३६) **सारिपुत्तत्थेरवत्थु**– त्रिपिटक सूची पृ. १३३ मा उल्लिखित यो कथाको शीर्षक धम्म. प. अ. क. ब्राह्मणवर्गको पृ. ८११ मा **'सारिपुत्तस्समातुवत्थु'** भनी उल्लेख भएको छ।

(३७) **सारिपुत्तत्थेरवत्थु**– यो कथा धम्म. प. अ. क. पृ. ८२२ ब्राह्मणवर्गमा उल्लेख भएको छ।

(३८) **सारिपुत्तत्थेरगाथा– यो** गाथा थेर. गा. पा. पृ. ३६५ तिसनिपातमा उल्लेख भएको छ। यसको वर्णन थेर. गा. अ. क. II. पृ. ९० मा उल्लेख भएको छ।

(३९) **सारिपुत्तत्थेर अपदान**– यो अपदान अपदानपालिको बुद्धवर्ग पृ. १८ मा उल्लेख भएको छ। यसको वर्णन अप. दा. अ. क. पृ. १७५ मा उल्लेख भएको छ।

X X X

Downloaded from http://dhamma.digital/

दुतिय खण्ड

# परित्त सुत्त

अनुवादक

भिक्षु ज्ञानपूर्णिक महास्थविर

Downloaded from http://dhamma.digital/

# महाजयमंगल गाथा

महाकारुणिको नाथो, हिताय सब्बपाणीनं ।
पूरेत्वा पारमी सब्बा, पत्तो सम्बोधिमुत्तमं ॥१॥

जयन्तो बोधिया मूले, सक्यानं नन्दिवद्धनो ।
एवं मय्हं जयो होतु, जयस्सु जयमङ्गले ॥२॥

सक्कत्वा बुद्धरतनं, ओसधं उत्तमं वरं ।
हितं देवमनुस्सानं, बुद्धतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, दुक्खा वूपसमेन्तु मे ॥३॥

सक्कत्वा धम्मरतनं, ओसधं उत्तमं वरं ।
परिलाहुपसमनं, धम्मतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, भया वूपसमेन्तु मे ॥४॥

सक्कत्वा संघरतनं, ओसधं उत्तमं वरं ।
आहुणेय्यं पाहुणेय्यं, संघतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, रोगा वूपसमेन्तु मे ॥५॥

यं किञ्चि रतनं लोके, विज्जति विविधा पुथु ।
रतनं बुद्धसमं नत्थि, तस्मा सोत्थि भवतु मे ॥६॥

यं किञ्चि रतनं लोके, विज्जति विविधा पुथु ।
रतनं धम्मसमं नत्थि, तस्मा सोत्थि भवतु मे ॥७॥

Downloaded from http://dhamma.digital/

यं किञ्चि रतनं लोके, विज्जति विविधा पुथु ।
रतनं संघसमं नत्थि, तस्मा सोत्थि भवतु मे ॥८॥

नत्थि मे सरणं अञ्ञं, बुद्धो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ॥९॥

नत्थि मे सरणं अञ्ञं, धम्मो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ॥१०॥

नत्थि मे सरणं अञ्ञं, संघो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ॥११॥

सब्बीतियो विवज्जन्तु, सब्बरोगो विनस्सतु ।
मा मे भवन्त्वन्तरायो, सुखी दीघायुको भव ॥१२॥

भवतु सब्बमङ्गलं रक्खन्तु सब्बदेवता ।
सब्ब-बुद्धानुभावेन, सदा सोत्थि भवतु मे ॥१३॥

भवतु सब्बमङ्गलं, रक्खन्तु सब्बदेवता ।
सब्ब-धम्मानुभावेन, सदा सोत्थि भवतु मे ॥१४॥

भवतु सब्बमङ्गलं, रक्खन्तु सब्बदेवता ।
सब्ब-संघानुभावेन, सदा सोत्थि भवतु मे ॥१५॥

Downloaded from http://dhamma.digital/

# महाजयमङ्गल गाथाको अर्थ

महाकारूणिक भगवान् बुद्धले सम्पूर्ण प्राणीहरूको कल्याणको निम्ति सबै पारमिता पूर्ण गर्नु भई उत्तम सम्बोधि (ज्ञान) प्राप्त गर्नुभयो । यो सत्यवचनले मलाई कल्याण होवोस् । ॥१॥

बोधिबृक्षको मूलमा बस्नु भई जसरी शाक्यसिंह भगवान् बुद्धले विजय प्राप्त गर्नुभयो, त्यस्तै मलाई जय होवोस् मङ्गल होवोस् । ॥२॥

उत्तम र श्रेष्ठ औषधी जस्तै हुनु भएका बुद्धरत्नको सत्कार गर्दछु, उनी देव र मनुष्यको निम्ति हितकारक हुनुहुन्छ । उनी बुद्धको तेजले कल्याण पूर्वक सबै उपद्रव नष्ट होवोस् र मेरो सम्पूर्ण दुःख शान्त होवोस् । ॥३॥

उत्तम र श्रेष्ठ औषधी जस्तै हुनु भएका धर्मरत्नको सत्कार गर्दछु, जुन पीडा शान्त गर्ने हो, त्यो धर्मको तेजले कल्याण पूर्वक सबै उपद्रव नष्ट होवोस् र मेरो सम्पूर्ण भय शान्त होवोस् । ॥४॥

उत्तम र श्रेष्ठ औषधी जस्तै हुनु भएका संघरत्नको सत्कार गर्दछु, जुन आह्वान योग्य र पाहुना गर्न योग्य हुनु हुन्छ। ती संघको तेजले कल्याण पूर्वक सबै उपद्रव नष्ट होवोस् र मेरो सम्पूर्ण रोग शान्त होवोस् । ॥५॥

Downloaded from http://dhamma.digital/

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरू छन्। बुद्धरत्न समान अरू रत्न छैन, यो सत्यवचनको प्रभावले मलाई कल्याण होवोस्। ॥६॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरू छन्। धर्मरत्न समान अरू रत्न छैन, यो सत्यवचनको प्रभावले मलाई कल्याण होवोस्। ॥७॥

संसारमा विभिन्न प्रकारका जति पनि रत्नहरू छन्। संघरत्न समान अरू रत्न छैन, यो सत्यवचनको प्रभावले मलाई कल्याण होवोस्। ॥८॥

मेरो अरू कुनै शरण छैन, बुद्ध नै मेरो उत्तम शरण हो। यो सत्यवचनको प्रभावले मलाई कल्याण होवोस्। ॥९॥

मेरो अरू कुनै शरण छैन, धर्म नै मेरो उत्तम शरण हो। यो सत्यवचनको प्रभावले मलाई कल्याण होवोस्। ॥१०॥

मेरो अरू कुनै शरण छैन, संघ नै मेरो उत्तम शरण हो। यो सत्यवचनको प्रभावले मलाई कल्याण होवोस्। ॥११॥

सम्पूर्ण आपत टाढा होवोस्, सम्पूर्ण रोग नष्ट होवोस्, मलाई विघ्न नपरोस् सुखी र दीर्घायु होवोस्। ॥१२॥

सबै प्रकारले मलाई मङ्गल होवोस्, सबै देवताहरूले मलाई रक्षा गरून्, सबै सम्बुद्धको आनुभवले मलाई सदा कल्याण होवोस्। ॥१३॥

Downloaded from http://dhamma.digital/

सबै प्रकारले मलाई मङ्गल होवोस्, सबै देवताहरूले मलाई रक्षा गरून्, सम्पूर्ण धर्मको आनुभावले मलाई सदा कल्याण होवोस् । ॥१४॥

सबै प्रकारले मलाई मङ्गल होवोस्, सबै देवताहरूले मलाई रक्षा गरून्, सबै संघको आनुभावले मलाई सदा कल्याण होवोस् । ॥१५॥

## परित्त सुत्त अभ्यास -१

**१) निम्न लिखित खाली ठाउँमा भर्नुहोस् ।**

क) .................., सक्यानं नन्दिवद्धनो ।
एवं मय्हं जयो होतु, ................. ॥

ख) सक्कत्वा धम्मरतनं, ओसधं उत्तमं वरं ।
................., धम्मतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, .................. ॥

ग) ................., विज्जति विविधा पुथु ।
रतनं संघसमं नत्थि, ................. ॥

घ) ......................., रक्खन्तु सब्बदेवता ।
सब्ब-संघानुभावेन, ...................... ॥

Downloaded from http://dhamma.digital/

**१) मिल्ने अर्थ लेख्नुहोस् ।**

क) जयन्तो बोधिया मूले, सक्यानं नन्दिवद्धनो ।
एवं मय्हं जयो होतु, जयस्सु जयमङ्गले ॥

ख) सक्कत्वा बुद्धरतनं, ओसधं उत्तमं वरं ।
हितं देवमनुस्सानं, बुद्धतेजेन सोत्थिना ।
नस्सन्तुपद्दवा सब्बे, दुक्खा वूपसमेन्तु मे ॥

ग) सब्बीतियो विवज्जन्तु, सब्बरोगो विनस्सतु ।
मा मे भवन्त्वन्तरायो, सुखी दीघायुको भव ॥

घ) नत्थि मे सरणं अञ्ञं, संघो मे सरणं वरं ।
एतेन सच्चवज्जेन, होतु मे जयमङ्गलं ॥११॥

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# जयमंगल गाथा

बाहुं सहस्समभिनिम्मित सायुधन्तं ।
गिरिमेखलं उदितघोर ससेन-मारं ।
दानादिधम्म-विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु मे जयमङ्गलानि ॥१॥

मारातिरेक-मभियुज्झित सब्बरत्तिं,
घोरं पनालवकमक्खमथद्धयक्खं ।
खन्तिसुदन्त-विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु मे जयमङ्गलानि ॥२॥

नालागिरिं गजवरं अतिमत्तभूतं,
दावग्गिचक्कमसनिव सुदारूणन्तं ।
मेत्तम्बुसेक-विधिना जितवा मुनिन्दो ।
तं तेजसा भवतु मे जयमङ्गलानि ॥३॥

उक्खित्त-खग्ग-मति-हत्थ सुदारूणन्तं,
धावं तियोजन-पथंगुलिमालवन्तं ।
इद्धिभिसंखतमनो जितवा मुनिन्दो,
तं तेजसा भवतु मे जयमङ्गानि ॥४॥

Downloaded from http://dhamma.digital/

कत्वान कट्ठमुदरं इव गब्भिनीया,
चिञ्चाय दुट्ठवचनं जनकाय मज्झे ।
सन्तेन सोमविधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु मे जयमङ्गलानि ॥५॥

सच्चं विहाय मतिसच्चक वादकेतुं,
वादाभिरोपितमनं अतिअन्धभूतं ।
पञ्ञापदीप जलितो जितवा मुनिन्दो ।
तं तेजसा भवतु मे जयमङ्गलानि ॥६॥

नन्दोपनन्द-भुजगं विवुधं महिद्धिं,
पुत्तेन थेरभुजगेन दमापयन्तो ।
इद्धुपदेस-विधिना जितवा मुनिन्दो ।
तं तेजसा भवतु मे जयमङ्गलानि ॥७॥

दुग्गाहदिट्ठि-भुजगेन सुदट्ठहत्थं,
ब्रह्मा विसुद्धि जुतिमिद्धि वकाभिधानं ।
ञाणागदेन विधिना जितवा मुनिन्दो ।
तं तेजसा भवतु मे जयमङ्गलानि ॥८॥

एता पि बुद्ध-जयमङ्गलं अट्ठ गाथा,
यो वाचको दिनदिने सरते अतन्दी ।
हित्वान नेकविविधानि चुपद्दवानि,
मोक्खं सुखं अधिगमेय्य नरो सपञ्ञो ॥९॥

**जयमङ्गल गाथा निट्ठितं**

Downloaded from http://dhamma.digital/

# जयमंगल गाथाको अर्थ

जुन मुनिन्द्र तथागतले सुदृढ हथियार धारण गरी गिरिमेखल नामक हात्ती माथी चढी अत्यन्त भयंकर सैन्य सहित भै आएका हजार हात भएका मारलाई आफ्नो दान आदि धर्मको बलले जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥१॥

जुन मुनिन्द्र तथागतले मारले भन्दा चर्को रूपले रात भरी संग्राम गर्ने घोर दुर्धर्ष र कठोर हृदयी आवक यक्षलाई शान्ति र संयम विधिले जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥२॥

जुन मुनिन्द्र तथागतले डढेलो, चक्र र विद्युत समान अत्यन्त दारूण र अत्यन्त मदमत्त भएका नालागिरी हात्तीलाई मैत्री रूपी जल सिञ्चन गरी जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥३॥

जुन मुनिन्द्र तथागतले अत्यन्त भयङ्कर हातमा खड्ग धारण गरेका, योजनाका योजन दगुर्न सक्ने अंगुलिमाल डाँकालाई ऋद्धिको बलले जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥४॥

जुन मुनिन्द्र तथागतले काठको टुक्रा पेटमा बाँधी जनसभामा गर्भिणीको भेष लिई दुष्ट वचन बोल्ने चिञ्चमानलाई आफ्नो शान्त र सौम्य बलले जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥५॥

Downloaded from http://dhamma.digital/

जुन मुनिन्द्र तथागतले सत्य छाडी असत्य वाद पोषण गर्ने अभिमानी वादविवाद परायण र अहंकारले अन्धा भएका सच्चक परिव्राजकलाई प्रज्ञाको ज्योति बाली जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥६॥

जुन मुनिन्द्र तथागत विविध महान ऋद्धिले सम्पन्न नन्दोपनन्द नागलाई आफ्ना शिष्य मौद्गल्यायन महास्थविरद्वारा आफ्नो ऋद्धि शक्ति र उपदेशको बलले जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥७॥

जुन मुनिन्द्र तथागतले भयानक, मिथ्यादृष्टि रूपी सर्पद्वारा डंसित, विशुद्ध ज्योति ऋद्धि शक्ति सम्पन्न बक नामक ब्राह्मणलाई ज्ञानरूपी औषधीद्वारा जित्नुभयो, उनी भगवान् बुद्धको आनुभावले मलाई कल्याण होवोस् । ॥८॥

जुन श्रद्धालु पाठकले यो बुद्धको आठ जयमङ्गल गाथा निरालसी भई नित्य पाठ गर्ला, त्यो बुद्धिमान् व्यक्तिले नाना प्रकारका उपद्रवहरूबाट मुक्त भई मोक्ष सुख प्राप्त गर्नेछ । ॥९॥

भवतु सब्ब मङ्गलं ।

Downloaded from http://dhamma.digital/

# परित्त सुत्त अभ्यास - २

## १) खाली ठाउँमा भर्नुहोस् ।

क) .........-मभियुज्झित सब्बरत्तिं,
घोरं पनालवकमक्खमथद्धयक्खं ।
खन्तिसुदन्त- ...................,
तं तेजसा भवतु मे ............॥

ख) उक्खित्त-खग्ग-मति-हत्थ सुदारूणन्तं,
धावं तियोजन-........................।
इद्धिभिसंखतमनो ............ मुनिन्दो,
...................... मे जयमङ्गानि ॥

ग) ................मतिसच्चक वादकेतुं,
वादाभिरोपितमनं ................ ।
पञ्ञापदीप ......जितवा मुनिन्दो ।
तं तेजसा भवतु मे जयमङ्गलानि ॥

घ) दुग्गाहदिट्ठि-..................दट्ठहत्थं,
..............जुतिमिद्धि वकाभिधानं ।
........... विधिना जितवा मुनिन्दो ।
तं तेजसा भवतु मे जयमङ्गलानि ॥

Downloaded from http://dhamma.digital/

**१) नेपाली भाषामा मिल्ने अर्थ लेख्नुहोस् ।**

क) बाहुं सहस्समभिनिम्मित सायुधन्तं ।
गिरिमेखलं उदितघोर ससेन-मारं ।
दानादिधम्म-विधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु मे जयमङ्गलानि ॥

ख) कत्वान कट्ठमुदरं इव गब्भिनीया,
चिञ्चाय दुट्ठवचनं जनकाय मज्झे ।
सन्तेन सोमविधिना जितवा मुनिन्दो,
तं तेजसा भवतु मे जयमङ्गलानि ॥

ग) नन्दोपनन्द-भुजगं विवुधं महिद्धिं,
पुत्तेन थेरभुजगेन दमापयन्तो ।
इद्धुपदेस-विधिना जितवा मुनिन्दो ।
तं तेजसा भवतु मे जयमङ्गलानि ॥

घ) एता पि बुद्ध-जयमङ्गलं अट्ठ गाथा,
यो वाचको दिनदिने सरते अतन्दी ।
हित्वान नेकविविधानि चुपद्दवानि,
मोक्खं सुखं अधिगमेय्य नरो सपञ्ञो ॥

Downloaded from http://dhamma.digital/

तृतीय खण्ड

# पाली भाषा अवतरण


- लेखक भिक्षु बुद्धदत्त, श्रीलंका
- अनु. भिक्षु शीलभद्र महास्थविर


Downloaded from http://dhamma.digital/

# तृतीय खण्ड मिश्रित-क्रिया
## (PRESENT PARTICIPLE)

४७) गच्छन्तो = } जाँदै, जाने
गच्छमानो =
पचन्तो = } पकाउँदै, पकाउने
पचमानो =

आदिलाई नेपालीभाषामा मिश्रित-क्रिया भनिन्छ । पालीभाषामा कितकपद (कृदन्त) भनिन्छ । कितकपद संज्ञाको एक भाग हो भन्ने कुरा संज्ञा विभागमा उल्लेख भइसकेको छ । त्यसकारण गच्छन्त आदि संज्ञा (नाम)पद झैं सबै विभक्तिमा लान सकिन्छ । सर्वनाम जस्तै यसमा पनि तीनप्रकारका लिङ्गहरू छन् ।

### पुल्लिङ्ग शब्द
**गच्छन्त = जाने**

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | गच्छं, गच्छन्तो | गच्छन्तो, गच्छन्ता |
| दुतिया | गच्छन्तं | गच्छन्ते |
| त. क. | गच्छता, गच्छन्तेन | गच्छन्तेभि, गच्छन्तेहि |
| च. छ. | गच्छतो, गच्छन्तस्स | गच्छतं, गच्छन्तानं |
| पञ्चमी | गच्छता, गच्छन्तम्हा, गच्छन्तस्मा | गच्छन्तेभि, गच्छन्तेहि |
| सत्तमी | गच्छति, गच्छन्ते, गच्छन्तम्हि, गच्छन्तस्मिं | गच्छन्तेसु |
| आलपन | (हे) गच्छं, गच्छ, गच्छा | (हे) गच्छन्तो, गच्छन्ता |

स्त्रीलिङ्गमा **गच्छन्ती** भनेर ईकारान्त हुन्छ –

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा | गच्छन्ती | गच्छन्ती, गच्छन्तियो |
| दुतिया | गच्छन्तिं | गच्छन्ती, गच्छन्तियो |
| ततिया | गच्छन्तिया | गच्छन्तीभि, गच्छन्तीहि |
| चतुत्थी | गच्छन्तिया | गच्छन्तीनं |

Downloaded from http://dhamma.digital/

अन्य रूपहरू कुमारी शब्द जस्तै हुन् ।

## नपुंसकलिङ्ग

| | एकवचन | बहुवचन |
|---|---|---|
| पठमा : | गच्छं | गच्छन्ता, गच्छन्तानि |
| दुतिया : | गच्छन्तं | गच्छन्ते, गच्छन्तानि |
| ततिया : | गच्छता, गच्छन्तेन, | गच्छन्तेभि, गच्छन्तेहि |

अन्य बाँकी पुल्लिङ्ग शब्द जस्तै हुन् ।

४८) पुल्लिङ्गमा प्रथम एकवचन **गच्छन्त** शब्दलाई जाँदै, जाने भन्ने दुइटै अर्थमा प्रयोग गरिन्छ, जस्तै -

**गच्छन्तो गोणं हरति ।** (= जानेले साँढेलाई लान्छ)
**सो गामं गच्छन्तो रोदति ।** (= त्यो गाउँमा जाँदा जाँदै रुन्छ)
**गच्छं पुरिसो रोदति** भन्नुपर्दा **गच्छं** शब्द **पुरिसो**को विशेषण भयो ।

सबै मिश्रित-क्रिया कितकपदलाई यसरी विशेषण रूपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरा थाहापाउनुपर्छ ।

**नारी भत्तं पचन्ती हसति ।** (= स्त्री भात पकाउँदै हाँस्छे ।) यसरी भन्नु पर्दा **पकाउँदै** अर्थ भएको **पचन्ती** भन्ने शब्द स्त्रीलिङ्गमा राख्नुपर्छ; तर नेपालीभाषामा **जाँदै, पकाउँदै** भन्ने शब्दको लिङ्ग भेद छैन ।

**गच्छन्त** शब्दझैं विभक्तिमा लानसकिने अन्य मिश्रित-क्रियाहरू -

| | | |
|---|---|---|
| **करोन्त** = गर्ने | **ददन्त** = दिने | **पचन्त** = पकाउने |
| **धावन्त** = दौड्ने | **भुञ्जन्त** = खाने | **विक्किणन्त** = बेच्ने |
| **नहायन्त** = नुहाउने | **चरन्त** = घुम्ने | **पिवन्त** = पिउने |
| **विहरन्त** = बासबस्ने | **सयन्त** = सुत्ने | **सुणन्त** = सुन्ने |
| **आहिण्डन्त** = घुम्ने | **पस्सन्त** = हेर्ने | **हसन्त** = हाँस्ने |
| **निसीदन्त** = बस्ने | **हरन्त** = लाने | **कीणन्त** = किन्ने |
| **तिट्ठन्त** = बस्ने, उठने | **रोदन्त** = रुने | |

यी सबैलाई **गच्छन्त** रूप जस्तै तीनवटै लिङ्गमा पनि प्रयोगगरी रूपमा लान सकिन्छ । स्त्रीलिङ्ग **पचन्ती, करोन्ती** आदि शब्द ईकारान्त हुन्छन् । यी सबै शब्दहरूको **गच्छमान, पचमान, तिट्ठमान, रोदमान, भुञ्जमान, ददमान** आदि यसरी **मान** प्रत्यय जोडिएका रूपहरू पनि छन् । यी **मान** प्रत्यय अन्त हुने

Downloaded from http://dhamma.digital/

शब्द पुल्लिङ्गमा **पुरिस** शब्द जस्तै **गच्छमानो - गच्छमाना** आदि स्त्रीलिङ्ग **वनिता** शब्द जस्तै **गच्छमाना - गच्छमाना, गच्छमानायो** आदि र नपुसंकलिङ्गमा **गच्छमानं - गच्छमाना, गच्छमानानि** आदि रूपमा **चित्त** शब्द जस्तै पनि विभक्तिमा लान सकिन्छ । "**न्त**" अन्त भएतापनि "**मान**" अन्त भएतापनि अर्थमा फरक पर्दैन ।

४९) यो कितकपद अन्य संज्ञासँग राख्न सकिन्छ । जस्तै -

## पुल्लिङ्ग

| | |
|---|---|
| **तिट्ठं गोणो** | (= उभिने साँढे) |
| **तिट्ठन्ता गोणा** | (= उभिने साँढेहरू) |
| **तिट्ठन्तं गोणं** | (= उभिने साँढेलाई) |
| **तिट्ठता गोणेन** | (= उभिने साँढेले) |
| **तिट्ठन्तेहि गोणेहि** | (= उभिने साँढेहरूले) |
| **तिट्ठतो गोणस्स** | (= उभिने साँढेलाई अथवा साँढेको) |
| **तिट्ठता गोणा** | (= उभिने साँढेबाट) |
| **तिट्ठतं गोणानं** | (= उभिने साँढेहरूको) |
| **तिट्ठति गोणे** | (= उभिने साँढेको लागि) |

## स्त्रीलिङ्ग

| | |
|---|---|
| **निसीदन्ती नारी** | (= बस्ने नारी) |
| **निसीदन्तिं नारिं** | (= बस्ने नारीलाई) |
| **निसीदन्तिया नारिया** | (= बस्ने नारीले) |
| **निसीदन्तीनं नारीनं** | (= बस्ने नारीहरूलाई वा नारीहरूको) |
| **निसीदनतियं नारियं** | (= बस्ने नारीकोलागि) |

## नपुंसकलिङ्ग

| | |
|---|---|
| **विहरन्तं कुलं** | (= बासबस्ने कुल) |
| **विहरन्तानि कुलानि** | (= बासबस्ने कुलहरू) |
| **विहरता कुलेन** | (= बासबस्ने कुलले) |
| **विहरतो कुलस्स** | (= बासबस्ने कुललाई) |

बाकी विभक्ति र वचन पनि यसरी सम्झनुपर्दछ ।

Downloaded from http://dhamma.digital/

# अभ्यास - २१

**नेपालीभाषामा अनुवाद गर्नुहोस् -**

१) गामं गच्छन्तो दारको एकं गोणं दिस्वा भायि । २) दारिका रोदन्ती अम्माय सन्तिकं गन्त्वा पीठे निसीदि । ३) वाणिजा भण्डानि विक्किणन्ता नदियं नहायन्ते मनुस्से पस्सिंसु । ४) कञ्ञायो हसमाना नहायन्तियो गच्छन्तिं वनितं अक्कोसिंसु । ५) पुरिसो हसन्तो रुक्खं आरूहित्वा फलानि खादन्तो साखायं निसीदि । ६) भगवा सावत्थियं विहरन्तो देवानं मनुस्सानं च धम्मं देसेसि । ७) सा सयन्तिं इत्थिं उट्ठापेत्वा हसमाना तम्हा ठाना अपगच्छि । ८) तुम्हे भूमियं सयमानं इमं दारकं मञ्चे ठपेथ । ९) सीहं दिस्वा भायित्वा धावमाना ते मिगा अस्मिं वने आवाटेसु पतिंसु । १०) इमस्मिं गामे वसन्तानं पुरिसानं एको वनं गच्छन्तो एकायं कासुयं पति । ११) निसीदन्तिया नारिया पुत्तो रोदमानो तस्सा सन्तिकं गमिस्सति । १२) याचका भत्तं पचन्तिं इत्थिं आहारं याचन्ता तत्थ निसीदिंसु । १३) वनम्हा दारूनि आहरन्ती कञ्ञा उदकं पिवमाना एकस्मिं पासाणे निसीदि । १४) वाणिजा भण्डानि किणन्ता विक्किणन्ता च गामेसु नगरेसु च आहिण्डन्ति ।

**पालिभाषामा अनुवाद गर्नुहोस् -**

१) नदीमा गएको नौकर फल खाँदै रूखको तल बसिरहे । २) रुने बच्चालाई लिएर आमाले दूध पिउन दिइयो । ३) हामीले नदी किनारमा घुम्दै नदीमा नुहाउने मानिसहरू देख्यौं । ४) त्यहाँ बसिराखेका मृग हामीलाई देखेर दगुरेर खाल्डोमा खस्यो । ५) जङ्गलबाट बाहिर आएको सिंहले खेतमा घाँस खाने गाईलाई देख्यो । ६) यो जङ्गलबाट काठ ल्याउने युवतीले त्यो पोखरीको पानी पिइन् । ७) यो गाउँमा बासगर्ने मानिसले त्यो पहाडमा दगुर्ने सिंहलाई देख्यो । ८) हाम्रा बाबुहरू र दाजुभाइहरू सामान बेच्दै र किन्दै गाउँहरूमा घुमे । ९) अस्ति पहाडमा बस्ने मैले गुफामा सुतिरहेको सिंह देखें । १०) बच्चा हाँस्दै दगुर्दै मकहाँ आयो । ११) ढोलक लिएर आउने किसान रूख र जमीन हेर्दै यो पत्थरमा बस्यो । १२) भगवान् बुद्धले श्रावस्ती नगरमा धेरै दिन बासबसेर यो नगरमा मानिसहरूलाई धर्मदेशना गर्नुभयो । १३) उसकी दिदी उसका दाजुहरूलाई भात पकाउँदै मेचमा बसिन् । १४) भिखारीहरूलाई दान दिने साहूले आफ्नो सबै धन (दान) दियो ।

Downloaded from http://dhamma.digital/

५०) ## संज्ञा विशेषण (पद)

**महन्त** = ठूलो, अग्लो, लामो
**खुद्दक** = सानो
**दीघ** = ठूलो, लामो
**रस्स** = सानो, छोटो
**उच्च** = ठूलो, उच्च
**नीच** = सानो, होचो, पुर्के
**मज्झिम** = मध्यम
**बहु** = धेरै
**अप्पक** = अलिकति
**आम** = काँचो
**गम्भीर** = गम्भीर, गहिरो
**उत्तान** = गहिरो - गम्भीर नभएको
**खर** = खर-कडा स्वभाव
**मुदु** = नरम
**सुरूप** = राम्रो रूप
**विरूप** = नराम्रो रूप

**पक्क** = पाकेको
**बाल, दहर** = सानो बच्चा
**तनु** = पातलो
**समीप** = सँगैको
**वित्थत** = फराकिलो
**सेत** = सेतो
**नील** = नीलो
**रत्त** = रातो
**काल** = कालो
**पीत** = पहेँलो
**महल्लक** = बूढा
**दूर** = टाढा
**दुब्बण्ण** = नराम्रो
**सुवण्ण** = राम्रो, सुन
**घन** = भीड, मोटो

**सेतो गोणो** (= सेतो साँढे) भन्ने बेला **सेतो** भन्नाले साँढेको विशिष्टता देखाइएको छ । (अर्को एउटा पद नभइकन **गोणो** वा **साँढे** मात्र भन्ने बेलामा **सेतो साँढे, रातो साँढे, मोटो साँढे** आदि विशेषण नभएको साधारण **साँढे** एकजना भनेर मात्र अर्थमा प्रयोग गर्नुपर्ने हुन्छ । **सेतो साँढे** वा **रातो साँढे** भनी भन्नुपर्दा **सेतो रंगले युक्त भएको साँढे, रातो रंगले युक्त भएको साँढे** भन्ने मात्र अर्थ लाग्छ । यी दुई साँढेहरू बाहेक अरू साँढेहरूको बारे यहाँ केही चर्चा गर्नु पर्दैन ।) त्यसकारण **सेतो** भनेको पद **गोणो** भन्ने पदको विशेषण भयो । विशेषता देखाउने अथवा एक अर्काबाट अलग्ग गरी देखाउनेलाई **विशेषण** भनिन्छ । विशेषता देखाउन लायक **गोणो**लाई विशेष्य भनिन्छ ।

५१) नेपालीभाषामा विशेषण विशेष्यसँगै हुनेबेलामा वचन र विभक्तिका प्रत्ययहरू नलिई लिङ्ग मात्र लिन्छ, तर विशेषण नै विशेष्यझैं हुनेबेलामा मात्र वचन, विभक्ति र लिङ्ग लिन्छ । पालिभाषामा **विशेषण पद विशेष्य पदको लिङ्ग वचन र विभक्तिझैं हुनेछन्** । सेतो गोणो भन्ने ठाउँमा सेतो भन्ने विशेषणपदले

Downloaded from http://dhamma.digital/

गोणो भन्ने विशेष्यपदमा भएको पुल्लिङ्ग प्रथमा विभक्ति एकवचनको रूप लिएको छ ।

विशेष्य पद गोणा भनेर बहुवचन रूपमा रहेमा विशेषण पनि सेता भनेर प्रथमा बहुवचनमा रहन्छ । विशेष्यपद स्त्रीलिङ्ग भएमा विशेषण पनि उही लिङ्गमा रहन्छ । जस्तै - सेता गावी (= सेती गाई) । विशेष्य नपुंसक लिङ्ग भएमा विशेषणले पनि उही लिङ्ग लिन्छ । जस्तै - सेतं वत्थं (= सेतो लुगा) ।

५२) गच्छन्त - पचन्त - गच्छमान आदि अन्त - मान प्रत्यय अन्त भइरहेका कितकपदहरू र विशेषणपदहरू तीनै लिङ्गमा समावेश हुने कुरा बुझ्नुपर्छ । प्रायः गरी सर्वनाम र संख्यानाम अन्य पदको विशेषण हुन्छ ।

५३) मय्हं गोणो (= मेरो साँढे), ब्राह्मणस्स पुत्तो (= ब्राह्मणको छोरा) भन्दा साँढे र छोरा अर्काको साँढेबाट र छोराबाट अलग्ग भएकोले उक्त मय्हं, ब्राह्मणस्स भन्ने पद दुइवटा क्रमानुसारले गोणो, पुत्तो भन्ने पद दुइवटाको विशेषण भयो । यसरी भिन्नाधिकरण रहने बेला विशेषणले विशेष्यपदको विभक्ति र वचनको रूप लिदैंन ।

# अभ्यास - २२

तल दिइएको वाक्य नेपालीभाषामा अनुवाद गरी विशेषण पदमा चिन्ह राख्नुहोस् -

१) सेता गावियो खेत्तं आहिण्डित्वा बहुं तिणं खादिंसु । २) मय्हं माता नीलानि उप्पलानि आनेत्वा चेतियं पूजेसि । ३) मयं सुवे रत्तानि पदुमानि भञ्जितुं तं वापिं गमिस्साम । ४) सेता च रत्ता च गोणा तिणं खादितुं अटवियं आहिण्डन्ति । ५) सो नीचं पीठं आनेत्वा भूमियं ठपेत्वा तत्थ निसीदि । ६) तुम्हं पिता महन्तं रुक्खं छिन्दित्वा पातेसि । ७) अस्मिं विहारे महन्तं चेतियं अत्थि । ८) दासो दीघाय रज्जुया रत्तं गाविं रुक्खे बन्धि । ९) तस्मिं वने बहवो उच्चा रुक्खा सन्ति । १०) पञ्ञावतो पुरिसस्स बाला धीता पक्कानि फलानि आहरित्वा अप्पकानं दारकानं अदासि । ११) तस्सा महल्लिकाय इत्थिया नत्ता उत्ताने जले नहायति । १२) बलवन्ता काला गोणा उच्चेसु गिरीसु चरित्वा बहूनि पण्णानि खादन्ति । १३) मालनी नारी रस्सेन मग्गेन खुद्दकं गामं गच्छति । १४) बाला

Downloaded from http://dhamma.digital/

कञ्ञा मुदुना हत्थेन सेतानि पदुमानि गण्हाति । १५) बहुन्नं[1] बालानं पुत्ता तस्सा नदिया गम्भीरे जले पतित्वा मरिस्सन्ति । १६) मम भातरानं मज्झिमो उच्चे पीठे निसीदित्वा फलानि खादति ।

टिप्पणी-

**माली** - आदि ईकारान्तपद स्त्रीलिङ्ग विशेषण रूप भई आउँदा इनी-प्रत्यय ल्याएर **मालिनी-सामिनी** आदि हुन्छन् । **महल्लक** आदि पद स्त्रीलिङ्ग हुँदा **महल्लिका, खुद्दिका** आदि हुन्छन् ।

**पालिभाषामा अनुवाद गर्नुहोस् -**

१) सेतो र रातो साँढे घाँस खाँदै सानो खेतमा उभिन्छन् । २) काली गाईले त्यो दहमा धेरै पानी पिइन् । ३) धेरै कन्याहरू रातो कपडाको लुगा लगाई त्यो महानगरमा ठूलो पसलमा गए । ४) ती बूढी आइमाईका सबै छोराहरू बलवान्हरू अथवा धनवान्हरू होइनन् । ५) हाम्रा बच्चाहरू सधैं काँचो फल खान मनपराउँछन् । ६) ती अज्ञानी स्त्री फराकिलो नदीमा गई त्यहाँ गहिरो पानीमा खसी । ७) हामी टाढा बाटोबाट सानो गाउँमा आई त्यहाँ ठूलो शालामा बस्यौं । ८) धेरै स्त्रीहरूले लामो रूखबाट पाकेको फल ल्याएर पसलहरूमा व्यापारीहरूलाई बेचे । ९) बालकले छोटो रूख चढेर त्यसमा भएको सेतो फूल टिपेर जम्मा गऱ्यो । १०) शक्तिवान् मानिसले त्यो सानो बगैचामा लामा र छोटा रूखहरू काट्यो । ११) काला साँढेहरू उच्च पहाडको सँगै कडा जमीनमा सुत्नेछन् । १२) धेरै मानिसहरू ठूलो समुद्र पारगरी यो दर्शनीय द्वीपमा आउँछन् । १३) यो विशाल नगरमा ठूला घरहरू, फराकिलो बाटो, लामो बाटो र धेरै बगैचाहरू छन् । १४) बच्चाको कोमल हात त्यो प्रदीपको ज्वालाले जल्यो (डढ्यो)। १५) दासले त्यो लामो नदीको किनारमा भएको सानो खेतबाट धेरै पातहरू ल्यायो ।

---

[1] **बहुनं-बहुन्नं** भनी छट्ठि बहुवचन दुइप्रकारका छन् ।

Downloaded from http://dhamma.digital/

## ५४) संख्या विशेषण पद वा अङ्क
(NUMERALS)

| | | | |
|---|---|---|---|
| एक | १ | एकतिंसति | ३१ |
| द्वि | २ | द्वेतिंसति, बत्तिंसति | ३२ |
| ति | ३ | तेत्तिंसति | ३३ |
| चतु | ४ | चतुत्तिंसति | ३४ |
| पञ्च | ५ | पञ्चतिंसति | ३५ |
| छ | ६ | छत्तिंसति | ३६ |
| सत्त | ७ | सत्ततिंसति | ३७ |
| अट्ठ | ८ | अट्ठतिंसति | ३८ |
| नव | ९ | एकूनचत्तालीसति | ३९ |
| दस | १० | चत्तालीसति | ४० |
| एकादस | ११ | द्वेचत्तालीसति, | |
| द्वादस | १२ | द्विचत्तालीसति | ४२ |
| तेलस, तेरस | १३ | एकूनपञ्ञासति | ४९ |
| चुद्दस, चतुद्दस | १४ | पञ्ञासति, पण्णासति | ५० |
| पण्णरस, पञ्चदस | १५ | द्वेपञ्ञासति, द्वेपण्णासति, | |
| सोलस | १६ | द्विपञ्ञासति, द्विपण्णासति | ५२ |
| सत्तरस, सत्तदस | १७ | एकूनसट्ठि | ५९ |
| अट्ठारस, अट्ठादस | १८ | सट्ठि | ६० |
| एकूनवीसति | १९ | द्वेसट्ठि, द्वासट्ठि, द्विसट्ठि | ६२ |
| वीसति | २० | एकूनसत्तति | ६९ |
| एकवीसति | २१ | सत्तति | ७० |
| द्वेवीसति, बावीसति | २२ | द्वेसत्तति, द्विसत्तति, द्वासत्तति | ७२ |
| तेवीसति | २३ | एकूनासीति | ७९ |
| चतुवीसति | २४ | असीति | ८० |
| पञ्चवीसति | २५ | एकासीति | ८१ |
| छब्बीसति | २६ | द्वेअसीति, द्वासीति, द्वियासीति | ८२ |
| सत्तवीसति | २७ | एकूननवुति | ८९ |
| अट्ठवीसति | २८ | नवुति | ९० |
| एकूनतिंसति | २९ | द्वेनवुति, द्वानवुति, द्विनवुति | ९२ |
| तिंसति | ३० | एकूनसतं | ९९ |

Downloaded from http://dhamma.digital/

| | | | |
|---|---|---|---|
| सतं | १०० | दसलक्खं | १000,000 |
| नवसतं | ९०० | कोटि | १0,000,000 |
| सहस्सं | १,000 | दसकोटि | १00,000,000 |
| दससहस्सं, नहुतं | १0,000 | सतकोटि | १000,000,000 |
| सतसहस्सं, लक्खं | १00,000 | | |

५५) यी संख्यावाचक शब्दहरू कुनै तीनवटै लिङ्गमा पनि प्रयोग भएका हुन्छन् भने कुनै कुनै आफ्नै लिङ्ग भएका हुन्छन् । यी शब्दमध्ये एक-ति-चतु भनेको शब्दलाई लिङ्ग तीनवटैमा पनि थरी थरी रूपमा लान सक्ने भएको ले सर्वनामको रूप दिइएको हो । एक शब्दलाई संख्यामा प्रयोग गर्दा एउटा वस्तु वा एकजना सत्त्वको बारेमा मात्र प्रयोग हुने भएकोले सबै विभक्तिमा एकवचन रूपमात्र हुन्छ । केही एउटा नमिलेको, सहायता नभएको भन्ने अर्थमा आउँदाखेरी बहुवचन हुन्छ । त्यस एक शब्दलाई लिङ्ग तीनैवटामा सर्वनाम य शब्द जस्तै रूपमा लानुपर्दछ ।

मूल द्वि शब्द र पञ्चदेखि अट्ठारस शब्दले विभिन्न लिङ्गमा विभिन्न तरिकाले आफ्नो प्रभाव देखाउँदैन । यद्यपि यी शब्दहरू सबै लिङ्गमा प्रयोग हुन्छन् । फेरी यिनीहरूको वचन सबै बहुवचन मात्र हुन्छन् । सर्वनाममा अन्तर्गत गरी देखाएको द्वि शब्द तीनवटै लिङ्गमा नै समानरूपले लानसक्छ ।

५६) द्वि शब्द = दुइजना

बहुवचन

पठमा : द्वे, दुवे
दुतिया : द्वे, दुवे
ततिया : द्वीभि, द्वीहि
चतुत्थी : द्विन्नं
पञ्चमी : द्वीभि, द्वीहि
छट्ठी : द्विन्नं
सत्तमी : द्वीसु

५७) ति शब्द = तीनजना

| | पुल्लिङ्ग बहुवचन | इत्थिलिङ्ग बहुवचन | नपुंसकलिङ्ग बहुवचन |
|---|---|---|---|
| पठमा | तयो | तिस्सो | तीणि |
| दुतिया | तयो | तिस्सो | तीणि |
| ततिया | तीभि, तीहि | तीभि, तीहि | तीभि, तीहि |

Downloaded from http://dhamma.digital/

| | | | |
|---|---|---|---|
| च.छ. : | तिण्णं, तिण्णन्नं | तिस्सन्नं | तिण्णं, तिण्णन्नं |
| पञ्चमी : | तीभि, तीहि | तीभि, तीहि | तीभि, तीहि |
| सत्तमी : | तीसु | तीसु | तीसु |

५८) **चतु शब्द** (= चारजना)

| | पुल्लिङ्ग | इत्थिलिङ्ग | नपुंसकलिङ्ग |
|---|---|---|---|
| | बहुवचन | बहुवचन | बहुवचन |
| पठमा : | चत्तारो, चतुरो | चतस्सो | चत्तारि |
| दुतिया : | चत्तारो, चतुरो | चतस्सो | चत्तारि |
| त.पं. : | चतूभि, चतूहि | चतूभि, चतूहि | चतूभि, चतूहि |
| च.छ. : | चतुन्नं | चतस्सन्नं | चतुन्नं |
| सत्तमी : | चतुसु | चतुसु | चतुसु |

५९) **पञ्च शब्द** (= पाँचजना)

**बहुवचन**

| | | | |
|---|---|---|---|
| पठमा : | पञ्च | च.छ. : | पञ्चन्नं |
| दुतिया : | पञ्च | सत्तमी : | पञ्चसु |
| त.प. : | पञ्चभि, पञ्चहि | | |

आदि यी तीनवटै लिङ्गमा पनि यस्तै हुन् ।

६०) **छ**-शब्ददेखि **अट्ठारस** - शब्दसम्मका शब्दहरूको रूप **पञ्च** शब्द जस्तै हुन्छ । प्रथमा-द्वितीया विभक्ति दुबैमा **पञ्च-छ** आदि किसिमले अकारान्त बस्न आउने र बाकी भएका अर्को विभक्तिमा पनि मूल शब्दमा केहि अन्तर हुँदैन । (पञ्चेहि, पञ्चेसु) आदि आकारमा आउँदैन भन्ने यसको मतलब हो । यी संख्या शब्दहरूका विशेषता हुन् । त्यसकारण **पञ्च** शब्ददेखि लेख्नुपर्ने शब्दलाई सर्वनाम भन्दैनन् ।

६१) **एकूनवीसति** शब्ददेखि **अट्ठनवुति** शब्दसम्मका शब्दहरू **स्त्रीलिङ्ग एकवचनमा** मात्र हुन्छ । इकारान्त भएको यस शब्दहरूको रूप भूमि शब्दको एकवचनमा झैं हुन्छ ।

**एकूनसत** देखि **लक्ख** सम्मका शब्दहरू नपुंसक एकवचनमा बस्छ । **कोटि** शब्द स्त्रीलिङ्ग **एकवचनान्त** हुन्छ ।

Downloaded from http://dhamma.digital/

६२) **वीसति** शब्ददेखि माथिका शब्दहरू अलग अलग भएको भाग अर्थमा प्रयोग हुँदा बहुवचनमा पनि बस्छ । जस्तै -

**द्वे वीसतियो** = बीस भाग दुइथरी
**तीणि सतानि** = एकसय भाग तीन थरी
**चत्तारि सहस्सानि** = एक हजार भाग चार थरी

# अभ्यास - २३

**नेपालीभाषामा अनुवाद गर्नुहोस् -**

१) चत्तारो पुरिसा चतूहि फरसूहि चत्तारि रुक्खानि **छिन्दिस्सन्ति** । २) ता तिस्सो इत्थियो इमेहि तीहि मग्गेहि तं अटविं गन्त्वा तिस्सन्नं कञ्ञानं तीणि फलानि अदंसु । ३) एकिस्सं सालायं सतं पुरिसा, पञ्ञासा इत्थियो च निसीदिस्सन्ति । ४) मयं इतो नवहि दिवसेहि[२] पञ्चहि कुमारेहि सद्धिं पाटननगरं गमिस्साम । ५) पञ्च दासा दसन्नं अस्सानं बहुं तिणं अप्पकं उदकं च आहरिंसु । ६) वीसति पुरिसा दसहि गोणेहि चत्तारि खेत्तानि कसन्ति । ७) वाणिजो रूपियानं[३] द्वीहि सतेहि अट्ठ अस्से किणित्वा चतुन्नं धनवन्तानं विक्किणि । ८) तासं छन्नं वनितानं छ भातरो महन्तं पब्बतं आरूहित्वा छ कपयो आनेसुं । ९) तासं माता दस अम्बानि किणित्वा चतस्सन्नं धीतरानं ददिस्सति । १०) इदानि लङ्कायं पञ्चचत्तालीससतसहस्सं मनुस्सा वसन्ति । ११) तुम्हे इतो द्वीहि वस्सेहि काठमण्डुं गन्त्वा नव दिवसे तत्थ वसन्ता महन्ते चेतिये पस्सिस्सथ । १२) दासो एकेन हत्थेन द्वे नालिकेरे इतरेन एकं पनसफलं च आनेति ।

**पालिभाषामा अनुवाद गर्नुहोस् -**

१) चारजना स्त्रीहरूले आठवटा आँप ल्याएर दुइजना छोरीहरूलाई दिए । २) भोलि पाँचजना मानिसहरू जङ्गलमा गएर पाँचवटा बञ्चरोद्वारा दशवटा रूख काट्नेछन् । ३) तीनजना कुमारीहरूले तीनवटा दहमा गएर तीसवटा फूल ल्याए । ४) यो शालामा पाँचसयजना मानिसहरू र तीनसयजना

---

[२] नवौं दिन ( नौ दिनपछि) भनेको अर्थ हो ।

[३] रूपिय = रूपैया । रूपियानं द्वीहि सतेहि = रूपैया दुई सय समास गरेर "द्वीहि रुपिय सतेहि" प्रयोग गर्न हुन्छ ।

Downloaded from http://dhamma.digital/

स्त्रीहरू छन् । ५) यो शहरमा पाँचहजार मानिसहरू, एकहजार गाईहरू र पाँचसयवटा घरहरू छन् । ६) पाँचजना कन्याहरूको सातजना दाजुभाइले त्यो जङ्गलमा गएर आठवटा मृगहरू मारे । ७) हामीहरू नौ वर्ष र आठ महिना काठमान्डूमा बस्यौं । ८) बाबुले लुगा हेरी किनेर ल्याई तीनजना छोरीहरूलाई दियो । ९) दशजना मानिसहरूले बीसवटा साँढेहरू ल्याएर पाँचवटा (रोपनी) खेत जोते । १०) साठीवटा हात्ती नगरबाट बाहिर आए, त्यसमध्ये बत्तीसवटा जङ्गलमा पसे । ११) मैले किनेका घोडाहरू बाह्रवटा मध्ये[४] एउटा मानिसलाई बेचें । १२) नौकरले नरिवल बाह्रवटा ल्याएर त्यस मध्ये दशवटा एकजना स्त्रीलाई बेच्यो । १३) तीनजना व्यापारीहरूले तीनसय रूपैयाले तीनवटा घोडा किने । १४) दुइ करोड भन्दा बढि मानिसहरू नेपालमा छन् ।

तल दिइएका वाक्यहरूमा खालि ठाउँमा संख्यावाचक शब्द भर्नुहोस् -

१) ··· ··· ··· गावियो खेत्ते आहिण्डन्ति । २) मयं गामं गच्छन्ता अटवियं ··· ··· ··· मिगे पस्सिम्ह । ३) दस पुरिसा ··· ··· ··· अम्बे खादिंसु । ४) इमस्मिं गामे ··· ··· ··· गेहा सन्ति । ५) तस्मिं गामे ··· ··· ··· मनुस्सा वसन्ति । ६) मयं इतो ··· ··· ··· दिवसेहि नगरं गमिस्साम । ७) अम्हाकं भातरो ··· ··· ··· मासेहि गामं आगमिस्सन्ति । ८) कुमारी ··· ··· ··· पदुमानि आहरित्वा ··· ··· ··· दारकानं अदासि । ९) ··· ··· ··· दासा ··· ··· ··· नालिकेरे किणिंसु । १०) मातरो ··· ··· ··· फलानि आनेत्वा ··· ··· ··· धीतरानं अदंसु । ११) भगवा ··· ··· ··· वस्सानि सावत्थियं वसि । १२) ··· ··· ··· पक्खिनो रुक्खस्स साखासु निसीदिंसु । १३) मह्यं ··· ··· ··· भातरो सन्ति । १४) मयं मग्गे गच्छन्ता ··· ··· ··· अस्से च ··· ··· ··· रथे च ··· ··· ··· इत्थियो च ··· ··· ··· गोणे च पस्सिम्ह । १५) तस्सा इत्थिया ··· ··· ··· पुत्ता ··· ··· ··· धीतरो ··· ··· ··· भातरो च सन्ति ।

## ६३) क्रम-संख्या

| | |
|---|---|
| पठम = पहिला, पहिलो | दसम = दशौं |
| दुतिया = दोस्रो | एकादसम = एघारौं |
| ततिया = तेस्रो | वीसतिम = बीसौं |
| चतुत्थ = चौथो | तिंसतिम = तीसौं |

---

[४] यस्तो ठाउँमा पालिबाट अनुवाद गर्दा छट्ठी वा सत्तमीमा राख्नुपर्दछ ।

Downloaded from http://dhamma.digital/

| | |
|---|---|
| पञ्चम = पाँचौं | चत्तालीसतिम = चालीसौं |
| छट्ठ = छैठौं | सत्ततिम = सत्तरीऔं |
| सत्तम = सातौं | असीतिम = असीऔं |
| अट्ठम = आठौं | नवुतिम = नब्बेऔं |
| नवम = नवौं | सतम = सयौं |

यस्ता क्रमसंख्याका शब्दलाई **तद्धितपद** भनिन्छ । यी लिङ्ग तीनवटैमा प्रयोग हुन्छन् । पुलिङ्ग र नपुंसकलिङ्गमा अकारान्तले र स्त्रीलिङ्ग **पठमा-द्वितीया** आदि केही पदहरू आकारान्त र **चतुत्थी-पञ्चमी** आदि केही पदहरू इकारान्तमा बस्ने हुन्छन् ।

## ६४) क्रिया-विशेषण

**दारको सुखं सयति** (= बालक आनन्दसँग सुत्छ ।) भन्दाखेरि **सुखं** भन्ने पदले सुत्नेको विशेषता देखाइएको छ । त्यसकारण **सुखं** अथवा **आनन्दसँग** भन्ने शब्द क्रिया-विशेषण हो ।

क्रिया-विशेषण सबै नपुंसकलिङ्ग दुतिया विभक्ति एकवचनमा हुन्छ भनी पालि व्याकरणमा देखाइएको छ । कुनै कुनै निपातपदले पनि क्रिया-विशेषणको रूप लिन्छ । **खिप्पं** (= चाँडै), **सनिकं** (= बिस्तारै) भन्ने यस्ता शब्दहरू नपुंसकलिङ्ग एकवचन जस्तो देखापरेतापनि निपातपदहरू हुन् ।

**सहसा** (= चाँडै), **पच्छतो** (= पछिपछि), **पुरतो** (= अगाडि), **पच्छा** (= पछि, पछाडि), **विसुं** (= अलग भई, छुटेर) भन्ने यी निपातपद पनि क्रियासँगै बस्ने भएकोले तल दिइएको एकवचन रूप नभएता पनि क्रिया-विशेषण भन्नुपर्दछ ।

| | | |
|---|---|---|
| **साधुकं** = ठिक हुनेगरी, राम्ररी | **सनिकं** = बिस्तारै | **सीघं** = चाँडै, सीघ्र |
| **विसुं** = अलग भई, छुटेर | **दुक्खं** = दुःख | **विसमं** = असमानं |
| **एकधा** = एक किसिमले | **अभिण्हं** = संधै | **एवं** = यसरी |
| **द्विक्खत्तुं** = दुइपटक | **समं** = समान | |

Downloaded from http://dhamma.digital/

# अभ्यास - २४

१) गच्छन्तेसु दससु पुरिसेसु सत्तमो वाणिजो होति । २) तस्स सत्तमा धीता अट्ठमाय एकं वत्थं अदासि । ३) चतस्सन्नं युवतीनं ततियाय भाता पञ्च अस्से आनेसि । ४) मह्यं पिता सत्ततिमे वस्से पञ्चमे मासे कालमकासि । ५) मयं इतो छट्ठे वस्से चतूहि पुरिसेहि सद्धिं दुतियं नगरं गमिस्साम । ६) अट्ठमो एड्वड्नामो भूपति तस्स पठमस्स भातुनो रज्जं दत्वा सीहासना अपगच्छि । ७) छट्ठो परक्कमबाहु भूपति पुब्बे लङ्कायं जयवड्ढनपुरे रज्जं करि । ८) इमिस्सा पाठसालाय असीतिया सिस्सेसु पञ्चवीसतिमो हीयो गम्भीरे उदके पति । ९) अम्हाकं पितरो इतो पञ्चमे वस्से बहूहि मनुस्सेहि पाटनं गमिस्सन्ति । १०) द्वीसु पाठसालासु पठमाय तिसतं सिस्सा उग्गण्हन्ति । ११) द्विन्नं धनवन्तानं दुतियो तिंसतियो याचकानं दानं अदासि । १२) नहायन्तीसु पञ्चसु नारीसु ततियाय भत्ता धनवा होति । १३) भत्तं पचन्तीनं तिस्सन्नं इत्थिनं दुतिया नहायितुं गमिस्सति । १४) भगवा पठमं वस्सं बाराणसियं इसिपतनारामे विहरि । १५) तदा सो पञ्चन्नं भिक्खूनं बहुन्नं मनुस्सानं देवानं च पठमं धम्मं देसेसि ।

**पालिभाषामा अनुवाद गर्नुहोस् -**

१) ब्यापारीहरू दशजनामध्ये[५] आठजनाले रत्न किने । २) चौथो धनवान्ले आजदेखि तेस्रो दिनमा सयजना भगन्तेहरूलाई दान दिनेछ । ३) पाठशाला तीनवटामध्ये पहिलोमा आठसयजना विद्यार्थीहरू छन् । ४) मेरो चौथो भाइ काठमाण्डूको पाँचौ बाटोको छैठौं घरमा बस्छ । ५) हामी दोस्रो वर्षको तेस्रो महिनाको सातौं दिनमा शहरमा जानेछौं । ६) उस्को दशौं छोरा छैठौ महिनामा पचीसौं दिनमा यहाँ आउने छ । ७) आइमाईहरू सातजनामध्ये छैठौं आइमाईले रातो लुगा र पाँचौं आइमाईले नीलो लुगा लाउनेछिन् । ८) सातौं एड्वर्ड राजाका छोरा पाँचौं जोर्ज राज्य गर्दै तीन वर्षअघि[६] परलोक भए । ९) त्यसपछि उसको प्रथम पुत्र आठौं एड्वर्ड नामले राजा भए । १०) मैले यी घोडाहरू आठवटामध्ये दोस्रो दुइसयले लिनेछु । ११) यो पाठशालामा असीजना विद्यार्थीहरूमध्ये बीसौं (व्यक्ति) हिजो मरे । १२) मेरो छैठौं भाइ चौथौं सँगै दशौं दिनमा यहाँ आउँनेछ । १३) उसको तेस्रो भाइको दोस्री छोरी यो पाठशालामा

---

[५] सप्तमी विभक्तिमा राख्यो भने "मध्ये" भन्ने अर्थ आउँछ ।

[६] "वस्सानं उपरि" भनेर राख्ने ।

Downloaded from http://dhamma.digital/

पढनेछे । १४) महारानीकी प्रथम बहिनी आजदेखि तीन महिना पछि लुम्बिनी दर्शन गर्न जानेछे । १५) दुट्ठगामिणि राजाले[७] चौबीस वर्षसम्म लंकाको अनुराधपुरमा राज्य गरे ।

# अभ्यास - २५

**नेपालीभाषामा अनुवाद गर्नुहोस् -**

१) इमेसं दसन्नं धनवन्तानं पञ्चमो सुखं जीवति । २) अयं दीपि सनिकं आगन्त्वा सहसा गाविया उपरि पति । ३) अट्ठन्नं कञ्ञानं छट्ठा गाविं दल्हं बन्धित्वा वापिं नेसि । ४) इमे पञ्च दारका अभिण्हं मग्गे धावन्ता कीलन्ति । ५) इमेसु नवसु सिस्सेसु पञ्चमो साधुकं उग्गण्हाति । ६) भिक्खू भगवतो सन्तिकं आगन्त्वा वन्दित्वा एकमन्तं निसीदिंसु । ७) सो सेट्ठि धनं पञ्चधा विभजित्वा पञ्चन्नं धीतरानं अदासि । ८) तस्स छट्ठाय धीतुया पुत्तो द्विक्खत्तुं इमं नगरं आगच्छि । ९) पठमं ते अस्सरथं समं आकड्ढिंसु, दुतियं सीघं धाविंसु । १०) मम अट्ठन्नं भातरानं चतुत्थो दुक्खं वसति । ११) कथं ते चत्तारो वाणिजा तत्थ वसन्ता भण्डानि विक्किणन्ति । १२) सो धीतरं एवं वत्वा सहसा अञ्ञं ठानं गच्छि ।

**पालिभाषामा अनुवाद गर्नुहोस् -**

१) ती दशजना बच्चाहरू संधै यो ठाउँमा खेल्छन् । २) यी दशजना किसानहरूमध्ये चारजनाले सुखीजीवन बिताउँछन् । ३) राजा दुइपटक शहरबाट बाहिर आएर यो दहमा नुहाए । ४) घोडाहरू एकै साथ रथ तान्दै चाँडै दगुर्ने छन् । ५) यी भिक्षुहरू सातजनामध्ये तीनजनाले राम्री शील पालन गरेनन् । ६) ती बाह्रजना ब्यापारीहरू बुद्धकहाँ गएर धर्मको कुरा सुन्न एक ठाउँमा बसे । ७) चोर अचानक आएर मेरो छाता लिएर दौड्यो । ८) मेरा साथीका पाँचजना छोराहरूमध्ये तीनजनाले दुखगरी पढ्छन् । ९) उनीहरू बिस्तारै नदी किनारमा गएर, त्यहाँ घुमी अलग अलग भई फर्के । १०) उसको छैठौं भाइकी दोस्री छोरीले चाँडै सिक्छिन् । ११) किसानले साँढेलाई बेसरी बाँधेर त्यहाँ खेतमा लगी जोत्यो । १२) राजाले राज्यलाई चार भागगरी (चतुधा) चारजना छोराहरूलाई बाँडिदिए ।

---

[७] "दुट्ठगामिणि भूपति" भनेर राख्ने

Downloaded from http://dhamma.digital/

## ६५) कारक - व्याख्या

**पुरिसो रुक्खं छिन्दति** । (= पुरुषले रूख काट्छ ।) भन्नुपर्दा **पुरिसो** भनेको काट्ने क्रिया अथवा कामगर्ने भएकोले कर्ता (कत्तु) भयो । **रुक्खं** भनेको कटाउन दिइरहने भएको हुनाले कर्म (कम्म) भयो । **छिन्दति** भनेको पुरुषको क्रिया भयो ।

यी कर्ता-कर्मादिहरूलाई **कारक** भन्दछन् । कारकको अर्थ हो - **क्रिया सम्पादन गर्ने** कारकहरूमध्ये मुख्य प्रधान कारक **कर्ताकारक** हो । अप्रधान कारक मात्र **कर्मकारक, करणकारक, सम्प्रदानकारक, अपादानकारक** र **आधारकारक** भनी पाँच प्रकारका छन् ।

यहाँ क्रिया बनाउने **कर्ताकारक** हो । यो प्रथमा विभक्तिमा अथवा तृतीया विभक्तिमा रहनसक्छ । कर्ता प्रथमा विभक्तिमा रहँदा त्यसलाई **उक्तकर्ता** भन्दछ । कर्ता तृतीया विभक्तिमा रहँदाखेरी त्यसलाई **अनुक्तकर्ता** भन्दछ ।

गराउन लगाउने **कर्मकारक** हुन्छ । यो द्वितीया विभक्तिमा र प्रथमा विभक्तिमा रहन्छ । कर्म द्वितीया विभक्तिको रूपमा रह्यो भने **अनुक्त** भनी र प्रथमाको रूपमा रह्यो भने **उक्त** भन्दछ ।

जसको सहायताले कर्ताद्वारा केही क्रिया गर्छ, त्यो सहायता गर्ने कारकलाई **करणकारक** भन्दछ । जस्तै - **सो फरसुना छिन्दति** । (= उसले बन्चरोद्वारा काट्छ ।) भन्ने ठाउँमा कर्ताले क्रिया सम्पूर्ण गर्न कुनै एक वस्तुको सहायता लिएको छ । त्यो हो - **फरसुना** (बन्चरोद्वारा) । यसलाई नै **करणकारक** भनिन्छ ।

कसैलाई केही दिँदा कुनै एकजनाले थामिन्छ अथवा इच्छा गर्छ । त्यो लिइने वा इच्छा गर्ने **सम्प्रदानकारक** भयो । जस्तै - **भिक्खूनं चीवरानि देन्ति** (= भिक्षुहरूलाई चीवर दान दिन्छन्) । भन्ने ठाउँमा केही दिनेलाई थाप्नेहरू वा लिनेहरू यस वाक्यमा **भिक्षुहरू** देखिन्छन् । त्यसकारण **भिक्खूनं** भन्ने सम्प्रदानकारक भयो । यसलाई चतुत्थी विभक्तिमा राख्नुपर्दछ ।

कुनै एक वस्तुबाट अर्को वस्तु छोड्ने वा छुट्ने काम हुन्छ, त्यो केहीदेखि डराउँछ त्यस वस्तु अथवा व्यक्ति **अपादानकारकमा** हुन्छ । जस्तै - **फलं रुक्खम्हा पतति** । (= फल रूखबाट खस्छ ।) भन्ने ठाउँमा छोडने वा

Downloaded from http://dhamma.digital/

छुट्ने काम भईरहेको छ । **दारका सीहम्हा भायन्ति** । (= बालकहरू सिंहदेखि डराउँछन्) यहाँ डराउने काम भईराखेको छ । यस्तो ठाउँमा पञ्चमी विभक्ति प्रयोग हुन्छ ।

कर्ता र कर्मले कहाँ काम गर्छ, त्यस ठाउँसँग सम्बन्ध हुने कारकलाई **आधारकारक** भन्दछ । **मनुस्सो भूमियं तिट्ठति** । (= मानिस जमीनमा उभिन्छ ।) यस वाक्यमा **भूमियं** भन्ने वचनले मानिसहरू बस्न आधार दियो । त्यसकारण यसलाई **आधारकारक** भनेको हो । यसलाई सप्तमी विभक्तिमा राख्नुपर्छ ।

**पुरिसो गामा निक्खमित्वा अटवियं ठत्वा हत्थेहि फरसुं आदाय रुक्खं छिन्दति** । (= पुरुषले गाउँबाट बाहिर गएर जङ्गलमा बसी हातद्वारा वन्चरो लिएर रूख काट्छ ।) भन्ने वाक्यमा -

| | | |
|---|---|---|
| **पुरिसो** | भनेको | कर्ताकारक हो । |
| **फरसुं, रुक्खं** | भनेको | कर्मकारक हो । |
| **हत्थेहि** | भनेको | करणकारक हो । |
| **गामा** | भनेको | अपादानकारक हो । |
| **अटवियं** | भनेको | आधारकारक हो । |

**सो भिक्खू गेहे निसीदापेत्वा तेसं चीवरानि दत्वा गेहा निक्खमित्वा रथेन नगरं अगमासि** । (= वहाँ भिक्षुहरू घरमा बसाएर वहाँहरूलाई चीवर दिएर घरबाट बाहिर निस्केर रथबाट शहरमा गयो ।) भन्ने वाक्यमा -

| | |
|---|---|
| **सो** | कर्ताकारक हो । |
| **भिक्खू; चीवरानि; नगरं** | कर्मकारक हो । |
| **रथेन** | करणकारक हो । |
| **तेसं** | सम्प्रदानकारक हो । |
| **गेहा** | अपादानकारक हो । |
| **गेहे** | आधारकारक हो । |

बाँकी रहेको पद **पूर्व क्रिया** र **मूल क्रिया** हुन् ।

Downloaded from http://dhamma.digital/

# अभ्यास - २६

**यी वाक्यहरूमा कर्ता, कर्म र क्रिया देखाउनुहोस् :-**

१) मह्यं भाता वापिं गच्छन्तो एकस्स रुक्खस्स मूले निसीदि । २) सीहो धावित्वा मिगं मारेसि । ३) माता दारकानं भत्तं अदासि । ४) अयं पुरिसो एकं वत्थं याचति । ५) पिता पातो गेहा निक्खमित्वा वनं अगमासि । ६) सुवे मयं नगरं गन्त्वा भण्डानि किणिस्साम । ७) वाणिजा भण्डानि विक्किणन्ता गामे आहिण्डन्ति । ८) युवती माला पिलन्धित्वा हसन्ती भुञ्जति । ९) ते गोणे आनेत्वा नदियं नहापेन्ति । १०) पक्खिनो रुक्खानं साखासु निसीदित्वा रवन्ति । ११) हत्थिनो तरूनं साखा भञ्जित्वा खादिंसु । १२) कुमारी पुप्फानि ओचिनितुं रुक्खं आरुहि । १३) दारका मग्गे धावन्ता कीलिंसु । १४) तदा एको पुरिसो आगन्त्वा ते पहरि । १५) दारका रोदन्ता गन्त्वा तेसं पितूनं कथेसुं ।

तल दिइएका वाक्यमा **कर्तापद** राखेर भर्नुहोस् -

१) ... ... ... रुक्खं आरुहित्वा फलानि ओचिनाति ।
२) मग्गे गच्छन्तो ... ... ... धावन्ते दारके ओलोकेसि ।
३) ... ... ... हत्थिं मारेत्वा खादन्ति ।
४) ... ... ... तस्सा मातुया सन्तिके रोदन्ती अट्ठासि ।
५) ... ... ... आपणेसु निसीदित्वा भण्डानि विक्किणिस्सन्ति ।
६) ... ... ... आपणम्हा वत्थानि किणित्वा आनेथ ।
७) ... ... ... नहायित्वा आगन्त्वा भत्तं भुञ्जिस्सामि ।
८) ... ... ... सुवे दिवा दारूनि आहरितुं अटविं गमिस्साम ।
९) ... ... ... गेहं गन्त्वा भत्तं पचाहि ।
१०) अम्हाकं ... ... ... तत्थ कम्मं करोन्ता वसन्ति ।
११) ... ... ... पुप्फानि ओचिनित्वा विहारं गमिस्सन्ति ।
१२) तुम्हं ... ... ... दारकं हत्थेन आदाय हसन्ती अट्ठासि ।

## क्रिया - कारक पद - सम्बन्ध

**६६) जुन वाक्यमा कर्ता एकवचन हुन्छ; त्यो वाक्यको क्रिया पनि एकवचन नै हुन्छ । कर्तापद बहुवचन भएमा क्रिया पनि बहुवचन नै हुन्छ । यी** वाक्य दुइवटैमा **कर्मपद** एकवचनमा वा बहुवचनमा राखेतापनि केही बाधा हुदैन ।

Downloaded from http://dhamma.digital/

६७) **कर्तासँग सम्बन्ध भएको विशेषणपद** भएमा त्यो कर्तापदसँग **लिङ्ग, विभक्ति र वचनमा** समान हुनुपर्दछ । कर्मपदको विशेषण भयो भने त्यो **कर्मपदमा लिङ्ग-विभक्ति-वचनसँग समान हुनुपर्दछ** । क्रिया-विशेषण प्रायःगरी नपुंसकलिङ्ग एकवचन हुन्छ । त्यो निपातपद पनि हुनसक्छ । (५१,५२,५३ नम्बर पनि हेर्न सकिन्छ ।)

उदाहरण - (१) **पुरिसो रुक्खं छिन्दति** । भन्ने वाक्यमा कर्तापद पनि क्रियापद पनि एकवचन हुन् । कर्तापद बहुवचन **पुरिसा** भएमा, क्रिया पनि **छिन्दन्ति** भनी बहुवचन हुनुपर्दछ तर **पुरिसो रुक्खे छिन्दति** । अथवा **पुरिसा रुक्खं छिन्दन्ति** । भनी कर्म एकवचन अथवा बहुवचन राखे पनि हुन्छ ।

(२) **बलवा पुरिसो महन्तं रुक्खं फरसुना सनिकं छिन्दति** । भन्ने वाक्यमा **बलवा** भन्ने पद पुरिसको विशेषणपद भएको हुनाले पुल्लिङ्ग, एकवचन र प्रथम विभक्तिमा भएको देखिन्छ । **महन्तं** भन्ने वचन **रुक्खं** अथवा रूखको विशेषणपद भएको हुनाले कर्मपदले झैं लिङ्ग, वचन र विभक्ति पनि समान रूप लिइएको छ । **सनिकं** भन्ने क्रियाबाट गरिने किसिम देखाउने भएकोले त्यसलाई **क्रिया-विशेषण** भन्दछ । **फरसुना** (बन्चरोद्वारा) भन्ने शब्दलाई क्रिया बनाउन सहयोग पुऱ्याएको वस्तु बुझाइएको हुनाले त्यसलाई **क्रिया-विस्तार** भन्दछ ।

(अभ्यास - २२, हेरेपछि विशेषणपद कर्ता-कर्मको लिङ्ग-विभक्ति-वचन आदि प्रयोग भइरहेको स्पष्ट हुन्छ ।)

६८) एउटा कर्तापदमा अथवा कर्मपदमा विशेषणपद दुई-तीनवटा पनि राख्न सकिन्छ ।

जस्तै- **धनवा बलवा पञ्ञवा पुरिसो महन्तं दस्सनीयं गेहं किणाति** । भन्ने वाक्यमा **पुरिसो** भन्ने शब्दमा विशेषणपद तीनवटा र गेहं भन्ने कर्मपदमा विशेषण दुइटा छन् ।

# अभ्यास - २७

तल दिइएका वाक्यमा **कर्ता-कर्मादि** विशेषणपद एउटा वा एउटा भन्दा बढी राखी वाक्य सार्नुहोस् -

१) पुरिसो रुक्खं छिन्दति ।

२) गोणा तिणं खादन्ति ।

Downloaded from http://dhamma.digital/

३) भूपति नगरं मापेति ।[८]
४) पक्खिनो रुक्खे निसीदन्ति ।
५) पिता वनं गमिस्सति ।
६) कस्सका खेत्तानि कसिंसु ।
७) भिक्खवो धम्मं देसेसुं ।
८) मयं भत्तपुरं गमिस्साम ।
९) वनितायो पदुमानि आहरन्ति ।
१०) भातुनो पुत्तो उग्गण्हाति ।
११) धीतरो नदियं नहायन्ति ।
१२) भाता उय्यानं गच्छति ।
१३) सीहा वने मिगे मारेन्ति ।
१४) कञ्ञायो चेतियं वन्दन्ति ।

(सेत-रत्तादि गुणनाम र एक-द्वि आदि संख्यानाम, सर्वनाम, क्रमसंख्या शब्द, मिश्रित-क्रियापद र छट्ठी विभक्तिमा भएका पदहरू पनि विशेषणको रूपमा वाक्यमा प्रयोग गर्नहुन्छ भनी थाहापाउनुपर्छ ।)

"गाउँदेखि बाहिर खेतमा साँढे छ ।" भन्ने वाक्यमा मूलपद तीनैवटालाई क्रियापदविस्तार भन्दछ । (क्रियाविशेषण र क्रिया विस्तार केहीमात्र फरक छ । त्यो पछि मात्र उल्लेख हुनेछ ।) त्यसकारण वाक्य लामो गर्ने बेला करण-अवधि-आधार विभक्तियुक्त भएको वचन पनि राखी लेख्न सिक्नुपर्छ ।

# कर्मवाच्य क्रिया
## (PASSIVE VOICE)

६९) कर्ताले केही काम गरेको देखायो भने त्यसलाई **कर्तृवाच्य** भन्दछ । त्यसमा कर्ता प्रथम विभक्तिमा हुन्छ; कर्म द्वितीया विभक्तिमा हुन्छ ।

कर्मवाच्यमा वाक्य बनाउँदा कर्ता द्वितीया विभक्ति भएर कर्म प्रथम विभक्तिमा हुन्छ । क्रियाले आफ्नो पुरुष र वचनको रूप प्रथम विभक्ति कर्म अनुसार लिन्छ ।

कर्मप्रधान भई, कर्म आवश्यक हुने वाक्यलाई **कर्मवाच्य** भन्दछ । त्यसैले त्यसमा कर्म प्रथमा विभक्तिमा रहन्छ; कर्ता तृतीया विभक्तिमा रहन्छ । जस्तै- **दासो ओदनं पचति** । (= दासले भात पकाउँछ ।) भन्ने कर्तृवाच्य वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुपर्दा **दासेन ओदनो पच्चति** । (= नोकरद्वारा भात पकाइन्छ ।) यसप्रकारले हुनजान्छ । यसमा **दासेन**, **अनुक्तकर्ता** हो । **ओदनो**, **उक्तकर्म** हो । त्यो प्रथमा विभक्तिमा रहन्छ । **पच्चति** भनेको

---

[८] = बनाउँछ

Downloaded from http://dhamma.digital/

कर्मवाच्य प्रथम पुरुष-एकवचनको क्रिया हो । कर्मवाच्यमा कर्मपद प्रधान हुने भएकोले कर्मपद एकवचन अथवा बहुवचन भयो भने क्रियाले पनि कर्मपदको जस्तै वचनको रूप लिन जान्छ । जस्तै - **दासेहि ओदनो पच्चति** । कर्तृपद बहुवचन भएपनि यहाँ क्रियाले उसलाई वास्ता नगरी कर्मपद हेरेर एकवचन नै रहेको हुन्छ ।

७०) वर्तमान कालमा **पच** धातुको रूप यस्तो हुन्छ -

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| प. पु. : | (सो ओदनो) पच्चति । | (ते ओदना) पच्चन्ति । |
| म. पु. : | (त्वं ओदनो) पच्चसि । | (तुम्हे ओदना) पच्चथ । |
| उ. पु. : | (अहं ओदनो) पच्चामि । | (मयं ओदना) पच्चाम । |

**अर्थ**

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| प. पु. : | (ऊद्वारा भात) पकाइन्छ । | (उनीहरूद्वारा भात) पकाइन्छ । |
| म. पु. : | (तिमीद्वारा भात) पकाइन्छ । | (तिमीहरूद्वारा भात) पकाइन्छ । |
| उ. पु. : | (मद्वारा भात) पकाइन्छ । | (हामीद्वारा भात) पकाइन्छ । |

**टिप्पणी -**

यहाँ **सो ओदनो** आदि कर्मपदहरू हुन् । यी छवटा क्रियापदलाई पनि दासद्वारा, दासहरूद्वारा, तिमीद्वारा, हामीद्वारा, तिमीहरूद्वारा अथवा अरू पनि यस्ता पदहरू कर्ताको रूपमा प्रयोग गर्न सकिन्छ । कर्ता एकवचन भएपनि, बहुवचन भएपनि, पठम पुरिसादि कुनैपनि पुरिसमा राखेपनि यहाँ क्रियाबारेमा मतलब नराखिकन कर्मको वचन, पुरुष अनुसार त्यही रूपमा हुन्छ ।

७१) कर्मवाच्य क्रिया बन्ने धातुको र विभक्तिको बीचमा **"य"** प्रत्यय एउटा जोडेरमात्र हुन्छ । त्यो **"य"** प्रत्यय जोर्ने बेला धेरैजसो त्यसको अगाडि **"ई"** कारान्त पनि रहन आउँछ ।

यो **"य"** प्रत्ययले संधै धातुको अन्तमा भएको व्यञ्जनको रूप लिन्छ । जस्तै - **पच + य + ति, पच** धातुको अन्तमा भएको अकार लोपभएर धात्वन्त **च, य,** सँग मिलेपछि त्यसको रूप **पच्यति** हुने बेलामा **"य"** कारलाई **"च"** कार आदेश गरी **पच्चति** हुन्छ । यसरी **"य", "च"** आदेश नहुने बेलामा **पच** धातुको पछाडि ईकार आगम भएर **पचीयति** आदि रूप पनि प्रयोग गर्न सकिन्छ ।

Downloaded from http://dhamma.digital/

७२) "य" प्रत्ययको रूप केही फरक नपारी बनाउने कर्मवाच्य पदहरूमध्ये केही पदहरूको उदाहरण यस प्रकार छन् -

**"य" पूर्व "हर" धातु**

| एकवचन | बहुवचन |
|---|---|
| १) (चोरेन) (सो) पहरीयति । | (चोरेन) (ते) पहरीयन्ति । |
| २) (चोरेन) (त्वं) पहरीयसि । | (चोरेन) (तुम्हे) पहरीयथ । |
| ३) (चोरेन) (अहं) पहरीयामि । | (चोरेन) (मयं) पहरीयाम । |

**अर्थ**

| | |
|---|---|
| १) (चोरद्वारा ऊ) कुटिइन्छ । | (चोरहरूद्वारा उनीहरू) कुटिइन्छन् । |
| २) (चोरद्वारा तिमी) कुटिइन्छौ । | (चोरहरूद्वारा तिमीहरू) कुटिइन्छौ । |
| ३) (चोरद्वारा म) कुटिइन्छु । | (चोरहरूद्वारा हामी) कुटिइन्छौं । |

| | |
|---|---|
| करीयति = गरिइन्छ | विक्किणीयति = बेचिइन्छ |
| कसीयति = जोटिइन्छ | भुञ्जीयति = खाइन्छ |
| गण्हीयति = लिइन्छ | बन्धीयति = बाँधिइन्छ |
| हरीयति = लगिइन्छ | दीयति = दिइन्छ |
| आहरीयति = ल्याइन्छ | मारीयति = मारिइन्छ |
| किणीयति = किनिइन्छ | भासीयति = भनिइन्छ |
| धोवीयति = धोइन्छ | रक्खीयति = रक्षागरिइन्छ |
| देसीयति = देशनागरिइन्छ | वंन्दीयति = वन्दनागरिइन्छ |
| आकड्ढीयति = तानिइन्छ | |

**यी सबै पहरीयति जस्तै चलाउने रूपहरू हुन् -**

# अभ्यास - २८

**नेपालीभाषामा अनुवाद गर्नुहोस् -**

१) कञ्जाय ओदनो पचीयति । २) गोणा दासेहि पहरीयन्ति । ३) त्वं बलिना पुरिसेन आकड्ढीयसि । ४) मयं अम्हाकं अरीहि मारीयाम । ५) ते मिगा ताय दासिया बन्धीयन्ति । ६) इमिना वड्ढकिना इमस्मिं गामे बहूनि गेहानि करीयन्ति । ७) तुम्हे तस्मिं गामे मनुस्सेहि बन्धीयथ । ८) अम्हाकं भण्डानि तेसं

Downloaded from http://dhamma.digital/

दासेहि गामं हरीयन्ति । ९) अट्ठहि वाणिजेहि चत्तारो अस्सा नगरं आहरीयन्ति । १०) मयं अम्हाकं धीतरेहि नत्तारेहि च वन्दीयाम । ११) तं महन्तं खेत्तं पञ्चहि कस्सकेहि कसीयति । १२) वनिताय बहूनि वत्थानि तस्सं पोक्खरणियं धोवीयन्ति । १३) सेट्ठिना बहुन्नं याचकानं दानं दीयति । १४) तस्मि आरामे वसन्तेहि भिक्खूहि सीलं रक्खीयति । १५) छहि भिक्खूहि पञ्चसतानं मनुस्सानं धम्मो देसीयति । १६) पञ्ञासाय मनुस्सेहि तम्हा आपणा बहूनि भण्डानि किणीयन्ति । १७) दसहि वनिताहि अम्बानं द्विसतं विक्किणीयति । १८) दासिया पक्को ओदनो गहपतिना भुञ्जीयति ।

**पालिभाषामा अनुवाद गर्नुहोस् -**

१) आमाद्वारा छोरालाई हातले लिइन्छ । २) बुद्धद्वारा देवताहरूलाई र मानिसहरूलाई धर्मदेशना गरिइएको छ । ३) दासहरूद्वारा लामो डोरीले गाईहरू बाँधिइन्छन् । ४) यो घर आठजना सिकर्मीहरूले बनाइएका छन् । ५) त्यस जङ्गलमा दुइवटा चितुवाहरूद्वारा नौवटा गाईहरू मारिइएका छन् ।
६) शक्तिशाली मानिसहरूद्वारा तिमी जमीनमा तानिइन्छौ । ७) दुइजना धनवान्‌हरूद्वारा दुइटा काला घोडाहरू किनिइन्छन् । ८) तिमीहरू चारजना मानिसहरूद्वारा कुटिइन्छौ । ९) उनीहरू दुइजना व्यापारीहरूद्वारा यो गाउँमा सामान बिक्रीगरिइन्छ । १०) बच्चा उसकी आमाद्वारा वैद्यकहाँ लगिइन्छ ।
११) यो विहारका भिक्षुहरूद्वारा यो गाउँमा मानिसहरूलाई धर्मदेशना गरिइन्छन् । १२) दासीहरूद्वारा पकाइने भात उसको छोरा र दाजुभाइहरूले खाइन्छन् । १३) ती स्त्रीहरूद्वारा यो नदीमा रातो वस्त्र धोइन्छ । १४) छजना अग्ला स्त्रीहरूद्वारा तीनसयवटा आँप बिक्रीगरिइन्छन् । १५) यो खेतमा सबै आठवटा साँढेहरू र चारजना गाईहरूद्वारा घाँस खाइन्छ । १६) बुद्ध यो द्वीपमा धेरैजनाद्वारा वन्दना गरिइन्छ । १७) बाह्रजना किसानहरू र आठवटा गोरुहरूद्वारा दुइवटा खेतमा कामगरिइन्छ । १८) बाटोमा जाने मानिसको छोरा बलवान् मानिसहरूद्वारा कुटिइन्छ ।

**७३) कर्मवाच्यमा परिवर्तन हुने कृदन्त (नाम) पद -**

कर्मवाच्यमा क्रियामात्र भएको होइन, नामपद पनि छन् । त्यस्तोलाई कृदन्तपद भन्दछ । त्यस्तो कर्मवाच्यमा परिवर्तन हुन जाने किसिम दुई भागमा उल्लेख हुनेछ । यहाँ उदाहरणको लागि केही शब्दहरू दिइएका छन् ।

भुत्त = खाइएको　　　　दट्ठ = टोकिइएको　　　　पक्क = पकाइएको

Downloaded from http://dhamma.digital/

**खादित** = खाइएको
**वन्दित** = वन्दना गरिइएको
**नीत** = लगिएको
**सुत्त** = सुनिएको
**छिन्न**= काटिइएको
**वुत्त** = भनिइएको
**आहट**= ल्याइएको
**भिन्न** = फुटिइएको
ञात = बुझिइएको
**हट** = लगिइएको
**पूजित**= पूजागरिइएको
**पहट** = पिटिइएको
**दिन्न** = दिइएको

माथि उल्लिखित सबै पदहरू अतीतार्थ हुन् । वर्तमानार्थमा कर्मवाच्य सिद्ध हुने यसरी छन् ।

**भुञ्जियमान** = खाइरहेको
**नियमान** = लगिइरहेको
**वुच्चमान** = भनिइरहेको
**वन्दियमान** = वन्दना गरिइरहेको
**आहरियमान** = ल्याइरहेको
**पहरियमान** = कुटिइरहेको
**पच्चमान** = पकाइरहेको
**दीयमान** = दिइरहेको

कर्मवाच्यमा त्रिकालमा पनि प्रकाश हुने कृदन्तपदहरू -

**वन्दितब्ब** = वन्दनागरिनुपर्ने
**दातब्ब** = दिइनुपर्ने
**कातब्ब** = गरिनुपर्ने
**भुञ्जितब्ब** = खाइनुपर्ने
**पचितब्ब** = पकाइनुपर्ने
**देसेतब्ब** = देशनागरिनुपर्ने
**हरितब्ब** = लगिनुपर्ने
**छिन्दितब्ब** = काटिनुपर्ने

# अभ्यास - २९

**नेपालीभाषामा अनुवाद गर्नुहोस् -**

१) कञ्ञाय पचितं भत्तं सुनखेन भुत्तं होति । २) पुरिसेन छिन्दियमानो रुक्खो गेहस्स उपरि पतिस्सति । ३) वनिताय भुञ्जियमानो आहारो याचकस्सपि दातब्बो । ४) पुत्तेहि धीतरेहि च मातरो पितरो च वन्दिता पूजिता च होन्ति । ५) सब्बेहि बुद्धो वन्दितब्बो पूजेतब्बो च होति । ६) चोरेहि हटा अस्सा सामिकेहि पुन आहटा होन्ति । ७) सारथिना पहरियमानो अस्सो सीघं धावति । ८) तुम्हेहि दानानि दातब्बानि, सीलानि रक्खितब्बानि, पुञ्ञानि कातब्बानि (होन्ति) । ९) मया दीयमानं भुञ्जितुं बहू याचका आगता । १०) वनिता धोवितब्बानि वत्थानि आदाय नदिं गता (होति) । ११) युवतियो मातुया वुत्तं कथं सुत्वा कञ्ञाय नीयमानानि पुप्फानि न गण्हिंसु । १२) अम्हेहि दिन्नानि वत्थानि

Downloaded from http://dhamma.digital/

भिक्खूहि नीतानि होन्ति । १३) हीयो अहिना दट्ठो बालो वेज्जस्स सन्तिकं नीतो होति । १४) भिक्खूहि धम्मो देसेतब्बो मनुस्सेहि सुणितब्बो च होति ।

**पालिभाषामा अनुवाद गर्नुहोस् -**

१) बच्चाद्वारा खाइएको फल अरूलाई दिनुहुँदैन । २) चारजना किसानहरूद्वारा उनीहरूका साँढेहरूसँग खेतमा काम गरिनुपर्नेछ । ३) शत्रुद्वारा पिटेको मानिस गर्न सक्ने केही नदेखेर खेतमा छड्केबाट दगुरे । ४) धनबान् व्यापारीहरूद्वारा दिइरहेको दान लिन धेरै मगन्तेहरू आए । ५) तिम्रा आमा-बुबाहरू तिमीहरूद्वारा वन्दना गरिनुपर्ने र पूजा गरिनुपर्ने हुन् । ६) गुरुले भनेको कुरा सुन्ने शिष्यहरूलाई भन्नुपर्ने केही छैन । ७) व्यापारीहरूद्वारा लगिइएका घोडाहरू हिजो बिक्रीगरिइएका छन् । ८) दासद्वारा पिटिइएको साँढे खेतबाट छिटो दगुरे । ९) हामीद्वारा शील पालन गरिइनुपर्ने, दान दिइनुपर्ने, धर्म सुनिनुपर्ने हुन्छ । १०) हाम्रा साथीहरूद्वारा धेरै सेता लुगाहरू धोइनुपर्ने हुन्छन् । ११) बगैचामा काटिइनुपर्ने धेरै रूखहरू त्यो मानिसहरूद्वारा काटिइनेछन् । १२) उनीहरूद्वारा काटेका रूखहरू हात्तीहरूबाट तानिइनेछन् । १३) हामीहरूद्वारा पकाइएको भात खेतमा बस्नेहरूलाई लगिइनुपर्नेछ । १४) गाउँमा गएका व्यापारीहरूलाई खाइनुपर्ने आहार प्राप्तभइएको छैन ।

टिप्पणी -

**बुद्धेन धम्मो देसितो** । (= बुद्धद्वारा देशना गरिइएको धर्म ।)

यी सम्पूर्ण वाक्य जस्तै भएपनि, बिचार गरेर हेऱ्यो भने यस वाक्यमा क्रियापद नभएको देखिन्छ । **देसितो** भन्ने क्रियापद होइन, नामपदमात्र हो । त्यसैले यहाँ नपुगेको पूरा गर्न हामीले **देसितो होति** (= देशना गर्नुभएको हो ।) **देसितो अहोसि** (= देशना गर्नुभएको थियो ।) आदि क्रियापद राख्नुपर्छ तर ठाउँ ठाउँमा यो क्रियापद नराखी अतीतकालिक कृदन्तपदमात्र राखिइएका वाक्यहरू पनि देखिन्छन् ।

## कारित अथवा प्रेरणार्थ - क्रिया

७४) गराउँछ, पकाउँछ आदि कुनै क्रियाद्वारा कसैलाई काम गराउने गर्छ भने त्यस क्रियालाई कारित अथवा प्रेरणार्थ भन्दछ ।

धातु र विभक्तिको बीचमा **ए-अय-आपे-आपय** मध्ये एउटा प्रयोगगरी धातुको मूल पदमा भएको (संयुक्त अक्षरको पूर्व नभएको) स्वरलाई वृद्धि गरी

Downloaded from http://dhamma.digital/

कारित पद बनाउनुपर्छ । **करोति** शुद्ध क्रियापदले **कारेति, कारयति, कारापेति, कारापयति** भन्ने कारित पद चारवटा बनाउन सकिन्छ । त्यस चारवटामा पनि गराउँछ, (लगाउँछ) भन्ने अर्थ व्यक्त हुन्छ ।

अरू पनि केही उदाहरणको लागि तल उल्लेख गरिन्छ ।

| | |
|---|---|
| पाचेति = पकाइन्छ | दापेति = दिलाउँछ |
| नहापेति = नुहाउँछ | गण्हापेति = लिन लगाउँछ |
| भोजेति = खुवाउँछ | आहरापेति = ल्याउन लगाउँछ |
| निसीदापेति = बसाल्छ | हरापेति = लैजान लगाउँछ |
| छिन्दापेति = कटाउँछ | सयापेति = सुताउँछ |

७५) यो पुस्तकको तेह्रौं अंकमा उल्लेख भएको **पालेति-पालयति** आदि चुरादिगणिक क्रियापद **कारेति** आदि कारित पदहरू समान देखिन्छन् । त्यसमा **ए-अय** दुइटा संयुक्त भएतापनि ती कारित पद होइनन् । ती पदहरूलाई कारित पद बनाउन **आपे, आपय** दुइटा जोडेरमात्र बनाउनुपर्ने हुन्छ । उदाहरण -

चोरापेति, चोरापयति = चोराउँछ
मारापेति, मारापयति = मार्न लगाउँछ
देसापेति, देसापयति = देशना गराउँछ
पातापेति, पातापयति = खसाल्न लगाउँछ
ठपापेति, ठपापयति = राख्न लगाउँछ
योजापेति, योजापयति = योजना गराउँछ, जोड्न लगाउँछ

# अभ्यास ३०

**नेपालभाषामा अनुवाद गर्नुहोस् -**

१) सेट्ठी वड्ढकिं गेहानि कारापेति । २) माता दारकं पोक्खरणिं नेत्वा नहापेस्सति । ३) अम्हाकं पितरो विहारं गन्त्वा भिक्खू भोजापेसुं । ४) ता वनितायो दासियो भत्तं पचापेन्ति । ५) पापकारिनो पुरिसा अत्तनो दासेहि[१] बहू मिगे मारापेन्ति । ६) गहपतयो पुरिसेहि दारके गण्हापेन्ति । ७) गरु बहू सिस्से

---

[१] दासेहि = दासहरूद्वारा भन्ने अर्थमा आउनुपर्नेछ, गर्न अनुमति प्राप्तगरेको लाई कर्म विभक्तिमा वा तृतीया विभक्तिमा राख्नुपर्छ ।

Downloaded from http://dhamma.digital/

धम्मं उग्गण्हापेति । ८) अधिपति दासेहि उय्याने बहू रुक्खे छिन्दापेति । ९) अहं ताहि कञ्ञाहि आपणम्हा भण्डानि आहरापेस्सामि । १०) तुम्हे भातरेहि कपयो गामं हरापेथ । ११) मयं तेहि दसहि कस्सकेहि चत्तारि खेत्तानि कसापेस्साम । १२) माता पुत्तं पीठे निसीदापेत्वा[10] भत्तं पाचेतु[11] तण्डुले[12] आहरापेसि ।

**नेपालीभाषामा अनुवाद गर्नुहोस् –**

१) पापीले उसका सहोदरहरूबाट पंछीहरूलाई मार्नलगाउँछ । २) धनवान्हरूले उनीहरूका छोराहरूलाई दान दिलाउँछन् । ३) राजाले सिकर्मीहरूलाई पाँचवटा ठूला घर बनाउन लगाउँछन् । ४) सारथीले दासहरूलाई दुइवटा घोडा रथसँगै ल्याउन लगाउँछ । ५) ती स्त्रीहरूले छोरीहरूलाई आगन्तुकहरूका निमित्त भात पकाउन लगाउँछन् । ६) सिकर्मीले कर्मचारीहरूलाई धेरै वस्तु बनाउन लगाउँछ । ७) अधिपतिले मानिसहरूलाई जङ्गलबाट धेरै लामो रूख कटाउन लगाउँछ । ८) उनीहरूले बीसवटा साँढेहरू र पाँचजना मानिसहरूलाई खेतमा काम गराउँछन् । ९) मैले मेरा छोराहरूलाई भात खुवाउँछु । १०) हामीले हाम्रो सामान ल्याउन दासहरूलाई शहरमा पठाउछौं[13] ११) उनीहरू खेतमा गएर गाईहरूलाई घाँस खुवाउँछन् । १२) अधिपतिले भिक्षुहरूलाई विहारमा धर्मदेशना गराउँछ ।

## पञ्चमी अथवा अपादान कारकमा प्रयोगहुने "तो" प्रत्यय

७६) प्राणीवाचक पदमा "देखि, सँग" भन्ने अर्थ व्यक्तहुने र अप्राणवाचक पदमा "बाट" भन्ने व्यक्तहुने अर्थ प्रकाश गर्न तो प्रत्यय प्रयोग हुन्छ । अपादानमा एकवचन, बहुवचन दुइटैमा त्यस प्रत्यय प्रयोगगरिन्छ । त्यस प्रत्ययबाट युक्त भएको पद निपातपद हुन्छ ।

पुरिसतो = पुरुषबाट, पुरुषहरूसँग
नगरतो = नगरबाट
मातितो = आमासंग
गेहतो = घरबाट
चोरतो = चोरसंग
अग्गितो = आगोबाट

---

[10] बसाएर,

[11] पकाउन (यी दुईटा पनि कारितार्थ भएको पदहरू हुन् ।)

[12] चामल पु.न.

[13] पेसेति

Downloaded from http://dhamma.digital/

गामतो = गाउँबाट
रुक्खतो = रूखबाट
सब्बतो = सबैसंग
पितितो = बाबुसंग

७७) कृदन्त कर्मवाचकपद अगाडि नै उल्लेख गरिसकियो । कृदन्त कर्तृ वाच्य पनि छन् । त्यसमध्ये यहाँ केही उल्लेख गरिन्छ ।

गत = गएको
नहात = नुहाएको
आगत = आएको
ठित = रहेको
मत = मरेको
निसिन्न = बसेको
भूत = भएको
वुत्थ = बसिराखेको
सुत्त = सुतेको
कुद्ध = रिसाएको
ओतिण्ण = झरेको
तिण्ण = पारभएको
आरुल्ह = चढेको

# अभ्यास - ३१

**नेपालीभाषामा अनुवाद गर्नुहोस् –**

१) हीयो अरञ्ञं गतो पुरिसो अहिना दट्ठो मरि । २) रुक्खतो ओतिण्णा पक्खी दारकेन मारिता होन्ति । ३) गामतो निक्खन्ता (बाहिर गएको) गावियो खेत्ते तिणं खादित्वा वापितो जलं पिविस्सन्ति । ४) वाणिजेहि नगरतो आहटानि भण्डानि इमेसु गामेसु मनुस्सेहि कीतानि । ५) ताय कञ्ञाय पचितो ओदनो अटवितो आगतेहि तस्सा भातरेहि भुत्तो होति । ६) कुतो तुम्हेहि इमानि वत्थानि तानि पदुमानि च कीतानि ? ७) सा युवती मातितो पितितो च लद्धं धनं गण्हितुं न इच्छति । ८) कुद्धो सो भूपति तस्मिं नगरे वुत्थे सब्बे मनुस्से ततो नीहरापेसि[१४] । ९) गेहतो आगता एका दारिका इध निसिन्नं अञ्ञं दारिकं पहरि । १०) ताय पहटा सा कञ्ञा तस्सा मातुया सन्तिकं गन्त्वा रोदि[१५] । ११) भूपति तेहि वड्ढकीहि कतानि गेहानि पस्सित्वा तेसं धनं दापेसि । १२) अग्गिना दड्ढो वाणिजस्स पुत्तो दासेहि वेज्जस्स सन्तिकं नीतो होति । १३) अग्गितो उदाकतो चोरतो च मनुस्सानं भयं उप्पज्जति (उत्पन्न हुन्छ) । १४) नगरतो निक्खन्ता चोरा मनुस्सेहि धनं गहापेत्वा अटविं गच्छिंसु ।

**पालिभाषामा अनुवाद गर्नुहोस् -**

---

[१४] निकाल्न लगाउँछ ।

[१५] रोदति = रुन्छ

Downloaded from http://dhamma.digital/

१) मयूर रूखबाट ओर्ली पहाडमा उड्यो । २) सर्पद्वारा टोकेको पुरुष उसका नातेदारहरूले वैद्यकहाँ लगिइएको छ । ३) यी स्त्रीले उसका बहिनीहरूबाट प्राप्त भएको धन लिन चाहँदिन । ४) गाउँबाट आएको मानिसले यो पसलबाट सामान किन्यो । ५) आमाको वचन (कुरा) सुनेर बालक लाशको नजीक गएन । ६) मेरी माइजुका गाईहरूले जङ्गलबाट आएर दासहरूद्वारा ल्याएको घाँस खान्छन् । ७) सुत्ने मानिस देखेको गृहपतिले आफ्ना छोराहरूलाई उसको नजीक नजान भन्यो । ८) भात पकाउने युवतीले दगुरेको मृगलाई देखेकी[१६] रहिछ । ९) तिनीले पकाएको भात मगन्तेहरूलाई पनि गाईहरूलाई पनि दिइएकाछन् । १०) उनीहरूले पर्वतमा बनाएको घर एउटा हात्तीबाट भत्काइएका छन् । ११) रिसाउने राजाबाट शहरमा आएका सबै मानिसहरू मारिइएका छन् । १२) हात्तीद्वारा भाँचिइएका हांगाहरू भुइमा खसे पछि गाईहरूद्वारा त्यसका पातहरू खाइएका छन् । १३) ती बालिकाद्वारा महारानीबाट तिनीलाई प्राप्तभएको[१७] फूलमाला अर्की बालिकालाई दिइएकी छिन् । १४) सेंठहरूबाट किनेको घोडा चोरद्वारा लगिएको छ ।

तल उल्लेख भएको वाक्यलाई कर्मवाच्यमा लानुहोस् -

| | |
|---|---|
| १) वड्ढकी गेहानि करोति । | २) अस्सो रथं आकड्ढति । |
| ३) दासा अस्से आहरिंसु । | ४) हत्थि रुक्खं गामं हरति । |
| ५) चोरो तुम्हे पहरि । | ६) मनुस्सो हत्थिं बन्धति । |
| ७) दासो अस्सं आकड्ढति । | ८) नारी ओदनं पचिस्सति । |
| ९) कस्सको खेत्तं कसति । | १०) चोरा अम्हाकं गोणे बन्धन्ति । |

* * *

---

[१६] दिट्ठ = देखेको

[१७] प्राप्त भएको = लद्ध

Downloaded from http://dhamma.digital/

# शब्द - सूचीपत्र
## (INDEX)

### लिङ्गादि चिनाउनको लागि राखिइएको चिन्ह

पु.= पुल्लिङ्ग  इ. = इत्थीलिङ्ग  न. = नपुंसकलिङ्ग  ३ = त्रिलिङ्ग
पू.क्रि. = पूर्वक्रिया  क्रि.वि. = क्रिया विशेषण  नि. = निपात

लिङ्ग रहित शब्दहरू र क्रियापदको केही चिन्ह छैन ।

## पालिभाषाबाट - नेपालीभाषामा

### अ

अकासि = गऱ्यो
अक्कोसति = गालिगर्छ
अक्खि = आँखा न.
अगच्छि = गयो
अगमासि = गयो
अगमि = गयो
अग्गि = आगो पु.
अग्गितो = आगोबाट नि.
अङ्गुलि = औंला इ.
अचरि = डुल्यो
अच्चि = आगोको ज्वाला न.
अज = बाख्रा पु.
अज्ज = आज नि.
अञ्ञ = अर्को, अरू ३.
अञ्ञतर = एउटा प्रकार ३.
अटवि = जंगल इ.
अट्ठ = आठ ३.
अट्ठतिंसति = अठतीस इ.
अट्ठम = आठौं ३.
अट्ठवीसति = अट्ठाईस ३.
अट्ठादस = अठार ३.
अट्ठारस = अठार ३.
अट्ठासि = बस्यो
अट्ठि = हाड न.
अण्ड = अण्डा न.
अतिक्कमितुं = नाघ्न नि.
अतिथि = पाहुना (आगन्तुक) पु.
अत्तनो = आफ्नो पु.
अत्थि = छ
अथ = अनि, त्यसपछि नि.

Downloaded from http://dhamma.digital/

अथवा = अथवा नि.
अददि = दियो
अदासि = दियो
अद्धा = निश्चय पनि नि.
अधर = तल नि.
अधिपति = अधिपति, मालिक पु.
अनुगच्छति = पछिपछि जान्छ
अन्तरा = बीचमा नि.
अन्तो = भित्र नि.
अपगच्छति = हट्छ
अपर = अर्को, पछि पश्चिमतिर ३.
अपि = पनि नि.
अप्पक = अलिकति ३.
अभवि = भयो
अभिण्हं = संधै क्रि.वि.
अमत = अमृत न.
अम्ब = आँप
अम्बु = पानी, जल न.
अम्मा = आमा
अम्हाकं = हाम्रो, हामीलाई
अयं = यो
अरञ्ञ = जङ्गल न.
अरि = शत्रु पु.
अलात = आगोको झिल्को न.
असनि = वज्र, विजूलि, चट्याङ्ग इ.
असि = तलवार पु.
असीति = अस्सी पु.
असीतिम = असीऔं ३.
अस्स = घोडा पु.
अस्स = उसको, उसलाई
अस्सा = उनकी, उनीलाई इ.
अस्सु = आँसु न.
अहि = सर्प पु.
अहं = म

आ

आकड्ढति = तान्छ
आकड्ढीयति = तानिइन्छ
आकास = आकाश पु.
आखु = मुसा पु.
आगच्छति = आउँछ
आगत = आएको ३.
आगन्तुं = आउन नि.
आगन्त्वा = आएर पू. क्रि.
आगमि = आयो
आगम्म = आएर पू.क्रि.
आदाय = ल्याएर पू.क्रि.
आनेति = ल्याउँछ
आनेतुं = ल्याउँन नि.
आनेत्वा = ल्याएर पू.क्रि.
आनेसि = ल्यायो
आपण = पसल पु.
आम = काँचो ३.
आम = हो नि.
आयु = आयु न.
आयुध = शस्त्रअस्त्र, हतियार न.
आरभि = प्रारम्भगऱ्यो
आरुहति = चढ्छ
आरुहि = ढ्यो
आरुहित्वा = चढी
आरुहिस्सति = चढ्नेछ

Downloaded from http://dhamma.digital/

**आरुल्ह** = चढेको ३.
**आरुह्य** = चढेर पू.क्रि.
**आलोक** = प्रकाश पु.
**आवाट** = खाल्दो पु.
**आहट** = ल्याइएको ३.
**आहरति** = ल्याउँछ
**आहरापेति** = ल्याउन लगाउँछ
**आहरि** = ल्यायो
**आहरितुं** = ल्याउन नि.
**आहरित्वा** = ल्याएर पू.क्रि.
**आहरियमान** = ल्याइरहेको ३.
**आहरीयति** = ल्याइन्छ
**आहार** = खाना
**आहिण्डन्त** = घुम्ने ३.
**आहिण्डति** = घुम्छ
**आहिण्डित्वा** = घुमेर पू.क्रि.

**इ**

**इच्छति** = इच्छा गर्छ
**इतर** = अर्को (दुइजनाको बीचमा) ३.
**इतो** = यहाँदेखि नि.
**इत्थी** = स्त्री इ.
**इदानि** = अब, अहिले नि.
**इध** = यहाँ नि.
**इम** = यो ३.
**इमा** = यी,
**इमे** = यी
**इमेसं** = यिनीहरूको, लाई पु.
**इसि** = ऋषि पु.

**उ**

**उक्खिपित्वा** = उठाएर पू.क्रि.
**उग्गण्हाति** = सिक्छ, पढ्छ
**उच्च** = ठूलो, उच्च ३.
**उच्छु** = उखु पु.
**उट्ठहति** = उठ्छ, उभिन्छ
**उट्ठपेत्वा** = उठाएर पू.क्रि.
**उट्ठहित्वा** = उठेर पू.क्रि.
**उड्डेति** = उड्छ
**उत्तर** = उत्तर, जवाफ
**उत्तान** = गहिरो गम्भीर नभएको ३.
**उदक** = पानी न.
**उदधि** = समुद्र पु.
**उदेति** = उदाउँछ
**उपरि** = माथि नि.
**उपधि** = सागर पु.
**उप्पल** = कमलको फूल
**उप्पज्जति** = जन्म हुन्छ
**उप्पादेति** = उत्पन्न गर्छ
**उभय** = दुइजना ३.

**ए**

**एक** = एउटा, एक ३.
**एकतिंसति** = एकतीस
**एकदा** = एक समयमा नि.
**एकधा** = एक किसिमले क्रि.वि.
**एकमन्तं** = एकातिर क्रि.वि.
**एकवीसति** = एकाईस इ.
**एकादस** = एघार
**एकादसम** = एघारौं ३.
**एकासीति** = एकासी
**एकूनचत्तालीसति** = उनाञ्चालीस इ.
**एकूनतिंसति** = उनान्तीस इ.

Downloaded from http://dhamma.digital/

एकूननवुति = उनान्नब्बे इ.
एकूनपञ्ञासति = उनाञ्चास इ.
एकूनवीसति= उन्नाईस इ.
एकूनसट्ठि = उनन्साठी इ.
एकूनसत्तति = उनान्सत्तरी इ.
एकूनसतं = उन्नान्सय इ.
एकूनासीति = उनासी इ.
एत = त्यो ३.
एत्थ = यहाँ नि.
एव = नै नि.
एवं = यसरी नि.

ओ

ओचिनाति = टिप्छ
ओचिनित्वा = टिपेर पू.क्रि.
ओचिनितुं = टिप्न नि.
ओट्ठ = ओंठ
ओतरति = झर्छ
ओतरित्वा = झरेर पू.क्रि.
ओतिण्ण = झरेको ३.
ओदन = भात पु.न.
ओरुय्ह = ओर्लेर पू.क्रि.
ओलोकेति = हेर्छ
ओलोकेन्त = हेर्ने, हेर्दै ३
ओलोकयमान = हेर्ने, हेर्दै ३

क

कञ्ञा = कन्या इ.
कण्डु = चिलाउने इ.
कत = गरेको, गराएको ३
कतच्छु = चम्चा, पन्यू पु.
कतञ्ञू = कृतज्ञ हुने पु.
कतम = को (फौजको बीचमा) ३.
कतर = को (दुइजनाको बीचमा) ३.
कत्थ = कहाँ, कुनठाउँमा नि.
कत्वा = गरी, गरेर पू.क्रि.
कत्तु = गर्ने, कर्त्ता पु.
कत्तुं = गर्न नि.
कथं = कसरी नि.
कथा = कथा इ.
कथेति = भन्छ
कथेसि = भन्यो
कदली = केराको बोट इ.
कदा = कहिले नि.
कनेरु = ढोई इ.
कपि = बाँदर पु.
कम्म = काम, कर्म न.
कम्मकार = कामदार पु.
करि = गर्‍यो
करिस्सति = गर्नेछ
करी = हात्ती पु.
करीयति = गरिइन्छ
करोति = गर्छ
करोन्त = गर्ने, गर्दै ३.
कवि = पण्डित पु.
कसति = जोत्छ
कसित्वा = जोटेर पू.क्रि.
कसीयति = जोटिइन्छ
कस्सक = किसान पु.
कस्मा = किन नि.
काक = काग पु.
काकी = कौवा इ.
कातुन = गरेर पू.क्रि.
कातुं = गर्न नि.

Downloaded from http://dhamma.digital/

कारयति = गराउँछ
कारापेति = गराउँछ
कारेति = गराउँछ
काल = कालो ३.
कासु = खाल्डो इ.
कालकत = लाश ३
कालमकासि = मर्‍यो
काय = शरीर पु.
कातब्ब = गरिनुपर्ने ३.
किणाति = किन्छ
किणि = किन्यो
किणितुं = किन्न नि.
किणित्वा = किनेर पू.क्रि.
किणीयति = किनिइन्छ
कित्ति = कीर्ति इ.
किन्नरी = किन्नरी इ.
किमत्थं = केको लागि नि.
किं = को नि.
कीणन्त = किन्ने ३.
कीलति = खेल्छ
कीलित्वा = खेलेर पू.क्रि.
कुक्कुट = मुर्गा पु.
कुक्कुटी = मुर्गी, कुखुरा इ.
कुच्छि = पेट पु.
कुट्ठी = कुष्ठरोगी पु.
कुतो = कहाँदेखि नि.
कुद्ध = रिसाएको ३.
कुमार = कुमार, बालक पु.
कुमारी = कन्या इ.
कुल = परिवार, कुल न.
कुलवन्तु = कुलवान्
कुहिं = कहाँ नि.
कूल = किनारा न.
केतु = झण्डा पु.
को = को पु. (किं-शब्द)
कोटि = कोटि, करोड
कोध = क्रोध पु.

ख

खणति = खन्छ
खन्ति = सहनु, क्षान्ति इ.
खर = खर, कडा स्वभाव ३.
खादति = खान्छ
खादन्त = खाने, खाँदै ३
खादि = खायो
खादित = खाइएको ३.
खादितुं = खानलाइ नि.
खादित्वा = खाएर पू.क्रि.
खिप्पं = चाँडै नि.
खीर = दूध न.
खुदा = भोक इ.
खुद्दक = सानो ३.
खेत्तं = खेत न.

ग

गच्छति = जान्छ
गच्छन्त = जाँदै, जाने ३.
गच्छन्ती = जाने इ.
गच्छतु = जाओस्
गच्छमान = जाँदै, जाने ३.
गच्छि = गयो
गच्छिस्सति = जानेछ
गङ्गा = गङ्गा इ.
गणी = समूह भएको पु.

Downloaded from http://dhamma.digital/

गण्हापेति = लिन लगाउँछ
गण्हाति = समात्छ
गण्हि = समात्यो, लियो पू.क्रि.
गण्हीयति = लिइन्छ
गत = गएको ३.
गन्त्वा = गएर पू.क्रि.
गन्तु = जाने पु.
गन्तुं = जान नि.
गन्ध = गन्ध पु.
गमि = गयो
गमिस्सति = जानेछ
गम्भीर = गम्भीर, गहिरो ३.
गरु = गुरु, आचार्य पु.
गहपति = गृहपति पु.
गहेत्वा = ल्याएर, लिएर पू. क्रि.
गाथा = गाथा इ.
गाम = गाउँ पु.
गामतो = गाउँबाट नि.
गावी = गाई इ.
गिरि = पहाड पु.
गीवा = घाँटी इ.
गुणवन्तु = गुणवान ३
गुहा = गुफा इ.
गेह = घर, पु. न.
गेहतो = घरबाट नि.
गोण = साँढि, गोरु पु.
गोधा = गोहि इ.
गोपाल = गोठालो पु.

घ

घट = घडा, गाग्रो पु.
घन = भीड, मोटो ३.
घरणी = मुलणी, गृहिणी इ.
घाण = नाक न.
घायति = सुंघ्छ
घायितुं = सुंघ्न

च

च = पनि, र नि.
चक्क = चक्र, पांग्रा न.
चक्खु = आँखा न.
चक्खुमन्तु = चक्षुमान्
चत्तालीसति = चालीस इ.
चत्तालीसतिम = चालीसौं ३.
चतु = चारजना, चार ३.
चतुत्तिंसति = चौंतीस इ.
चतुत्थ = चौथो ३.
चतुद्दस = चौध इ.
चतुवीसति = चौबीस इ.
चन्द = चन्द्र पु.
चरति = घुम्छ
चरन्त = घुम्ने ३.
चरि = घुम्यो
चरित्वा = घुमी पू. क्रि.
चित्त = मन न.
चिन्ता = बिचार इ.
चिन्तेति = बिचारगर्छ
चिन्तेसि = बिचारगऱ्यो
चिरं = धेरै वर्ष क्रि. वि.
चीवर = चीवर न.
चुद्दस = चौध ३
चेतिय = चैत्य न.

Downloaded from http://dhamma.digital/

चोर = चोर पु.
चोरतो = चोरबाट नि.
चोरापयति = चुराउँछ
चोरापेति = चुराउँछ
चोरेति = चोर्छ
चोरेसि = चोऱ्यो

छ

छ = छः
छट्ठ = छैठौं ३.
छत्त = छाता न.
छत्ति = छाता भएको पु.
छत्तिंसति = छत्तीस इ.
छब्बीसति = छब्बीस ३
छवि = छाला इ.
छाया = छायाँ इ.
छादेति = छोप्छ
छिन्दति = भाँच्छ, काट्छ
छिन्दापेति = कटाउँछ
छिन्दि = काट्यो
छिन्दितब्ब = काटिनुपर्ने ३.
छिन्न = काटिइएको ३.

ज

जतु = लाहा न.
जयतु = जितोस्
जयवद्धनपुर = शहरको नाउँ
जलनिधि = समुद्र पु.
जानाति = थाहाछ
जानित्वा = थाहापाएर पू.क्रि.
जानिस्सति = थाहापाउनेछ
जालेति = बाल्छ
जालेतुं = बाल्न
जालेसि = बाल्यो
जिनाति = जित्छ
जिह्वा = जिब्रो इ.
जीवति = बाँच्छ
जीविस्सति = बाँच्नेछ, जीविकागर्नेछ
जेतु = जित्ने पु.
जंघा = जाँघ इ.

झ

झापेति = जलाउँछ
झापेसि = जलायो

ञ

ञाण = ज्ञान, बुद्धि न.
ञात = बुझिइएको ३.
ञाति = ज्ञाति पु.

ठ

ठत्वा = उभिएर पू.क्रि.
ठपापयति = राख्न लगाउँछ
ठपापेति = राख्न लगाउँछ
ठपेति = राख्छ
ठपेतु = राख्नु पर्छ
ठपेसि = राख्यो
ठित = रहेको ३.

ड

डसति = टोक्छ
डसि = टोक्यो
डसित्वा = टोकेर पू. क्रि.

त

त = ऊ ३.
तण्डुल = चामल पु. न.
तण्हा = तृष्णा

Downloaded from http://dhamma.digital/

तत्थ = त्यहाँ नि.
तत्र = त्यहाँ नि.
ततिया = तेस्रो ३.
ततो = त्यहाँदेखि नि.
तथा = त्यस्तो नि.
तदा = उहिले नि.
तनु = पातलो ३.
तरति = तर्छ
तरित्वा = तरेर पू.क्रि.
तरु = रूख पु.
तरुणी = तरुनी, तन्नेरी इ.
तव = तिम्रो, तिमीलाई
तस्स = उसको, उसलाई
तस्सा = उसकी, उसलाई इ.
तस्मा = त्यसकारण, त्यसैले नि.
तहिं = त्यहाँदेखि नि.
तं = त्यो ३
तानि = ती न. बहु.
ताव = त्यसबेलासम्म नि.
तावता = त्यतिमात्र नि.
ति = तीन, तीनजना ३.
तिट्ठन्त = उभ्ने
तिट्ठति = उभ्छ
तिण = घाँस न.
तिण्ण = पारभएको ३.
तिपु = सीसा न.
तिरियं = छड्के नि.
तिंसति = तीस, तीसौं ३.
तुम्हाकं = तिमीहरूको, लाई
तुम्हे = तिम्रो, तिमीहरूले
तुय्हं = तिम्रो, तिमीलाई
तुला = तराजु इ.
तुलेति = जोख्छ
ते = तिमी, तिम्रो, तिमीलाई
तेत्तिंसति = तेत्तीस
तेरस = तेह्र
तेवीसति = तेईस
तेलस = तेह्र
तेसं = उनीहरूको, लाई
त्वं = तिमी

थ

थपेतु = राखोस्

द

दक्खिण = दायाँ (दक्खिण)
दट्ठ = टोकिइएको ३.
दण्डी = लट्ठी भएको पु.
दद्दु = चिलाउने खटिरा इ.
दत्वा = दिएर पू. क्रि.
ददन्त = दिने ३.
ददाति = दिन्छ
ददि = दियो
ददिस्सति = दिनेछ
दधि = दही न.
दन्ती = हात्ती, दाँत भएको पु.
दस्सति = दिनेछ
दस = दश
दसकोटि = दश कोटि, दश करोड
दसम = दशौं ३.
दसलक्खं = दश लाख
दससहस्सं = दश हजार
दहर = सानो बच्चा ३.

Downloaded from http://dhamma.digital/

दलिद्द = गरीब
दाठी = सर्प, दाह्रा भएको पु.
दातब्ब = दिइनुपर्ने ३.
दातु = दिने पु.
दातुं = दिनलाई नि.
दान = दान न.
दापेति = दिलाउँछ
दारक = केटा पु.
दारिका = केटी इ.
दारु = दाउरा न.
दास = नोकर पु.
दासी = दासी, नोकरनी इ.
दिट्ठ = देखेको ३
दिन्न = दिइएको ३
दिवस = दिन पु.
दिवा = दिउँसो नि.
दिस्वा = देखेर पू.क्रि.
दिसा = दिशा इ.
दीघ = ठूलो, लामो ३.
दीघजीवी = लामो आयुभएको पु.
दीप = बत्ती पु.
दीपि = चितुवा पु.
दीयति = दिइन्छ
दीयमान = दिने ३.
दुक्ख = दुःख न.
दुक्खं = दुःख क्रि. वि.
दुतिया = दोस्रो ३.
दुन्दुभि = ढोलक इ.
दुब्बण्ण = नराम्रो ३.
दूर = टाढा ३
दुहितु = छोरी इ.
देति = दिन्छ
देव = देवता पु.
देवता = देवता इ.
देवी = देवी इ.
देसापयति = देशना गराउँछ
देसापेति = देशना गराउँछ
देसित = देशना गरेको ३
देसीयति = देशनागरिइन्छ
देसेतब्ब = देशनागरिनुपर्ने ३.
देसेति = देशनागर्छ
देसेतुं = देशनागर्न नि.
देसेसि = देशनागऱ्यो
दोणि = डुङ्गा, कुरुवा इ.
दोला = दोला
द्वत्तिंसति = बत्तीस इ.
द्वादस = बाह्र
द्वानवुति = बयान्नब्बे
द्वासट्ठि = बासट्ठी
द्वासत्तति = बहत्तर
द्वासीति = बयासी
द्वि = दुइ, दुइजना ३.
द्विक्खत्तुं = दुइपटक क्रि.वि.
द्विचत्तालीसति = बयालीस
द्विनवुति = बयान्नब्बे
द्विपञ्ञासति = बाउन्न
द्विपण्णासति = बाउन्न
द्वियासीति = बयासी
द्विसट्ठि = बासट्ठी
द्विसत्तति = बहत्तर
द्वेअसीति = बयासी
द्वेचत्तालीसति = बयालीस

Downloaded from http://dhamma.digital/

द्वेतिंसति = बत्तीस
द्वेनवुति = बयान्नब्बे
द्वेपञ्ञासति = बाउन्न
द्वेपण्णासति = बाउन्न
द्वेवीसति = बाईस
द्वेसट्ठि = बासट्ठी
द्वेसत्तति = बहत्तर

ध

धन = धन न.
धनवती = साहूनी इ.
धनवन्तु = धनवान्
धनु = धनुष न.
धम्म = धर्म पु.
धम्मवादी = धर्मदेशक पु.
धातु = धातु इ.
धावति = दगुर्छ
धावन्त = दौड्ने ३.
धावि = दगुऱ्यो
धावित्वा = दगुरेर पू.क्रि.
धीतु = छोरी इ.
धूलि = धूलो इ.
धेनु = गाई इ.
धोवति = पखाल्छ, धुन्छ
धोवीयति = धोइन्छ

न

न = छैन, होइन नि.
नगर = नगर, शहर न.
नगरतो = नगरबाट नि.
नत्तु = नाति पु.
नत्थि = छैन
नदी = नदी इ.
नयन = आँखा न
नव = नौ
नवम = नवौं ३.
नवसतं = नौसय
नवुति = नब्बे
नवुतिम = नब्बेऔं ३.
नसन्ति = छैन (ब. व.)
नहात = नुहाएको ३.
नहात्वा = नुहाएर पू.क्रि.
नहापेति = नुहाउँछ
नहायन्त = नुहाउने ३.
नहुतं = दश हजार
नाग = नाग, हाती पु.
नाम = नाम, नाम भएको
नारी = नारी, आइमाई इ.
नावा = डुङ्गा, जहाज इ.
नासा = नाक इ.
नाना = अनेक, नाना नि.
नालि = माना इ.
नालिकेर = नरिवल पु.न.
नेसि = लग्यो
नेतु = नायक, लैजाने पु.
निक्खन्त = बाहिर जाने ३
निक्खम्म = बाहिर गएर पू.क्रि.
निक्खमित्वा = बाहिर आएर
निद्दा = सुत्ने इ.
निधि = धन पु.
निब्बत्तति = उत्पन्न हुन्छ
निब्बत्तितुं = उत्पन्न हुन
नियमान = लाने ३.
निसिन्न = बसेको ३.

Downloaded from http://dhamma.digital/

निसीदन्त = बस्ने ३.
निसीदति = बस्छ
निसीदापेति = बसाल्छ
निसीदापेत्वा = बसाएर
निसीदि = बस्यो
निसीदित्वा = बसेर पू.क्रि.
नीच = सानो, होचो, पुर्के ३.
नीत = लगिएको ३.
नीयमान = लग्ने
नील = नीलो ३.
नेति = लग्छ
नेत्वा = लगेर
नेतु = लग्ने नायक

प

पक्क = पाकेको, पकाइएको ३.
पक्खिपति = राख्छ
पक्खी = पंछी पु.
पग्घरति = बग्छ
पचति = पकाउँछ
पचतु = पकावस्
पचन्त = पकाउँदै, पकाउने ३.
पचन्ति = पकाउने इ.
पचमान = पकाउँदै, पकाउने ३.
पचि = पकायो
पचितब्ब = पकाइनुपर्ने ३.
पचित्वा = पकाएर पू.क्रि.
पचितुं = पकाउन नि.
पच्चति = पकाउने भयो
पच्चमान = पकाइरहेको ३.
पच्चागच्छति = फर्केर आएछ
पच्छा = पछि नि.
पच्छतो = पछिपछि नि.
पञ्च = पाँच, पाँचजना ३.
पञ्चदस = पन्ध्र
पञ्चतिंसति = पैंतीस
पञ्चम = पाँचौं ३.
पञ्चवीसति = पच्चीस
पञ्ञा = प्रज्ञा इ.
पञ्ञावन्तु = प्रज्ञावान्
पञ्ञासति = पचास
पठम = पहिला, पहिलो ३.
पठति = पढ्छ
पण्ण = पात न.
पण्णरस = पन्ध्र
पण्णासति = पचास
पण्डित = पण्डित
पतति = खस्छ
पति = खस्यो, स्वामी, मालिक पु.
पतित्वा = खसेर
पत्त = पात्र पु., आएको ३.
पत्ति = थलसेना इ.
पदुम = कमल न.
पन = झैं, जस्तै नि.
पनस = कटहर, कटहरको रूख
पब्बत = पर्वत पु.
पभू = अधिपति पु.
पर = पछि, अर्को ३.
परिदहति = चित्र
परिनिब्बायि = परिनिवार्ण भयो
परियेसति = खोज्छ
परिवत्तति = कोल्टे फेर्छ
परिसा = फौज (परिषद्) इ.

Downloaded from http://dhamma.digital/

पलायति = भाग्छ
पविसति = प्रवेश हुन्छ, पस्छ
पविसित्वा = भित्रिएर पू. क्रि.
पसु = पशु पु.
पस्सति = हेर्छ
पस्सन्त = हेर्ने ३.
पस्सति = हेर्छ
पस्सितुं = हेर्न नि.
पस्सिस्सति = हेर्नेछ
पहट = पिटिइएको ३.
पहरति = पिट्छ
पहरि = पित्यो, हान्यो
पहरित्वा = पिटेर
पहरियति = पिटाइनेछ
पहरियमान = पिटाइने, कुटाइने ३.
पहरिस्सति = पिट्नेछ
पाचेति = पकाइन्छ
पाचेतुं = पकाउन नि.
पाठसाला = स्कूल इ.
पाणि = हात पु.
पातापयति = हलाउँन लगाउँछ
पातापेति = हलाउँन लगाउँछ
पातेति = खसाल्छ
पातेसि = खसाल्यो
पातुं = पिउन नि.
पातो = बिहान सबेरै नि.
पाद = खुट्टा पु.
पाप = पाप न.
पापकारी = पापगर्ने पु.
पालि = क्रमशः

पालेति = रक्षा वा पालनगर्छ
पालेसि = रक्षागर्‍यो
पासाण = ढुंगा, पत्थर पु.
पितितो = बाबुसंग नि.
पितु = बुबा पु.
पिपासित = तिर्खालाग्ने ३.
पिवति = पिउँछ
पिवतु = पिओस्
पिवितुं = पिउन नि.
पिवित्वा = पिएर पू.क्रि.
पिवन्त = पिउने ३.
पीत = पहेँलो ३.
पीति = प्रीति इ.
पीलेति = सताउँछ, पीडादिन्छ
पीलेसि = पीडादियो
पीठ = कुर्सी न.
पुञ्ञ = पुण्य न.
पुञ्ञवन्तु = पुण्यवान्
पुत्त = छोरा, पुत्र पु.

पुन = फेरि नि.
पुप्फ = फूल, पुष्प न.
पुब्ब = पहिले, पूर्व ३.
पुरतो = अगाडि देखि नि.
पुरा = अगाडि, पहिले नि.
पुरिस = पुरुष पु.
पुरिसतो = पुरुषबाट, सँग नि.
पुलिन = बालुवा न.
पूजा = पूजा इ.

Downloaded from http://dhamma.digital/

पूजित = पूजागरिइएको ३.
पूजेति = पूजागर्छ
पूजेत्वा = पूजागरेर पू.क्रि.
पूजेसि = पूजागऱ्यो
पोक्खरणी = पोखरी इ.

फ

फरसु = बन्चरो पु.
फल = फल, विपाक न.
फलवन्तु = फलवान्

ब

बक = बकुला
बत्तिंसति = बत्तीस
बन्धति = बाँध्छ
बन्धु = नातेदार पु.
बन्धुमन्तु = नातेदार
बन्धि = बाँध्यो
बन्धित्वा = बाँधेर पू.क्रि.
बन्धीयति = बाँधिइन्छ
बल = शक्ति, सेना न.
बलवन्तु = बलवान्
बली = बलवान्, शक्तिवान् पु.
बहि = बाहिर नि.
बहु = धेरै ३.
बाल = सानो बच्चा, मूर्ख
बावीसति = बाईस
बाहु = पाखुरा पु.
बुद्ध = सर्वज्ञ, बुद्ध पु.
बुद्धिमन्तु = बुद्धिमान्
ब्राह्मणी = बाहुनी इ.

भ

भगवन्तु = भाग्यवान्
भगिनी = दिदीबहिनी इ.
भञ्जति = भाँच्छ
भञ्जि = भाँच्यो
भण्ड = सामान न.
भत्त = भात न.
भत्तु = स्वामी, लोग्ने, पति पु.
भरिया = स्वास्नी, पत्नी इ.
भवति = हुन्छ
भवतु = होस्
भविस्सति = हुनेछ
भाजेत्वा = बाँडेर पू.क्रि.
भाता = दाजुभाइ पु.
भानुमन्तु = तेजवान्, सूर्य
भायति = डराउँछ
भायित्वा = डराएर
भायिस्सति = डराउनेछ
भासति = भन्छ
भासा = भाषा इ.
भासतु = भन्नोस्
भासीयति = भनिइन्छ
भिक्खु = भिक्षु पु.
भिन्दि = फुट्यो
भिन्न = फुटिइएको ३.
भुञ्जति = खान्छ (भोजन)
भुञ्जन्त = खाने ३.
भुञ्जि = खायो
भुञ्जितब्ब = खाइनुपर्ने ३.
भुञ्जित्वा = खाएर पू.क्रि.
भुञ्जितुं = खान नि.
भुञ्जियमान = खाइरहेको ३.
भुञ्जीयति = खाइन्छ

Downloaded from http://dhamma.digital/

भूत = भएको ३.
भुत्त = खाइएको ३.
भूपति = राजा पु.
भूपाल = राजा पु.
भूमि = जमीन इ.
भोगी = सर्प, सम्पत्ति भएको पु.
भोजेति = खुवाउँछ
भोत्तुं = खान नि.

म

मग्ग = बाटो पु.
मज्झिम = मध्यम ३.
मञ्च = खाट पु.
मञ्जूसा = बाकस इ.
मणि = मणि पु.
मत = मरेको ३.
मति = बुद्धि इ.
मत्तञ्ञू = मात्रा जान्ने पु.
मधु = मह न.
मनसिकरोति = चिताउँछ
मनुस्स = मनुष्य, मानिस पु.
मन्ती = मन्त्री पु.
मयूर = मयूर पु.
मह्यं = मलाई, मेरो
मयं = हामी (अहं शब्द)
मरण = मरन
मरति = मर्छ
महन्त = ठूलो, अग्लो, लामो ३.
महल्लक = बूढा ३.
मा = चाहिँदैन नि.
मातु = आमा इ.
मातुलानी = माइजू इ.
माततो = आमाबाट नि.
मारापयति = मराउँछ
मारापेति = मराउँछ
मारीयति = मारिइन्छ
मारेति = मार्छ
मारेत्वा = मारी पू.क्रि.
मारेसि = माऱ्यो
माला = माला इ.
माली = मालाधारी, मालाकार पु.
मास = महिना पु. न.
मिग = मृग पु.
मिगी = मृगी इ.
मित्त = साथी पु.
मिणाति = जोख्छ
मुट्ठि = मुट्ठी पु.
मुदु = नरम ३.
मुनि = भिक्षु पु.
मूल = जरा, मूल्य न.
मेघ = वर्षा पु.

य

य = कोही, केही ३.
यत्थ = जहाँ, जतातिर नि.
यत्थि = लहुरो, लट्ठि पु.
यतो = कुनै कारण
यथा = जस्तो, जसरी नि.
यदा = जहिले नि.
यदि = यदि नि.
यसवन्तु = कीर्तिवान्
यहिं = कहाँ नि.

Downloaded from http://dhamma.digital/

यागु = यागु, जाउला इ.
याचक = मगन्ते, भिखारी
याचति = माग्छ
याचि = माग्यो
याव = जहिलेसम्म नि.
यावता = कति नि
युवति = युवती इ.
योजापेति = योजना गराउँछ, जोट्न लगाउँछ
योजापयति = योजना गराउँछ, जोट्न लगाउँछ

र

रक्खति = रक्षागर्छ
रक्खतु = रक्षागरोस्
रक्खित्वा = रक्षागरी पू.क्रि.
रक्खीयति = रक्षागरिइन्छ
रजक = धोबी पु.
रज्ज = राज्य न.
रज्जु = डोरी ३.
रट्ठ = देश
रत्त = रातो ३.
रत्ति = बेलुकी, राती इ.
रथ = रथ पु.
रवति = कराउँछ
रवि = सूर्य पु.
रस्स = सानो, छोटो ३.
रंसि = रश्मि इ.
रासि = फौज, रास, धेरै पु.
राजिनी = रानी इ.
रुक्ख = रूख पु.
रुक्खतो = रूखबाट नि.
रूप = रूप न.
रोदति = रुन्छ
रोदन्त = रुने ३.

ल

लक्खं = लाख
लङ्का = लङ्का
लता = लहरा इ.
लद्ध = प्राप्तभएको
लद्धा = पाएर पू.क्रि.
लद्धान = पाएर पू.क्रि.
लद्धुं = प्राप्तगर्न नि.
लभति = प्राप्तहुन्छ
लभितुं = पाउन नि.
लभित्वा = पाएर पू.क्रि.
लभिस्सति = प्राप्तहुनेछ
लिखति = लेख्छ
लेखक = लेखक पु.
लोक = संसार पु.
लोचन = आँखा न.
लोभ = लोभ पु.

व

वचन = वचन न.
वट्टति = योग्य हुन्छ
वड्ढकी = सिकर्मि पु.
वत = निश्चय पनि नि.
वत्तु = बोल्ने, वक्ता पु.
वत्थ = वस्त्र, कपडा न.
वत्वा = भनेर पू. क्रि.
वदञ्ञू = भन्न जान्ने, परित्याग गर्ने पु.

Downloaded from http://dhamma.digital/

वदति = भन्छ
वदन = अनुहार न.
वन = जङ्गल न.
वनिता = स्त्री इ.
वन्दित = वन्दना गरिइएको ३.
वन्दितब्ब = वन्दनागरिनुपर्ने ३.
वन्दियमान = वन्दनागरिनुपर्ने ३.
वन्दीयति = वन्दनागरिइन्छ
वराह = सुंगुर पु.
वसति = बस्छ, रहन्छ
वसन्त = बासबस्दै, बासबस्ने
वसुधा = जमीन इ.
वस्स = वर्ष, वर्षा पु. नं
वस्सति = वर्षा हुन्छ
वस्सि = वर्षा भयो
वसिस्सति = बस्नेछ
वलवा = घोडी इ.
वा = अथवा नि.
वाचा = वचन इ.
वाचेति = पढाउँछ
वाणिज = ब्यापार पु.
वानर = बाँदर पु.
वानरी = बाँदरनी इ.
वापी = दह, कुंवा इ.
वारि = पानी न.
वालिका = बालुवा इ.
वालुका = बालुवा इ.
विक्किणि = बेच्यो
विक्किणन्त = बेच्ने ३.
विक्किणाति = बेच्छ
विक्किणीयति = बेचिइन्छ
विज्जु = करेन्ट, बिजूली इ.
विज्झति = छेड्छ
विञ्ञू = पण्डित पु.
वित्थत = फराकिलो ३.
विधान = ब्रह्मा, श्रृष्टिकर्ता पु.
विदू = पण्डित पु.
विना = बाहेक नि.
विनेतुं = नम्र गराउन पु.
विसिखा = सडक इ.
विसुं = अलग भई, छुटेर क्रि.वि.
विसमं = असमान क्रि.वि.
विहरन्त = बासबस्ने ३.
विरूप = नराम्रो रूप ३.
विहार = विहार
वीहि = धान पु.
वीसति = बीस
वीसतिम = बीसौं ३.
वुच्चमान = भनिने ३.
वुट्ठि = वर्षा इ.
वुद्धि = उन्नति, अभिवृद्धि इ.
वुत्त = भनिइएको ३.
वुत्थ = रहने ३.
वेज्ज = वैद्य पु.
वे = निश्चय पनि न.
वेदगू = वेद जान्ने पु.
वेलु = बाँस पु.
व्यग्घ = चितुवा
वुड्ढि = उन्नति, अभिवृद्धि इ.
व्याधि = रोग पु.

Downloaded from http://dhamma.digital/

स

सकिं = एकपटक नि.
सकुण = पंछी पु.
सक्कोति = सक्छ
सक्खरा = सक्खर, लोरा इ.
सखी = सहेली इ.
सग्ग = स्वर्ग
सचे = यदि, त्यसोभए नि.
सट्ठि = साठी
सतं = सय
सतकोटि = अर्ब
सतम = सयौं ३.
सतसहस्स = लाख न.
सति = स्मृति इ.
सतिमन्तु = स्मृतिमान्
सत्त = सात
सत्तति = सत्तरी
सत्ततिम = सत्तरीऔं ३.
सत्ततिंसति = सैंतीस
सत्तदस = सत्र
सत्तम = सातौं ३.
सत्तरस = सत्र
सत्तवीसति = सत्ताईस
सत्तु = शत्रु पु.
सत्थु = बुद्ध, अनुशासक पु.
सत्थि = जाँघ न.
सदा = सधैं नि.
सनिकं = बिस्तारै क्रि.वि.
सन्ति = शान्ति इ.
सन्ति = छन्
सब्ब = सबै ३.
सब्बञ्ञू = सर्वज्ञ पु.
सब्बतो = सबैबाट नि.
सब्बदा = सधैं
सभा = सभा इ.
समन्ता = चारैतिर नि.
समं = समान क्रि.वि.
समीप = सँगै ३.
सयति = सुत्छ
सयन्त = सुत्ने ३.
सयापेति = सुताउँछ
सयि = सुत्यो
सयित्वा = सुतेर पू.क्रि.
सस्सु = सासू इ.
ससी = चन्द्रमा पु.
सप्पि = घ्यू न.
सहस्सं = हजार
सारथि = सारथी पु.
सारथी = सारथी, रथचलाउने पु.
सामी = स्वामी, पति, मालिक पु.
साला = हल, घर इ.
सायं = साँझ नि.
साखा = शाखा, हांगा इ.
साधुकं = ठिकहुनेगरी, राम्ररी क्रि.वि.
सुनख = कुकुर पु.
सुवण्ण = राम्रो, सुन ३.
सुवे = भोलि नि.
सुणन्त = सुन्ने ३.
सुणाति = सुन्छ
सुणातु = सुनोस्
सुरा = रक्सी इ.
सुसु = बालक पु.

Downloaded from http://dhamma.digital/

सुसान = मसान न.
सुरूप = राम्रो रूप ३.
सीघं = चाँडै, सीघ्र क्रि.वि.
सीघयायी = छिटोजाने पु.
सुरिय = सूर्य पु.
सील = शील न.
सीलवन्तु = शीलवान्
सीह = सिंह पु.
सीही = सिंहिनी इ.
सुत = सुन्ने ३.
सुत्त = सुत्ने, धागो ३.
सिन्धु = समुद्र पु.
सिला = पत्थर इ.
सिखी = मयूर, आगो पु.
सुख = सुख न.
सुखी = सुखी पु.
सेना = सेना इ.
सेत = सेतो ३.
सेतु = पूल पु.
सेट्ठी = सेंठ, साहू पु.
सोत = कान, न.
सोतु = सुन्ने पु.
सोपाण = भन्याङ्ग न.
सोलस = सोह्र
संघ = संघ पु.
हरति = लग्छ,
हरन्त = लाने ३.
हरापेति = लैजान लगाउँछ
हरीयति = लगिइन्छ
हसन्त = हाँस्ने ३.
हेट्ठा = तल नि.
हट = लगिइएको ३.
हत्थ = हात पु.
हत्थिनी = ढोई इ.
हत्थी = हात्ती
हदय = हृदय, मुटु न.
हरि = लग्यो
हरितब्ब = लगिनुपर्ने ३.
हरितुं = लान नि.
हिरीमन्तु = लज्जावान्
हिङ्गु = हिङ् न.
हिमवन्तु = हिमालय
हीयो = हिजो नि.
होतु = होस्

Downloaded from http://dhamma.digital/

# नेपाल बौद्ध परियत्ति शिक्षाको एक चिनारी

## परियत्ति शिक्षा के हो ?

राजकुमार सिद्धार्थको रूपमा नेपालका सुपुत्र, विश्वज्योति भगवान् बुद्धको जन्म नेपालको लुम्बिनी ग्राममा (हाल कपिलवस्तु तौलिहवा नजिकै) आजभन्दा करीब २६२६ वर्ष पूर्व भएको हो। उहाँ संसारलाई जलाइरहेको दुखाग्नि देखी चिन्तित हुनुहुन्थ्यो र शान्तिको मार्ग खोज्न एकदिन राजसी ऐस आराम, प्यारी पत्नी यशोधरा र पुत्र राहुललाई त्यागगरी अज्ञानता र दुःखबाट मुक्तिको मार्ग खोज्न घरबाट निस्कनुभयो। त्यसबेलामा नाम चलेका ज्ञानीजनहरूबाट आफूले खोजेको शान्तिको ज्ञान प्राप्तहुने नदेखेपछि आफैले सो ज्ञान प्राप्तगर्न ६ वर्षसम्म कठोर तपस्या गर्नुभयो। अन्तमा बोधिबृक्षमुनि ध्यानरतहुँदा उहाँले सम्यक्सम्बोधि प्राप्त गर्नुभयो र बुद्ध कहलाउनुभयो। तत्पश्चात् आफैले पत्ता लगाएको अमृतमय बुद्धधर्मको सन्देश ४५ वर्षसम्म आफूले स्थापना गर्नुभएको संघका भिक्षुहरूमा तथा गृहस्थहरूमा फैलाउँदै ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभयो।

प्राणीमात्रको हित र सुखको लागि भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभएदेखि परिनिर्वाणको समयमा मल्लहरूको सालवनमा भिक्षु आनन्द तथा अन्य भिक्षुहरू तथा सुभद्र परिब्राजकहरूलाई दिनुभएको अन्तिम धर्मोपदेशसम्म ४५ वर्ष तक निरन्तर अभिव्यक्त गर्नुभएका आदि, मध्य र अन्तमा पनि कल्याणकारी मूल र प्रामाणिक बुद्धवचन त्रिपिटक ग्रन्थमा सुरक्षित गरिएको छ। बुद्धवचन सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक गरी ३ भागमा विभक्त गरिएको भएर नै त्रिपिटक भनिएको हो। पिटक भनेको धर्म साहित्यको पिटक (डालो) हो। बुद्धशासनमा परियत्ति, प्रतिपत्ति र

Downloaded from http://dhamma.digital/

प्रतिवेध ३ भाग मा विभाजित शासन मध्ये त्रिपिटक परियत्ति शासन हो। परियत्ति भनेको बुद्धवचन त्रिपिटकको अध्ययन अध्यापन गर्नुपर्ने सैद्धान्तिक पक्ष हो भने प्रतिपत्ति भनेको व्यवहारिक प्रयोगात्मक पक्ष हो। अनि प्रतिवेध भनेको शुद्धधर्मको अभ्यासबाट प्राप्तहुने मार्गफल र निर्वाण हो। परियत्ति शासन भएन भने प्रतिपत्ति शासन हुँदैन। त्यस्तै प्रतिपत्ति शासन भएन भने प्रतिवेध शासन हुँदैन। त्यसो भएर नै बुद्धशासनको आधारशीला भइरहेको परियत्ति अर्थात् बुद्धवचन शुद्धरूपले सुरक्षितगरी राख्न संगायनहरू भै राखेका छन्।

परियत्तिको महत्वबारे अंगुत्तर निकायको अट्ठकथाको मनोरथपूरणी ग्रन्थको एउटा गाथामा यस्तो भनिएको छ - *"सूत्र रहेन भने र विनय नष्ट भयो भने लोक त्यस्तै प्रकारले अन्धकारमय हुनेछ जस्तो सूर्य अस्ताउँदा हुन्छ। सूत्र आदि रक्षा भइरह्यो भने प्रतिपत्ति रक्षाहुन्छ, परियत्तिमा स्थिर भइरहने धीरपण्डित योगक्षेम निर्वाण प्राप्तगर्नबाट विमुख हुँदैन।"*

## नेपाल बौद्ध परियत्ति शिक्षाको संक्षिप्त इतिहास

आजभन्दा २६०० वर्ष अगाडि हाम्रो देश नेपालको लुम्बिनी उपवनमा कपिलवस्तुका राजा शुद्धोदन र अग्रमहिषी महामायादेवीका सुपुत्र राजकुमार सिद्धार्थको जन्मभयो। उहाँ २९ वर्षको उमेरमा गृहत्यागगरी ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिवृक्षमुनि बोधिज्ञान प्राप्त गरी सर्वज्ञबुद्ध हुनुभयो। बुद्धत्व प्राप्तिपछि भगवान बुद्धले संसारको हित र कल्याणको निम्ति ४५ वर्षसम्म गाउँ-गाउँमा, शहर-शहरमा, जनपदबाट जनपदमा चारिकागरी धर्म उपदेश गर्नुभयो। भिक्षाटनबाट फर्किसकेपछि खुट्टाधुने समयसम्म त्यसै नबसि उहाँ धर्मोपदेश गर्नुहुन्थ्यो। यसप्रकारको धर्मउपदेशदिने आदर्शलाई त्यसपछिको उहाँको शरणमा आउने सबै भिक्षु, श्रमण र श्रद्धालुहरूले पनि पालनगर्‍यो। बुद्धको महापरिनिर्वाणपछि बुद्धोपदेश लोपनहोस् भनेर मगध

Downloaded from http://dhamma.digital/

सम्राट् अजातशत्रुको संरक्षणमा आयुष्मान् महाकाश्यप महास्थविरको नेतृत्वमा पहिलो संगायना भयो ।

त्यसको १०० वर्षपछि राजा कालाशोकको संरक्षणमा आयुष्मान् रेवत महास्थविरको नेतृत्वमा विनय-नियम शुद्ध र स्वच्छ रूपले कायम गरीराख्ने विशेष उद्देश्य राखी दोस्रो संगायना भयो ।

सम्राट् अशोकले चारैदिशातिर धर्मदूतहरू पठाई बुद्धको उपदेश प्रचार प्रसार गर्नुभयो। धर्मको संगायनालाई फेरी चिरस्थायीको कामना गरी श्रीलंकाका राजा वट्टगामिनिले बुद्धोपदेश त्रिपिटकलाई ताडपत्रमा लिपिबद्ध गरायो । यसको अगाडि बुद्धोपदेश लिपिबद्ध नभएसम्म त्यसलाई कण्ठ गरिराख्ने जिम्मा लिइराख्ने भिक्षुहरूले विभिन्न रूपले भाणक भाणक विभाजनगरी गुरूशिष्य परम्परा आ-आफूले जिम्मा लिइराखेकोलाई त्यसै अनुरूप अभिभारा बोकी पूर्णरूपले जिम्मेबार बहनगरी राखेको थियो। दुर्भिक्षादि प्राकृतिक भय-अन्तराय आएजस्तै अधार्मिक राजाहरू वा अधिकारीहरूबाट पनि अनेकौं बिघ्नबाधा आई शासनलाई धक्का पुग्नजाने अवस्थामा आ-आफूहरू केही भएमा धर्मको अंश नै लोप हुनसक्छ भनेर यत्रो भय लिई, संवेग लिई बुद्ध-शासन सुरक्षाको निम्ति दत्तचित्त भइराख्यो कि भनेरसाध्य छैन । जस्तो उहाँ दूरदर्शी बुद्ध-श्रावकहरूले भविष्यलाई देखी भय गर्नुहुन्छ, त्यो स्थिति साँच्चै नै आई बुद्ध-शासनप्रति कहिले अराजकतापूर्ण दमननीतिको प्रहारभयो, दुर्भिक्षादि भयको सामना गर्नुपऱ्यो, अधार्मिक अधिकारीहरूको हातबाट बच्न लुकी लुकी नदी नाला पहाड पर्वतको सहारा लिनुपऱ्यो। खाने,पिउने कुराको अभावमा खालि पेटको भरमा पनि हतोत्साही नभएका उहाँ आजानी वीरपुरूष भिक्षुहरूले बुद्धोपदेशको सुरक्षाको जिम्मा पूरा गऱ्यो । पछि यो परम्पराबाट मात्र शासन स्थिर नहुने स्थिति बुझी बाहिरको राम्रो वातावरण अनुकूल भइसकेपछि चौथो संगायनागरी पुस्तकारूढको गतिलो काम सम्पन्न गर्नुभयो ।

Downloaded from http://dhamma.digital/

बुद्धोपदेश सबै ताडपत्रमा पुस्तकारूढको रूपमा लिपिबद्ध भईसकेपछि यसको व्याख्या, टीका, अनुटीका, ग्रन्थी अनुग्रन्थी आदि धेरै धेरै ग्रन्थहरू लेख्ने तथा प्रचार प्रसारगर्ने काममा कति, कसरी अविस्मरणीय अमूल्य काम-कुरा भई सकिसक्यो । त्यस्तै धर्मको परिशुद्धताको लागि राजाबाट संगायन पनि भैसक्यो । पाँचौं संगायनाहुँदा पहिला भन्दा बुद्ध-शासन चिरस्थायीगर्ने ठूलो इच्छा प्रबल श्रद्धा राखी बर्मी राजा मेण्डोनले मार्बलमा बुद्धोपदेश कुँदी शिलालेखको रूपमा सम्पूर्ण त्रिपिटक लिपिबद्ध गर्नुभयो । आज यी शिलालेख राखीराखेको प्रत्येक चैत्यहरू धर्मको मन्दिरको रूपमा अहिलेसम्म दर्शन गर्नसकिन्छ । बुद्धधर्म जानी, बुझी तद्नुसार आचरण गर्नुपर्ने धर्म भएकोले यसको प्रचार-प्रसारको निकै आवश्यक छ ।

गौतम बुद्ध जन्मभएको लुम्बिनी त्यस्तै नै उहाँको जीवनसँग सम्बन्ध भएको कपिलवस्तु, देवदह भएको नेपाल देशमा बुद्धको उपदेशको अध्ययन-अध्यापन समय समयमा भैराखेको इतिहासबाट प्रष्ट हुन्छ । प्राचीन युगमा मौखीक रूपमा धर्मको प्रचार-प्रसार भएता पनि लिच्छवी युगमा हाम्रो देशमा धेरै बुद्ध-धर्म, बौद्ध दर्शन र बौद्धकलाको अध्ययन-अध्यापनको केन्द्र थियो । मध्ययुगमा पनि कैयौं बौद्ध विहारमा यसरी नै अध्ययन-अध्यापनको व्यवस्था थियो । जयस्थिति मल्लको समयदेखी बौद्ध विषयमा यसप्रकारको अध्ययन-अध्यापनको काम व्यवस्थित रूपमा हुन सकेन । त्यसपछि गुथी पारायण पद्धतिबाट यसको अध्ययन-अध्यापन पद्धतिलाई जीवित बनाइराख्यो ।

एशियामा फेरी संस्कृति र सभ्यताको पुनर्जागरण आयो । नेपालमा पनि बुद्ध बुद्ध-धर्म पुनः प्रचार-प्रसार भयो । यस कार्यमा भिक्षु प्रज्ञानन्द, भिक्षु धम्मालोक, भिक्षु शाक्यानन्द, भिक्षु अमृतानन्द, भिक्षु सुबोधानन्द, भिक्षु सुमंगलहरूको विशेष योगदान रहिआएको छ । बि.सं. २००१ सालमा तत्कालीन राणशासनमा नेपालमा भएका चारजना भिक्षुहरू र चारजना श्रामणेरहरूलाई नेपालमा बुद्ध-धर्म प्रचार-प्रसार नगर्नु भन्दाभन्दै पनि प्रचार-प्रसार गर्‍यो

Downloaded from http://dhamma.digital/

भन्ने आरोप लगाई देश निकाला गरी बुद्ध-धर्मको इतिहास समाप्तगर्ने प्रयास गरेता पनि नेपालका बौद्धहरूले भारतमा बसेर भए पनि धर्मको जागरणगर्ने काममा लागीरहे । यही क्रममा सन् १९४४ मा सारनाथमा **'धर्मोदय सभा'** को गठन भयो । सन् १९४६मा भिक्षु अमृतानन्द महास्थविरको प्रयत्नबाट श्रीलंकाका प्रसिद्ध बौद्ध विद्वान् भिक्षु नारद महास्थविर प्रमुख ५ जना भिक्षुहरूको शिष्टमण्डलको रूपमा नेपालमा आउनुभयो । उहाँहरूले तत्कालीन राणाशासक पद्मशम्सेरलाई अनुरोधगरी देश निकाला गरीएका भिक्षुहरू पुनः नेपालमा फर्किनुभयो । त्यसपछि नेपालका धेरै श्रद्धालु उपासक-उपासिकाहरूले प्रब्रज्या ग्रहण गर्नुभयो ।

सन् १९५१ मा **"अखिल नेपाल भिक्षु महासंघ"** को स्थापना भयो । भिक्षु महासंघद्वारा धर्मदेशनाबाट विहारमा सिकाउने, अध्ययन-अध्यापन गराउने काम पुनः शुरू भयो । यसबाट श्रीलंका, बर्मा, थाईल्याण्ड आदि देशहरूले नेपालका भिक्षुहरूलाई बुद्ध-धर्म अध्ययनार्थ छात्रवृत्ति प्रदान गरी नेपालको बुद्धधर्मको इतिहासमा कहिल्यै नबिर्सिने छाप राखिदियो । यसमा तत्कालदेखी कुशीनगर भारतमा बसोबासगरी आफूले सक्दो बुद्ध-धर्मको प्रचार-प्रसारको काममा धेरै योगदान दिदैरहेका ऊ चन्द्रमणी महास्थविरको पनि ठूलो देन रहेको छ । नेपालका  पुराना भिक्षु, अनागारिकाहरू धेरैजसो उहाँकै शिष्यहरू छन् ।

हाम्रो देशमा बुद्ध-धर्म सम्बन्धी अध्ययन र अध्यापनगर्ने कार्य अत्यन्त आवश्यक भएकोले यसलाई सुहाउँदो समय र परिस्थितिलाई हेरेर त्रिशूली सुगत बौद्ध मण्डलका सचिव धर्मरत्न शाक्यको सुझाव अनुसार श्रद्देय भिक्षु बुद्धघोष महास्थविर त्रिशूली सुगतपुर विहारमा पाल्नुभएको बेलामा बि.सं.२०१९ मा बुद्ध-धर्मको अध्ययन र अध्यापन कार्यको शुभारम्भ गर्नुभयो । जुन परीक्षा क्रममा १ कक्षादेखि ५ कक्षासम्म परीक्षार्थीहरू उत्तीर्ण पनि भयो ।

Downloaded from http://dhamma.digital/


त्यसपछि भिक्षु बुद्धघोष महास्थविर र धर्मरत्न शाक्य 'त्रिशूली' ले **"अखिल नेपाल भिक्षु महासंघ"** मा प्रस्ताव पेश गरे अनुसार ५ बैशाख २०२० मा नवौं बैठकले परिवर्तित र परिवर्द्धित गरी त्यस शिक्षाकार्य अधिराज्यभरी संचालन गर्नेगरी स्वीकारगरी यस शिक्षाको अध्ययन-अध्यापनको क्रमलाई **"नेपाल बौद्ध परियत्ति शिक्षा"** नामाकरण गर्ने निर्णय भयो। त्यसै बैठकको निर्णय अनुसार यस शुभकार्यको शुभारम्भ **"अखिल नेपाल भिक्षु महासंघ"** का **अध्यक्ष पूज्य प्रज्ञानन्द महास्थविर**को ६४ औं जन्मदिनमा उद्घाटन भयो।

**"अखिल नेपाल भिक्षु महासंघ"** को निर्णय अनुसार बु.सं.२५०७ को बुद्ध-जयन्तीको शुभदिनमा परीक्षा केन्द्र निर्णय भएको ठाउँमा नेपाल अधिराज्यभरी ठीक ८:४५ बजे विहान **"नेपाल बौद्ध परियत्ति शिक्षा"** को अध्ययन र अध्यापन कार्य प्रारम्भ भयो। यस सन्देश रेडियो नेपालबाट पनि त्यसै समयमा प्रसारण गरिदियो।

ने.सं.१००८, दिल्लागा ११ (बि.सं.२०२०, आषाढ १८ गते) को दिनमा अ.ने.भि.महासंघको बैठकको निर्णय अनुसार बौद्ध परियत्ति शिक्षाको पहिलो परीक्षामा कक्षा १ देखि कक्षा ५ सम्मको व्यवस्थागर्ने सम्पूर्ण कार्यभार श्रामणेर सुदर्शनलाई सुम्पियो। त्यस्तै महासंघको मैत्रीले विभिन्न परीक्षा केन्द्रमा परीक्षा नियन्त्रकहरू नियुक्त गरियो। पहिलो परीक्षा बि.सं.२०२० आश्विन २८ गते (अक्टोबर १४, १९६३) देखि भयो। पहिलोदेखी छैठौं परीक्षामा आशातीत सफलता र बुद्ध-धर्मको अध्ययन-अध्यापनको उत्साहबर्द्धक वातावरणको फलस्वरूप अ.ने.भि.महासंघबाट २३ फागुन २०२० को बैठकमा सातौं परीक्षालाई उपाधि परीक्षा गर्ने निर्णय भयो। शुरूमा सद्धम्म पालकसम्म अध्यापन गरिने ने.बौ.प.शिक्षामा सो तह उत्तीर्ण गरेका विद्यार्थी भएपछि अझ उच्च शिक्षा दिन सद्धम्मपालक उत्तीर्ण धर्मरत्न शाक्य र अ.सुशीला प्रमुख सबै विद्यार्थीहरूको आग्रह बमोजिम परियत्ति सद्धम्म कोविदसम्मको

Downloaded from http://dhamma.digital/

पाठ्यक्रम तयार गरी उच्चशिक्षा प्रारम्भ गरियो । त्यसपछि यस शिक्षालाई परिस्थिति र वातावरण सुहाउँदो ढंगले समय समयमा विभिन्न प्रकारले परिवर्तन र परिवर्द्धन गर्ने क्रममा विभिन्न नीति नियमहरू निर्धारण गर्ने र समिति उपसमिति गठन गर्ने देखि लिएर शिक्षण व्यवस्थापन सुदृढिकरण गर्दै व्यवस्थित रूपले कामकुरा अगाडि बढ्दै गयो । शुरूमा प्रारम्भिक प्रथमवर्ष देखि प्रवेश द्वितीयवर्षसम्म मात्र व्यवस्था भइराखेको यस शिक्षा आज आएर अन्तिम उपाधि परीक्षाको रूपमा **"परियत्ति सद्धम्म कोविद उपाधि परीक्षा"** सम्म संचालन हुँदै आइराखेको छ ।



Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# नेपाल बौद्ध परियत्ति शिक्षा

सम्पर्क सचिवालय :

**विश्व शान्ति विहार**

नयाँ बानेश्वर, मीनभवन, काठमाडौं

फोन नं. : ४६२२२५०, ४६२२९८४

E-mail: pariyatti2556@gmail.com

Website : www.nepalpariyatti.com

## बौद्ध परियत्ति शिक्षा स्तर

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष

२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष

३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष

४. परियत्ति सद्धम्म पालकको प्रवेश प्रथम वर्ष

५. परियत्ति सद्धम्म पालकको प्रवेश द्वितीय वर्ष

६. परियत्ति सद्धम्म पालकको प्रवेश तृतीय वर्ष

७. परियत्ति सद्धम्म पालकको उपाधि वर्ष

८. परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

९. परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

१०. परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

Downloaded from http://dhamma.digital/